PPIU

वित्तीय उत्तरदायित्व दर्पण

(वित्तीय उत्तरदायित्व र आर्थिक अनुशासन सम्बन्धी प्रदेश नं. १ को जर्नल)

वर्ष १ अङ्क १ २०७७ वैशाख



प्रकाशक
प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व इकाई
प्रदेश नं. १ विराटनगर

वित्तीय उत्तरदायित्व दर्पण

(वित्तीय उत्तरदायित्व र आर्थिक अनुशासन सम्बन्धी प्रदेश नं. १ को जर्नल)

<u>प्रकाशक</u>

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय,

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व इकाई,

प्रदेश नं १, विराटनगर

<u>सम्पादक मण्डल</u>

संयोजक श्री कुल प्रसाद गुरागाई,

सदस्य श्री पर्शुराम कार्की

सदस्य श्री अशोक काफ्ले

सदस्य श्री सुमन गुरागाई,

सदस्य सचिव श्री हेमन्त कुमार श्रीवास्तव

© प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं १ विराटनगर

प्रकाशनः- ३०० प्रति
प्रकाशन मितिः- वैशाख, २०७७
(यो प्रकाशन बिक्रीका लागि होईन, संस्थागत वितरणको प्रयोजनार्थ हो ।)

मुद्रण - पी एण्ड पी प्रिन्टिङ्ग प्रेस, विराटनगर
प्रकाशक -प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं १ विराटनगर
(प्रदेश पेफा कार्यान्वयन इकाई, विराटनगर)

समर्पण

स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको अभियानमा अथक प्रयत्नशील राजनीतिक नेतृत्व, दूरदृष्टियुक्त योजनाविद्, उच्च लगनशिल र कर्तब्यनिष्ठ व्यवस्थापक/प्रशासक लगायत सम्पूर्ण सेवा प्रदायक निकायहरुको तर्फवाट वित्तीय मेरुदण्डका रुपमा क्रियाशिल करदाताहरु एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिताको अपेक्षा राख्ने आम नागरिकमा समर्पित ।

मुख्यमन्त्री **प्रदेश नं.१, विराटनगर**

शुभकामना

प्रदेश लेखा नियन्त्रक कार्यालयमा सञ्चालित प्रदेश स्तरिय सार्वजनिक खर्च तथा बित्तिय उत्तरदायित्व इकाईले पत्रिका (Journal) प्रकाशन गर्न लागेको खबर पाउँदा मलाई खुसी लागेको छ । यस Journal मा बित्तिय व्यवस्थापन र आर्थिक अनुशासन सम्बन्धि सरोकारवाला र सम्बन्धित व्यक्तिहरुबाट लेख समावेश हुने कुराले यो Journal महत्वपूर्ण हुने मैले विश्वास लिएको छु ।

अहिले मुलुक संघीय शासन प्रणालीमा प्रवेश गरेको छ । संविधानसभाबाट जारी संविधानको कार्यान्वयन र संघीय शासन प्रणाली संस्थागत गर्ने प्रयास भइरहेको छ । मुलुक अब आर्थिक समृद्धि हासिल गर्नेतर्फ अग्रसर छ । **'समृद्ध नेपाल सुखी नेपाली'** को राष्ट्रिय लक्ष्य हासिल गर्न प्रदेश १ सरकार क्रियाशील छ । यही अभियानलाई सफल बनाउन **'स्वच्छ, सुखी र समुन्नत प्रदेश'** बनाउने प्रादेशिक मूल नाराका साथ जनताको समृद्धिको लक्ष्य लिएर प्रदेश सरकार अगाडि बढिरहेको छ । यस सन्दर्भमा चुनौती धेरै छन् तर हाम्रो दृढ अठोटले लक्ष्य हासिल हुने कुरामा कुनै शंका छैन् । यसका लागि समाजका विभिन्न वर्ग, समूह, पेशा, क्षेत्र सबैको सहकार्य आवश्यक छ ।

यो पत्रिकाले बित्तिय क्षेत्रको इतिहास, वर्तमान अवस्था र आगामी योजना सहितलाई दस्तावेजीकरण गर्ने मैले ठानेको छु । यो पत्रिकामा प्रकाशित हुने लेख रचनाले राष्ट्र, समाज र भावी पुस्तालाई बित्तिय क्षेत्रको सबै पक्षबारे जानकारी गराई मार्गदर्शन हुने मेरो विश्वास छ । प्रकाशन गर्न लागिएको पत्रिका महत्वपूर्ण, पठनीय एवं संग्रहनीय हुने मैले ठानेको छु, साथै पत्रिका प्रकाशन सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२१ बैशाख, २०७७ **शेरधन राई**

प्रदेश सरकार
आर्थिक ममिला तथा योजना मन्त्रालय
प्रदेश नं. १
विराटनगर नेपाल

माननीय इन्द्रबहादुर आङ्बो
मन्त्री

बिषय - शुभकामना।

मिति - ०७७।०१।१७

प्रदेश लेख नियन्त्रक कार्यालय प्रदेश नं. १ बिराटनगरले **"बित्तिय ब्यबस्थापन र आर्थिक अनुशासन"** बिषयक पत्रिका (journal) प्रकाशन गर्न लागेको कुराले अत्यन्तै खुशी लागेको छ।

राज्य संचालनमा बित्तिय अनुशासन अत्यन्तै महत्वपुर्ण कुरा रहेको छ । जुन मुलुकमा बित्तिय अनुशासन कायम हुन्छ ति मुलुकहरुले तिब्र गतिको अर्थिक बिकास गरेको पाइन्छ। बित्तिय अनुशासन सदाचारको एक उत्कृष्ठ अभ्यास पनि हो। सार्बजनिक सेवा प्रबाह हुने क्षेत्रहरुले गरेको ब्यबहार र क्रियाकलापबाट अन्य निकायले समेत मार्ग दर्शन प्राप्त गर्ने हुँदा यस्ता निकायमा झन बढि बित्तिय अनुशासन हुनु जरुरी हुन्छ।

प्रदेश सरकारको समष्टिगत बित्तिय ब्यबस्थापन गर्ने जिम्मेबार निकाय प्रदेस लेखा नियन्त्रक कार्यालय रहेको कुरा अबगतै छ। बित्तिय ब्यबस्थापन र आर्थिक अनुशासन कायम गर्ने निकायको रुपमा प्रदेस सरकारले गठन गरेको निकाय (प्रदेस लेखा नियन्त्रक कार्यालय) ले जिम्मेबार भएर आफ्नो भुमिकालाइ अझ प्रभाबकारि बनाउन जरुरी हुन्छ। यसको लागि बिज्ञहरुका रचनात्मक सुझाब सहित पत्रिका (journal) प्रकाशन गर्नुले सार्बजनिक सेवा प्रबाहमा पारदर्शिता अभिबृद्दि गर्न र सुशासनयुक्त प्रदेस निर्माण गर्न महत्वपुर्ण भुमिका खेल्ने अपेक्षा गरेको छु ।

प्रस्तुत प्रकाशनले १ नं. प्रदेशलाइ नेपालकै एक नं. बित्तिय अनुशासित प्रदेश बनाउन पथप्रदर्शकको भुमिका निर्बाह गर्न सफल होस भन्दै प्रकाशनको सफलताको शुभकामना ब्यक्त गर्दछु ।

इन्द्र बहादुर आङ्बो
मन्त्री

संस्थागत कलमबाट

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure & Financial Accountability-PEFA) सचिवालयको मिति २०७६।०७।०१ को पत्रानुसार एवं आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.-१, विराटनगरमा गठित प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापन सुधार समन्वय समितिको निर्देशनानुसार प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुखको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत, प्रदेश योजना आयोगका अधिकृत सदस्य एवं प्रदेश लेखा नियन्त्रक कार्यालयकै अधिकृत सदस्य सचिव रहने गरी मिति २०७६।०९।२४ गते प्रदेश सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व कार्यान्वयन इकाई (Province Public Expenditure & Financial Accountability -PPIU) को गठन भएको हो ।

यस इकाईले आफनो स्थापना संगसंगै मिति २०७६।०९।२८ मा पहिलो बैठक बसी प्रदेशस्तरीय निकायका वित्तीय व्यवस्थापनमा संलग्न कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी २ दिने प्रशिक्षण कार्यक्रम २०७६।१०।०५ र १०।०६ मा सञ्चालन गरेको थियो ।

पेफा केन्द्रीय सचिवालयको निर्देशनानुसार चालू वर्षमा कार्यान्वयन गर्ने गरी प्रदेशस्तरीय मन्त्रालयहरुको पेफा सूचकका आधारमा सार्वजनिक खर्च प्रभावकारिता मापन गर्ने, PPIU को बैठक नियमित राख्ने, PPIU का तर्फबाट विभिन्न विज्ञहरुको लेख संकलन गरी पेफा जर्नल प्रकाशन गर्ने कार्यक्रम प्रस्तुत गरिएकोमा चैत्रको पहिलो साता देखि नै स्वास्थ्य महामारी (Covid-19) शुरु भै संकटकालिन अवस्था सिर्जना भएकाले अन्य कार्यक्रमहरु तत्काललाई थाँती राखी पेफा जर्नल प्रकाशनको कार्य सम्पन्न गर्ने तय भएको हो ।

प्रदेशस्तरीय संरचना नवीन रहेको र यसको जर्नल प्रकाशन गर्ने कार्यमा अपेक्षित सीप शैशवकालकै भएको हुंदा यसमा अनगिन्ती कमिकमजोरीको बिद्यमानता सहर्ष स्वीकार गर्दै सम्बद्ध लेखक, पाठक र समस्त शुभचिन्तकहरुमा सुधारको लागि सुझावको अपेक्षा राखिएको छ ।

प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापन सुधार समन्वय समिति र प्रदेश सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व कार्यान्वयन इकाई (Province Public Expenditure & Financial Accountability - PPIU) को माध्यमबाट प्रदेशस्तरमा वित्तीय उत्तरदायित्वका सम्बन्धमा भएका कानूनी, ब्यवस्थापकीय र कार्यक्रमिक प्रावधानहरु बारे जानकारी प्रवाह हुने, प्रदेशस्तरका विभिन्न ब्यक्तित्वहरुको वित्तीय व्यवस्थापन सम्बद्ध सिर्जनशिलता उजागर र एकीकृत हुने एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता सम्बन्धमा आम नागरिकमा अपेक्षा बढ्न गै वित्तीय संघीयता र सुशासनको प्रत्याभूतिमा टेवा पुग्ने विश्वास लिईएको छ ।

ऋषि कुमार खनाल	**डम्बर बहादुर कार्की**
सदस्य सचिव	**संयोजक**

प्रदेश सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व कार्यान्वयन इकाई, प्रदेश नं.१, विराटनगर ।

सम्पादकीय

प्रदेश सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व कार्यान्वयन इकाई (Province Public Expenditure & Financial Accountability-PPIU) को चालु आर्थिक वर्षको कार्यक्रम अनुसार यो पेफा जर्नल प्रकाशन गर्न लागिएको हो । जर्नल प्रकाशनका लागि गठित सम्पादक मण्डलका सबै सदस्यहरुको सक्रियता, लेख उपलब्ध गराउनु हुने विद्वत वर्गको सजगता सहितको सक्रिय सहभागिता र PPIU का पदाधिकारीहरुको निरन्तर घचघचाईबाट यो विषम परिस्थितिमा पनि तोकिएको समय भन्दा थोरै मात्रको विलम्वमा जर्नल प्रकाशन हुन सकेको हो ।

वैश्विक माहामारीको रुपमा फैलिएको Covid-19 (Corona Virus) ले सबैको मानस पटलमा फैलिएको त्रास एवं विश्ववन्दीको विषम परिवेशमा समेत आफ्नो सिर्जनशीलतालाई उजागर गरी सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी लेखहरु प्राप्ति हुनु आफैमा एक महत्वपूर्ण उपलव्धी हो भन्ने हामीलाई लागेको छ ।

हाम्रो प्रयासमा हौसला प्रदान गर्न माननीय मुख्य मन्त्रिज्यूबाट शुभकामना एवं माननीय आर्थिक मामिला तथा योजना मन्त्रिज्यूबाट शुभकामना सहित लेख प्रदान गर्नु भएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं । आ-आफ्नो अमूल्य लेख प्रदान गर्नु हुने अर्थ समिति, प्रदेश नं-.१ का मा.सभापतिज्यू, डा. खिमलाल देवकोटा, डा. अर्जुन बराल, मुख्य मन्त्रिज्यूका आर्थिक सल्लाहकार महेन्द्र बहादुर गुरुङ, प्रदेश सचिव दामोदर रेग्मी, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक थानेश्वर गौतम, म.ले.नि.का.का उपमहालेखा नियन्त्रक भेष प्रसाद भुर्तेल, उपसचिव हरिहर पौड्याल, उप सचिव गजेन्द्र प्रसाद यादव र शाखा अधिकृत बिदुर पौडेल प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

प्रदेश लेखा नियन्त्रक श्री डम्बर बहादुर कार्कीज्यूबाट यस सम्पादक मण्डललाई अहोरात्र हौसला, प्रोत्साहन र प्रेरणा दिनु भई प्राप्त लेखहरुको बारेमा आवश्यक सुझाव एवं मार्गदर्शन दिई सक्रिय सहयोग प्रदान गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दछौं ।

यस कार्यालयका कर्मचारी मित्रहरुमा आफू लेख लेख्न सक्ने व्यक्तित्व होइन भन्ने लघुताभाषलाई यस प्रयासले चिर्ने जमर्को गरेको छ । यस जर्नलमा कार्यालयका विभिन्न तहका लेखा समूहका कर्मचारीहरुको आ-आफ्नो कार्य क्षेत्रमा कार्य सम्पादन गर्दा हासिल गरेको व्यवहारिक अनुभवलाई समेट्ने प्रयास गरिएको छ । साथै यस पत्रिकामा प्रकाशित गरिएका लेखहरुमा समावेश भएका सोच, दृष्टिकोण एवं धारणाहरु लेखकका निजी विचारहरु हुने भएकोले यसबाट संस्थागत प्रतिनिधित्व मानिने छैन ।

यस सम्पादक मण्डलको कार्यलाई सहजता बनाउने कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनु हुने सबै मित्रहरु एवं प्रकाशन गर्ने कार्यमा साथ दिनु हुने महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै जर्नल छपाईको कार्यलाई प्राथमिकतामा राखी समयमै पुस्तकको रुपमा प्रकाशन गरिदिनु हुने पी एण्ड पी प्रिन्टिङ्ग प्रेस, विराटनगर, लाई आभार प्रकट गर्दछौं ।

सम्पादक मण्डल

विषय सूची

क्र.स.	विषय	लेखकको नाम,थर	पेज नं
१	वित्तीय संघीयता कार्यान्वयन र सार्वजनिक खर्च प्रणाली	ईन्द्र बहादुर आङ्बो	१
२	प्रदेश नं १– प्राकृतिक श्रोत परिचालन – सम्भावना, चूनौति र समाधान	मोहन कुमार खडका	७
३	तीन तहका सरकारका अन्तरसम्वन्धका विविधि पाटाहरु	डा. खिमलाल देवकोटा	१४
४	नेपालमा वित्तीय संघीयताको अभ्यास (प्रदेश नं १ को सन्दर्भमा)	डा.अर्जुन बराल	२४
५	Creating Hope among People amid COVID-19 Crisis	महेन्द्र बहादुर गुरुङ्ग	३३
६	वित्तीय संघीयता र स्व अनुशासन	दामोदर रेग्मी	४०
७	नेपालमा वित्तीय संघीयता र यसको अभ्यास	थानेश्वर गौतम	५१
८	सार्वजनिक वित्तीय व्यवस्थापनमा उत्तरदायित्व प्रत्याभूतिको प्रयास	डम्बर बहादुर कार्की	६४
९	नेपालमा प्रदेश सरकारको सञ्चित कोष व्यवस्थापन	भेष प्रसाद भुर्तेल	८१
१०	MTEF in provincial and Local Government	हरिहर पौडयाल	९७
११	नेपालमा संघ, प्रदेश र स्थानीय तहको कर तथा गैरकरका अधिकार क्षेत्र, वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड अवस्था, व्यवस्था र अन्तरसम्बन्ध	गजेन्द्र यादव	१०२
१२	पौराणिक अर्थ व्यवस्था	अन्तिम कुमार आचार्य	११९
१३	सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणाली	गुरु प्रसाद दाहाल	१२५
१४	सार्वजनिक वित्त व्यवस्थापनका लागि कानूनी प्रावधान	कूल प्रसाद गुरागाई	१३५
१५	वित्त नीतिको नवीन अभ्यास र बजेटमा रुपान्तरण	ऋषि कुमार खनाल	१५१
१६	कर्मचारी समायोजन पछि प्रदेश नं १ को प्रदेश निजामति सेवामा देखिएका समस्या तथा समाधानका उपायहरु	योग्य प्रसाद राई	१६१
१७	नेपालमा कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) कार्यान्वयनको अवस्था र अबको बाटो	ध्यानवीर राई	१७४
१८	सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक विश्वास अभिवृद्धिका उपायहरु	डिल्ली प्रसाद सञ्जेल	१८१
१९	PLMBIS संचालनको बिद्यमान अवस्था	बिदुर पौडेल	१९०
२०	नेपालमा सार्वजनिक खरीद कानून र अभ्यास	पर्शुराम कार्की	१९६
२१	आन्तरिक लेखापरीक्षण प्रयोग र प्रभाव	राजन प्रसाद गुरागाई र अर्जुन दुलाल	२०७
२२	प्रदेश सरकार, प्रदेश नं १ को आम्दानी खर्चको तुलनात्मक अध्ययन	अशोक काफले	२१७
२३	Use of ICT in Public Financial Management	हेमन्त कुमार श्रीवास्तव र सुमन गुरागाई	२२५
२४	हाम्रो सम्पति व्यवस्थापनः– समस्या र समाधान	अनिल राजवंशी	२३३

वित्तीय संघीयता कार्यान्वयन र सार्वजनिक खर्च प्रणाली

१) पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको संविधान जारी भएसँगै नेपाल संघीयताको कार्यान्वयनमा तीव्रताका साथ अगाडी बढिरहेको छ । विश्वमा अभ्यास भैरहेको संघीय राज्यहरुको तुलनामा बिशिष्ट खालको संघीयताको अभ्यासमा तीन तहका ७६१ वटा स्वायत्त सरकारहरुको परिकल्पना सहितको संघीयता नेपालको मात्र नभएर विश्वकै संघीयता अभ्यासमा नितान्त नवीन प्रयास रहेको छ । तीनै तहको निर्वाचन सम्पन्न भएर जनताद्वारा निर्वाचित जनप्रतिनिधि मार्फत सरकार संचालनको प्रकृया अगाडि बढिसकेको सन्दर्भमा राजनैतिक हिसाबले संघीयता स्थापित भइसकेको छ । संघीय प्रणालीद्वारा शासन संचालनको अभ्यास शुरुवात भै सकेको छ र विभिन्न ऐन तथा कानूनहरुको निर्माण गरि संवैधानिक प्रावधान अनुसार तीनै तहको अधिकार बाँडफाँड र हस्तान्तरणको प्रकृया अगाडि बढिरहेको छ। तीनै तहको सरकारको आवश्यकता अनुरुप कर्मचारी समायोजनको काम सम्पन्न भैसकेको छ भने आवश्यकताको आधारमा कर्मचारीको संगठन संरचना (ओ.एण्ड.एम.) निर्माणको प्रकृया चलिरहेको छ । संघीय निजामती सेवा ऐन संघीय संसदको राज्य व्यवस्था समितिमा छलफलको क्रममा रहेको र सवै प्रदेशहरुले संघीय मापदण्डको आधारमा प्रदेश लोकसेवा आयोग गठन गरि सकेको साथै संघीय निजामति सेवा ऐन नयाँ जारी भई प्रादेशिक निजामती सेवा ऐन निर्माण गरिसकेपछि मुलतः प्रशासनिक संघीयता कार्यान्वयनले पूर्णता पाउने निश्चित छ। प्रहरी समायोजन ऐन र शान्ति सुरक्षा ऐन निर्माण पछि प्रहरी समायोजनको काम अगाढि बढि रहेको अवस्थाले समग्र प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी बैधानिक हिसाबले प्रदेश सरकारको हातमा आउनेछ र क्रमश प्रदेश सरकारहरू अधिकार सम्पन्न बन्नेछन। उपरोक्त भूमिकाको आधारमा संघीयताको कार्यान्वयनको महत्त्वपूर्ण पक्ष वित्तीय संघीयता कार्यान्वयनको अवस्था बारेमा चर्चा गर्नु नै यस लेखको उद्देश्य रहेको छ ।

२) वित्तीय संघीयता कार्यान्वयनको अवस्था

संघीयता कार्यान्वयन र सरकार संचालनको सवै भन्दा महत्वपुर्ण पक्ष वित्तीय संघीयताको कार्यान्वयन नै हो।संविधान निर्माण पश्चात अन्तरसरकारी वित्त व्यवस्थापन ऐन

---

* ✍माननीय मन्त्री, अर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगर ।

२०७४ बने पछि वित्तीय संघीयता कार्यान्वयनले अपेक्षित गतिमा तीव्रता पाएको हो। संबैधानिक प्रावधान बमोजिम बनेको अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले तीनै तहको सरकारको श्रोतको व्यवस्थापन र बाँडफाँडलाई प्रष्ट सँग उल्लेख गरेको छ। आन्तरिक राजस्व, प्राकृतिक श्रोत साधन उपयोगबाट प्राप्त हुने राजस्व, आन्तरिक ऋण, वैदेशिक ऋण र अनुदान नै समग्र राज्य संचालनका प्रमुख श्रोतहरु हुन। राजस्वको अवस्था र खर्चको आवश्यकता अनुसार तीनवटै सरकार संचालनको निम्ती श्रोतको बाँडफाँडको सिफारिस गर्न संबैधानिक निकायको रुपमा "प्राकृतिक श्रोत तथा वित्त आयोग" को व्यवस्था संविधानले गरेको छ। जनसंख्या र जनसाङ्खिक बितरण, भौगोलिक क्षेत्रफल, मानव विकास सुचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पुर्बाधार विकासको अवस्था र बिशेष अवस्थाको आधारमा समग्र राजस्व बाँडफाँड गरिन्छ।

परिचालित प्राकृतिक श्रोतको अवस्था, प्राकृतिक श्रोत परिचालन बाट प्रभावित क्षेत्र, परिचालित प्राकृतिक श्रोत उपरको निर्भरता, प्रतिफलबाट लाभान्वित र आश्रित जनसंख्या र प्राकृतिक श्रोत संरक्षणबाट दिगो व्यवस्थापनमा सहभागिताको आधारमा वित्त आयोगले प्राकृतिक श्रोत परिचालनबाट प्राप्त हिस्साको बाडफाड गर्दछ।

मानव विकास सुचकांक, सन्तुलित विकासको अवस्था, आर्थिक सामाजिक बिभेदको अवस्था, पुर्बाधार विकासको स्थिति र आवश्कता, प्रदेश र स्थानीय तहबाट जनतालाई पुर्याउने सेवा, तल्लो सरकारको राजस्वको अवस्था र उठाउने क्षमता, खर्चको आवश्कताको आधारमा प्रदेश र स्थानीय तहलाई अनुदान प्रदानको सिफारिस गर्ने व्यवस्था प्राकृतिक श्रोत तथा वित्त आयोग ऐनमा गरिएको छ। प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान हस्तान्तरण सम्बन्धि प्रमुख जिम्मेवारी प्राप्त संबैधानिक निकाय राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग गठन संगै वित्तीय संघीयता कार्यान्वयनको तीव्रता लिनुका साथै अभ्यासमा समेत गइसकेको अवस्था छ। उल्लेखनिय पक्ष के छ भने राजस्व बाँडफाँडमा मुल्य अभिबृद्धि कर (Value Added Tax) अन्त शुल्क (Excise) संघीय सरकारको राजस्व उठाउने निकाय बाट उठाएपनि निश्चित मापदण्डको आधारमा तिनै तहको सरकारलाई बाँडफाँड गर्ने संबैधानिक र कानूनी व्यवस्था रहेको छ। तीनै तहको सरकारको समन्वय र अन्तर सरकारी सम्बन्ध प्रभाबकारी बनाएको छ।प्राकृतिक श्रोत साधन र राजस्वको बाँडफाँडको अतिरिक्त संघीय सरकारले प्रदेश र स्थानीय तहहरुलाई राजस्व परिचालनको क्षमता र खर्चको आवश्यकता समेतको आधारमा चार प्रकारको अनुदान दिने व्यवस्था समेत अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा व्यवस्था गरिएको छ।

क) वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई तथा प्रदेशले स्थानीय तहहरुलाई निशर्त अनुदानको रुपमा (पूँजिगत खर्चको निमित्त समेत) समानीकरण अनुदान प्रदान गर्ने व्यवस्था गरेको छ।

ख) सशर्त अनुदान

निश्चित कार्यक्रमहरु कार्यान्वयनको निमित्त निश्चित सर्तहरु तोकेर संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई र प्रदेश सरकारले स्थानीय तहहरुलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। यसरी प्राप्त हुने अनुदानको रकम अनुदान प्रदान गर्ने सरकारले तोकिदिएको कार्यमा मात्र खर्च गर्नु पर्ने हुन्छ।

ग) समपुरक अनुदान

संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई र प्रदेश सरकारले स्थानीय तहहरुलाई खास गरेर पूर्वाधार निर्माण सम्बन्धि काम गर्ने प्रयोजनका लागि अनुदान प्राप्त गर्ने सम्बन्धित सरकारले निश्चित लागत साझेदारी गर्ने शर्तमा समपुरक अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। यसरी साझेदारीमा संचालित हुने योजनाको सम्भाब्यता अध्ययन, लागत अनुमान, त्यसबाट प्राप्त हुने प्रतिफल, योजना कार्यान्वयनको भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकताको आधारमा समपुरक अनुदान प्रदान गरिन्छ।

घ) बिशेष अनुदान

नेपाल सरकारले प्रदेश र स्थानीय तहमा, प्रदेशले स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपुर्ति गर्न अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्न र आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विकास गर्न, विभेदमा पारिएको वर्ग वा समुदायलाई शसक्तिकरणका माध्यमबाट माथि उठाउन बिशेष अनुदानको व्यवस्था गरिएको हुन्छ।

३) सार्वजनिक खर्च व्यवस्थापन र बजेट

तीनै तहको सरकारले आ-आफ्नो क्षेत्राधिकार भित्रको सार्वजनिक खर्च अन्तर्गत चालू खर्च, पूँजिगत खर्च र वित्त व्यवस्थापनको निमित्त अनुमानित विवरण तयार पार्नु पर्दछ। सार्वजनिक खर्चको विवरण तयार गर्दा तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework) अनिवार्य लागू गर्नु पर्ने व्यवस्था रहेको छ। प्रस्तावित योजनाको उद्धेश्य, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यस पछिका दुई वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धि, आयोजना कार्यान्वयनमा आवश्यक खर्च विवरण, खर्चको श्रोत प्राप्त हुने प्रतिफल, वार्षिक खर्च सँगको तादम्यता र खर्च अनुसार लक्ष्य हासिल भए/नभएको यथार्थ विवरणको आधारमा मध्यकालीन खर्च संरचनाको विवरण (MTEF) तयार पार्नु पर्ने हुन्छ। संघीय अर्थमन्त्रीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा प्रदेश अर्थमन्त्रीले प्रदेश सभामा र गाउँ/नगर कार्यपालिकाले गाउँ/नगर सभामा राजस्व र ब्ययको अनुमान अर्थात वार्षिक बजेट पेश गर्नु पर्दछ। प्रशासनिक खर्च भने राजस्व बाँडफाँड वा आफुले संकलन गरेको राजस्वबाट पुग्ने गरि विनियोजन गर्नु पर्दछ। सरकारको हरेक आम्दानी संचित कोषमा दाखिला गरि बजेट स्वीकृति भए पश्चात मात्र खर्च गर्नु पर्दछ। अनुदानमा प्राप्त रकम तोकिएकै प्रयोजनमा खर्च गर्ने र पूँजिगत खर्चमा बिनियोजित रकम चालू खर्चमा रकमान्तर गर्न पाइने छैन।

४) सार्वजनिक खर्च प्रवाह र विकास

सार्वजनिक खर्च मुलतः चार शीर्षकमा विनियोजन गरिन्छ, पूँजिगत खर्च, चालू खर्च, अन्तर सरकारी वित्त हस्तान्तरण र वित्तीय व्यवस्था। परम्परागत रुपमा पूँजिगत खर्चलाई मात्र विकास खर्च र चालू खर्चलाई सबै प्रशासनिक खर्च भन्ने बुझाई रहँदै आएकोमा वर्तमान सार्वजनिक खर्च प्रणालीले यसको अन्त्य गरिदिएको छ। पूँजिगत खर्चको अतिरिक्त चालू खर्च भित्र पनि धेरै किसिमका पुँजिगत कार्यहरुको खर्च हुन्छ भने अन्तर सरकारी वित्त हस्तान्तरणको अधिकांश रकम पुँजिगत क्षेत्रमा नै खर्च हुन्छ। सार्वजनिक खर्च प्रणाली मार्फत तिनै तहका सरकारको आफ्नै खर्च एवं विकासका प्राथमिकता रहनेछन् ।

क) संघीय सरकार

संघीय सरकारले परराष्ट्र नीति, सन्धी सम्झौता, नेपाली सेना, राष्ट्रिय सुरक्षा सम्बन्धी नीति र सीमा सुरक्षा सम्बन्धी सम्पुर्ण काम, मुद्रा सम्बन्धी सम्पुर्ण काम, संघीय कानून र नीति निर्माणको काम, अन्तर प्रदेश समन्वयको काम, राष्ट्रिय गौरवका

आयोजनाहरु संचालन, ठूला-ठूला गेमचेन्जर परियोजनाहरू र धेरै प्रतिफल दिने तथा व्यापक रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु अगाडि बढाउने जिम्मेवारी रहेको छ ।

ख) प्रदेश सरकार

सार्वजनिक खर्चको प्रवाहमा सबै भन्दा बढि पूँजिगत क्षेत्रमा काम गर्ने गरि पर्याप्त संरचना सहित निर्माण गरिएको सरकार प्रदेश सरकार नै हो । संघीय तथा स्थानीय सरकारहरुले आफ्नो वार्षिक बजेटको ठूलो अंश चालू खर्च शीर्षकमा विनियोजन गर्नु पर्ने हुन्छ । तीनै तहका सरकारको विनियोजनको स्वरुप हेर्दा प्रदेश सरकार नै सवै भन्दा धेरै पूँजिगत शीर्षकमा खर्च विनियोजन गर्ने सरकार हो । चालू भन्दा पूँजिगत खर्च शीर्षकमा वढि बजेट विनियोजन हुनु, जनताको नजिकको सरकार हुनु तथा आयोजना छनौट र कार्यान्वयनको सवालमा जनप्रतिनिधिको प्रत्यक्ष सहभागिता र नियन्त्रण रहनुले पनि पूँजिगत खर्च र विकास कार्यक्रमको मुख्य जिम्मेवार निकायको रुपमा प्रदेश सरकारलाई संवैधानिक र कानूनी रुपमा प्रवन्ध गरिएको देखिन्छ। समायोजनको प्रकृयामा रहेको प्रहरीको प्रदेश सरकारमा समायोजन भैसकेपछि प्रदेश भित्रको शान्ति सुरक्षाको पनि मुख्य जिम्मेवारी प्रदेश सरकारमा रहनेछ। मझौला विकास आयोजनाको निर्माण र संचालन, रोजगारी सिर्जना गर्ने र राम्रो प्रतिफल दिने प्रादेशिक गेमचेन्जर आयोजना संचालन, गुणस्तरीय स्वास्थ्य सेवा सहज र सुलभ रुपमा प्रवाह, प्राविधिक शिक्षाको विकास, आधुनिक तथा प्रविधि मैत्री र व्यवसायिक कृषिको विकास तथा अन्तर स्थानीय तह समन्वयको माध्यमबाट सुशासनयुक्त सरकार संचालन गरि विभिन्न किसिमका उत्पीडन र विभेदमा पारिएका नागरिकहरुको सर्बाङ्गिण विकास गर्नु प्रदेश सरकारको मुख्य जिम्मेवारी रहन्छ।

ग) स्थानीय तह

जनताको सवै भन्दा नजिकको सरकार भनेको स्थानीय तह हो ।संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम र बजेट तथा आफ्ना छुट्टै कार्यक्रम, नीति, बजेट निर्माण गरेर कार्यान्वयन गर्ने, जनसम्बन्धका विभिन्न कानून निर्माण र कार्यान्वयन गर्ने र जनताको नजिकबाट सेवा प्रवाह गर्ने सेवा केन्द्र पनि स्थानीय तह नै हो। संविधान प्रदत्त अधिकारको उपयोग गर्दै संघ र प्रदेश सरकारका जनता लक्षित कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै जनताको नजिकको सरकारको प्रत्याभूति गराउने दायित्व पनि स्थानीय तहहरुकै हुन्छ।स-साना विकास आयोजना संचालन, माध्यमिक तह सम्मको शिक्षा, आधारभूत स्वास्थ्य सेवा, उत्पादन र रोजगारी सिर्जना, संघीय

तथा प्रदेश सरकारका घोषित कार्यक्रम तथा अभियानहरुको कार्यान्वयन, विपद व्यवस्थापन र प्रकोप नियन्त्रणमा सहयोग लगायत सेवा प्रवाह सम्बन्धि कामहरु गर्नुपर्ने उत्तरदायित्व पनि स्थानीय तहहरुलाई हुन्छ।

५) निष्कर्ष

विश्वकै मौलिक प्रकृतिको संघीयता भएकोले तीन तहको सरकारवीच सहकारिता, समन्वय र साझेदारीवाट मात्र वित्तीय संघीयता र समग्र संघीयतालाई कार्यान्वयन गर्न सकिन्छ । तीनै तहको सरकारको सार्वजनिक खर्चको प्रभावकारिता र नीजि तथा सहकारी क्षेत्र सँगको उचित तालमेलबाट मात्र हामीले संवैधानिक व्यवस्था अनुरुपको मौलिक हकहरुको कार्यान्वयन, दिगो विकासको लक्ष्य हासिल गर्दै समृद्ध नेपाल र सुखि नेपालीको राष्ट्रिय आकांक्षा प्राप्त गर्न सकिन्छ।

सन्दर्भ सामग्री

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४
- बिभिन्न पत्रपत्रिका
- Google Search

प्रदेश नं.१ को प्राकृतिक स्रोत परिचालनःसम्भावना, चुनौती र समाधान

वस्तुगत अवस्थाः

नेपालमा लामो राजनैतिक संघर्षहरु, आन्दोलन र उतार चढाव हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको कार्यान्वयन सँगै ७ प्रदेश र ७५३ स्थानीय तह स्थापना भए। नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार प्रदेश नं.-१ मा साविकका मेची र कोशी अञ्चलका सबै जिल्ला र सगरमाथा अञ्चलका ४ पहाडी जिल्ला समेत १४ जिल्ला पर्दछन । यो प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. रहेको छ भने २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या ४५,३४,९४६ छ । यो प्रदेशमा ९ पहाडी तथा हिमाली जिल्ला दुई महाभारतीय भित्रि मधेश सहितका जिल्ला र ३ तराईका जिल्ला पर्दछन् । यस प्रदेशमा नेपालको सवभन्दा होचो जमिन केचनाकवलदेखि संसारकै अग्लो शिखर सगरमाथा रहेका छन् । यस प्रदेश भित्र कृषि योग्य जमिन, वन जंगल, नदीनाला, झरना, सिमसार, हिमालय श्रृखला तथा जैविक विविधता र खनिजजन्य भण्डार पाइन्छ ।

प्रदेश नं १ मा कुल क्षेत्रफलको ४३.२४ प्रतिशत अर्थात ११,३३६ वर्ग कि.मि वन क्षेत्र रहेको छ । वन क्षेत्रभित्र ३,६४५ वटा सामुदायिक वन, ९४९ वटा कवुलियत वन, ३९ वटा धार्मिक वन, ४ वटा साझेदारी वन, २ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु संरक्षण क्षेत्र, ४,८५८ हेक्टर संरक्षित क्षेत्र र १,२७८ हेक्टर मध्यवर्ति क्षेत्र रहेको छ । उष्ण क्षेत्रमा पाइने वनस्पतिदेखि समशितोष्ण क्षेत्रमा पाइने वनस्पतिहरु यी वनहरुमा पाइन्छन् ।जडिबुटीको विविधता सँगै प्रशस्त बहुमूल्य जडीबुटीको सम्भावना बोकेको प्रदेश हो।सप्तकोशी नदीका अरुण, तमोर, दुधकोसी, लिखु, सुनकोसी जस्ता सहायक नदी तथा सप्तकोसीकै ठुलो हिस्साको वहान क्षेत्र र अन्य नदीहरु झरना ताल तलैया तथा सिमसार क्षेत्रले भरिपूर्ण छ । यस प्रदेशमा वहने नदीको वहाव ४९.१३ अर्व घनमिटर रहेको छ भने ३४००० मेघावाट विद्युत निकाल्न सकिन्छ । हालसम्म १२१ मेघावाट उत्पादित छ भने ४०६७ मे.वा अनुमती प्राप्त योजना ८६ वटा छन् ।तमोर तथा दुधकोसी जलसाययुक्त बहुआयामिक परियोजनाहरुको सम्भाव्यता अध्ययन भईरहेको छ। यी नदी तथा जलासयबाट यहाँको खेतीयोग्य जमिनमा सिचाई सुबिधा पुर्याउन सकिन्छ र सुख्खा क्षेत्र रहेका पहाडि

* ✍मानतीय सभापति, अर्थ समिति, प्रदेशसभा, प्रदेश नं.-१

जिल्लाहरुमा खानेपानी तथा सिचाई सुबिधा पुर्याउन सकिन्छ । हालसम्म ७,८३,५९५ हेक्टर खेती योग्य जमीन मध्ये ३,०२,४५८ हेक्टरमा मात्र सिचाई सुबिधा पुगेको छ भने सरकारी तथ्याङ्कमा ९० प्रतिशत जनतालाई खानेपानी पुगेको भनिएपनि कतिपय पहाडि क्षेत्रको जनता खानेपानीको अभाव झेलिरहेका छन् ।उदयपुर, सुनसरी, मोरङ्ग र झापा जिल्लामा वहने नदीहरुद्वारा सिचाई तथा निर्माण सामाग्री प्राप्त गर्ने अवसरहरु प्रदेशमा छ। वर्जु ताल, सिमसार क्षेत्र, हयातुङ, पोकली जस्ता झरनाहरु यस प्रदेशमा रहेका छन् ।

संसारकै अग्लो शिखर सगरमाथा, कन्चनजंघा जस्ता ६ वटा ८ हजार मिटर भन्दा माथिका हिमाल र अन्य हिमश्रृंखला तथा टयाम्के, मैयु, देम्वा पिके, कन्याम जस्ता अग्ला र रमणीय डाँडाहरु यस प्रदेशमा रहेका छन् । पर्यटन तथा पर्वतारोहणको यस प्रदेशमा राम्रो सम्भावना छ । तामा, अभ्रख, पेट्रोलियम पदार्थ जस्ता खनिज सम्पदा समेत यस प्रदेशमा रहेको पाइन्छ । यसरी हेर्दा कर्णाली प्रदेश पछिको प्राकृतिक श्रोतका हिसावले दोस्रो स्थानमा यो प्रदेश रहेको छ । यस प्रदेश भित्रका सवै प्राकृतिक उपयोग, परिचालन र विकास नीतिगत र योजनागत हिसावले अघि बढाउन सकेमा यो प्रदेश सुखी र समृद्ध बन्ने सम्भावना प्रशस्त छन् ।

<u>संवैधानिक तथा कानूनी व्यवस्थाः</u>

१. संविधानको धारा ६० मा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था उपधारा १ देखि ८ सम्म व्यवस्था गरेको छ ।
२. संविधानको धारा ५९ को उपधारा ४ ले संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग र विकासबाट प्राप्त लाभलाई समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने छ । त्यस्तो लाभको निश्चित अंश, रोयल्टी, सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय र समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ ।
३. संविधानको धारा ५९ को उपधारा ५ ले संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिम अंश प्रदान गर्नु पर्नेछ ।
४. त्यस्तै अनुसूचीमा समाविष्ट अधिकार क्षेत्रमा अनुसूची-६ मा प्रदेशको एकल अधिकार अन्तर्गत प्रदेशस्तरको विद्युत, सिचाई, खानेपानी, सेवा, खानी, अन्वेषण तथा व्यवस्थापन, वातावरणीय तथा व्यवस्थापन प्रदेशभित्रको राष्ट्रिय वन उपयोग रहेको छ ।
५. अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारमा जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता, पर्यटन, खानेपानी तथा सरसफाई रहेको छ ।

६. अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा विद्युत, खानेपानी, प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, वनजंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता खानी तथा खनिज रहेको छ । प्राकृतिक स्रोतमाथि संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था संविधानले किटान गरेको छ ।

७. संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको काम र कर्तव्य र अधिकारको व्यवस्था देहायबमोजिम गरेको छ ।
प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलले हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने ।

   क. प्राकृतिक स्रोतको वाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरुबजेट उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने ।

   ख. आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सो सँग **सम्वन्धी**त वातावरणीय प्रभाव मूल्याँकन सम्वन्धमा आवस्यक अध्यापन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७ मा प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँडको व्यवस्था देहाय बमोजिम रहेको छ

   १. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबजेट संघीय कानून बमोजिम प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गर्न नेपाल सरकारको एक संघीय विभाज्य कोष खडा गरि त्यसको रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ ।

   २. उपदफा १ बमोजिमको कोषमा रहेको रोयल्टी बाँडफाँड नेपाल सरकारले अनुसूची ४ बमोजिम वार्षिक रुपमा गर्ने छ ।

   ३. उपदफा २ बमोजिमको बाँडफाँड भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय संचित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्वन्धित प्रदेश संचित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय संचित कोषमा जम्मा हुने गरि उपलब्ध गराइने छ ।

९. अनुसुची ४ मा रोयल्टी बाँडफाँडको संरचना देहाय अनुसारको रहेको छ

	शिर्षक	संघ	प्रदेश	स्थानीय तह(प्रतिशतमा)
क	पर्वताहोरण	५०	२५	२५
ख	विद्युत	५०	२५	२५
ग	वन	५०	२५	२५
घ	खानी तथा खनिज	५०	२५	२५
ङ,	पानी तथा अन्य प्रकृतिक स्रोत	५०	२५	२५

१०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा १४ मा तल उल्लेख भए बमोजिमको व्यवस्था रहेको छ

प्राकृतिक स्रोत परिचालन गर्दा लिइने आधार

१. आयोगले प्राकृतिक स्रोत परिचालन गर्दा लिइने नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा देहायका आधारमा तय गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्ने छ ।

क. राजस्वको अवस्था र उठाउन सक्ने क्षमता
ख. लगानी गर्न सक्ने क्षमता
ग. प्राप्त गर्ने उपलब्धीको हिस्सा
घ. प्राप्त उपलब्धीको उपयोगको हिस्सा
ङ. पुर्वाधारको अवस्था र आवश्यकता
च. आर्थिक अवस्था र भौगोलिक बनावट

२. उपदफा १ बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा देहायका आधारमा निर्धारण गरि नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने छ ।

क. परिचालित प्राकृतिक स्रोतको अवस्थिति
ख. प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र
ग. परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता
घ. प्रतिफलबाट लाभान्वीत जनसंख्या
ङ. प्राकृतिक श्रोतमा आश्रित जनसंख्या
च. प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता

प्राकृतिक स्रोत परिचालनका सम्भावनाहरु

प्रदेश भित्र रहेको जलसम्पदाको पूर्ण उपयोग भएमा

क) खेती योग्य जमिनमा सिचाई सुबिधा पुर्याई पूर्ण उत्पादन गरी खाध्यान्न, तरकारी तथा फलफुलमा आत्मनिर्भर बनी जनताको र प्रदेश सरकारको आम्दानीमा अभिवृद्धि गर्न सकिन्छ ।

ख) सप्तकोशी र यसका सहायक नदीमा जलमार्ग संचालन गरी पर्यटन विकास तथा यातयातलाई सहज बनाउन सकिन्छ ।

ग) पहाडी क्षेत्रका सुख्खा क्षेत्र तथा तराईका भूगोलमा लिफ्टीङ वोटिङ जस्ता वैकल्पीक योजना मार्फत जनतालाई खानेपानी सुबिधा पुर्याउन सकिन्छ ।

घ) तमोर, दुधकोसी, अरुण, लिखु नदीमा जलासय निर्माण गरि बहुउपयोगी योजनाद्वारा प्रदेश र प्रदेशवासीलाई सम्वृद्धि वनाउन सकिन्छ ।

ङ) प्रदेशले पूर्णक्षमताको विद्युत उत्पादन गरि बिक्री तथा वितरण गरी उज्यालो प्रदेश निर्माण र कलकारखाना स्थापना तथा रोयल्टीबाट प्रदेशलाई समद्ध वनाउन सकिन्छ ।

च) नदी जन्य रोडा गिटिलाई व्यवस्थित गर्दा निर्माणमा सरलता र आम्दानीको निश्चित श्रोत बन्न सक्छ ।

छ) ताल तलैया, सिमसार क्षेत्र र झर्नाहरुको वातावरणीय हिसाबले समुचित र दिगो विकास गरी रोजगारीको श्रृजना, तथा पर्यटनको विकासद्वारा प्रदेशलाई समृद्ध वनाउन सकिन्छ ।

ज) प्रदेश राजधानीसंग उच्च हिमश्रृखलाका क्षेत्र यातयातले जोडी सुचारु र भरपर्दो वनाउन सक्दा पर्यटनको विकास र रोजगारी श्रृजना गरी प्रदेशलाई समद्ध वनाउन सकिन्छ ।

झ) प्रदेशभित्र रहेका पाखनवेत, लाटेसल्ला पाँचऔंले, सुगन्धवाला, लोक्ता जस्ता जडिवुटि तथा वनस्पतिको संकलन तथा प्रशोधन केन्द्र स्थापना गरि रोजगारी, औषधीको विकास तथा निकासी मार्फत प्रदेशलाई समद्ध बनाउन सकिन्छ ।

ञ) प्रदेश भित्र रहेका अग्ला डाँडा तथा विविधतायुक्त वन जंगलको संरक्षण तथा उत्पादनमुखि विकासद्वारा पर्यावरणीय पर्यटनको विकास गर्न सकिन्छ ।

ट) सामुदायीक वन, कबुलियत वन आरक्षण, वन्यजन्तु संरक्षण क्षेत्रमा उत्पादनमूलक कार्य र योजना निर्माण गरि समुदाय र प्रदेशको आम्दानी अभिवृद्धि गर्न सकिन्छ ।

ठ) अभ्रख, फलाम, तामा, पेट्रोलीयम पदार्थ, ग्यास जस्ता खनिज पदार्थको अन्वेषण तथा उत्खनन् गरी रोजगारी तथा आम्दानीमा अभिबृद्धि गर्न सकिन्छ ।

यसरी प्राकृतिक श्रोतको परिचालन, उपयोग र विकास गर्न सकेमा प्रदेश नं १ साथै मुलुककै समद्धिको ठूलो सम्भावना रहेको छ ।

<u>प्रदेशको प्राकृतिक श्रोत परिचालनमा देखिएका समस्याहरु</u>

१. संघीयता कार्यान्वयन सम्बन्धी आवश्यक ऐन कानून वनी नसक्नु
२. राज्य संचालनको मानसकिता अझै पनि संघीयतालाई आत्मासात गर्न नसक्नु । केन्द्रिकृत मानसिकताले प्रादेशिक अधिकार र लाभ प्रासीमा समस्या श्रृजना हुनु ।
३. प्राकृतिक श्रोत परिचालन तथा बाँडफाँडको आधार तयार नहुनु ।
४. स्वार्थ समुहको प्रभावमा ऐन कानून निर्माण हुनु वा कार्यान्वयन नहुनु ।
५. जल, जमिन, जंगल, खनिज, जडीबुटी **सम्वन्धी** विकासको नीति र मोडालीटि निर्माण नहुनु ।
६. प्राकृतिक श्रोतको विकास, परिचालन र लाभ प्रासिमा कानून बमोजिम प्रदेशलाई रकम हस्तान्तरण र राजस्व असुलीको अधिकार नदिनु ।
७. अव्यवस्थित वसोवास, हचुवा भूमि विकास निर्माणद्वारा प्राकृतिक स्रोतमा ह्रास आउनु ।
८. सामुदायिक वनहरु समुदाय, प्रदेश, स्थानीय तह भन्दा पदाधिकारीको नाफामुखि व्यवहारबाट संचालन गर्नु, नियमनको व्यवस्था नहुनु, दोहोरो तेहोरो कर लागु गर्नु ।
९. प्राकृतिक श्रोतको विकासवाट प्राप्त रोयल्टी आयलाई एकद्वार प्रणालीद्वारा राजस्व असुली नै नहुने अवस्था नहुनु ।
१०. साझा अधिकारलाई व्यवस्थित गर्न नसक्नु ।
११. स्वार्थ समूहद्वारा प्राकृतिक स्रोतको दोहन गर्नु ।
१२. कुनै पनि श्रोत साधनको उपयोग र विकासमा सम्भाव्यता अध्ययन नै नहुनु ।
१३. तथ्याङ्क वस्तुनिष्ठ रुपमा तयार नहुनु ।
१४. प्राकृतिक स्रोतको परिचालन, उपभोग र विकासमा स्थानीय समुदायलाई रुपमा समावेश नगर्नु ।
१५. प्रदेशको प्राकृतिक श्रोत परिचालन तथा उपयोगमा क्षेत्राधिकार भित्र रही कानून निर्माण नहुनु ।
१६, प्राकृतिक स्रोतको परिचालनमा प्रदेशको आफ्नै नीति कार्यक्रम तथा बजेट विन्यास नहुनु ।

समाधान

१. संघीयतालाई कार्यान्वयनमा सवैले जिम्मेवार वनी प्रदेश संरचनालाई मजवुद वनाउनु पर्ने ।

२. प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँडको आधार तत्काल तयार गर्नु पर्ने ।

३. स्वार्थ समुहको दवाव, प्रलोभनमा नभई देश र जनताप्रति जवाफदेहिता बहन गर्ने ऐन कानून निर्माण र कार्यान्वयन गर्नुपर्ने ।

४. प्राकृतिक स्रोतको विस्तृत सम्भाव्यता अध्ययन गरी ऐन कानून निर्माणद्वारा लगानी र लाभ प्राप्तिको निर्धारण गर्नुपर्ने ।

५. प्राकृतिक स्रोतको उपयोग तथा परिचालन उत्पादनमा आधारित हुनु पर्ने ।

६. स्थानीय समुदायको सहभागितालाई प्राकृतिक स्रोतको उपयोग र विकासमा कानूनद्वारा सुनिश्चत गर्नु पर्ने ।

७. प्राकृतिक स्रोतमाथिको दोहनलाई तत्काल नियन्त्रण गर्नु पर्ने ।

८. करको दायरालाई बढाई कर राजस्व रोयल्टी प्राप्तिमा प्रदेशको क्षेत्राधिकार बढाउनु पर्ने ।

९. जनतामा कर तिर्नु नागरिकको कर्तव्य हो भनी जनचेतना श्रृजना गर्नुपर्ने ।

१०. संघ प्रदेश, र स्थानीय तहबीचको प्राकृतिक स्रोत परिचालनबाट प्राप्त लाभ ऐन कानून र तथ्यमा आधारित भई बाँडफाँड गर्नुपर्ने।

११. प्रदेश नं.१ ले प्राकृतिक स्रोत परिचालनसँग सम्वन्धित क्षेत्राधिकार भित्रको ऐन कानून तत्काल निर्माण गर्नु पर्ने ।

१२. प्राकृतिक स्रोत परिचालनको नीति तथा कार्ययोजना उत्पादनमुखी हुनु पर्ने ।

तीन तहका सरकारका अन्तरसम्वन्धका विविध पाटाहरू

संघीयता नेपालका लागि विल्कुल नयाँ व्यवस्था हो । नयाँ व्यवस्था भएका कारण अधिकार क्षेत्र प्रयोग लगायतका सवालमा अहिले विभिन्न संघीय इकाईहरुका बीचमा केही समस्या र द्विविधाहरु छ । संघ र प्रदेश अनि प्रदेश–प्रदेशका बीचमा देखिएको समस्या निराकरण लगायतका लागि संविधानमा अन्तर प्रदेश परिषदको व्यवस्था छ । यसै गरी प्रदेश र स्थानीय तहको विवाद निरुपणका लागि प्रदेश समन्वय परिषदको व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा छ । यस आलेख तीन तहका सरकार बजेटको राजनीतिक, वित्तीय, प्रशासनिक अन्तरसम्वन्ध लगायतका विषयमा केन्द्रित छ ।

१. सवैधानिक र राजनैतिक अन्तरसम्वन्धः-

अन्य संघीय देशहरुजस्तै नेपालको संसद पनि दुई प्रकारको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभा । प्रदेश सभाका सदस्य, गाँउपालिकका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका प्रमुख/उपप्रमुख राष्ट्रिय सभाको सदस्यको निर्वाचन मण्डलका सदस्य हुने व्यवस्था संविधानमा छ।संघ र प्रदेश तथा प्रदेश-प्रदेशबीच राजनीतिक लगायतका विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश परिषद्को व्यवस्था छ ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ भन्ने व्यवस्था संविधानमा छ । प्रदेश र स्थानीय तहको विवादका सम्वन्धमा प्रदेश, गाउँपालिका वा नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी कानून वमोजिम त्यस्तो विवादको समाधान गर्न सक्नछन भन्ने व्यवस्था समेत संविधानमा छ ।

संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद सम्बन्धी निरुपणका लागि संवैधानिक इजलासको गठनको व्यवस्था संविधानको धारा १३७ मा छ । नेपाल सरकारले राष्ट्रिय महत्वका बिषयमा र प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई संविधान र संघीय

---

* ✍लेखक बित्तीय विकेन्द्रीकरण विज्ञ हुनुहुन्छ ।

कानून बमोजिम आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना प्रदेश मन्त्रिपरिषदले गर्नुपर्ने व्यवस्था धारा २३२ मा छ । संघले प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाई ६ महिनासम्म निलम्वन गर्न सक्ने व्यवस्था समेत यसै धारामा छ । यसै गरी नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानुन बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ भन्ने व्यवस्था समेत संविधानमा छ ।

संविधानमा तीन तहका सरकारको एकल र साझा अधिकारको सूचि छ । संघ र प्रदेशले आफनो अधिकारको कानून वनाउने प्रक्रिया आफैं निर्धारण गर्न सक्छन । तर स्थानीय तहको अधिकारको कानून वनाउने प्रक्रिया प्रदेश कानून वमोजिम हुने व्यवस्था संविधानमा छ । यसै गरी गाँउ सभा र नगर सभाको सञ्चालन, वैठकको कार्यविधि, पदाधिकारीहरुको सुबिधा, कर्मचारी र कार्यालय सम्वन्धी व्यवस्था समेत प्रदेश कानून वमोजिम हुन्छ । साझा अधिकारका सम्वन्धमा हाम्रो संविधानले संघीय सरकारलाई वढी अधिकार दिएको छ । यस सम्वन्धमा संघीय कानूनसँग नवाझिने गरी प्रदेश र स्थानीय तहले कानून वनाउनुपर्ने हुन्छ । प्रदेश र स्थानीय तहका सम्वन्धमा पनि स्थानीय तहले प्रदेशको कानूनसँग वाझिने गरी कानून वनाउन हुदैन । अवशिष्ट अधिकारको प्रयोग त पुरै संघीय सरकारको छ ।

दुई वा दुईभन्दा बढी प्रदेशले आफ्नो एकल अधिकारक्षेत्र भित्रको कुनै विषयमा कानून बनाउन संघीय सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुने गरी त्यस्तो कानून बनाउन सक्छ । एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्ने हुन्छ । यसै गरी एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ । एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुबिधा उपलब्ध गराउनु पर्ने व्यवस्था समेत संविधानमा छ ।

स्थानीय तहको नाम र केन्द्र तथा वडा संख्या र सीमाना हेरफेर प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले गर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा छ । यस ऐनमै योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक

स्रोत साधनको उपभोग र बाँडफाँडका बिषयमा आपसी समन्वयका लागि मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषदको व्यवस्था समेत छ ।

२. प्रशासनिक, योजना निर्माण र कार्यान्वयनमा अन्तरसम्वन्ध

प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था संविधानमा छ । यसै गरी सरकारी सेवामा कार्यरत कर्मचारीलाई नेपाल सरकारले कानून वमोजिम, संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्छ । संविधानको यस भावना अनुसार सरकारले कानून वनाई संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनको अधिकांश कार्य सम्पन्न गरिसकेको छ । प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको आधार र मापदण्ड संघीय संसदले वनाएको कानून अनुसार हुने व्यवस्था अनुसार अहिले प्रदेश लोकसेवा गठनको काम अगाडि वढेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहले कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नुपर्नेछ । स्थानीय तहको सेवा सञ्चालनका लागि अस्थायी दरवन्दी सिर्जना गर्न सकिने छैन । तर नगरी प्रहरी, सवारी चालक, कार्यालय सहयोगी जस्ता पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाका आधारमा सेवा करार लिनुपर्ने छ भन्ने लगायतको व्यवस्था यस ऐनमा छ । यसै गरी स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन,सेवाको शर्त तथा सुबिधा सम्वन्धी सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने र स्थानीय सेवाको स्थायी दरवन्दी पदमा प्रदेश लोकसेवा आयोगले छनौट गरी सिफारिश गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नुपर्ने भन्ने लगायतको व्यवस्था यस ऐनमा छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा योजना निर्माण र कार्यान्वयन **सम्वन्धी** अन्तरसम्वन्धको व्यवस्था छ । ऐनमा उल्लेख भए अनुसार गाँउपालिका र नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक विकास योजना वनाई लागू गर्नुपर्ने छ । योजना वनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासंग अनुकूल हुने गरी वनाउनुपर्ने छ । यसै गरी नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्ने प्रक्रिया निर्धारण गरेकोमा गाँउपालिका र नगरपालिकाले सोही प्रक्रिया वमोजिम सो कार्याक्रम सञ्चालन गर्नुपर्दछ । गाँउपालिका र नगरपलिकाले नेपाल सरकार वा प्रदेश सरकारसंगको संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्छन । यसै गरी

स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारका आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने, नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुनु अगावै बजेट सीमा, प्राथमिकता, मापदण्ड उपलव्ध गराउनु पर्ने, नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालयका योजनाहरु स्थानीय तहको समन्वयमा सञ्चालन गर्नुपर्ने र यस्ता योजना कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिएमा स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने लगायतको व्यवस्था समेत यस ऐनमा छ ।

३. वित्तीय अन्तरसम्वन्ध

संघले साझा सूची र आर्थिक अधिकारका क्षेत्रमा प्रदेश र स्थानीय तहलाई समेत लागू हुने गरी नीति, मापदण्ड र कानुन बनाउन सक्ने व्यवस्था संविधानमा छ । प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने , वैदेशिक सहायता एवम् ऋण लिने अधिकार संघीय सरकारको हुने र प्रदेश तथा स्थानीय तहको वित्तीय अनुशासन र बजेट घाटा व्यवस्थापन संघीय कानून अनुसार हुने व्यवस्था संविधानको धारा ५९ मा छ ।

प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुन्छ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्दछ । प्रदेशले पनि स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था संविधानमा छ । स्थानीय तहले बजेट बनाउँदा घाटा बजेट निर्माण गर्नुपर्ने भए संघीय र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेत प्रस्ताव गर्नुपर्ने व्यवस्था संविधानमा छ । संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान संघीय कानुन बमोजिम हुने व्यवस्था छ । संविधानमा उल्लेखित प्राय यी सबै व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख गरिएको छ ।

यसै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार, प्रदेश र स्थानीय तहको एकल-एकल अधिकार सूचीमा परेको सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, घरजग्गा रजिष्ट्रेशनको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, मनोरञ्जन कर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने व्यवस्था समेत छ । यस व्यवस्था अनुसार संकलित रकम संचित कोषमा जम्मा गरी जुन तहको कर उठाएको हो सोही तहको संचित कोषमा जम्मा गर्नुपर्दछ ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून वनाउदा छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी वनाउनुपर्दछ । यसरी कानून वनाउदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम वजारको अनुकूल हुने गरी वनाउनुपर्दछ । वित्तीय अन्तरसम्वन्धका अन्य पक्षहरुमा प्रदेश र स्थानीय तहले संघीय सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नु पर्ने, प्रत्येक तहले आफूलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्नु पर्ने, अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्ने , प्रदेश तथा स्थानीय तहको आय व्ययको वर्गीकरण र लेखाङ्कन संघीय सरकारले निर्धारण गरे बमोजिम हुने, चौमासिक रुपमा आय र व्ययको विवरण पेश गर्नुपर्ने लगायतको व्यवस्था समेत अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा छ । यसै गरी मूल्यअभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तशूल्क रकमको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको २५/२५ प्रतिशत प्रदेश र स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने कानूनी व्यवस्था समेत छ ।

यसै गरी संघीय सरकारको पूर्वस्वीकृत विना प्रदेश तथा स्थानीय तहले कुनै पनि किसिमको वैदेशिक सहयोग वा अनुदान लिन र यस्तो सहयोगबाट कुनै पनि किसिमको योजना वा कार्यक्रम पनि सञ्चालन गर्न नपाईने कानूनी व्यवस्था गरिएको छ । तीन तहकै सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्चसंरचना तयार गर्नुपर्ने हुन्छ ।

संघीय सरकारले फाल्गुण मसान्तभित्र प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण र राजश्व बाँडफाँडको अनुमानित विवरण उपलव्ध गराउनुपर्नेहुन्छ । यसै गरी प्रदेश सरकारले चैत्र मसान्तभित्र स्थानीय तहलाई वित्तीय समानीकरणको अनुमानित विवरण दिनुपर्ने हुन्छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबजेट अन्तरसरकारी वित्त व्यवस्थापन लगायतका विषयमा छलफल र परामर्श लगायतका लागि संघीय अर्थमन्त्रीको संयोजकत्वमा अन्तर सरकारी वित्त परिषदको व्यवस्था समेत छ । प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि संघीय सरकारसँग सहमति लिनुपर्ने हुन्छ । विशेष गरी वित्तीय क्षेत्रमा संघीय कानूनलाई प्रदेश तथा स्थानीय तहले अक्षरशः पालना गर्नुपर्ने व्यवस्था यस ऐनमा छ ।

अन्तरसरकारी समन्वयकारी संस्थागत संरचनाहरु

संघीय इकाईहरुका विच साझा सरोकारका विषयमा समाना धारणा वनाउन र एक आपसमा हुने विवाद, असमझदारी र मतभिन्नतालाई समाधान गर्ने संयन्त्रका रुपमा संविधान तथा कानूनमा देहाय अनुसारका संयन्त्रहरु वनाईएको छ ।

१. संवैधानिक इजलास

संघ र प्रदेश, प्रदेश र प्रदेश र प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरु बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद निरुपण लगायतका लागि संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठन सम्वन्धी व्यवस्था छ । यस इजलासमा प्रधान न्यायधीश र न्याय परिषदको सिफारिशमा प्रधान न्यायधीशले तोकेका अन्य चार जना न्यायाधीश रहन्छन ।सर्वोच्च अदालत स्रोतका अनुसार हालसम्म करिव २३० वटा विभिन्न प्रकृतिका मुद्धाहरु संवैधानिक इजलासबाट फैसला भएका छन् । यी मुद्धामा २१६ वटा संवैधानिक परीक्षणसँग मात्र सम्वन्धित छन । दुई दुई वटा मुद्धाहरु प्रदेश र स्थानीय तहले वनाएका कानूनसँग सम्वन्धित छन ।

२. अन्तर प्रदेश परिषद

संघ र प्रदेश तथा प्रदेश-प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्ने लगायतका प्रयोजनका लागि प्रधानमंत्रीको अध्यक्षतामा अन्तर प्रदेश परिषदको व्यवस्था संविधानको धारा २३४ मा छ ।नेपाल सरकारका गृहमन्त्री र नेपाल सरकारका अर्थमन्त्री र सम्वन्धित प्रदेशका मुख्यमन्त्री यसको सदस्य हुन्छन । यस परिषदको वैठक आवश्यकता अनुसार बस्ने व्यवस्था संविधानमा छ ।

प्रदेश सरकार गठन भएको १० महिनामा अन्तर प्रदेश परिषदको पहिलो वैठक मिति २०७५ मंसिर २३ र २४ मा वसेको थियो । पछिल्लो तेस्रो वैठक वैशाख १३, २०७६ मा वसेको थियो ।पहिलो वैठकले संघीयताको कार्यान्वयनमा देखिएका जटिलता कम गर्न गृहमन्त्रीको अध्यक्षतामा एक कार्यदल बनाएको थियो । यस कार्यदलले तयार गरेको २९ बुँदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनालाई मिति २०७५ पौष ३ को दोस्रो वैठकले अनुमोदन गरेको थियो । यी कार्ययोजना संगठन तथा व्यवस्थापन सर्वेक्षण, सम्पति तथा पूर्वाधार हस्तान्तरण, योजना तथा कार्यक्रम, लेखा तथा लेखा परीक्षण, मर्यादाक्रम, कानून जनशक्ति, मापदण्ड/कार्यविधि, कर तथा राजश्व, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन लगायतका थिए । तेस्रो वैठकले अन्तर प्रदेश परिषदको वैठक सम्वन्धी कार्यविधी पास गरेको थियो ।

३. अन्तर सरकारी वित्त परिषद

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तरसरकारी वित्त व्यस्थापन लगायतका विषयमा परामर्श तथा समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको संयोजकत्वमा अन्तर

सरकारी वित्त परिषदको व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा छ । प्रदेशका अर्थमन्त्री, गाँउपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखहरु मध्येबाट प्रत्येक प्रदेशबाट एकजना महिलासहित दुईजना प्रतिनिधित्व हुने गरी प्रदेशले सिफारिश गरेका १४ जना र नेपाल सरकारले मनोनयन गरेका तीन जना सदस्य हुने व्यवस्था छ । यसको वैठक प्रत्येक वर्षको चैत्र महिनामा एक पटक र अन्य बैठक संयोजकले तोकेको मिति र समयमा बस्छ ।

हालसम्म यस परिषदका ४ वटा वैठक वसिसकेको छ । पहिलो वैठक मिति २०७५ वैशाख २४, दोस्रो मंसिर २० र तेस्रो चैत्र २८ मा वसेका थियो । पहिलो वैठकले वैठक संचालन कार्यविधि २०७५ लाई स्वीकृत गर्ने, स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेका कर सम्वन्धी द्धिविधमा एकरुपता ल्याउने, प्रदेश र स्थानीय तहका एकै प्रकृतिका करहरु आपसी छलफल तथा सहमतिका आधारमा टुङ्गो लगाउने लगायतका निर्णयहरु गरेको थियो । पछिल्लो चौथो वैठक मिति २०७६ भाद्र ६ मा वसेको थियो । वैठकले आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामग्री सहज रुपमा उपलब्ध नहुँदा आयोजना कार्यान्वयनमा बाधा परेको हुँदा सम्बन्धित स्थानीय तहले आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामग्री सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउने, नदीजन्य सामग्री (गिट्टी, ढुङ्गा, बालुवा आदि) वापत संकलन हुने राजस्व बाँडफाँडमा द्विविधा उत्पन्न भएको विषय उठेको सन्दर्भमा सम्बन्धित कानुनहरुमा संशोधन गर्ने प्रकृया अघि बढाउने, प्रदेश र स्थानीय तहले कर, शुल्क लगाउँदा वा उठाउँदा संविधान र प्रचलित कानुन बमोजिम तथा लगानीको वातावरणमा प्रतिकुल असर नपर्ने गरी कानुन बनाएर मात्र लगाउने लगायतका १५ वटा निर्णय गरेको थियो ।

४. प्रदेश समन्वय परिषद

प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामजस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपभोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषदको व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, ०७४ मा छ । प्रदेश सरकारका मन्त्रीहरु, प्रदेशका मुख्यसचिव, प्रदेश सरकारका सचिवहरु, प्रदेशका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख र प्रदेशका गाँउपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख यसका सदस्य हुन्छन । परिषदको बैठक वर्षको कम्तिमा एकपटक वस्छ । प्रदेश सरकार गठन भएको दुई वर्षको दौरानमा

यस वैठक पनि प्रत्येक प्रदेशमा तीन/ तीन पटक वसीसकेको छ । प्रदेश र स्थानीय तहका बजेटमा देखिएका साझा समस्याहरु फुकाउने थलो यस परिषद वनेको छ ।

५. जिल्ला समन्वय समिति

जिल्लाभित्रका गाँउपालिका र नगरपालिकाहरुको बजेट समन्वय गर्न, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने लगायतका प्रयोजनका लागि जिल्ला समन्वय समितिको व्यवस्था संविधानको धारा २२० मा छ । तर संविधानले दिएको अधिकार पनि प्रयोग गर्न नपाएको गुनासो जिल्ला समन्वय समितिको छ । अधिकाँश समितिहरुको प्रशासनिक खर्च धान्न पनि धौ/धौ परेको अवस्था छ ।

६. राष्ट्रिय विकास समस्या समाधान समिति

विकास, नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समिक्षा, समस्याको समाधान लगायतका लागि नीतिगत विषयका लागि अनुगमन तथा मूल्यांकनको सर्वोच्च निकायका रुपमा प्रधानमंत्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको व्यवस्था राष्ट्रिय योजना आयोगबाट प्रकाशित अनुगमन तथा मूल्याँकन दिग्दर्शन, २०७५ मा छ । प्रदेशका मुख्यमन्त्री लगायत नेपाल सरकारका मन्त्रीहरु यस समितिका सदस्य हुन्छन । चौमासिकमा एकपटक वस्ने गरी यसको वैठक एक वर्षमा कम्तिमा तीनपटक वस्छ ।

राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औ वैठक प्रधानमंत्रीको अध्यक्षतामा २०७६ असोज महिनामा वसेको थियो । वैठकमा सवै प्रदेशका मुख्यमन्त्रीहरुको पनि सहभागिता थियो । सरकारबाट घोषणा भएको मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्र सम्वन्धी विस्तृत विवरण तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने, जलविद्युतका जलाशययुक्त आयोजनाहरु निर्माण गर्दा उत्पन्न हुने डुवानले सडक, सिचाई लगायत भौतिक पुर्वाधारका निर्माण कार्यहरु लगायतका विषयमा विवाद देखिएको सन्दर्भमा सरोकारवाला निकायहरुसंग समन्वय गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने, चुरे फेदी तथा तराईमा जम्मा हुने ढुंगा, गिट्टी, बालुवा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, डुवान तथा कटानको समस्या समेत बढ्नाले निर्माण सामग्रीको उपलब्धतामा कठिनाई भैरहेको हुँदा निर्माण सामग्रीहरूको सहज उपलब्धताका लागि आवश्यक मापदण्ड तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने र प्रदेश तथा स्थानीय तहले सरलीकृत नीतिगत कानूनी व्यवस्था कार्यान्वयनमा ल्याउने लगायतका आठवटा महत्वपूर्ण निर्णय गरेको थियो । राष्ट्रिय विकास समस्या समाधान

समितिको ४५ औ वैठक २०७६ असार महिनामा वसेको थियो । यस वैठकमा पनि सवै प्रदेशका मुख्यमन्त्रीहरु लगायतको सहभागिता थियो । तर संघीय इकाईहरुका बीचमा योजना छनौट र कार्यान्वयनमा रहेका समस्याहरुको समाधान गर्न यस समितिको भूमिका त्यति प्रभावकारी देखिएको छैन ।

७. राष्ट्रिय समन्वय परिषद

संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ भन्ने व्यवस्था छ । यही व्यवस्था अनुसार अहिले तीन तहको अन्तरसम्वन्ध सम्वन्धी विधेयक राष्ट्रिय सभाबाट स्वीकृत भई प्रतिनिधि सभामा छ । यस विधेयकमा अन्तरसम्वन्धका लागि थप दुई वटा संस्था प्रस्ताव गरिएको छ । यी संस्था राष्ट्रिय समन्वय परिषद र विषयगत समिति हुन । विधेयकको दफा १६ मा संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्वन्ध व्यवस्थित गर्ने लगायतका प्रयोजनका लागि प्रधानमंत्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषदको प्रस्ताव छ ।

साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहसँग बजेट समन्वय गर्ने, प्रदेश तथा स्थानीय स्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसंग जोडिएको विषयमा समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने, अन्तर प्रदेश तथा स्थानीय तहलाई प्रभाव पार्ने कानून नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने लगायतका विषयलाई यसको कार्यक्षेत्रका रुपमा राखिएको छ ।

८. विषयगत समिति

विधेयकको दफा २० मा विषयगत समितिको प्रस्ताव छ । संघ र प्रदेशका सम्बन्धित विषय हेर्ने मन्त्रालय तथा स्थानीय तहबजेटमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकाश निमार्ण लगायतका काममा प्रभावकारीता ल्याउन संघीय सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा यस्तो समिति प्रस्ताव छ । प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने मन्त्री र अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष यसको सदस्य हुने व्यवस्था छ । आफ्नो विषयसंग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीयतहसंग परामर्श गर्ने, क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति

तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक समन्वय गर्ने लगायतका विषयलाई यसको कार्यक्षेत्रमा राखिएको छ ।

अन्तमा, वास्तवमा, समन्वय तथा सहकारीतामा आधारित नेपालको संघीयतामा अहिलेसम्म खासै ठूलो समस्या देखिएको छैन । समस्या वाहिरबाट सिर्जना गराउने र चलखेल गर्ने प्रवृत्ति भने छ । यस्तो प्रवृत्तिलाई सरोकारवाला सवै पक्षबाट निरुत्साहीत गरी नेपालको संघीयतालाई मजवुत पार्न आवश्यक छ । अन्तर समन्वय तथा सहकार्यका दृष्टिले कसिलो वन्दै गएको नेपालको संघीयताको कार्यन्वयन पक्षलाई थप कसिलो बनाउन तीन तहका सरकारबाट बजेट नियमित रुपमा घनीभूत छलफल र अन्तरक्रियाको जरुरी समेत छ ।यसै गरी अन्तरतह समन्वयकारी संस्थाहरुको नियमित क्रियाशीलताका लागि स्थायी सचिवालय निर्माण गर्न पनि त्यत्तिकै जरुरी छ ।

<u>सन्दर्भ सामाग्री</u>

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४

नेपालमा वित्तीय संघीयताको अभ्यास
(प्रदेश नं. १ को सन्दर्भमा)

✍डा.अर्जुन बराल*

१. विषय प्रवेश:

नेपालको संविधान २०७२ लागु भएर मुलुक संघीय शासन-प्रणालीमा प्रवेश गरे सँगै मुलुकका तीनै तहका सरकारले करीब तीन बर्षको अनुभव पनि सँगालिसकेका छन् । तर संघीयताको सफल कार्यान्वयनका लागि अन्य कतिपय जटिलताहरुसँगै राजस्वको व्यवस्थापन चुनौतीपूर्ण सवाल बनेको छ। त्यसै पनि संसारका प्रायः सबै मुलुकहरुमा नै राजस्वको न्यायपूर्ण व्यवस्थापन एउटा जटिल प्रक्रिया हुँदै हो, त्यसमा पनि नयाँ संरचनाको भर्खरै अभ्यास गर्दै गरेको एउटा अल्पविकसित राष्ट्रका लागि यसको कार्यान्वयन थप कठिन हुनु स्वाभाविकै हो। तथापि कतिपय अध्ययन र अनुसन्धानहरुले 'संघात्मक संरचनाको शासन व्यवस्थाले स्वैच्छिक स्व-शासन र संघीय नियमको प्रणालीद्वारा विकेन्द्रित निर्णय प्रक्रियालाई मजबुत बनाउँछ' भनेका छन् (वाट्स, १९९९)। छनौटको वृहत स्वतन्त्रता, सार्वजनिक सेवाहरुमा प्राथमिकताहरुको विविधता, राजनीतिक सहभागिता, खोज-अनुसन्धानको उपयोग तथा उपभोग र जवाफदेहिताका लागि संघीय प्रणाली बढी प्रभावकारी हुन्छ (Oates, १९७२; Musgrave, १९८५; Rao, १९९७; Bird, २००२; Dafflon, २००६; Boadway and Shah,२००९) पनि भनिएको छ।नेपालको संविधानले पनि 'संघीय लोकतान्त्रिक आकांक्षा पूरा गर्ने' लक्ष्य लिएको हुँदा वित्तीय संघीयता (Fiscal Federalism) को सही र प्रभावकारी अभ्यास एवम् कार्यान्वयनबाट मात्र संवृद्धिको लक्ष्य प्राप्त हुन सक्ने आशा गर्न सकिन्छ ।

राजस्व श्रोतको संवैधानिक व्यवस्था:

आन्तरिक राजस्वका मुलतः दुइवटा श्रोतहरु हुन्छन् - कर राजस्व र गैर कर राजस्व । नेपालको संविधानले तीनै तहको सरकारलाई राजस्व संकलन गर्ने अधिकार दिएको

* ✍सह-प्राध्यापक, स्नातकोत्तर क्याम्पस, बिराटनगर

प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कर लगाउन र ती श्रोतहरुबाट राजस्व उठाउन सक्नेछन्' भनिएको छ (उपधारा १)। यहाँ राजस्वको श्रोत भन्नाले कर तथा गैर-कर दुवैलाई बुझ्नु पर्दछ। तल उल्लेखित तालिकामा सरकारका विभिन्न तहले उठाउन पाउने राजस्वका श्रोतहरुलाई प्रस्तुत गरिएको छ ।

तालिका १: **राजस्वका श्रोतहरुको बाँडफाँड**

राजस्वको श्रोत	**केन्द्र / संघ**	**प्रदेश**	**स्थानीय**
भन्सार महशुल			
मूल्य अभिवृद्धि कर	✓		
अन्त शुल्क	✓		
संस्थागत आयकर	✓		
व्यक्तिगत आयकर	✓		
पारिश्रमिक कर(Payroll Tax)	✓		
राहदानी शुल्क	✓		
भीसा शुल्क	✓		
मनोरञ्जन कर		✓	✓
बिज्ञापन कर		✓	✓
घर-जग्गा रजिष्ट्रेशन शुल्क		✓	✓
भूमि कर (मालपोत संकलन)			✓
सम्पत्ति कर			✓
ब्यावसायिक कर			✓
सवारीसाधन कर		✓	✓
घरबहाल कर			✓
सेवा शुल्क दस्तुर	✓	✓	✓
दण्ड- जरिवाना	✓	✓	✓
पर्यटन शुल्क/ दस्तुर	✓	✓	✓
कृषि आयमा कर		✓	
प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी	✓	✓	✓

प्रस्तुत तालिकाले सरकारका तिनै तहलाई राजस्वको निर्धारण र संकलनमा जिम्मेवार कर रहेको देख्न सकिन्छ । तर अन्य कतिपय श्रोतहरुमा प्रदेश र स्थानीय तह दुबैको यसमा रजिष्ट्रेशन शुल्क । त्यसै गरी सरकारका तिनै तहलाई यस्तो अधिकार उपभोग गर्न पाउने रहेको देख्न सकिन्छ । यिनीहरु गैर-कर अन्तर्गत पर्दछन् । संवैधानिक व्यवस्था यस्तो भएता पनि यसको न्यायपूर्ण व्यवस्थापन र प्रभावकारी कार्यान्वयनका लागि संघीय राजस्व नीति र उक्त नीतिमा अवलम्बन गरिने नियम लाई आर्थिक ऐनले समेट्नु पर्दछ।यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग मार्फत तिनतहका सरकारहरुका बजेटमा रहेका राजस्व व्यवस्थापनका जटिलता र विवादहरुलाई समाधान गरिने कुरा पनि संविधानले व्यवस्थापन गरेको छ ।

२. अन्तर्राष्ट्रिय अभ्यासहरु:

संघीय शासन भएका देशहरुमा राजस्व संकलनका फरक फरक अभ्यासहरु रहेको पाइन्छ । क्यानाडा र स्वीजरल्याण्ड जस्ता मुलुकहरुमा केन्द्रीय सरकारले राजस्वको ४५ प्रतिशतमात्र संकलन गर्दछ जबकि अस्ट्रिया, अस्ट्रेलिया, ब्राजिल, भारत र संयुक्त राज्य अमेरिकाजस्ता मुलुकहरुमा केन्द्रीय सरकारले कुल राजस्वको दुई तिहाइदेखि तीन चौथाइसम्म संकलन गर्दछन् ।त्यसैगरी अर्जेन्टिना, मलेसिया, मेक्सिको, स्पेन र भेनेजुएला जस्ता मुलुकहरुको केन्द्रीय सरकारले ८० प्रतिशत सम्म राजस्व संकलन गर्दछ ।भारतका राज्यहरूले ३४ प्रतिशत संगठित कर राजस्व उठाउँछन् । यो उनीहरूले कुल खर्चको ५८ प्रतिशत मात्र हो ।भारतको वित्तीय संघीयताले देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याएको छ।यो अवधिमा उनीहरूले देशमा स्थिरता पनि ल्याएका छन् । हाम्रो लागि भारतीय शैलीको वित्तीय संघीयता धेरै अर्थमा सहयोगी हुन सक्दछ। एकात्मक शासन भएका कतिपय मुलुकहरुले समेत राजस्व संकलनमा विकेन्द्रित प्रणाली अवलम्बन गरेर स्थानीय निकायहरुलाई जिम्मेवार बनाएका उदाहरणहरु पनि छन् ।

३. न्यायपूर्ण व्यवस्थापनको सवाल:

नेपालका लागि संघीयता आँफैमा एउटा नौलो अभ्यास हो । त्यसैले पनि वित्तीय संघीयता (Fiscal Federalism) को न्यायपूर्ण व्यवस्थापन चुनौतीपुर्ण बन्नु स्वाभाविकै हो । यसको सही कार्यान्वयनबाट मात्र संघीयता सफल हुन सक्दछ ।अमेरिकी अर्थशास्त्री रिचार्ड मस्ग्रेभ (Richard Musgrave) ले पहिलोपटक सन् १९५९ मा प्रान्तीय वा स्थानीय सरकारहरूमा सम्पत्ति र स्रोत साधनको असमान वितरणका समस्या समाधान गर्ने क्षमता संघीय सरकारी प्रणालीसँग हुने तर्क सर्वप्रथमः अघि सारेका थिए ।उनले माथिल्लो तहमा देशको आय संघीय सरकारले व्यवस्थापन गरी प्रान्त/प्रदेशहरूलाई दिने, जसले त्यो पैसा स्थानीय तहमा वितरण गर्न सक्छन् भन्ने अवधारणाको जगमा वित्तीय संघीयताको सिद्धान्तलाई प्रतिपादन गरेका थिए।नेपालमा यसभन्दा अघि वित्तीय विकेन्द्रीकरण (Fiscal Decentralization) को माध्यमबाट स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउने अभ्यासहरु नभएका भने होइनन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ र यस अन्तर्गत बनेको लगाउने र खर्च गर्न पाउने केहि सीमित अधिकारहरु प्रत्यायोजन गरिएको थियो । तर अहिलेको परिस्थिति भने संघीय संरचना बमोजिम प्रशस्त अधिकारहरु सहितका प्रदेश सरकार र स्थानीय तहहरुको गठन भएको हुँदा कर र राजस्वका अन्य श्रोतहरुको व्यवस्थापकीय जटिलता थपिएको हो ।

नेपाल त्यसै पनि प्राकृतिक श्रोत साधन र अन्य भौतिक संरचनाहरुको उपलब्धताको दृष्टिकोणले विविधता र असमानता भएको मुलुक हो ।अढाइ सय वर्षसम्म एकात्मक ढंगले तहमा पनि यस्तो असमानता विद्यमान छ । यस प्रकारका असमानताहरुलाई ठाडो र तेर्सो (Vertical and Horizontal) असमानताको रुपमा व्याख्या गर्ने गरिन्छ । यस परिस्थितिमा उपभोगमा विवाद उठ्न सक्ने संभावनाहरु प्रशस्त छन् । यसैगरी यस्तो विवाद सरकारको तिनै तहका एक आपसमा पनि उठ्ने संभावना पनि उत्तिकै छ । कतिपय श्रोतहरुमा र दण्ड-जरिवाना तथा प्राकृतिक श्रोतहरुमाथि सरकारका तिनै तहले निर्धारण र संकलन गर्ने

कर निर्धारण र संकलनमै पनि विवादको संभावना उत्तिकै छ । हुन त स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनमा एउटा तहको अधिकारभित्र रहेको करको निर्धारण अर्को तहले गर्न पाउने प्रावधान पनि राखिएको छ । एकल कर प्रशासन रजिस्ट्रेसनको दर र मनोरञ्जन करको निर्धारण प्रदेशले गर्ने र संकलन भने स्थानीय तहले गर्ने प्रावधान राखिएको छ । तर विज्ञापन करको निर्धारण र संकलन भने स्थानीय तहले नै गर्ने बाँड्नुपर्ने प्रावधान अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा उल्लेखित छ ।

संविधान र कानूनमा जे जस्तो व्यवस्था भएपनि प्राकृतिक साधन स्रोतको उपयोग, स्थानीय उद्योग व्यवसाय लगायतका कारणले प्रदेशहरूको राजस्वमा ठूलो भिन्नता रहने वा रहेको तथ्य प्रष्ट छ । आर्थिक, सामाजिक, मानवीय आदि दृष्टिकोणबाट कुनै प्रदेश सम्पन्न छन् भने कुनै दयनीय अवस्थामा रहेका छन् । प्रदेशहरूमा रहेका स्थानीय सरकार र अन्य संयन्त्रहरूको अवस्था समेत लगभग यस्तैरहेकोछ । राजस्व संकलनमा असन्तुलन जस्तै विकासको स्तरमा समेत भिन्नता छ । जुन स्थानमा राजस्व संकलन राम्रो हुन्छ, विकासको स्तर पनि लगभग उस्तै-उस्तै हुन्छ । राजस्व संकलन र सम्भाव्यतालाई केन्द्रविन्दुमा राखेर प्रदेशहरूको निर्धारण गर्न सकेको खण्डमा मात्र विकासमा प्रदेशहरूबीचमा सामञ्जस्य कायम

४. समाधानका उपायहरु:

मुलुकका सबै वर्ग र क्षेत्रको न्यायोचित विकासका लागि राजस्वको वितरण पनि न्यायोचित तरिकाले नै गर्नुपर्दछ।विभिन्न संघीय मुलुकमा यस्तो स्रोत वितरणका लागि स्वतन्त्र तथा संवैधानिक निकायहरू कार्यरत रहेका छन् ।कमजोर प्रदेशहरुलाई केन्द्रबाट विभिन्न किसिमका अनुदान लगायत अन्य बजेटरी र नन-बजेटरी सहयोग गर्नुपर्ने हुन्छ।सम्पन्न प्रदेशबाट संकलन गरेको राजस्व अन्य प्रदेशहरूमा वितरण गर्दा ती प्रदेशहरूमा समेत असन्तोष उत्पन्न हुन सक्ने संभावना पनि उत्तिकै हुन्छ । यो तथ्यलाई समेत गहन रूपमा मनन गरी स्रोतको विनियोजन गर्नुपर्छ । कतिपय मुलुकहरु अझै पनि वित्तीय संघीयताको अभ्यासकै क्रममा छन् । भारतले नै पनि यस्तो अभ्यास लगातार गरिरहेकै छ र यसमा समय सँगसँगै परिवर्तन पनि गरिरहेको छ ।

जैनले केन्द्र र प्रदेशहरुका बीचमा श्रोतको न्यायोचित बाँडफाँडका लागि केही मान्यताहरु प्रस्तुत गरेका छन् ती हाम्रो सन्दर्भमा पनि उपयुक्त हुन सक्दछन् ।

१. सरकारका सबै तहहरु आफ्ना क्षेत्रमा वित्तीय रूपमा आत्मनिर्भर हुनुपर्छ ।
२. जोखिमको न्यायोचित वितरण हुनुपर्दछ । राज्यहरुका श्रोत र साधनको प्रयोग लचकदार हुनुपर्दछ ।
३. हरेक एकाइमा राजस्वको उचित हिस्सा प्राप्त हुने हिसाबले श्रोत साधनको वितरण गर्नुपर्छ ।
४. सापेक्षिकरूपमा पिछडिएका र गरिब राज्यका वित्तीय आवश्यकतालाई विशेष ध्यान दिनु आवश्यक हुन्छ।

मुलत: नेपालमा संघीयताको अवधारणा र प्रयोग नै असमानताहरुलाई कम गर्ने र बिकासमा पछाडि परेका वा पारिएका समुदायलाई मूल प्रवाहमा समावेश गरी आर्थिक बिकासको गतिलाई तीब्र बनाउने उद्देश्यबाट आएको देखिन्छ । वित्तीय संघीयताको संसारभरीको सफल अभ्यासलाई नेपालको यथार्थतासँग मेल खानसक्ने गरी प्रयोग गर्न सकियो भने मात्र यो उद्देश्यको परिपूर्ति हुन सक्दछ । वर्तमान अवस्थामा कम्तीमा वित्त आयोग निश्चित मोडालिटी तयार गर्न सकियो भने पनि त्यो ठूलो उपलब्धि हुन सक्दछ । अहिलेका केन्द्र (संघ) र राज्यका सरकारहरुले कम्तिमा संवैधानिक व्यवस्था बमोजिमको गठन भएको वित्त आयोगको सुझाव अनुसार यी सरकारहरुका बीचमा श्रोतको विषयमा देखिएका विवादहरु लाई कम गर्ने उपाय अवलम्बन गर्न सक्दछन् ।यो आयोगले राष्ट्रिय योजना आयोगको समेत सहकार्यमा केन्द्रीय स्तरमा बिकासका योजना तर्जुमा र अतिरिक्त अनुदान एवं आन्तरिक तथा बाह्य ऋणको व्यवस्थापन गर्न सक्दछ । भारतमै पनि राष्ट्रिय योजना आयोग मार्फत राज्यहरुलाई आर्थिक अनुदान दिने गरिएको छ । यसै गरी प्रदेशस्तरमै पनि प्रादेशिक योजना आयोग र वित्त आयोग मार्फत प्रादेशिक योजना निर्माण र स्थानीय तह तथा प्रदेशका बीचमा साधन श्रोतको संघीयलाई थप व्यवस्थित बनाउन सकिन्छ ।

५. प्रदेश नं.- १ को सन्दर्भः

वित्तीय संघीयताको अभ्यासको सफलता मापनको एक आयाम प्रदेशहरुको खर्च गर्न सक्ने क्षमताले पनि निर्धारण गर्दछ । प्रादेशिक संरचनाको अभ्यास नेपालका लागि नितान्त नौलो अभ्यास हो । तसर्थ पनि प्रदेश जति क्षमतावान हुन्छन्, संघीयताको अभ्यास त्यति नै

सफल हुँदै जान्छ । तल प्रस्तुत तालिकाले प्रदेश नं.-१ २०७५/७६ मा प्रदेशको विनियोजित बजेट र यथार्थ खर्चको अवस्थालाई प्रस्तुत गर्दछ ।

तालिका नं २

आ.व. २०७५/७६ मा खर्चको अवस्था

बजेट विवरण	चालुतर्फ	पूँजीगत
विनियोजित बजेट **(रू.)**	१६ अर्ब ६७ करोड २६ लाख	२१ अर्ब ८१ करोड ९८ लाख
विनियोजित बजेट **(%)**	४३.३१ **%**	५६.६९**%**
यथार्थ खर्च	९ अर्ब ३१ करोड ८१ लाख	११ अर्ब ४३ करोड ८६ लाख
विनियोजित बजेटको प्रतिशत	५८.५६**%**	५२.४२ **%**

प्रस्तुत तालिका अनुसार चालुखर्च तर्फ **५८.५६%** र पूँजीगत तर्फ **५२.४२%** खर्च भएको देखिन्छ । खर्चको यो आकार त्यति उत्साहवर्धक नभएपनि प्रदेशको समग्र खर्च गर्न सामर्थ्यको आधारमा त्यति धेरै निराश हुनुपर्ने अवस्था पनि छैन । यसै गरी आ.व. २०७६/७७ को प्रथम चौमासिकसम्म प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालयहरुले गरेको खर्चको प्रगतिलाई तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ३

आ.व. २०७६/७७ **को प्रथम चौमासिक बजेटको प्रगतिको अवस्था**

क्र.सं.	मन्त्रालय	चालु खर्च **(%)**	पुँजीगत खर्च **(%)**	कैफियत
१	मुख्यमन्त्री कार्यालय	८.४०	१.९०	
२	आन्तरिक मामिला तथा कानून	२६.६५	७३.८५	४३**%** अख्तियारी दिएको समेत
३	सामाजिक विकास	४.७९	०.६०	
४	भौतिक पूर्वाधार	नछुट्टिएको	नछुट्टिएको	३१.२५**%**
५	भूमि व्यवस्था तथा कृषि	२७.८	४४.८	
६	आर्थिक मामिला तथा योजना	१०.४६	४.७६	
७	पर्यटन, उध्योग, वन तथा वातावरण	५७.९७	५.१२	

श्रोतः- विभिन्न मन्त्रालयहरूको प्रगति विवरणमा आधारित

प्रस्तुत तालिकाले यो आर्थिक वर्षमा खर्चको त्यति उत्साहवर्धक अवस्थालाई संकेत गर्दैन । तथापि दोश्रो र तेश्रो चौमासिकमा यो प्रतिशतमा उल्लेखनीय सुधार हुनसक्ने अपेक्षा गर्न सकिन्छ ।

यसका लागि प्रदेशले निर्माण गरेका कानूनहरुले पनि प्रदेशको औचित्यलाई साबित गर्दछन् । तल दिइएको तालिकाले समग्र कानून निर्माणको अवस्थालाई प्रस्तुत गर्दछ ।

तालिका नं ४

कानून तर्जुमाको अवस्था

क.सं.	विवरण	जम्मा संख्या	कैफियत
१	मन्त्रिपरिषदबाट अवधारणा स्वीकृत	५७	
२	प्रदेश सभामा विधेयक दर्ता	३९	१८ वटा विधेयक प्रदेश सभामा दर्ता हुन बाँकी
३	प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणित भएको	३९	
४	स्वीकृत भएका नियमावलीहरु	१३	
५	स्वीकृत भएका निर्देशिका	१०	
६	स्वीकृत भएका कार्यविधि	६७	
७	स्वीकृत भएका मापदण्ड	१	
८	स्वीकृत भएका गठन आदेश	१	

प्रस्तुत तालिकाले मन्त्रिपरिषदबाट अवधारणा स्वीकृत भइ सकेर पनि कतिपय विधेयकहरु प्रदेश सभामा दर्ता हुनै बाँकी भएको अवस्थालाई देखाउँछ । तथापि कानून तर्जुमाको यो अवस्थाले प्रदेशलाई संघीयताको मर्म अनुसार बढ्न प्रशस्त आधारहरु सिर्जना भएको मान्न सकिन्छ ।

६. निष्कर्ष

संघीयता संरचनाको सफलताको मानक वित्तीय संघीयताको सफल प्रयोग हो । यसले मात्र सरकारका तीनै तहलाई सक्षम र सबल बनाउँछ । प्रदेश र स्थानीयहरुले कतिपय सवालहरुमा आफ्ना क्षमताहरु देखाइसकेका पनि छन् । तथापि यो अझै पूर्ण भइसकेको छैन । यदि तीनै तहका सरकारहरु वित्तीय संघीयताको मूल मर्म अनुसार चल्न सके र संविधानमा व्यवस्था भए बमोजिम कानून निर्माण गर्दै अगाडि बढे भने मुलुकको सम्वृद्धिसँगै आम जनताले समेत परिवर्तनको अनुभूति गर्न सक्नेछन् । पछिल्लो समयमा विश्वव्यापी समस्याको रुपमा देखापरेको कोरोना भाइरसको समस्यालाई प्रदेश र स्थानीय तहहरुले

कुशलतापूर्वक व्यवस्थापन गरेसँगै संघीय संरचनाको औचित्यलाई समेत स्थापित गरेको देखिन्छ ।

७. सन्दर्भ सामग्री:

Bird, Richard M. 2002. "Intergovernmental Fiscal Relations: Universal Principles, Local Applications" in M. Govind Rao (ed.) *Development, Poverty, and Fiscal Policy: Decentralization of Institutions*, New Delhi: Oxford University Press

Boadway, Robin and Shah Anwar. 2009. *Fiscal Federalism: Principles and Practice of Multiorder Governance*: Cambridge, Cambridge University Press

Dafflon, Bernard. 2006. 'The Assignment of Functions to Decentralized Government: from Theory to Practice' in Ehtisham Ahmad and Giorgio Brosio (eds.) *Handbook of Fiscal Federalism*, Edward Elgar Publishing Limited

Devkota, Khimlal. 2016. Popular Articles published in various online portals and newspapers (in Nepali)

Jain, Anil Kumar ( ).Research Articles Published in National/International Journals on Fiscal Federalism, Banaras Hindu University, Varanasi (India).

Musgrave, Richard A. 1959. *The Theory of Public Finance*: New York, McGraw-Hill

Musgrave, Richard A. 1985. "A Brief History of Fiscal Doctrine" in R. A. Musgrave (ed.) *Handbook of Public Economics*, New York: Elsevier

Oates, Wallace. 1972. *Fiscal Federalism*, New York: Harcourt Brace Jovanovich

Prasad, Uma Shankar. 2015. "Nepal's Fiscal Federalism Model in the New Constitution : Agendas for Amendments", *NRB Economic Review*, vol 27 (2), pp. 91-108,Kathmandu, Nepal

Rao, Govinda. 1997. "Indian Fiscal Federalism: Major Issues" in S. Mundle (ed.) *Public Finance:Policy issues for India*, New Delhi: Oxford University Press

Watts, Ronald L. 1999. *Comparing Fiscal Systems*, 2nd ed., Montreal and Kingston: McGillQueen's University Press

Creating Hope among People amid COVID-19 Crisis

1. BACKGROUND

Government of Nepal has its 15th Five Year Plan at its hand that provides overall guide about how the national goal of "Prosperous Nepal, Happy Nepali' can be actualized in its foreseeable time period.

In line with the guiding document, the Government of State no. 1 has already drafted its First Five Year periodic Plan (2076-2081) and got approved from the last session of the State Assembly. The Government has formulated more than 39 legislations for Acts, Regulations and Policies. Recently, on April 15, 2020 (२०७६ बैशाख ३), the State Government has released its Provincial level Plans, Budget and Program Formulation Guidelines- 2076 (प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्र तर्जुमा दिग्दर्शन, २०७६), which is perhaps the first document of its kind published by any provincial government. It has also documented its half-yearly review of its annual program of the current FY 2076 – 77 (2019-20).

The Government machinery was picking up its pace in many fronts of socio-economic transformation initiatives until mid March (end of 2076 Fagun) when the Corona Virus Disease 2019 (COVID19) started to rattle Indian subcontinent as well. The Corona virus which was seen first in Wuhan City of Hubei State of China made its alarming invasion over Europe and United States including many Asian countries. It has taken the world by a storm of crisis. People started to lose their jobs abroad and are forced to return home.

With the people returning home, gradually countries in the Indian subcontinent also began to witness cases of COVID19 spreading inside the territory. Obviously, Nepal could not avoid it and is also affected by Corona virus crisis.

2. THE COVID-19 CRISIS AND ITS IMPACT

As feared upon, Nepal received its first registered case of Corona infection when a Nepali lady returning home from France tested positive PCR. That was on Chaitra 9. Swiftly, Government of Nepal took decision to respond to COVID-19 crisis and declared complete lockdown from Chaitra 11 (March 24, 2020). The Corona virus has been defined and explained by many micro-biology scientists and medical experts differently. Whatever the Virus may be, the impact has been very deadly. Now, while this paper is in process, 42 days have gone and the country is still under complete lockdown, albeit some voices are being heard demanding limited relaxation in the strictness of the lockdown.

---

* ✍ Economic Adviser to Hon'ble Chief Minister, State No. 1, Biratnagar

The crisis has been multidimensional. It has brought down whole the economy into a complete pause mode. Under the lockdown, no transportation, no group work or group movement is allowed. It means practically there exists no manufacturing, no production, no goods transportation, no buying, no selling, no travel, no office, no schools, no shops and no factory. The only profession that was open was the medical shops and the hospitals. In order to avoid the Corona Virus transfer and infection, the major medical directive circulated is that one needs to stay at home and maintaining physical and social distance.

The overall impact is that the GDP growth this FY will decline to 2.27 percent in place of the originally targeted 8.5%, for which Government was gearing up its scale and speed. More than 300,000 Nepalese workers who were in different parts of the world earning and sending home remittances are forced to quit the jobs and return home. The cement industries and others are now stuck as their stock of raw materials has depleted. In a nutshell, the nation's economy has a bleak picture for a recent future.

The State no. 1 is no exception. It has observed the lockdown in the same way as other provinces have. It will also suffer from similar scale of difficult time. Province no. 1 however is prepared to combat COVID-19 crisis with certain strategies, plans and programs and will do everything possible to generate renewed hope among the people.

3. STRATEGIC INITIATIVE

The Strength

If Corona Virus pandemic has brought crisis to the country and so to the State, it has also indicated a bunch of new horizons of opportunities in a way never seen and realized before.

The State's order of 'lockdown' under the Corona crisis sounded very strong. People realized the gravity and observed it almost perfectly. The result is evident. Despite the number of confirmed infections reached 75, (2077 Baishakh 21), Nepal has registered no death record. This no doubt is a moral strength gained out of the pull of threats.

One of the unique finding so far is that almost all cases of confirmed infections are related to either foreigners or to the Nepalese returning from the foreign countries where they were doing some kind of jobs. Few cases are of the persons who were infected after transmission from the foreign returnee family members. This tends to establish that Corona is the Virus not originated from Nepal but imported or carried over from foreign lands.

The next strength is the advanced knowledge and skills gained in information communication technology (ICT) in the State just like in other parts of the world. As the period of lockdown continued and the crisis deepened, engineers and experts came forward with solutions to reach out to the unreached. Not just connectivity, it also facilitated in conducting seminars now called webinars on the virtual platforms such as skype, zoom, etc.

The best part of the strength perhaps is the fact that the province is self reliant on agriculture. There is no deficit in food grains produced; the State rather can supply the surplus to its neighboring States as well.

These scenarios give us a kind of motivation or the strength based on which way forward strategies can be planned and designed.

The Initiative

The Office of Chief Minister and Council of Ministers, as a first step of strategic initiatives, quickly took a decision to establish a Fund called 'Pradesh No. 1 Corona Jana Surakshya Kosh' (प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष) with a seed money of NRs. 10 crore later enhanced to NRs. 25 crore. It was established on the very first day, on Chaitra 11, of the lockdown. Business houses, construction companies, industries, government employees, local level governments, financial institutions and people in general have donated in the Fund on their part making it to reach to around NRs 29 crore, a great show of trust to the State Government.

The head-on strategy was taken to combat the Crisis from health front that included quick arrangement of quarantine camps, isolation beds, PPE suits, test kits, swab collection booths, PCR testing labs, COVID Treatment Centers and other necessary equipment and instruments.

Apart from health, the State Government took planned initiative to help normalize the day-to-day life of people in general. This is the major area in which peoples' hope has been found dwindling because of the increasing scarcity of basic needs such as food and earnings to support the daily need. Few untoward events in other province such as taking poison to end life because of finding no way out to maintain life have surfaced.

This is a matter of crucial importance because it is associated with economy and social living. This is crucial because if the situation is let loose, it will create a chain reaction of dismay, disappointment and frustration whereas if put under control, it may again lead to a chain reaction of work, trust and hope. State no. 1 Government has initiated steps to generate hope among the people, which is possible through creating opportunities.

The Strategy in Health Sector

It is well known that health sector is the worse hit sector by COVID-19 pandemic in the world, so is in the State. As of 2077 Baishakh 24, the number of Corona infected persons has reached a high of 99 of which 71 are male and 28 are female. Of the total, the recovered number stands at 16.

Considering the rapid spread in the world and, particularly the rising trend of infection in India, the southern neighbor, Nepal feels the pulse of risk and acute danger in case it finds its wings to fly uncontrolled. So far, only four of the fourteen districts, namely Udaypur, Bhojpur, Jhapa and Morang are found to be infected.

The State could not wait for something worse to begin its planning. It started its strategic planning from the day one or even before the lockdown order was issued

on Chaitra 10. The border points were blocked. Temporary quarantine huts were swiftly built, isolation wards were prepared and an old building of National Trading Limited (NTL), Biratnagar was quickly renovated and remoulded into COVID Treatment Center. The BPK Institute of Health and Sciences at Dharan was transformed into a modern hospital with a separate facility of PCR testing laboratory.



Total infection has suddenly risen on Baishakh 21, 23 and 24, and has almost touched the mark of 100. But the recovery has also risen to 22. There is no death registered so far. And the patients under treatment are reportedly doing fine, showing amazingly high moral power.



PPE suits were arranged, Swab Collection booths were made. Kits for Rapid Diagnostic Tests and PCR Tests were procured and increased tremendously. PCR tests during the past one month time period increased by 3.5 times whereas the RDT tests coverage took a great leap by 16 times. This shows a great hard work and arrangement done.

Broadly, it was a learning-by-doing experience to prepare strategy, combat and readjust the strategy, all simultaneously. The decision to convert the NTL building into the COVID-19 Treatment Centre was very much justified when the first upsurge of twenty eight positive cases were identified in Udaypur (Bhulke) and all the patients were without any chaos managed smoothly into the hospital for treatment. Six of them have recovered by Baishakh 24.

The way the health related pandemic has been tactfully tackled in the State has given a message of hope about the capacity and capability of the leadership.

The Strategy in Agriculture

The first hump faced by the people is the disconnected supply of food grains, vegetables and other matters of daily need. The crisis has appeared in all the three fronts- at the places where the crops are grown (the farmer's end) because the products are wilting, at the places where the market exists (the consumer's end) due to depleting the reserve in the stock and in the chain of supply (the connectivity line) following the lockdown.

The proposed strategy consists of four pronges. The first strategy is to fix the overall goal aiming at self-sufficiency if not for export. In the crisis time maintaining the balance plus a surplus of 33 percent would be a justifiable proposal. The second one is to consolidate the farmer's end so that the production keeps moving. The third one is to appropriately activate the connectivity line so that the supply chain is maintained. In order to do so, it is suggested that the district cooperatives can be mobilized best to their capacity.

The fourth one, the most important one is to give a special focus with a special program on the tens of thousands of Nepalese who have returned home from various countries. If we count them just on numbers, they are additional loads of problems we must handle and manage because they are our family members. But considering the numbers on this background alone will be an incomplete account. With them, they bring home a gamut skills, learning and experience, meaning a lively package of skilled human resource, which is a huge asset to the State. This gives rise to an opportunity the State needs to tap with the help of themselves and some substantial support from the State government.

A plan is in process to design a focused program named 'मुख्यमन्त्री नवप्रवर्तन कृषि कार्यक्रम' (The Chief Minister Innovation Agriculture Program) by Ministry of Land Management, Agriculture and Cooperative in this regard. This program will come up with agricultural program with the foreign returnee Nepalese on focus backed up with some aggressive policy provisions never seen before. This program will aim at mobilizing the foreign returnee Nepali farmers in groups based on the agri-uniqueness of the districts, the choice of the farmers and the market availability. This program with certain specific policy interventions will help them boost the production enmasse, link with the market with the help of agri-cooperatives such as Morang District Cooperatives, etc. and may even give rise to generation of market

such as by establishing refrigerated warehouses, fixing the minimum purchase price and encouraging agro-based industries such as Rijal Tashi Industries, JVS Industries, etc.

Strategy in agriculture will be the backbone of all the activities through different sectors to keep the society of the State going normal and self reliant at the first place and then aim higher to export the products.

The Strategy in Infrastructure

Construction industry has come to a complete stop following lockdown order. Besides, the industries associated with construction such as cement, reinforcing rods, bricks, etc have also suffered slowdown. Thus infrastructure development process has come to stand and still. After a lockdown of one month and half beginning 2076 Chaitra 11, the industries have demanded a classified lockdown in place of lockdown. Government has considered this voice very positively.

As the evidences have shown that Nepal is not the origin of Corona Virus and it has spread over here through some kind of carriers from abroad, the proposal of classified lockdown makes sense.

For roads construction, now-a-days, machines are used mostly. Workers required in such works can maintain certain physical distance, use masks and gloves and can work. For hydropower projects, for bridges and so forth, construction works are normally carried out in isolated and consolidated locations. It will not be difficult to follow certain norms and standards and then carry out works. Similarly, closed room industries can also be started for a certain level of production maintaining the norms of lockdown.

These problems can be resolved through coordination between the industries, the construction companies and the concerned municipalities and Pradesh Government. Construction activities are to be put in place and continued to a level, if not in full swing so that the hope keeps alive.

The Strategy of 'less paper' drive in communication, education and other fronts

If any sector that has gained a boost up out of the difficult times of the lockdown order following COVID-19 crisis, it is the information communication technology (ICT) sector. The advancement earned so far by ICT in the form of Skype, Zoom, etc has taken by storm, gradually in the beginning and now perhaps in the same Corona virus speed, over the masses of the people. This has given an opportunity to every computer literate person from students to teachers, from policy makers to implementers, from professionals to academicians, from scientists to researchers, from politicians to bureaucrats and from farmers to businessmen to smoothly pass time and pass time with productivity.

Now education has taken and should capture the best out of this opportunity of the ICT advancement. Teaching, which is a mass-based activity is being carried out beautifully through online education through the e-platform of Skype. This

technology and its appropriate application has immensely contributed to give rise to rays of hope.

4. ECONOMIC REPERCUSSION and WAY FORWARD

The Corona pandemic has hit the national economy very hard. The GDP growth is estimated to contract to 2.27 percent as against the originally projected 8.5 percent for the current fiscal year. For this to happen, the primary sector, the secondary and the third or the service sector are estimated to decline to 2.54, 3.36 and 1.99 percent respectively.

The development partners such as World Bank, The Asian Development Bank, etc however have shown positive gesture to the difficult time Nepal is facing. ADB has recently announced to provide a soft loan of US$250 million to help arrange health appliances.

The way forward will basically be based on the agriculture sector which stands very robust as far as Province no. 1 is concerned. This robust agricultural structure will be enhanced remarkably by implementing a proactive program that will unify the foreign returnee Nepalese into farming communities. The special program will motivate and encourage them to transform the existing subsistence level farming into a business oriented farming. They will become entrepreneurs and will generate jobs for others.

Though the resources are limited, which is obvious, the dedicated effort has shown its effect. The Corona does not seem to have spread rampant in Nepal. The widening scale of RDT and PCR tests have more or less identified that the sources of origin of Corona Virus are in some localized areas such as Udaypur, Nepalgung and Birgunj. Further, the source appears to lead mostly to Masjids, where the Muslims performed mass prayers. It leads further deeper down to certain mass program which was found organized few months back in Nepal where there was a huge assemblage of devotees from Nepal, India and different parts of the world. It is thus fairly confirmed that the source leads to the foreign land, not Nepal. The first, second and other patients who tested positive were also Nepalese but had the sources of Corona Virus linked to the foreign soils.

Identifying the right source gives a great relief as it helps one ascertain about how the Corona Virus has migrated and propagated into Nepal and, thus, where the lockdown is more necessary to be imposed more strictly and where it can be relaxed. This has been achieved. However, due to long open border with India, the decision by Nepal alone may not prove as effective as expected to curb the Virus crisis. These facts are the ones which provide foundation for us to build on our hope.

The strategic plan and continued and concerted efforts are the engine which keep our programs moving and lead us across the difficult time. Our efforts led by our credible leadership will help unfold opportunities to the people with better hope for tomorrow.

वित्तीय संघीयता र स्व-अनुशासन

संघीय प्रणालीः-

संघीय शासन प्रणाली बहु सरकारहरुको बजेटको एउटा साझा प्रतिज्ञापत्र हो जसले राष्ट्रिय उद्देश्यको प्राप्ति, स्व-शासन र साझा शासनको आदर्श परिकल्पना मार्फत जनताको निकटतम विन्दूमा रहेर जनकल्याणको क्षेत्रमा दत्तचित्त रहने अभिलाषा राखेको हुन्छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरे अनुरुप संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमशः अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरिएको छ। अधिकारमा भएको यो बाँडफाँडले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा हातेमालो गर्दे अघि बढ्न अभिप्रेरित गरेको छ । यिनै आधारशीलामा रहेर तीनै तहको वित्त प्रणाली संचालन हुने गर्दछ । संघीयता उच्चतम प्रजातान्त्रिक आचरणले युक्त शासन प्रणाली हो । राज्यसत्ताको अधिकारको प्रयोग राज्यका बहु सरकारहरु बजेट विनियोजन गरी शासकीय क्रियाकलापमा बढी भन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयताको मूल मर्म हो ।यसैले पनि संघीय शासन प्रणाली वढी प्रजातान्त्रिक र सहभागितामूलक हुन्छ ।यसै पृष्ठभूमिमा संघीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारण को सहभागिता र अवसरको सुनिश्चितता गर्ने संयन्त्र मात्र होइन समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक विविधतालाई पनि सम्बोधन गरी शासन प्रणाली प्रति जन अपनत्व जुटाउने उद्देश्य राखेको हुन्छ ।

वित्तीय संघीयता

संघीयताको सफल कार्यान्वयन गर्न वित्तीय संघीयता आवश्यकीय शर्त हो । संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा जनताको आधारभूत तहसम्म पुर्याउनु हो । संघीयताको सफल कार्यान्वयन गर्न सवै तहका सरकारहरुबीच स्वस्थ,

---

* ✍ प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगर

पारदर्शी तथा सन्तुलित वित्तीय व्यवस्था आवश्यक छ । अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत संघीय इकाइहरूबजेट वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वितीय सुशासन लगायतका आर्थिक विषयहरू पर्दछन् । अन्तरसरकारी वित्त व्यवस्थापनलाई अन्तरसरकारी वित्त हस्तान्तरण पनि भनिन्छ । यस्तो हस्तान्तरण संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा र स्थानीय सरकारबाट स्थानीय सरकारमा हुन सक्छ । संविधानको परिधिभित्र रही राजस्वसम्बन्धी कानूनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास तथा राजस्वको उचित व्यवस्थापन लगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त भएको कार्यहरू सम्पन्न गरी जनताको माझ सुशासनको अनुभूति दिलाउनको लागि आफूलाई वित्त हस्तान्तरणको माध्यमबाट प्राप्त हुने स्रोतसाधन, आफ्नै राजस्व परिचालनबाट प्राप्त हुने रकममात्र नभएर आन्तरिक तथा वैदेशिक ऋण लिन सक्ने वा परिचालन गर्न सक्ने विषयहरू मुख्य रूपमा अन्तर सरकारी वित्त व्यवस्थापनको क्षेत्रअन्तर्गत पर्ने विषयहरू हुन् । तीनै तहका सरकारको व्यवस्थाले तत् तत् सरकारले आफ्नो योजना बजेट तर्जुमागर्ने, पारित गर्ने र कार्यान्वयन गर्ने दायित्व पनि तत् तत् तहको कार्यक्षेत्र भित्र पर्न गएको छ ।

वित्तीय समताको लागि वित्तीय संघीयता

वित्तीय संघीयताले माथिल्लो तहको सरकारसँग रहेको वित्तीय स्रोतलाई वित्त हस्तान्तरण, विभिन्न अनुदानहरुको उपलब्धता, राजस्वको बाँडफाँड र आन्तरिक राजस्व संकलनको अधिकारको सुनिश्चितता गरेको हुन्छ । स्रोतको हस्तान्तरणले मूलतः वित्तीय समानताको अवधारणा लिएको हुन्छ ।यस अवधारणा अनुसार सबै तहहरुमा वित्त हस्तान्तरणमा न्यूनतम सीमा निर्धारण गरिएको हुन्छ ।संघीयताले समानता भन्दा पनि समतामा जोड दिने हुदा वित्तीय संघीयताले वित्तीय समतालाई प्रबर्धन गर्न स्थान विशेषको आवश्यकताको आधारमा न्यूनतम सीमा भन्दा वढी थप स्रोतको उपलब्ध हुनु पर्ने कुरामा जोड दिने गर्दछ । वित्तीय समानता वा समताको अवधारणाले स्रोतको प्रवाहको पारदर्शी सुनिश्चितताको साथसाथै स्रोतको विवेकपूर्ण उपयोग र उत्पादकत्व अभिवृद्धिको माग गर्दछ । यसको साथसाथै आउने अर्को आयाम सार्वजनिक वित्तको कुशल प्रयोगका लागि समष्टिगत स्थायित्व कायम गर्न वित्तका नयां संभावनाहरुको खोजी, सहवित्तीयकरणको प्रभावकारिता, वित्तीय उत्पादकत्व र सुशासन अपरिहार्य विषयहरु हुन् । वित्त हस्तान्तरणले निम्न सिद्धान्त अनुरुप वित्त हस्तान्तरण हुनु पर्ने मान्यता राख्दछः

- समतामूलक वितरणको सिद्धान्त (Principle of Equitable Distribution)
- आवश्यकताको सिद्धान्त (Principle of Necessity)
- समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)
- निष्पक्षताको सिद्धान्त (Principle of Neutrality)
- स्वच्छताको सिद्धान्त (Principle of Fairness)
- सामर्थ्यताको सिद्धान्त (Principle of Capability)
- पूर्वानुमानको सिद्धान्त (Principle of Predictability)

वित्तीय समतालाई प्रवर्धनको लागि सरकारी वित्तहरुको हस्तान्तरण

वित्तीय समानीकरण अनुदान

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ । यसै गरी प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र उठेको राजश्वलाई प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ ।

सशर्त अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ । यसै अनुरुप प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ ।

समपूरक अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई पुर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न देहायका आधारमा समपूरक अनुदान दिने गर्दछ ।

- योजनाको सम्भाव्यता
- योजनाको लागत
- योजनावाट प्राप्त हुने प्रतिफल वा लाभ
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति
- योजनाको आवश्यकता र प्राथमिकता
- प्रदेशले आफ्नो कानुन वमोजिम स्थानीय तहलाई समपूरक अनुदान दिन सक्दछ ।

विशेष अनुदान

नेपाल सरकारले देहायको उद्देश्य प्राप्तिको लागि प्रदेश वा स्थानीय तहबाट संचालन हुने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ ।

- o शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत सेवाको विकास र आपुर्ति गर्ने
- o अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने
- o आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने
- o प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन वमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ ।

राजस्व संकलनको एकल र साझा क्षेत्राधिकार

नेपालको संविधानको धारा ६० ले राजस्व संकलन र परिचालनको अधिकार संघ प्रदेश र स्थानीय तहको हुने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ तथा साझा सूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा भने कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ । नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने र संघ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्ने व्यवस्था संविधानको अर्को राम्रो पक्षको रुपमा रहेको छ । यी प्राबधानहरुले संघीय संरचनाका हरेक तहमा श्रोतको सुनिश्चितता हुन पुगेको छ ।

- o नेपाल सरकारले लगाउन सक्ने करः- भन्सार महशुल, अन्त शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर ।
- o नेपाल सरकारले लगाउन सक्ने गैरकरः- राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जुवा चिट्ठा, क्यासिनो, दण्ड जरिवाना ।
- o प्रदेशले लगाउन सक्ने करः घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर ।
- o प्रदेशले लगाउन सक्ने गैरकरः- सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना ।
- o स्थानीय तहले लगाउन सक्ने करः- सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमीकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर ।

- स्थानीय तहले लगाउन सक्ने गैर करः- सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना ।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानून वमोजिम लागेको आफ्नो अधिकार क्षेत्र भित्रको दण्ड जरिवाना उठाउन सक्ने ।
- प्रदेश तथा स्थानीय तहले कर लगाउदा राष्ट्रिय आर्थिक नीति वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम वजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ ।
- नेपाल सरकारले संघीय कानून वमोजिम प्राकृतिक श्रोतमा रोयल्टी लगाउन र उठाउन सक्नेछ ।
- गैरकर निर्धारणका आधार - नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, संचालन र संभार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्नेछ ।

राजस्व र प्राकृतिक श्रोतवाट प्राप्त रोयल्टीको वाँडफाँडद्वारा वित्त साझेदारिता

आन्तरिक मूल्य अभिवृद्धि कर र अन्तशुल्क संकलन गर्ने जिम्मा संघीय सरकारको अधिकार क्षेत्र परेको भएता पनि यी करहरु र प्राकृतिक श्रोतको रोयल्ट तीनै तहका सरकारहरुबाट बजेट बाँडफाँड हुने गर्दछ ।

- संघले प्राप्त गर्ने रोयल्टी, मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तशुल्क संघीय विभाज्य कोषमा जम्मा हुने ।
- शुरुमा सम्वन्धित विभाजन कोषमा जम्मा भै पछि तोकिएको प्रतिशत सम्वन्धित संचित कोषमा जम्मा हुने ।
- कुनै पनि तहले एकल अधिकार क्षेत्र भित्रको कर संकलन गर्दा आफ्नो संचित कोषमा जम्मा हुने गर्दछ भने अर्को तहको सरकारसँग बाँडफाँड हुन्छ भने त्यस्ता करहरु संकलन भएपछि सम्बन्धित विभाज्य कोषमा जम्मा भै तत्पश्चात बाँडफाँड गरिनुपर्ने तहको संचित कोषमा जम्मा हुने गर्दछ ।
- संघले संकलन गरेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको ७० प्रतिशत संघीय संचित कोषमा, १५ प्रतिशत प्रदेश संचित कोषहरुमा र बांकी १५ प्रतिशत स्थानीय संचित कोषहरुमा जम्मा हुने गर्दछ ।
- प्राकृतिक श्रोतको रोयल्टी अन्तरगत पर्वतारोहण, विद्युत , वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोत पर्दछन् । यी प्राकृतिक श्रोतहरुबाट प्राप्त रोयल्टी शुरुमा संघीय विभाज्य कोषमा जम्मा हुने र तत्पश्चात नेपाल सरकारलाई ५० प्रतिशत ,

सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत बाँडफाँड हुने ।

- नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक श्रोतको रोयल्टीको बाँडफाँड राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरि हेरफेर गर्न सक्नेछ ।

बजेटः वित्तीय संघीयताको आधारस्तम्भ

संघीयताको सफल कार्यान्वयनको लागि वित्तीय संघीयता आवश्यक शर्त हो । संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा आधारभूत तहसम्म पुर्याउनु नै हो ।त्यसैले वित्तीय संघीयताको विषय नेपालले परिकल्पना गरेको संघीयताको आधारस्तम्भ हो ।स्थानीय तहले कर संकलन गर्ने, संघ र प्रदेशवाट विभिन्न अनुदान पाउने, आफ्नो संचित कोषको संचालन आफैले गर्न पाउने, आफ्नो बजेट आफै बनाउन पाउने व्यवस्था यसको उदाहरण हो ।

वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता

सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकार को विषय हो ।सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता अभिवृद्धिका लागि सुधार एउटा निरन्तर चलिरहने प्रक्रिया पनि हो । प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका श्रोतहरुको भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरुको पूर्वानुमान गरी जोखिमहरुबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण गर्नमा सहयोग पुर्याउदछ। सार्वजनिक वित्तीय व्यवस्थापनमा करारोपण तथा राजस्व व्यवस्थापन, आम्दानीका अन्य श्रोतहरुको व्यवस्थापन, न्यून वित्त परिचालन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व, ऋण तथा वैदेशिक सहायता लगायतका श्रोतहरुको प्राप्ति र प्रयोगमा प्रभावकारिता वृद्धि, प्राप्त श्रोतको मितव्ययी, दक्षतापूर्वक, प्रभावकारी एवम् पारदर्शी रुपमा खर्च गर्ने क्षमता अभिवृद्धि, आन्तरिक र वाह्य निगरानीलाई सशक्त वनाउदै पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि जस्ता विषयहरु पर्दछन् ।

सार्वजनिक वित्तीय व्यवस्थापनको समग्र व्यवस्थापन

सवै प्रकारका वित्तीय गतिविधिहरुको समग्र व्यवस्थापन नै सार्वजनिक वित्तीय व्यवस्थापन हो यसमा सरकारका आर्थिक गतिविधिहरुमा श्रोतको प्राप्ति, श्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि पक्षहरु रहेका हुन्छन् । यी सवै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन श्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्को तर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक वित्त व्यवस्थापनका सवै पक्षहरुको व्यवस्थापन पारदर्शी हुनु आवश्यक छ। यसर्थ सार्वजनिक श्रोतको प्राप्तिदेखि लिएर परिचालनका समग्र पक्षको प्रतिफल प्राप्त गर्ने किसिमबाट व्यवस्थापन गरिनु पर्दछ । व्यवस्थित तथा प्रभावकारी सार्वजनिक वित्त प्रणालीले सरकारको श्रोत प्राप्ति, परिचालन र विवेकपूर्ण उपयोगमा सहयोग पुर्याउँदछ , सरकारका प्रथामिकता प्राप्त तथा रणनीतिक महत्वका क्षेत्रहरुमा साधनको परिचालनमा सहयोग पुर्याउदछ, उपलव्ध श्रोत साधनको विवेकपूर्ण वितरण र प्रयोगमा सहयोग पुर्याउदछ ,समग्र वित्तीय अनुशासन कायम गर्नमा सहयोग पुर्याउदछ र साधन श्रोतको वितरण क्षमता र खर्च गर्ने क्षमतामा प्रभावकारिता ल्याउछ । श्रोतको प्राप्ति, श्रोतको वितरण, उपयोग, परीक्षण , पारदर्शिता उत्तरदायित्व, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । वित्तीय संघीयताले पनि यसै मूल आदर्शलाई बोकेको हुन्छ । प्रभावकारी वित्तीय व्यवस्थापनले साधन श्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितताको साथसाथै उत्तरदायित्व र पारदर्शिता मार्फत संघीय शासन प्रणालीलाई मजवुत वनाउनमा सहयोग गर्दछ ।

स्व-अनुशासनद्वारा वित्तीय अनुशासन

स्व-अनुशासनद्वारा वित्तीय अनुशासन कायम गर्ने मान्यता सार्वजनिक वित्तीय व्यवस्थापनको मूल आदर्श हो।यसका लागि आवश्यक आन्तरिक र वाह्य नियन्त्रण प्रणालीको व्यवस्था गरिनु पर्दछ । यसमा सवै तहका सरकारहरुले नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्ने, आफ्नो सवै आय सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने, खर्च गर्नुपर्ने रकम बजेटमा व्यवस्था हुनुपर्ने सम्बन्धित व्यवस्थापिकावाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने, जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने , पूजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने, वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाही प्रचलित कानुन वमोजिम पारदर्शी रुपमा गर्नु पर्ने ,आय विवरणको लेखा परीक्षण गरी पन्ध्र दिन भित्र विवरण सार्वजनिक गरिनु पर्ने ,बजेट

कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिकमसान्त भित्र सार्वजनिक गरिनु पर्ने ,उपलब्ध साधन श्रोतको वितरण र खर्च गर्ने सामर्थ्यमा सन्तुलन कायम गर्नु पर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृद्धि गर्ने प्रणालीको विकास गरिनु पर्ने, संचित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता वृद्धि गनु पर्ने, मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने विषयहरु पर्दछन् । त्यस्तै गरी आम्दानी र खर्चको व्यवस्थित अभिलेख प्रणाली तयार गर्ने र प्रयोग गर्ने, बजेट स्वीकृति पश्चात मात्र खर्च गर्ने प्रणालीको विकास गर्ने, खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासन सम्बन्धी कानून, सार्वजनिक खरिद सम्बन्धी कानून वमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने, खर्चको व्यवसायिक योजना, खरिद योजना वनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरु वनाउने, प्रत्येक चार चार महिनामा आन्तरिक लेखा परीक्षण गर्ने र आन्तरिक लेखा परीक्षणले देखाएका त्रुटिहरुमा सुधार गर्ने, वार्षिक रुपमा प्रत्येक तहले आ आफ्नो आर्थिक विवरणहरुको प्रतिवेदन तयार गर्ने र पेश गर्ने, अन्तिम लेखा परीक्षण गर्ने, बेरुजु फछ्र्यौट गर्ने जस्ता विषयहरु वित्तीय अनुशासन कायम गर्ने संयन्त्रहरु हुन्।वित्तीय व्यवस्थापनको यो अनुशासनले वित्तीय साधन श्रोतको परिचालन, उपभोग र परिणाम प्राप्तिमा सहयोग गर्नुको साथसाथै सरकारको प्रभावकारिता र विश्वसनीयतामा वृद्धि गराउँदछ ।

सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वको अवधारणाको विकास

सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वको अवधारणाको विकास वित्तीय व्यवस्थापनका समग्र पक्षको प्रभावकारी रुपमा मापन गर्नको लागि एउटा सर्वस्वीकार्य मापन संयन्त्रको विकास गरिनु पर्दछ भन्ने सन्दर्भमा सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वको (Public Expenditure and Financial Accountability- PEFA) अवधारणाको विकास सन् २००१ मा भएको हो र यूरोपेली आयोग, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, फ्रान्स, नर्वे, स्वीजरल्यान्ड र संयुक्त अधिराज्यले ती देशहरुमा सार्वजनिक वित्त व्यवस्थापनको साझा मापन सूचक बनाउनु पर्ने आवश्यकता बोध भए अनुरुप पेफा अवधारणा अगाडि वढेको हो । पछि सन् २००५ को पेरिस घोषणपत्र, २००८ को आक्रा एजेण्डा र २०११ को प्रभावकारी विकास सहायताको लागि वुसान साझेदारिताले समेत पेफा अवधारणालाई सवल बनाउने काम गर्यो।यो सार्वजनिक वित्त व्यवस्थापनको निश्चित समयावधीमा वित्त व्यवस्थापनका विभिन्न आयामहरुको कार्यसम्पादनस्तर मापन गर्ने सर्वस्वीकार्य औजार हो ।

संघीय संरचनामा पेफा अवधारणाको महत्व

नेपालको प्रजातान्त्रिक आन्दोलनको सात दशक भन्दा लामो ऐतिहासिक योगदान पश्चात देशले उच्चतम प्रजातान्त्रिक प्रणालीयुक्त संघीय शासन प्रणाली अवलम्वन गर्न पुगेको छ।नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात नेपाल एकात्मक राज्यप्रणालीको परम्परागत स्वरुपबाट परिमार्जित हुदै संघीय लोकतान्त्रिक राज्यमा रुपान्तरण हुन पुगेको छ।

संविधानले संघीय, प्रादेशिक र स्थानीय तह गरी तीन तहको सरकारको परिकल्पना गरेको छ। र समग्र राष्ट्र एउटा संघीय सरकारको रुपमा रहेको छ भने ७ वटा प्रादेशिक सरकार र ७५३ वटा स्थानीय सरकारहरु अस्तित्वमा रहेका छन्। संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तिन तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन वमोजिम गर्न सक्ने व्यवस्था गरेको छ।

संघीय संरचनाको आदर्श पक्षको रुपमा तीन (स) मा आधारित संघ, प्रदेश र स्थानीय तह विचको सम्वन्ध सेतु संविधानको धारा २३२ ले व्यवस्था गरेको छ। सहकारिता, सह अस्तित्व र समन्वय को यी तीन (स) मा आधारित सिद्धान्तले संविधानको प्रस्तावनाले परिलक्षित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको प्राप्तिको दिगोपनाको सवल आधार स्तम्भको रुपमा रहेका छन। यसले शासन संचालन प्रक्रियालाई सुसंस्कृत, सहिष्णु र परिणाममुखी वनाउनमा सहयोग गर्ने अपेक्षा गरिएकोछ ।

संघीयताको सफल कार्यान्वयन गर्न वित्तीय संघीयता आवश्यकीय शर्त हो । संघीयताको सफल कार्यान्वयन गर्न सवै तहका सरकारहरुबीच स्वस्थ, पारदर्शी तथा सन्तुलित वित्तीय व्यवस्था आवश्यक छ।अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत संघीय इकाइहरूको बजेट वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वितीय सुशासन लगायतका आर्थिक विषयहरू पर्दछन् । अन्तरसरकारी वित्त व्यवस्थापनलाई अन्तरसरकारी वित्त हस्तान्तरण पनि भनिन्छ । यस्तो हस्तान्तरण संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा र स्थानीय सरकारबाट स्थानीय सरकारमा हुन सक्छ ।

संविधानको परिधीभित्र रही राजस्वसम्बन्धी कानूनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास तथा राजस्वको उचित

व्यवस्थापन लगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त भएको कार्यहरू सम्पन्न गरी जनताको माझ सुशासनको अनुभूति दिलाउनको लागि आफूलाई वित्त हस्तान्तरणको माध्यमबाट प्राप्त हुने स्रोतसाधन, आफ्नै राजस्व परिचालनबाट प्राप्त हुने रकममात्र नभएर आन्तरिक तथा वैदेशिक ऋण लिन सक्ने वा परिचालन गर्न सक्ने विषयहरू मुख्य रूपमा अन्तर सरकारी वित्त व्यवस्थापनको क्षेत्र अन्तर्गत पर्ने विषयहरू हुन् । नेपालमा सार्वजनिक वित्त तथा सार्वजनिक उत्तरदायित्वको अवधारणाको प्रयोग यस परिप्रेक्ष्यमा समेत हुनु आवश्यक छ ।

पेफा अवधारणाका दुई वटा सूचकहरु स्थानीय सरकारलाई बाँडफाँड हस्तान्तरण (बाँडफाँड हस्तान्तरण सम्बन्धी विद्यमान प्रणाली र बाँडफाँडको सराई वारेमा समयमा सूचना प्रवाह) तथा सेवा प्रवाह गर्ने इकाईको लागि बजेट र स्रोत साधन सम्बन्धी सूचना (सेवा प्रवाहको लागि कार्यसम्पादन योजना, सेवा प्रवाह गर्ने ईकाइको कार्यसम्पादन उपलब्धी, सेवा प्रवाह गर्ने इकाईद्वारा स्रोतसाधन प्राप्ति, सेवा प्रवाहको कार्यसम्पादन मूल्यांकन) प्रत्यक्ष रुपले प्रादेशिक र स्थानीय तहसंग सम्बन्धित छन् ।अरु सूचकहरु पनि ती तहहरुसँग सान्दर्भिक छन् । वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता प्रजातान्त्रिक शासन प्रणालीका आधारभूत अपरिहार्य अवयवहरु हुन् । वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता राज्यका सवै तहका लागि आवश्यकीय विषय हो ।संघीय संरचनामा यी अवयवहरुको अझ वढी महत्व हुनु स्वभाविकै हो किनकी वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिताको प्रत्याभूतिले संघीय सुशासनलाई दिगो बनाउछ ।वर्तमान संविधानले संघ, प्रदेश र स्थानीय तहले योजना तर्जुमा गर्ने राजस्व श्रोतको प्राप्तिको अनुमान, खर्चको अनुमान गर्न सक्ने र सोको आधारमा बजेट तर्जुमा गर्न सक्ने, खर्चको आधार तय गर्न सक्ने अधिकार दिएको छ।साथै प्रत्येक तहको आ-आफ्नो सञ्चित कोष हुने र आ-आफ्नो सञ्चित कोषको व्यवस्थापन गर्न तत् तत् तहको आ-आफ्नो अधिकार रहने निश्चित छ।यस सन्दर्भमा राजस्वका श्रोतको प्रभावकारिता बृद्धि, श्रोतको वितरण र खर्च गर्न सक्ने क्षमताको प्रभावकारिता, गरिएको खर्चको अपेक्षित उपलब्धी, राजस्व प्राप्ति देखि खर्चसम्मको व्यवस्थित अभिलेख प्रणाली, लेखापरीक्षण, सार्वजनिक पारदर्शिता र उत्तरदायित्वको थप सुनिश्चितताका लागि वित्तीय व्यवस्थापन र वित्तीय सुशासनका समग्र पक्षहरुको तीनै तहमा पेफा अवधारणा अनुरुप अभ्यास र प्रयोग हुनु आवश्यक छ।

सन्दर्भ सामग्री

रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली, सुशासन र विकास, ऐश्वर्य प्रकाशन नयां बानेश्वर काठमाण्डौ

रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरु, ऐश्वर्य प्रकाशन नयां बानेश्वर काठमाण्डौ

रेग्मी, दामोदर(२०७५), वित्तीय संघीयतामा स्वअनुशासनसहितको वित्तीय व्यवस्थापन http://www.prasashan.com/2018/11/14/89550/

रेग्मी, दामोदर (२०७५),संघीय संरचनामा राजस्व व्यवस्थापनमा नवीनतम प्रयोग, http://www.prasashan.com/2018/07/04/73574/

रेग्मी, दामोदर (२०७५), वित्तीय संघीयताका सफलताका औजारहरू, http://www.prasashan.com/2018/06/13/71180/

नेपालको संविधान २०७२, कानून किताव व्यवस्था समिति

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, कानून किताव व्यवस्था समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानून किताव व्यवस्था समिति

विभिन्न प्रदेशका वार्षिक बजेटहरु The Dilemma of Fiscal Federalism: Grants and Fiscal Performance around the World Jonathan Rodden Assistant Professor Department of Political Science MIT E53-433 77 Massachusetts Avenue Cambridge, MA 02139

Fiscal Discipline In The Federal System: National Reform And The Experience Of The States Advisory Commission on Intergovernmental Relations 1111-20th Street, NW Washington, DC 20575

नेपालमा वित्तीय संघीयता र यसको अभ्यास

१. विषय प्रवेश :

२०७२ सालमा संविधान सभाबाट नेपालको संविधान जारी भए पश्चात मुलुक संघीय शासन प्रणालीमा रुपान्तरण भएको छ। संघीयता सरकारका कामहरुलाई संविधानद्वारा विभिन्न तहमा विभाजन गरी राज्य संचालन गर्ने पद्दति हो ।अर्को शव्दमा राज्यको शक्ति र जिम्मेवारी सरकारका विभिन्न तहमा विभाजन गर्ने प्रणाली हो ।संघीय शासन व्यवस्था कार्यान्वयनको प्रमुख औजार वितीय संघीयता हो । वित्तीय संघीयता सरकारका विभिन्न तह बजेट काम र वित्तीय सम्वन्धको विभाजन गर्ने पद्दति हो (Fiscal federalism deals with the division of governmental functions and financial relations among levels of government) अर्थात कुन काम सरकारको कुन तहबाट गर्दा र कुन राजस्व कहाँवाट संकलन गर्दा प्रभावकारी हुन्छ भन्ने कुराको प्रवन्ध नै वित्तीय संघीयता हो ।

सरकारका कामहरु भन्ने वित्तिकै शान्ति सुव्यवस्था कायम गर्ने, सीमाको रक्षा गर्ने, परराष्ट्र सम्वन्ध कायम गर्ने, मुद्रा तथा वैंकिङ्ग आदि परम्परागत कार्यदेखि लिएर स्वास्थ तथा शिक्षा, खानेपानी सम्बन्धी सुबिधाहरु उपलव्ध गराउने, विकासका पूर्वाधारहरु निर्माण तथा संचालन गर्ने, जनतालाई विभिन्न सेवा तथा सुबिधा उपलव्ध गराउने र ति सेवा तथा सुबिधाहरुको नियमन गर्ने सम्मका कार्यहरु पर्दछन् । यी सम्पूर्ण कार्यहरु गर्न सरकारलाई श्रोतको आवश्यकता पर्दछ । वित्तीय संघीयताले सरकारका कार्यहरु मध्ये कुन काम कुन तहवाट गर्दा र कुन राजस्व कहाँवाट संकलन गर्दा प्रभावकारी हुन्छ भन्ने कुराको प्रवन्ध मिलाउँछ ।वित्तीय संघीयताको अभ्यास संघीय मुलुकमा मात्र नभएर एकात्मक, संघात्मक र महासंघीय (Unitary, Federal and Confederate) सवै प्रकारका सरकारका स्वरुपमा कुनै न कुनै रुपमा गरिएतापनि संघीय व्यवस्था अवलम्वन गरिएका मुलुकहरुमा संविधानमा नै व्यवस्थित र प्रणालीवद्ध हुने गरेको पाइन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा विकेन्द्रीकरणका प्रयासहरु सँगै वित्तीय संघीयताको अभ्यास केहि रुपमा हुँदै आएको भएतापनि वि.सं २०५५ सालमा स्थानीय स्वायत शासन ऐन २०५५ जारी भए पश्चात वित्तीय संघीयताको अभ्यास अलि व्यापक हुँदै आएको हो ।

* ✍ उपमहानिर्देशक, आन्तरिक राजश्व विभाग,लाजिम्पाट, काठमाडौं

२०७२ सालमा नेपालको संविधान जारी भई संघीय प्रणालीको अवलम्वन भए पश्चात वित्तीय संघीयता अझ घनिभूत रुपमा अभ्यास हुँदै आएको छ ।

२. वित्तीय संघीयताका चार खम्वाहरु (Four Pillars of Fiscal Federalism)

वित्तीय संघीयताका चार प्रमुख आधारहरु रहेका छन् जसलाई वित्तीय संघीयताका चार खम्वाहरु भनिन्छ । ति हुन्

- **खर्च जिम्मेवारी / कामको जिम्मेवारी (Expenditure Assignment)**
- **राजस्व अधिकार (Revenue Assignment/Authority)**
- **अन्तर सरकारी वित्त हस्तान्तरण (Inter- governmental Fiscal Transfer)**
- **ऋण लिने अधिकार (Sub-national Borrowing)**

२.१ खर्च जिम्मेवारी/ कामको जिम्मेवारी (Expenditure Assignment) :

वित्तीय संघीयताको पहिलो पक्ष खर्च अर्थात कामको जिम्मेवारी सुम्पने अर्थात जिम्मा लगाउने हो।यसमा सरकारका कामहरु मध्ये कुन तहले कुन काम गर्ने वा कुन तहमा के जिम्मेवारी दिने भन्ने विषय आउँछ । कुन तहमा काम सुम्पदा सेवा प्रभावकारी हुन्छ, जनताले नजिकवाट सेवा पाउँछन्, सेवाको लागत कम लाग्छ, प्रशासनिक रुपले सुगम हुन्छ भन्ने कुरा हेरिन्छ। कामको जिम्मेवारी विभाजन गर्दा काममा दोहोरोपना हुन नहुने, सरकारका तह बीच समन्वय र सम्वन्ध परिभाषित गरिनु पर्ने, सेवाको न्युनतम मापदण्ड तोकिनु पर्ने, खर्चको आवश्यकता, कार्यान्वयन संयन्त्र र स्वायत्तता प्रदान गर्ने विषयलाई ध्यान दिइन्छ।

यसैले संघीय मुलकहरुमा शान्ति सुव्यवस्था कायम गर्ने, सीमाको रक्षा गर्ने, परराष्ट्र सम्वन्ध कायम गर्ने, मुद्रा तथा वैंकिङ्ग र नियमन तथा मापदण्ड निर्धारण सम्बन्धी कार्यहरु संघीय सरकारमा राखिएको हुन्छ भने शिक्षा, खानेपानी सम्बन्धी सुबिधाहरु उपलव्ध गराउने, विकासका पूर्वाधारहरु निर्माण तथा संचालन गर्ने, जनतालाई विभिन्न सुबिधा तथा सेवा उपलव्ध गराउने कार्यहरु प्रदेश र स्थानीय तहमा प्रदान गरिएको हुन्छ ।

२.२ राजस्व अधिकार (Revenue Assignment/Authority):

जिम्मेवारी पुरा गर्न श्रोतको आवश्यकता पर्दछ । यसैले सरकारका विभिन्न तहलाई तोकिएको जिम्मेवारी पुरा गर्ने राजस्व उठाउने अधिकार पनि दिइनु पर्दछ।जस अन्तर्गत कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने खर्चको अनुमान गरी सो अनुरुप राजस्व परिचालन गर्ने अधिकार प्रदान गरिनु पर्दछ । राजस्व सम्बन्धी अधिकार विभाजन गर्ने पनि विभिन्न सिद्वान्त

र आधारहरु छन् । जसमा कुन राजस्व कुन तहले उठाँउदा प्रभावकारी र कम लागतमा संकलन हुन्छ भन्ने कुरा हेरिन्छ । सामान्यतया चलायमान वस्तु वा सेवा र मुलुकभर प्रभाव हुने कर (जस्तै: मू.अ.कर), आर्थिक स्थिरिकरण, पूनर्वितरण र समानता सम्बन्धी कर (जस्तै आय कर) साथै प्रशासन गर्न कठीन र सजिलै छल्न सकिने कर (जस्तै अन्त:शुल्क / बिक्रीकर) केन्द्र सरकारमा राखिनु उपयुक्त हुन्छ । संकलन, प्रशासन र कर संकलन लागतमा कमि ल्याउन करको आधार बढी जानकारी हुने तहमा दिनु पर्ने जस्तै वहाल कर र सम्पति कर, निश्चित क्षेत्रका वासिन्दामा लगाइने कर आदि प्रदेश वा स्थानीय तहवाट संकलन गर्नु उपयुक्त हुन्छ ।

२.३ अन्तर सरकारी वित्त हस्तान्तरण (Inter- governmental Fiscal Transfer):

माथि उल्लिखित राजस्व अधिकार विभाजन सम्बन्धी सिद्धान्त र मान्यताका कारणले उक्त तहलाई दिइएको राजस्व अधिकार अनुसार उठाएको रकमले खर्चको जिम्मेवारी पुरा गर्न आवश्यक श्रोत नपुग हुने अवस्था आउँदछ । यसलाई वित्तीय असंतुलन (Fiscal Imbalance) भनिन्छ । यस्तो असंतुलन केन्द्र र प्रदेश/ प्रान्त तथा स्थानीय तह साथै प्रदेश/ प्रान्त र स्थानीय तह बजेट उर्ध्वश्रेणीगत (Vertical Imbalance) र प्रदेश/ प्रान्त तह बजेट तथा स्थानीय तह बजेट समश्रेणीगत (Horizontal Imbalance) दुवै किसिमको हुन सक्छ । कति मात्रामा र कस्तो असंतुलन हुने भन्ने कुरा सरकारका तह बजेट खर्चको जिम्मेवारी विभाजन र कर उठाउने अधिकार कसरी विभाजन गरिएको छ, त्यसमा निर्भर गर्दछ । यस्तो असंतुलन कम गर्न सरकारको एक तहले उठाएको राजस्व अर्को तहमा विभाजन गर्ने र एक तहले संकलन गरेको राजस्वको रकम अर्को तहको खर्चको आवश्यकता पुरा गर्न विभिन्न माध्यमद्वारा हस्तान्तरण गर्ने व्यवस्था मिलाइको हुन्छ, यसलाई नै अन्तर सरकारी वित्त हस्तान्तरण (Inter-governmental Fiscal Transfer): भनिन्छ ।

हस्तान्तरणका माध्यमहरु मुख्यत: राजस्व बाँडफाँड (Revenue Sharing) र अनुदान (Grants) हुन् ।यस्तो हस्तान्तरण वित्त आयोग/ कमिशन वा त्यस्तै स्वतन्त्र संस्थाद्वारा निर्धारित मापदण्ड वा सुत्र अनुसार गरिन्छ । सुत्र निर्धारण गर्दा सम्वन्धित तहको खर्चको आवश्यकता, सामाजिक-आर्थिक विकासको अवस्था, मानव विकासको अवस्था, जनसंख्या, भूगोल, राजस्व संकलनमा गरेको योगदान जस्ता सूचकहरुको आधारमा गर्ने व्यवस्था मिलाइएको हुन्छ ।

यसका साथै मुलुकभर न्युनतम आधारभूत सेवाहरुको सुनिश्चितता गर्न, समावेशी आर्थिक वृद्धि र स्थिरता कायम गर्न, केन्द्रीय नीतिहरुको कार्यान्वयन गर्न, संतुलित विकास

गर्न, स्थानीय प्राथमिकता अनुसारका पूर्वाधार निर्माण गर्न, सेवा वहिर्गमनको क्षतिपूर्ति उपलव्ध गराउन र अन्तर तह सम्वन्ध कायम गर्न केन्द्र सरकारले तल्लो तहका सरकारलाई विभिन्न अनुदानको माध्यमद्वारा वित्तीय हस्तान्तरण गर्ने कार्य गर्दछ ।साथै प्रदेश तहले समेत स्थानीय तहहरुलाई यस्तो हस्तान्तरण गर्न सक्ने व्यवस्था मिलाइएको हुन्छ ।

२.४ ऋण लिने अधिकार (Sub-national Borrowing) :

तल्लो तहका सरकारलाई खर्च जिम्मेवारी अनुरुपको कार्य गर्न राजस्व अधिकार र वित्तीय हस्तान्तरणले समेत नपुग हुने श्रोतको व्यवस्थापन गर्न ऋण लिने अधिकार समेत दिइनु पर्दछ । यस्तो ऋण आर्थिक स्थायित्व, वित्तीय संतुलन र अनुशासनलाई ध्यानमा राखी केन्द्र सरकारको स्वीकृतिमा मात्र लिन पाउने, निर्धारित मापदण्डका आधारमा मात्र लिन पाउने र वित्त आयोग वा कमिशनद्वारा निर्धारित सीमा र मापदण्ड निर्धारण अनुसारमात्र उठाउन दिइन्छ।यस्तो ऋण निश्चित आयोजना वा कार्यक्रम सम्पन्न गर्न लिन सक्ने व्यवस्था मिलाइएको हुन्छ ।

३. नेपालमा वित्तीय संघीयताको संवैधानिक कानूनी र संस्थागत व्यवस्था :

नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानले वित्तीय संघीयताका चार वटै आधारहरुलाई आत्मसात गरी तिनै तहको अधिकार र जिम्मेवारीको बाँडफाँड गरेको छ । संविधानको अनुसूची-५ मा संघको अधिकार, अनुसूची-६ मा प्रदेशको अधिकार, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची-८ मा स्थानीय तहको अधिकार, अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरु सूचिवद्ध भएको छ ।यसै गरी नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनले तिन वटै तहको अधिकार र जिम्मेवारीलाई थप विस्तृत र प्रष्ट पारेको छ ।

संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वन गर्ने, संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने, वैदेशिक सहायता लिने अधिकार संघीय सरकारको हुने लगायतका व्यवस्थाहरु भएको पाइन्छ । धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्राअधिकारको विषयमा कर लगाउने र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने, सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था

नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने, नेपाल सरकारले संकलन गरेको राजस्व तीन वटै तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने, संघ, प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम हुने, नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने, प्रदेशले मातहतका स्थानीय तहहरुलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून वमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने, नेपाल सरकारले संघीय संचित कोषवाट प्रदान गर्ने सशर्त अनुदान समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून वमोजिम हुने लगायतका व्यवस्थाहरु रहेको छ ।

धारा २५० मा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको र धारा २५१ मा आयोगका काम कर्तव्य र अधिकारहरु उल्लेख गरिएको छ । आयोगले मूख्यत: संघ, प्रदेश र स्थानीय तह बजेट राजस्व बाँडफाँड र अनुदान हस्तान्तरण सम्बन्धी विस्तृत आधार र ढाँचा निर्धारण साथै तिनवटै तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण लगायतका कार्यहरु गर्न सक्ने व्यवस्था गरिएको छ ।

यसका साथै संविधानमा संघ, प्रदेश र स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र आर्थिक कार्य प्रणाली सम्बन्धी प्रावधानहरु रहेका छन् ।तीन वटै तहको अलग अलग संचित कोष रहने र सोको संचालन सम्वन्धित तहले वनाएको कानून वमोजिम हुने प्रावधान रहेको छ ।

वित्तीय संघीयतालाई थप व्यवस्थित गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएका छन्, जसमा संघ, प्रदेश र स्थानीय तहको राजस्व सम्बन्धी अधिकार राजस्वको वाँडफाँड र वित्त हस्तान्तरण सम्बन्धी विभिन्न प्रावधानहरु रहेका छन् ।

४. राजस्व उठाउने अधिकार, बाँडफाँड र वित्त हस्तान्तरणको व्यवस्था :

संविधानको अनुसूची, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ ले संघ, प्रदेश र स्थानीय तहको राजस्व सम्बन्धी अधिकारहरुको व्यवस्था गरेको छ । जुन अधिकारहरु अनुसूची-१ बमोजिम रहेका छन् ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले एकल कर प्रशासनको व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तरगत रहेका कर तथा शुल्कहरु एक तहले संकलन गर्ने र **सम्वन्धी**त तहबजेट वाँडफाँड गर्ने व्यवस्था गरेको छ । जस अनुसार मूल्य

अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको रकम संघले संकलन गरी संघ, प्रदेश र स्थानीय तहबीच राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्वारा निर्धारित सुत्र वमोजिम ७०:१५: १५ को अनुपातमा बाँडफाँड गर्ने, प्राकृतिक श्रोतहरु: पर्वतारोहण,विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्वारा निर्धारित सुत्र वमोजिम संघ, सम्वन्धित प्रदेश र सम्वन्धित स्थानीय तह बजेट ५०:२५:२५ को अनुपातमा बाँडफाँड गर्ने व्यवस्था गरेको छ ।

यसै गरी सवारी साधन कर प्रदेशले लगाउने र उठाउने, सो करको रकम ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहहरुबीच राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारित सुत्र अनुसार बाँडफाँड गर्ने, घर जग्गा रजिष्ट्रेशन शुल्क र मनोरंजन कर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने र सो करहरुको रकम ६० प्रतिशत सम्वन्धित स्थानीय तहले र ४० प्रतिशत प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएको छ । यसका साथै आफ्नो अधिकार क्षेत्र भित्रका कर तथा शुल्कहरु संकलनका लागि प्रदेशहरुले कर तथा गैर सम्बन्धी ऐन जारी गरेका छन् साथै प्रदेश र स्थानीय तहले सालवसाली आर्थिक ऐन वमोजिम कर तथा शुल्क उठाउँदै आएका छन् ।

प्रदेश र स्थानीय तहको साझा करको रुपमा रहेको रजिष्ट्रेशन शुल्कको रकम स्थानीय तहमा जनशक्ति र क्षमता विकास भै नसकेकोले संघीय आर्थिक ऐनको अन्तरिम प्रशासनिक व्यवस्था अनुसार हाल मालपोत कार्यालयहरुले नै संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड गर्दै आएको छ ।

संघीय सरकारले प्रदेश र स्थानीय तहलाई साथै प्रदेशले स्थानीय तहहरुलाई समानीकरण अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र विशेष अनुदान गरी ४ किसिमका अनुदानहरु प्रदान गर्न सक्ने व्यवस्था रहेको छ ।

संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र सम्वन्धित तहको आर्थिक कार्यविधि ऐन वमोजिम तीन वटै तहले बजेट तर्जुमा र कार्यान्वयन गर्दै आएका छन् ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले सवै तहले आन्तरिक र वाह्य दुवै ऋण लिन सक्ने, प्रदेश र स्थानीय तहले संघको स्वीकृतिमा मात्र लिन सक्ने, प्रदेश र स्थानीय तहले संघबाट समेत लिन सक्ने, ऋणको सीमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले तोके बमोजिम हुने, वैदेशिक सहायता र ऋण लिने अधिकार संघको हुने लगायतका व्यवस्थाहरु गरेको छ। जस अनुसार हाल राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले संघले कुल ग्राहस्थ

उत्पादनको ५% , प्रदेश र स्थानीय तहले राजस्व बाँडफाँड र आन्तरिक राजस्वको १०% सम्म आन्तरिक ऋण उठाउन सक्ने सीमा निर्धारण गरेको छ ।

५. वित्तीय संघीयता कार्यान्वयनको सम्वन्धमा हाल सम्म भएका कार्यहरु:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ लगायतका कानूनहरु तर्जुमा भएका ।
- कर्मचारी समायोजनको कार्य सम्पन्न भएको ।
- संघ र प्रदेश दुवै तहमा समपूरक र विशेष अनुदान हस्तान्तरण सम्बन्धी मापदण्ड र कार्यविधिहरु तर्जुमा भएका ।
- तीनै तहको विभाज्य कोष संचालन र बाँडफाँड सम्बन्धी कार्यविधि तयार भएको ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगवाट समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व र रोयल्टी बाँडफाँडको मापदण्ड तथा सुत्र तयार भएको ।
- समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान एवं राजस्व र रोयल्टी बाँडफाँड स्वरुप प्रदेश र स्थानीय तहमा उल्लेख्य मात्रामा वित्तीय हस्तान्तरण भएको ।
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुरुप आयोजना तथा कार्यक्रमको मापदण्ड तयार गरी साविकमा संघमा रहेका आयोजनाहरु र प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको ।
- प्रदेश तहको बजेट तर्जुमा, कार्यान्वयन, लेखांकन र प्रतिवेदनका लागि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र स्थानीय तहका लागि Sub National Treasury Regulatory System- SuTRA कार्यान्वयनमा ल्याइएको ।
- अन्तर प्रदेश समन्वय परिषद, अन्तरसरकारी वित्त परिषद र प्रदेश समन्वय परिषद जस्ता समन्वयकारी संयन्त्रहरुमा छलफल गरी वित्तीय संघीयताको कार्यान्वयनका सन्दर्भमा देखिएका समस्याहरुलाई समाधान गरिंदै आएको ।
- प्रदेश र स्थानीय कर सम्बन्धी विषयमा अध्यन गरी प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय समितिको प्रतिवेदन कार्यान्वयन योजना नेपाल सरकारवाट स्वीकृत भई जिम्मेवार निकायवाट कार्यान्वयन भइरहेको छ । कर सम्बन्धी विवादहरु क्रमशः कम हुँदै गएका छन् ।
- समपूरक र विशेष अनुदान अन्तरगतका आयोजनाहरु गत वर्ष अर्थ मन्त्रालयवाट हुँदै आएकोमा कार्यविधिहरुमा संसोधन गरी राष्ट्रिय योजना आयोगको नेतृत्वमा हुने

व्यवस्था गरी आयोजना छनौट कार्यलाई बढी वस्तुगत र व्यवस्थित बनाइएको छ ।

- प्रदेश तहवाट समेत प्रदेश अन्तरगतका स्थानीय तहहरुलाई समानीकरण, समपूरक र विशेष अनुदान हस्तान्तरण साथै राजस्व बाँडफाँड समेत हुँदै आएको छ ।
- साझा अधिकारको रुपमा रहेका करको रकम प्रदेश र स्थानीय तहबजेट बाँडफाँड हुन शुरु भएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान अनुरुप महालेखा नियन्त्रक कार्यालयले हालसम्म २ आर्थिक वर्षको संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षक समक्ष प्रस्तुत गरिसकेको छ ।
- प्रदेश र स्थानीय तहमा वैदेशिक सहायता परिचालन मापदण्ड स्वीकृत भएको छ ।
- हालसम्मको अनुभवका आधारमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन लगायतका कानूनहरुमा संसोधनको प्रकृया अघि वढेको छ ।
- विनियोजन, सार्वजनिक खर्च र विकासबीच सामानजस्ता कायम गर्दै संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि व्यवस्थित गर्न आर्थक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको छ ।
- संघ, प्रदेश र स्थानीय तहमा लागु हुने गरी आन्तरिक नियन्त्रण दिग्दर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

६. समस्या र चुनौतिहरु :

वित्तीय संघीयता कार्यान्वयनमा उल्लेख्य उपलव्धि हासिल हुन सकेको भएतापनि सुदृढ वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्ने सन्दर्भमा अझै समस्या र चुनौतिहरु रहेका छन् । प्रमुख समस्या र चुनौतिहरु निम्न वमोजिम रहेका छन् ।

- सम्वन्धित सभामा आय र व्ययको विवरण पेश गरी सभाबाट पारित गराउनु गर्नु पर्ने कानूनी व्यवस्था विपरित अझै केहि स्थानीय तहहरुवाट समयमा बजेट पारित हुन सकेको छैन ।
- कतिपय स्थानीय तहहरुबाट कानून वमोजिम पेश गर्नु पर्ने प्रगति र आय व्यय विवरण समयमा तयार गरी पेश हुन नसकेको ।
- प्रदेश र स्थानीय तहको बजेट तर्जुमा सम्बन्धी स्पष्ट मार्गदर्शन र खर्चको मापदण्ड निर्धारण भई नसकेको र नेपाल सरकारवाट निर्धारित मापदण्डको पूर्ण पालना नहुँदा तीनै तहबाट एउटै आयोजना क्षेत्रमा बजेट विनियोजन भई कार्यक्रमहरु दोहोरो पर्न

गई आयोजना कार्यान्वयनमा कठिनाई भएको र वित्तीय उतरदायित्व कायम गर्न कठिन भएको ।

- अनुदान वितरण र सामाजिक सुरक्षा सम्वन्धमा स्पष्ट मापदण्ड नहुँदा दोहोरो तेहेरो पर्ने गरेको ।
- केहि कानूनहरुमा रहेका परस्पर बिरोधी र द्विविधाजन्य प्रावधानहरुका कारण साझा करहरुको कार्यान्वयन र राजस्व बाँडफाँडमा विवाद उत्पन्न भएको जस्तै : नदीजन्य पदार्थको शुल्कका सम्वन्धमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बाझिएको।
- अझै केहि प्रदेश र स्थानीय तहहरुबाट क्षेत्राधिकार वाहिरका कर तथा शुल्कहरु लगाउने गरेको साथै लगाएका कर तथा शुल्कका दरमा पनि एकरुपता नहुँदा व्यवसायिक वातावरणमा असर गरेको गुनासो व्यवसायीहरुवाट आउने गरेको ।
- एकिकृत सूचना प्रणालीको अभावमा स्थानीय तहहरुको वित्तीय सूचना तथा प्रतिवेदन प्राप्त गर्न कठीन हुने गरेको । प्रदेश तथा स्थानीय तहको आय र व्ययको विवरण समयमा र सहजरुपमा प्राप्त हुन नसक्दा एकिकृत वित्तीय प्रतिवेदन (Consolidated Financial Statement) तयार गर्न समेत कठिनाई भएको ।
- सवै स्थानीय तहहरुले Sub National Treasury Regulatory System- SuTRA प्रयोग नगरेको, गरेकाले पनि आंशिक रुपमा गरेको र कतिपयले आर्थिक कारोवारको नियमित रुपमा प्रविष्टि गर्ने नगरेकोले यथार्थ वित्तीय प्रतिवेदन तयार गर्न र विश्लेषण गर्न कठिनाई भएको ।
- प्रदेश तथा स्थानीय तहको आयोजना कार्यान्वयन र वित्तीय जवाफदेहिताको क्षेत्रमा अपेक्षाकृत संस्थागत व्यवस्था हुन नसकेको ।
- निश्चित मापदण्ड र पर्याप्त कानूनको अभाव एवं प्रभावकारी अनुगमन र सुदृढ आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कतिपय स्थानीय तहमा अनुशासनको पक्ष कमजोर रहेको ।
- प्रदेश र स्थानीय तहमा पर्याप्त र दक्ष जनशक्तिको पूर्ति नहुँदा आयोजना कार्यान्वयन क्षमता कमजोर रहेको ।
- संघीय सरकारवाट हस्तान्तरण भएका अधुरा आयोजनाहरुको सम्वन्धमा अझै स्पष्टता नहुँदा र पर्याप्त बजेट विनियोजन नहुँदा ती आयोजनाहरु सम्पन्न गर्ने कार्य चुनौतिपूर्ण रहेको ।

- कतिपय संघीय कानूनहरु अझै बनी नसकेकोले प्रदेश र स्थानीय तहले संविधान वमोजिम अधिकार र जिम्मेवारीमा रहेका विषयमा कानून वनाउन नसकेकाले ति तहको कार्य प्रभावकारी रुपले अघि वढ्न सकेको छैन। साथै तीन तहबीच पर्याप्त समन्वय समेत कमजोर रहेको छ ।

७. समाधानका उपायहरु :

- संघीयता कार्यान्वयनको सन्दर्भमा आइपर्ने समस्या समाधान गर्न र समन्वय कायम गर्न नेपालको संविधान धारा २३५ वमोजिम संघ, प्रदेश र स्थानीय तह बजेट समन्वय गर्ने कानून यथाशिघ्र तर्जुमा गर्नु पर्ने ।
- समयमा आय व्यय विवरण र बजेट पारित नगर्ने स्थानीय तहको सवै किसिमका वित्तीय हस्तान्तरण रोक्का गर्ने हालको व्यवस्थालाई कायम राख्दै आगामी आर्थिक वर्षदेखि SuTRA को संचालनलाई समेत वित्त हस्तान्तरणमा आवद्ध गर्ने ।
- बाझिएका कानूनी प्रावधानहरु खासगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार संचालन ऐनमा तत्काल संशोधन गर्नु पर्ने ।
- सामाजिक सुरक्षा र कृषि लगायतका क्षेत्रमा दिइने अनुदानको दोहोरो र तेहेरोपन हटाई अनुदान र सामाजिक सुरक्षामा प्रभावकारिता कायम गर्न गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने ।
- राष्ट्रिय योजना आयोगवाट तयार भई स्वीकृत भएको आयोजना सम्बन्धी मापदण्डको पूर्ण पालना गर्ने ।आगामी आर्थिक वर्षदेखि मापदण्ड अनुरुप मात्र बजेट विनियोजन गर्ने।तल्लो तहका सरकारको क्षेत्राधिकार भित्र पर्ने आयोजना संघमा नराख्ने । हाल संघीय मन्त्रालय अन्तरगत कार्यान्वयन भई रहेका यस्ता आयोजना पहिचान गरी बजेट सहित हस्तान्तरण गर्ने ।
- सशर्त अनुदानलाई अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्ने, राष्ट्रिय लक्ष्य पुरा गर्ने, प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पुरा गर्ने साथै सन्तुलित विकासका दिशामा केन्द्रित गर्नु पर्ने ।वैदेशिक सहायतामा संचालित र अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप नगरी नहुने बाहेक सशर्त अनुदान क्षेत्रगत रुपमा एकमुष्ट प्रदान गरी आयोजना तथा कार्यक्रम छनौटमा प्रदेश र स्थानीय तहलाई स्वायत्तता दिने ।
- सिमित श्रोतको समुचित उपयोगको आवश्यकतालाई मध्यनजर गरी तीन तहका सरकार बजेट सह-लगानी (Co-Financing) का क्षेत्र र विधि बारेमा अध्ययन गरी यसको कानूनी व्यवस्था गर्ने ।

- सवै प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रमलाई यथार्थपरक वनाउन अनिवार्य रुपमा आवधिक योजना निर्माण र मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) तयार गरी सो अनुरुप वार्षिक बजेट तर्जुमा गर्ने व्यवस्था गर्ने ।
- संघबाट हस्तान्तरण भएका अधुरा आयोजना प्रदेश तहलाई पुन: प्राथमिकिकरण गरी संचालन गर्ने सक्ने अधिकार दिने र सोका लागि कार्यप्रगतिका आधारमा रकम निकासा गर्ने विश्वस्त गराउनु पर्ने ।
- प्रदेश र स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न आवश्यक कानून र मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्ने ।
- प्रदेश र स्थानीय तहको संगठनात्मक, व्यवस्थापकीय र जनशक्ति साथै राजनीतिक पदाधिकारी समेतको क्षमता विकासका लागि कार्ययोजना र कार्यक्रम तयार गरी अभियानका रुपमा संचालन गर्नु पर्ने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत संचालित Province local Governance Support Program-PLGSP ले यसमा विशेष ध्यान पुर्याउनु पर्ने ।
- समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम छनौट गर्दा दोहोरो नपर्ने गरी मध्यकालीन र दीर्घकालीन लक्ष्य हासिल हुने र प्रतिफलयुक्त आयोजना मात्र थोरै संख्यामा छनौट गर्ने र निश्चित समय २ देखि ३ वर्ष भित्र सम्पन्न हुने पर्ने गरी बजेट व्यवस्था गर्ने ।
- स्थानीय तहहरुले लगाउने र उठाउने कर तथा शुल्क सम्वन्धमा स्थानीय तहहरुको वर्गीकरण गरी राष्ट्रिय मापदण्ड तयार गरी सो भन्दा वढी कर लगाउन नपाउने व्यवस्था गर्ने ।
- अन्तर प्रदेश समन्वय परिषद, अन्तर सरकारी वित्त परिषद र प्रदेश समन्वय परिषद जस्ता समन्वयकारी संयन्त्रहरुलाई थप सक्रिय वनाउनु पर्ने

८. निश्कर्ष :

मुलुकले वित्तीय संघीयताको कार्यान्वयनमा छोटो अवधिमा उल्लेख्य प्रगति हासिल गरेको छ । वाह्य विश्व जगत र विकासका साझेदारहरुवाट समेत छोटो अवधिमा प्राप्त यस उपलव्धिको सह्राहना पनि भएको छ । यो हाम्रा लागि गर्वको विषय हो ।तर कानून तथा कार्यविधि निर्माण र संस्थागत प्रवन्धहरुमा यथेष्ट उपलव्धिहरु भएतापनि लेखांकन, प्रतिवेदन, आन्तरिक नियन्त्रण,अनुगमन तथा मूल्यांकनको क्षेत्रमा आशातित प्रगति हुन सकेको छैन ।

राज्यको सिमित श्रोत साधनको मितव्ययी, दक्ष र प्रभावकारी रुपले उपयोग गर्दै प्रभावकारी वित्तीय अनुशासन र जवाफदेहिता प्रत्याभूति गर्ने पक्षमा अझै कमजोरीहरु रहेको हुँदा यस दिशामा थप प्रयासको खाँचो रहेको छ। तीन तहका सरकारका बजेटमा पर्याप्त समन्वय र सहकार्यद्वारा संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष प्राप्त गर्ने कार्यमा थप प्रयासको आवश्यकता छ । अवको प्रयास त्यसै तर्फ केन्द्रित गरिनु पर्ने देखिन्छ ।

सन्दर्भ सामग्री :

- नेपालको संविधान
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार संचालन ऐन, २०७४
- उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ प्रतिवेदन
- आर्थिक वर्ष २०७६।७७ को बजेटको अर्धवार्षिक समिक्षा प्रतिवेदन
- Indian Fiscal Federalism: Y.V Reddy & G.R Reddy,Oxford University Press, 2019

अनुसूची-१

संघीय सरकार	प्रदेश सरकार	स्थानीय तह	प्रदेश र स्थानीय तहको साझा अधिकार	तीनै तहको साझा अधिकार
क) कर १. भन्सार महशुल २. अन्तःशुल्क ३. मूल्य अभिवृद्धि कर ४. संस्थागत आयकर ५. व्यक्तिगत आय कर ६. पारिश्रमिक कर	क) कर १. घरजग्गा रजिष्ट्रेशन शुल्क २. सवारी साधन कर ३. मनोरञ्जन कर ४. विज्ञापन कर ५. कृषि आयमा कर **ख) गैर कर** १.सेवा शुल्क दस्तुर	क) कर १.सम्पत्ति कर २. घर वहाल कर ३. घर-जग्गा रजिष्ट्रेशन शुल्क ४. सवारी साधन कर ५. भूमि कर(मालपोत) ६. मनोरञ्जन कर ७. विज्ञापन कर ८. व्यवसाय कर	१. घर-जग्गा रजिष्ट्रेशन शुल्क २. सवारी साधन कर ३. मनोरञ्जन कर ४. विज्ञापन कर	१. सेवा शुल्क/दस्तुर २. दण्ड जरिवाना ३. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी ४. पर्यटन शुल्क/दस्तुर

संघीय सरकार	प्रदेश सरकार	स्थानीय तह	प्रदेश र स्थानीय तहको साझा अधिकार	तीनै तहको साझा अधिकार
ख) गैर कर १. राहदानी शुल्क २. भिसा शुल्क ३. पर्यटन दस्तुर ४. सेवा शुल्क दस्तुर ५. जुवा/चिठ्ठा, क्यासिनो ६. दण्ड जरिवाना **ग) संघीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।**	२. पर्यटन शुल्क ३. दण्ड जरिवाना **ग) प्रदेशको अधिकारक्षेत्रको विषयमा प्रदेश कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।**	९. जडिवुटी, कवाडी र जीवजन्तु कर **ख) गैर कर** १.सेवा शुल्क दस्तुर २. पर्यटन शुल्क ३. दण्ड जरिवाना ४. पार्किंग शुल्क ५. वहाल विटौरी शुल्क **ग) स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।**		

श्रोतः नेपालको संविधान, अन्तरसरकारी वित्तव्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४

सार्वजनिक वित्तीय व्यवस्थापनमा उत्तरदायित्व प्रत्याभूतिको प्रयास

१. विषय प्रवेशः-

सार्वजनिक वित्त व्यवस्थापन भित्र सार्वजनिक श्रोतको पहिचान, संकलन, परिचालन, व्यवस्थापन, आम्दानी-खर्च लेखांकन, प्रतिवेदन, जाँचपरीक्षण, मूल्यांकन, विश्लेषण र आगामी दिनका लागि आवश्यक पृष्ठपोषणसम्मका वित्तीय प्रबन्धहरु पर्दछन् । श्रोतको समग्र व्यवस्थापनमा Input- Economy, Process - Efficient, Output / Outcome / Impact –Effective हुनुपर्ने सर्वमान्य सिद्धान्त छ । निजी श्रोतको श्रोत परिचालनमा Economy, Efficiency and Effectiveness लाई सर्वोत्तम पद्धति मानिए पनि सार्वजनिक श्रोतको परिचालन तर्फ श्रोतको बाँडफाँड (Allocation of Resource) र प्रतिफलको वितरण (Distribution of result) मा समानता र समताका लागि विवेकशिलता (Rationality) अपरिहार्य हुन्छ । सार्वजनिक श्रोतको बाँडफाँड र प्रतिफलको वितरणमा Legality मात्र भएर पुग्दैन Legitimacy पनि चाहिन्छ ।

सार्वजनिक वित्तमा Import vs. Export, saving vs. Investment, Revenue vs. Expenditure को उपयुक्त सन्तुलन (Trade off) हासिल गर्ने र व्यवस्थापन कसरी गर्ने ? कसले गर्ने ? कहिले गर्ने ? कुन क्षेत्र र विषयमा प्राथमिकता कायम गर्ने ? आदिको सम्बोधन प्रभावकारी तुल्याउने कार्यहरु पर्दछन् ।

२. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure & Financial Accountability --- PEFA)

सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा भईरहेका क्रियाकलापहरु के कसरी कार्यान्वयन भईरहका छन्, नीतिगत, कानूनी र कार्यक्रमगत स्पष्टता छ, छैन र श्रोतको उपयोग, लेखाङ्कन, प्रतिवेदन, जाँच, मूल्याङ्कन तथा विश्लेषण पूर्व निर्धारित मापदण्ड र तथ्यमा आधारित छन् छैनन् वित्तीय प्रतिवेदनहरु तथ्याकंमा आधारित एवं विश्वसनीय छन्, छैनन् भन्ने विषयमा विश्व बैंक र अन्तराष्ट्रिय मुद्रा कोषको पहलमा विश्वव्यापी रुपमा एकै प्रकारका ३१ सूचकहरु तर्जुमा गरी सन् २००१ देखि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure & Financial Accountability) को संरचनागत व्यवस्था कार्यान्वयनमा ल्याईएको

---

* ✍प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगर ।

छ । हाम्रो मुलुकी आर्थिक व्यवस्थापनसंग सम्बन्धित क्रियाकलाप अनुकुल हुने सूचकका रुपमा कायम गरी मूल्याङ्कन गर्ने पद्धति विकास गरिएको छ ।

२.१ संरचनागत व्यवस्था:-

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure & Financial Accountability ---PEFA) संरचना भनेको सार्वजनिक वित्त व्यवस्थापनको कार्यसम्पादनस्तर मापन गर्ने पद्धति हो । प्रत्येक मुलुकको सार्वजनिक वित्त व्यवस्थापनलाई सम्बन्धित मुलुककै वित्तीय अभिलेखका प्रमाणका आधारमा मापन गरिन्छ। हरेक मुलुकको बजेट प्रणालीले राखेका उद्धेश्यहरुको प्राप्तिमा पद्धति, प्रक्रिया र संरचनागत व्यवस्थाको योगदान के कति रहेको छ भनी मुल्याकंन गरिने प्रणाली नै PEFA हो ।

यसले

- समग्र वित्तीय अनुशासन
- श्रोतको रणनैतिक बाँडफाँड
- कार्यदक्षतापूर्ण सेवा प्रवाह

को मापन हुने गरी मूल्यांकन गर्छ ।

PEFA मुल्यांकनका सातवटा आधारस्तम्भ (Pillars) छन् ।

१. बजेटको विश्वनीयता (Credibility of budget)
२. सार्वजनिक वित्तमा पारदर्शिता (Transparency of public finance)
३. सम्पत्ति तथा दायित्व व्यवस्थापन (Management of Assets and Liabilities)
४. नीतिमा आधारित वित्त रणनीति र बजेट (Policy based fiscal strategy and budgeting)
५. बजेट कार्यान्वयनमा अनुमानयोग्यता र नियन्त्रण (Predictability and Control in budget execution)
६. लेखांकन र प्रतिवेदन (Accounting and Reporting)
७. बाह्य निगरानी र लेखापरीक्षण (External scrutiny and control)

PEFA कार्यक्रम सन २००१ बाट सात वटा अन्तराष्ट्रिय विकास साझेदाहरुको संलग्नतामा शुरु भएको थियो ।

1 The European Commission
2 International Monetary Fund
3 World bank group
4 Government of France
5 Government of Norway

6 Government of Switzerland
7 Government of United Kingdom (UK)

हाल थप २ वटा साझेदार (Slovak Republic & Luxembourg) यसमा जोडिन आइपुगेका छन ।

संरचना

संघीय तहमा

निर्देशक समिति

अर्थ सचिव	अध्यक्ष
राजस्व सचिव	उपाध्यक्ष
उप महालेखा परिक्षक	सदस्य
सचिव प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	सदस्य
महालेखा नियन्त्रक	सदस्य
सचिव राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	सदस्य
सचिव राष्ट्रिय योजना आयोग	सदस्य
सचिव सार्वजनिक खरिद अनुगमन कार्यालय	सदस्य
सचिव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सदस्य
सचिव भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय	सदस्य
सचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	सदस्य
सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सदस्य
सह सचिव बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय	सदस्य
सह सचिव अन्तराष्ट्रिय विकास सहायता समन्वय महाशाखा अर्थ मन्त्रालय	सदस्य
अध्यक्ष ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल	सदस्य
अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
संयोजक पेफा सचिवालय	सदस्य सचिव

पेफा कार्य समिति

पेफा निर्देशक समितिको PFM सुधार विषय हेर्ने सदस्य सचिव	अध्यक्ष
नायव महालेखापरिक्षक	सदस्य
सहसचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	सदस्य

सह सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	सदस्य
सह सचिव, राष्ट्रिय योजना आयोग	सदस्य
सह सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय	सदस्य
सह सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सदस्य
सह सचिव, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय	सदस्य
सह सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	सदस्य
सह महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय	सदस्य
सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सदस्य
उप सचिव, बजेट तथा कार्यक्रम महाशाखा अर्थ मन्त्रालय	सदस्य
उप सचिव, राजस्व व्यवस्थापन शाखा अर्थ मन्त्रालय	सदस्य
संयोजक पेफा सचिवालय	सदस्य सचिव

प्रदेश तहमा

प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापन सुधार समन्वय समिति

सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय	संयोजक
सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	सदस्य
सचिव, प्रदेश योजना आयोग	सदस्य
प्रमुख प्रशासकीय अधिकृत, विराटनगर महानगरपालिका	सदस्य
प्रतिनिधि, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल	सदस्य
प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय	सदस्य सचिव

प्रदेश पेफा कार्यान्वयन इकाइ

प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय	संयोजक
अधिकृत, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	सदस्य
अधिकृत, प्रदेश योजना आयोग	सदस्य
अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय	सदस्य
अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालय	सदस्य सचिव

२.२ **PEFA** का उद्धेश्य तथा महत्व :-

क) उद्धेश्यहरुः-

- ✓ मुलुकको स्वामित्वमा प्रोत्साहन ---Encourage Country Ownership,
- ✓ कारोवार लागतमा न्यूनीकरण ---- Reduction of Transcation cost,
- ✓ दाता र प्रापकबीच सौहार्दता विकास गर्ने--- Enhance Donor Harmonization,
- ✓ मुलुकको सार्वजनिक वित्त व्यवस्थापनको कार्यसम्पादन सुधारको अनुगमन गर्ने --Allows monitoring of progress of Country PFM Performance overtime,
- ✓ मुलुकको वित्तीय व्यवस्था र विकासका चासोहरुको उचित सम्बोधन -- Better addresses developmental and fiduciary concern,
- ✓ सुधार प्रयासको प्रभावमा अभिबृद्धि--- Leads to Improved Impact of Reform

ख) PEFA को महत्वः-

सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुधारोन्मुख तुल्याउदै भविष्यमा श्रोतसाधनको प्रभावकारी परिचालनका लागि कार्यसम्पादनस्तरको मापन र मूल्यांकन गरिने पद्धति भएकाले यसको महत्व बढोत्तरी हुदै आएको छ । सुधारको निश्चित गन्तब्य नहुने तर निरन्तर सुधार आवश्यक पर्ने हुँदा विश्वमा आउने सामाजिक, आर्थिक र राजनैतिक परिवर्तन संगसँगै हुने वित्तीय व्यवस्थापनको परिवर्तनलाई अंगीकार गर्न PEFA सुधारोन्मुख रहेको छ । अन्तर्राष्ट्रिय विकास नीति र अभ्यासका लागि आवश्यक अनुसन्धानमा योगदान गर्दे आएको PEFA Initiative ले दक्षतापूर्ण र प्रभावकारी रुपले सेवा प्रवाहलाई बढावा गरेको मात्र नभई सार्वजनिक वित्त व्यवस्थापनको नीति वार्ता (Policy Dialogue) मा समेत सहयोगी भूमिका निर्वाह गरेको छ । यसका ७ महत्वपूर्ण आधार स्तम्भहरु (7 Pillars) ले नै यसको महत्व उजागर गरेका छन् -

A. Budget reliability,
B. Transparency of public Finance,
C. Management of Assets & liabilities,
D. Policy Based Fiscal strategy and Budgeting,
E. Predictability and control in Budget Execution,
F. Accounting and Reporting, and
G. External scrutiny and Audit .

ग) PEFA कार्यान्वयनका phases ;--

- o 2002 –2005 Development Phase
- o 2006—2008 Dissemination phase,
- o 2009—2012 Integration phase,

- o 2012 – 2017 global public good
- o 2018—2021, 5 phase लाई sharing of knowledge and lesson learned को Key parts का रुपमा लिई यसले सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा गहिरो अध्ययन, अनुसन्धान गर्न र आगामी दिनमा अझै प्रभावकारी वित्त व्यवस्थापनलाई सघाउने कार्यक्रम तर्जुमा गर्ने योजना गरेको छ ।

३. **PEFA Assessment को तुलनात्मक अध्ययनः—**

निर्धारित सूचकहरुका आधारमा हाम्रो मुलुकी वित्त व्यवस्थापनको कार्यसम्पादनस्तर मापन गर्ने उदेश्य राखी सन् २००८ र सन् २०१५ मा PEFA Assessment गरी सो को प्रतिवेदन प्रकाशन गरिएको छ। यी दुई मूल्यांकनबाट समग्र वित्तीय अनुशासन, श्रोतको रणनैतिक बाँडफाँड, कार्यदक्षतापूर्ण सेवा प्रवाहको तुलनात्मक अवस्था प्रकाशित प्रतिवेदनका आधारमा उजागर गर्ने प्रयास गरिएको छ । सन् २००८ को मूल्यांकन र प्रतिवेदन एवं सन् २०१५ मा भएको मूल्यांकनको सन् २०१६ मा प्रकाशित प्रतिवेदनको तुलनात्मक नतीजा यस प्रकार देखिएको छः-

S. No.	Main Pillar	Particulars	Overall indicator score 2008	Overall indicator score 2015
1	Credibility of Budget			
		1. Aggregate expenditure out -turn compare to original approved Budget	B	A
		2 .composition of expenditure out-turn compare to original approved Budget	C	C+
		3. Aggregate Revenue out -turn compare to original approved Budget	A	A
		4. Stock and Monitoring OF expenditure payment Arrears	D+	B+
2	Comprehensiveness and Transparency			
		5. Classification of the Budget	C	A
		6. Comprehensiveness of Information Included in Budget Documentation	B	A
		7. Extent Of unreported government operations	C	D+
		8. Transparency of inter- governmental fiscal relations	C	C+
		9. Oversight of aggregate fiscal risk from other public sector entities.	D+	C
		10. Public access to key fiscal information.	B	A
3.	Policy Based			

	Budgeting			
		11. Orderliness and participation in the annual budget	C+	A
		12.Multi year perspective in fiscal planning , expenditure ,policy and budgeting	C+	B
4.	Predictability and control in budget execution			
		13.Transparency of taxpayer obligations and liabilities	C+	A
		14. Effectiveness of measures for taxpayer registration and tax assessment.	C	A
		15. Effective in collection of the tax payments	D+	D+
		16. Predictability in the availability of funds for for commitment of expenditures	C+	C+
		17. Recording and management of cash balances, debt & Guarantees	C+	C+
		18. Effectiveness of payroll controls	C+	C+
		19. Transparency, competition and complaints mechanisms in procurement	C	B
		20. Effectiveness of internal controls for Non-salary expenditure	C	C
		21. Effectiveness of Internal audit.	D+	D+
5.	Accounting, Recording and Reporting			
		22. Timeliness and regularity of accounts reconciliation	C+	C+
		23. Availability of information on resource received by service delivery units	C	A
		24. Quality and timliness of in-year budget reports	C+	C+
		25. Quality and timeliness of annual financial statements	C+	C+
6.	External scrutiny and Audit			
		26.Scope, nature and follow-up of external audit	D+	C+
		27.Legislative scrutiny of the annual budget law	D+	D
		28. Legaslative scrutiny of external audit report	D+	D
	Donor Practices			
		D-1. Predictability of direct budget support	D	D+

		D-2 Financial information provided by donors for budgeting and reporting on project and program aid.	D	C+
		D-3 Proportion of aid that is managed by used of national procedures	D	C

तुलनात्मक विश्लेषण गरी हेर्दा:-

समूह	अपरिवर्तित सूचकहरु (२००८ र २०१५ मा समानस्तर)	सकरात्मक परिवर्तन भएका सूचकहरु (२००८ भन्दा २०१५ मा सुधार भएका सूचकहरु)	नकरात्मक परिवर्तन भएका सूचकहरु (२००८ भन्दा २०१५ मा कमजोर भएका सूचकहरु)	प्रभाव
1. Credibility of Budget	1.3 –A	1.1 – B—A 1.2- C–C+ 1.4- D--B+	NO	75 % Positive improvement. 25% as equal.
1. Comprehensiveness and Transparency	NO	2.5- C—A 2.6- B-A 2.8- C-C+ 2.9- D+-C 2.10- B-A	2.7- C–D+	83% Positive improvement. 17% Negative results.
2. Policy Based Budgeting	No	3.11- C+-A 3.12- C+-B	No	100% positive Improvement .
3. Predictability and control in budget execution	4.15-D+ 4.16-C+ 4.17-C+ 4.18-C+ 4.20- C 4.21-D+	4.13-C+-A 4.14- C-A 4.19- C-B	No	33% positive Improvement . 66% as equal.
5.Accounting, Recording and Reporting	5.22-C+ 5.24-C+ 5.25-C+	5.23- C-A	No	25% positive Improvement . 75% as equal.
6.External scrutiny and Audit	No	6.26-D+-C+ 6.27– D—D+ 6.28- D—D+	No	100% positive Improvement
Donor Practices	No	D.1- D—D+ D.2- D—C+ D.3- D—C	No	100% positive Improvement

माथि उल्लिखित विवरणका आधारमा विश्लेषण गर्दा सन् २००८ मा भएको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वको मूल्यांकनका तुलनामा सन् २०१५ मा अधिकांश सूचकहरुमा सकरात्मक परिवर्तन भएको देखिन्छ । समष्टिगत र औसत आधारमा सकरात्मक देखिएतापनि सकरात्मक नै देखिएका सूचकहरुमा 1st pillar मा Composition of expenditure out-turn compare to original approved Budget, 2nd pillar Transparency of intergovernmental fiscal relations / Oversight of aggregate fiscal risk from other public sector entities,4th Pillar df effective in collection of the tax payments, Predictability in the availability of funds for committment of expenditures, Recording and management of cash balances, debt & Guarantees, Effectiveness of payroll controls,. Effectiveness of internal controls for Non-salary expenditure / Effectiveness of Internal audit को अवस्था शुरुमा कमजोर र पछिल्लोमा समेत आशातित सुधार हुन सकेको देखिएन । त्यसैगरी 5th pillar को Availability of information on Resource received by service delivery units बाहेक पाँचौका बाँकी सूचक र छैठौका कुनैपनि सूचकहरु आशा लाग्दो सुधार हुन सकेको देखिदैन । Donors Practices समूहका सवै सूचकहरु अघिल्लो Assesssment मा कमजोर रहेकोमा पछिल्लोमा समेत त्यो भन्दा खासै सुधार हुन सकेको पाईएन ।

सवै सूचकहरुको एकीकृत तुलना गर्दा एउटा (३.२२ प्रतिशत) मात्र नकरात्मक, १० वटा (३२.२६ प्रतिशत) यथावत र २० वटा (६४।५२ प्रतिशत) मा सकरात्मक परिवर्तन भएको छ । यस तुलनाले मुलुकको सार्वजनिक वित्त व्यवस्थापन सुधारोन्मुख रहेको देखिन्छ । अधिकांश सूचक यथावत रहेका र तिनको शुरुको अवस्था निम्न कोटीको रहेको देखिदा सुधारको प्रयास अझै कमजोर नै छ । यसलाई उपल्लो तहको सुधार गर्न बजेट तर्जुमा, कार्यान्वयन कार्य योजना अनुकुल कार्यान्वयन र लेखाकंन, प्रतिवेदन तथा प्रकाशन र जाँच परीक्षणमा रहेका कमजोरीमा कठोर प्रहार गर्न सक्नु पर्दछ ।

४ सुधारका लागि भएका प्रयासहरुः—

नेपालको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित आयोगहरु सार्वजनिक खर्च पुनरावलोकन आयोग (Public Expenditure Review Commission ---PERC), २०५७ र सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली आयोग, २०६६ का प्रतिवेदनको कार्यान्वयन नै समग्र वित्तीय व्यवस्थापन सुधारको क्रम हो ।२०५७ सालको आयोगले दिएका ६८ वटा सुझावहरु मध्ये ५ वटा मात्र सुझाव अधिकांश कार्यान्वयन भएको, २८ वटा सुझावहरु आंशिक कार्यान्वयन भएको र ३५ वटा सुझावहरु कार्यान्वयन नै नभएकोले सुधारको स्तर न्यून मापन भएको देखिन्छ । त्यसैगरी २०६६ सालको आयोगले दिएका ९४ वटा

सुझावहरु मध्ये ४ वटा सुझाव पुर्ण कार्यान्वयन भएका, ८ वटा अधिकांश कार्यान्वयन भएका, ४८ वटा सुझावहरु आंशिक कार्यान्वयन भएका र ३४ वटा सुझावहरु कार्यान्वयनमै नलगिएका कारण सार्वजनिक वित्त व्यवस्थापनको सुधार वलियो हुन नसकेको देखिन्छ । सार्वजनिक वित्त व्यवस्थापनको निरन्तर सुधारका लागि PEFA संरचनाका माध्यमबाट आर्थिक प्रशासनमा क्रियाशिल जनशक्ति परिचालनलाई सु-व्यवस्थित तुल्याउन र क्षमता विकास गर्न अन्य संरचनागत , संस्थागत एवं कानूनी सुधार जत्तिकै जरुरी छ ।

खासगरी लेखा ढाँचा र लेखा प्रणालीको सुधारबाट मात्र वित्तीय प्रतिवेदन यथार्थता र विश्वसनियता बृद्धि हुने हुँदा यसको सुधारमा पहिलो कदम चाल्नु पर्दछ । हरेक देशमा कानूनी रुपमै Chartered Accountant Institution को संरचना खडा गरेर लेखा व्यवस्थापनको विकास, प्रवर्धन, अध्ययन, अध्यापन, लेखा ढाँचाको निर्धारण र अनुगमन गर्ने गरेको देखिन्छ । विश्वमा लेखा व्यवस्थापनसँग **सम्वन्धी**त संस्थाहरुले सन् १९७७ मा अन्तर्राष्ट्रिय लेखा व्यवसायी संघ (International Federation of Accountant) गठन गरी संस्थाको पहलमा विश्वमा उच्च गुणस्तरका लेखामानहरु विकास गर्न सहयोग गर्ने, लेखामान प्रवर्धन गर्ने, लागू गर्न प्रोत्साहित गर्ने, लेखा व्यासायीहरुको क्षमता विस्तार गर्ने काम गर्दै आएको छ ।

लेखामानहरुको तर्जुमा गर्न एक स्वतन्त्र विज्ञहरुको समूह अन्तर्राष्ट्रिय लेखामान बोर्ड (International Accountant Standard Board) रहेको छ । यस बोर्डले अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (International Financial Reporting Standard- IFRS) तर्जुमा गरेको छ । सार्वजनिक क्षेत्रले प्रयोग गर्ने लेखामान तयार गर्न अर्को एक स्वतन्त्र विज्ञ समूह अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र बोर्ड (International Public Sector Accounting Standard Board) रहेको छ । यसले अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (International Public Sector Accounting Standard -IPSAS) निर्धाण गरेको छ । यी लेखामानहरु सदस्य संस्थाको अधिकार क्षेत्र भित्र प्रयोग गरिन्छ ।

यसै सन्दर्भमा नेपालमा वि.सं. २०५३ सालमा चार्टड एकाउन्टेन्ट संस्थाको स्थापना भै लेखामान व्यवस्थापनको विकास र प्रवर्धनका कामहरु समेत गर्दै आएको छ । सोही संस्थाले अन्तर्राष्ट्रिय लेखामान अनुकुल हुनेगरी नेपाल लेखामान जारी गरेकोमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लागू भएपश्चात सो अनुकुल नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard- NFRS) जारी गरी आम रुपमा लागू गरेको छ । नेपालमा लेखामानहरुको विकास गर्न स्वतन्त्र लेखामान वोर्ड समेत कार्यरत रहेको छ ।

नेपालको संविधान र ऐन कानून बमोजिम महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकले संघ, प्रदेश तथा स्थानीय तहहरुले प्रयोग गर्ने लेखा ढाँचा स्वीकृत गर्ने व्यवस्था छ । नेपाल सरकारले ०६९।५।३० देखि नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) लागू गर्ने निर्णय गरेको छ । NPSAS बमोजिम संघ र प्रदेशमा मन्त्रालयले तयार गर्नुपर्ने एकीकृत वित्तीय विवरणको ढाँचा, स्थानीय तहले तयार गर्नुपर्ने वित्तीय विवरण महालेखा परीक्षकबाट ०७५।८।९ मा स्वीकृत भै लागू भएको छ । विगत देखि लागू गरिएका म.ले.प. फारामहरुको परिमार्जन एवं नयाँ फाराम तयार गरी २०७६।२।१९ मा म.ले.प.बाट स्वीकृत गराई कार्यान्वयनमा ल्याईएको छ ।

प्रचलित लेखा प्रणालीका आधारहरु नगदमा आधारित लेखाप्रणाली, प्रोदभावी आधार लेखा प्रणाली र परिमार्जित नगदमा आधारित लेखा प्रणाली छन् । हामी कहाँ सरकारी क्षेत्रमा नगदमा आधारित र व्यवसायीक क्षेत्रमा प्रोदभावी लेखा प्रणाली कार्यान्वयन भैरहेकोमा सरकारी लेखा प्रणाली परिमार्जित नगदमा आधारित लेखा प्रणालीमा जानु पर्ने छ। यसमा नगदमा आधारित लेखा प्रणालीका कमि कमजोरीलाई यथासम्भव निराकरण गरी अल्पकालीन रुपमा परिमार्जित नगदमा आधारित र दीर्घकालमा सम्पत्ति तथा दायित्वमा प्रोदभावी प्रणाली अनुसार लेखाङ्कन गरिन्छ । नेपालमा लागू भएको नेपाल सार्वजनिक लेखामानमा यो प्रणालीका केही गुणहरु समावेश गरिएकोले तुलनात्मक रुपमा मुलुकको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सक्ने देखिन्छ । यस लेखामान बमोजिम गैर बजेटरी तथा सञ्चित कोष बाहिरका सवै खर्च, समिति, बोर्ड तथा संस्थान लगायतका निकायको हिसाब समेत एकीकृत गरी प्रस्तुत गरिने र नगदमै आधारित भएपनि सम्पत्ति, दायित्व, प्रतिबद्धता सम्बन्धी प्रोदभावी लेखाका केही विषय समेत समावेश गरिन्छ । यस बमोजिमको विवरणमा नगद प्राप्ति तथा भुक्तानी, गत विगत वर्षको बजेट एवं वास्तविक खर्च रकमको तुलनात्मक विवरण समेत तयार गरिन्छ । लेखा नीति तथा लेखा टिप्पणीमा ऋण तथा सापटी, तेश्रो पक्ष भुक्तानी, स्थिर सम्पति, प्राप्त हुन बाँकी र अग्रिम प्राप्ति, धरौटी, बेरुजु र लगानी समेत खुलासा गर्नुपर्दछ ।

सार्वजनिक वित्त व्यवस्थापनमा अन्तर्राष्ट्रिय अभ्यास र मापदण्डको अवलम्बन गर्ने सिलसिलामा सरकारले खर्च लेखाकंनका लागि अन्तर्राष्ट्रिय मुद्राकोष (International Monetary Fund - IMF) को Government Finance Statistics Manual (GFS Manual), 2014 को आधारमा सरकारको कार्यहरुको कार्यात्मक वर्गीकरण (Classification of Function of Government -- COFOG) संग समेत तालमेल मिल्ने गरी नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन र तीनै तहका सरकारका कार्यक्षेत्र र जिम्मेवारीलाई आधार मानी संघ, प्रदेश र

स्थानीय सरकारमा लागु हुने गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्या,२०७४ लागु गरिएको छ । यो ब्याख्या सुझाव सहित परिमार्जन गरी २०७६।०२।१५ मा स्वीकृत भएको हो र लेखापालनका लागि स्वीकृत नयाँ म.ले.प. फारामहरु समेत प्रयोग गरिएको छ ।

समष्टिगत खर्चको स्वरुप र प्रवृति GFS Code, 2014 अनुसार चालु, पूँजीगत र वित्तीय ब्यवस्थामा विभाजन गरी क्षेत्र, परियोजना तथा कार्यक्रम तहमा गरिने आर्थिक र कार्यगत वर्गीकरणमा आधारित तुल्याईएको छ । यसले सरकारी खर्चको आम प्रवृति कस्तो छ र उपभोगमुखी वा अर्थतन्त्रको उत्पादनशिल क्षमता तर्फ उन्मुख छ भन्ने तथ्यलाई यस वर्गीकरणले पुष्टि गर्दछ ।

MTEF जस्ता औजारहरुको उपयोग गर्दै सरकारको राजश्व क्षमतासँग Smart Borrowing policy को सन्तुलन मिलाई खर्च व्यवस्थापनका आधारमा आर्थिक अनुशासन कायम गरी फजूल खर्च नियन्त्रण, भ्रष्टाचार नियन्त्रण,खर्चको गुणस्तर बृद्धि, कानूनको पूर्ण परिपालना, वित्तीय उत्तरदायित्व निर्वाहको संस्कृतिबाट समष्टिगत आर्थिक अनुशासनमा बृद्धि हुन जान्छ ।

बजेट संरचनामा गरिएका क्रमागत सुधारहरुः–

- आ.व .२०५९।०६० देखि मध्यकालीन खर्च संरचनाको कार्यान्वयन थालनी,
- आ.व. २०६४।०६५ देखि लैगिंक उत्तरदायी बजेट,
- आ.व. २०६४।०६५ देखि गरिबी उन्मुख बजेट बजेट,
- आ.व. २०७०।०७१ देखि जलवायू परिवर्तन तथा वातावरण प्राथमिकता बजेटको थालनी,
- आ.व. २०७०।०७१ देखि दिगो विकास लक्षित बजेट,
- आ.व. २०७३।०७४ देखि मध्यकालीन खर्च संरचनाको कार्यान्वयनलाई कानूनतः अनिवार्य तुल्याईएको ।

यसरी संस्थागत र प्रक्रियागत रुपमा समग्र र क्षेत्रगत लक्ष्य सहित आवधिक योजना बनाउने, त्यसैको आधारमा मध्यकालीन खर्च संरचना तयार गरी सोही बमोजिम विभिन्न क्षेत्रमा विशेष लक्ष्य सहित बजेट निर्माण कार्यमा सुधार हुदै आएको छ ।

वर्तमान संविधान अनुसार संघीय सरकारले आगामी आर्थिक वर्षको बजेट यसै वर्षको जेठ १५ गते सार्वजनिक गर्नुपर्ने प्रावधान छ भने प्रदेशको बजेट चालु वर्षकै आषाढ १ गते र

स्थानीय तहको आषाढ १० गते भित्र सार्वजनिक गर्नुपर्ने गरी तोकिएको छ, जसले बजेट तर्जुमा र सार्वजनिकीकरणलाई संवैधानिक तवरले पूर्वानुमानयोग्य तुल्याएको छ ।

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) को संरचनागत प्रावधानले लेखाप्रणालीमा सुधार गरेर, आर्थिक प्रशासनमा जनशक्तिको क्षमता विकास गरेर र बजेट तथा कार्यक्रममा नीतिगत सुधार गरेर वित्तीय अनुशासनलाई सुदृढ तुल्याउने, बजेट बाँडफाँड र कार्यान्वयनलाई दक्षतापूर्ण तुल्याउने एवं सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने कार्यमा सघाऊ पुर्याउदै आएको छ ।

संघीय संसदले तर्जुमा गरी कार्यान्वयनमा ल्याएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रादुर्भाव हुनुमा समेत यस सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) को महत्वपूर्ण योगदान रहेको छ । यस ऐनमा रहेका प्रावधान तथा कार्यविधिको कार्यान्वयनबाट संघीय आर्थिक कार्यप्रणाली थप व्यवस्थित भई वित्तीय उत्तरदायित्व, पारदर्शिता एवं जवाफदेहिता सुदृढ हुनेछ। यस ऐनले प्रादेशिक सरकार र स्थानीय तहको सरकारका लागि आर्थिक कार्यविधि तर्जुमामा छाता कानूनको रुपमा मार्ग निर्देश गर्ने भएकाले ती निकायहरुमा समेत वित्तीय उत्तरदायित्व अभिबृद्धि हुनेमा विश्वास लिन सकिन्छ । समयमै नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सकिएमा यस ऐनको सार्थकता हुनेछ ।

५. उत्तरदायी वित्त व्यवस्थापनमा अब चाल्नुपर्ने कदमः—

शान्ति, विकास र समृद्धिको यात्रा सार्वजनिक खर्चबाटै निर्माण र निर्धारण हुने हो । संघीय प्रणालीमा सवैतहका सरकारले आफना सवै संयन्त्र मार्फत श्रोतको प्रभावकारी परिचालन गरी आवधिक योजनाले परिलक्षित गरेका उद्धेश्य हासिल गर्न आवश्यक खर्च गर्नु पर्दछ । बढदो खर्च, समुन्नति र अग्रगमनको मापदण्डको उच्च मागका कारण थपिएका समस्या तथा चुनौतीको सामना सरकार, नागरिक समाज, निजी क्षेत्र, अन्तर्राष्ट्रिय साझेदारहरुको साझा प्रयासबाट मात्र सम्भव हुने देखिन्छ । यसै परिप्रेक्ष्यलाई आँकलन गरेर हामीले आगामी दिनमा तय गर्नुपर्ने भावी दिशाः—

- संघीय प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकारबीच अधिकारको बाँडफाँड तथा राजश्व र खर्च उत्तरदायित्व अनुरुप खर्च प्रणालीलाई परिमार्जन गर्दा समावेशी, मानव विकास केन्द्रित तथा समतामूलक समृद्धिको बाटोमा छिटो फड्को मार्न सकिने अनुकुल स्थिति बनाई आर्थिक, सामाजिक असमानताको न्यूनीकरण, गरिबीको अन्त्य र सार्वजनिक सेवा प्रवाहमा आम नागरिकको अधिकार तथा सहज पहुँच एवं देशको

सन्तुलित विकासमा तीनै तहको सरकारका खर्च प्रणालीले निर्णायक भूमिका खेल्न सक्ने तुल्याउनु पर्दछ ।

- राष्ट्रिय खर्च नीतिको तर्जुमा गरी सार्वजनिक खर्चको सोच, दूरदृष्टि, लक्ष्य, उदेश्य, रणनीति तथा प्राथमिकता निर्धारण गर्नु पर्दछ । सामाजिक न्याय प्रवर्धन हुने, गरिबी निवारणमा प्रत्यक्ष टेवा पुग्ने, सामाजिक विकास र मानवीय विकासमा लगानी बढाउने गरी खर्चको प्राथमिकता सूचक सहित विनियोजन दक्षता बढाउनु पर्दछ ।
- वार्षिक कार्यक्रम कार्यान्वयन योजना बनाई खर्च गर्ने, खर्च–नतीजा र प्रभावबीच वलियो सम्बन्ध स्थापित गर्ने, संगठनात्मक कार्य सञ्चालन खाका बनाई लागु गर्ने, सामाजिक लक्ष्य र उपलब्धि बीच सम्बन्ध स्थापित हुनेगरी Logical Framework कार्यान्वयनमा ल्याई हालै कार्यान्वयनमा आएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को प्रभावकारी कार्यान्वयनबाट बलियो कानूनी वातावरणको थालनी गर्नु पर्दछ ।
- सार्वजनिक निकायहरुमा पूँजीगत खर्च क्षमता बढाउन खरीद प्रक्रियालाई पारदर्शी, चुस्त र वैज्ञानिक तुल्याउन विषय क्षेत्रगत संहिता (Sectoral code of conduct) बनाई कार्यान्वयनमा ल्याएर मिलेमतो, ढिलासुस्ती र चुहावट नियन्त्रण गर्ने । हालको घाँस, दाउरा, औषधि, उपकरण, सुरक्षा सामग्री सबै खरीद गर्ने एकीकृत खरीद सम्बन्धी प्रावधानले धेरै असजिला र चुहावट बढेको छ । सरकारको भूमिका पुनरावलोकन गरी सरकार संलग्न नभएपनि हुने विषय क्षेत्रका कामहरु निजी क्षेत्रलाई हस्तान्तरण गरी चालु खर्च घटाउदै पूँजीगत खर्चमा बृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।
- बजेट विनियोजनको पक्ष जति यथार्थपरक हुन्छ, खर्च प्रणाली त्यति नै प्रभावकारी हुन्छ ।योजना हचुवा, अपत्यारिलो र कार्यान्वयन सुनिश्चितताको आधार बिना नै तर्जुमा भएको अवस्थामा बजेट र खर्च प्रणाली मै असर पर्दछ । विभिन्न निकायहरुबाट सम्पादन हुने समान प्रकृतिको कार्यलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्दा खर्चको दोहोपना हट्ने, समन्वय पक्ष सुदृढ हुने कारणले विनियोजन कुशलता बढ्न जाने हुन्छ। त्यसैले योजनाको दूरदृष्टि ,यसका उदेश्य, समष्टिगत र क्षेत्रगत लक्ष्य एवं नीति, रणनीति तथा सो अनुरुप परियोजना, कार्यक्रमहरु प्रस्ताब गरिएका छन्, छैनन् आदि सन्दर्भको निराकरण सहित बजेट विनियोजनलाई दक्षतापूर्ण तुल्याउनु पर्दछ ।

- सार्वजनिक खर्चको पारदर्शिता, जवाफदेहिता, पूर्वानुमान र जनसहभागिता जस्ता औजारका माध्यमबाट वित्त अनुशासन, विनियोजन कुशलता तथा कार्यान्वयन दक्षतासंग आवद्ध भएको मूख्य पक्ष भनेकै सार्वजनिक खर्चको चुस्त व्यवस्थापन एवं प्रभावकारिता हो। धेरै देशहरुमा वित्तीय अनुशासन कायम नहुने, जिम्मेवारी र जवाफदेहितामा समस्या रहने र निजी क्षेत्रको भूमिका अस्पष्ट हुने जस्ता कारणले वित्तीय नियमको ठोस व्यवस्था गर्नुपर्ने तर्फ हाल जोड दिन थालिएको छ । कतिपय मुलुकहरुले सार्वजनिक खर्चको कुशलता बढाउन लागत मापदण्ड एवं वित्त लाभांश (Fiscal Dividend) को विवरण तयार गर्ने विधि र कार्यसम्पादनमा आधारित बजेट र क्रियाकलापमा आधारित लागत प्रणालीको अभ्यासबाट खर्च कुशलता बढाउने पद्धति अवलम्बन गरिएको पाईन्छ ।
- MTEF जस्ता औजारहरुको उपयोग गर्दै सरकारको राजश्व क्षमतासँग Smart Borrowing Policy को सन्तुलन मिलाई खर्च व्यवस्थापनका आधारमा आर्थिक अनुशासन कायम गरी फजूल खर्च नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, खर्चको गुणस्तर बृद्धि, कानूनको पूर्ण परिपालना, वित्तीय उत्तरदायित्व निर्वाहको संस्कृतिबाट समष्टिगत आर्थिक अनुशासनमा बृद्धि हुन जान्छ ।
- सार्वजनिक खर्च व्यवस्थापनको नवीनतम र महत्वपूर्ण पक्ष जनसहभागिता हो, जसले उपभोक्ता–नागरिक अभिमुखीकरणलाई प्रभावकारी खर्च व्यवस्थापनको एक अंग मान्दछ । फलतः आजकल नागरिक बजेट (Citizen Budget) को अवधारणा विकसित भएर आएको छ, जसको अर्थ हो नागरिकहरुको पक्षमा बजेटका सरोकारवालाहरुले पैरवी गर्नु पर्दछ । बजेट तर्जुमा र कार्यान्वयन आम नागरिकको प्रत्यक्ष सहभागितामा हुने गर्दछ, बजेटको दस्तावेज जनजिब्रो अनुकुलको भाषामा हुनु पर्दछ। यस अन्तरगत सार्वजनिक क्षेत्रबाट प्रवाह गरिने सेवाको स्तर मापन गर्न आन्तरिक मूल्यांकन पद्धतिको विकास गरिन्छ । यसमा सार्वजनिक वस्तु तथा सेवा प्रवाहप्रति उपभोक्ताको धारणा एवं सन्तुष्टि परीक्षणको लागि समूह सर्वेक्षण विधि अवलम्बन गर्न सकिन्छ ।
- लेखापालन तथा प्रतिवेदन प्रणालीलाई पारदर्शी, चुस्त र सुदृढ तुल्याउने, प्रविधिमा आधारित Single Treasury management system लाई सुदृढिकरण गरी आन्तरिक लेखापरीक्षणलाई सामयिक, अद्यावधिक र विश्वसनीय तुल्याउदै अन्तिम लेखापरीक्षण प्रणालीलाई गुणस्तरीय भरपर्दो तथा प्रभावकारी बनाउनु पर्दछ ।

६. उपसंहारः–

योजनाबद्ध विकास पद्धतिको अवलम्बन, वार्षिक बजेट प्रणाली, मध्यकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन, लेखापालन तथा लेखापरीक्षणको कानूनी, संस्थागत र संरचनागत प्रावधानहरुको कार्यान्वयनका बाबजूद सार्वजनिक खर्च व्यवस्थापनमा प्रशस्त समस्या, चुनौतिहरु थपिनुका साथै जनअसन्तुष्टि पनि बढिरहेको पाईन्छ। यसको उपयोगको औचित्य र गुणस्तर, दक्षता र नतिजासँग सम्बन्धित विषयमाथि नै प्रश्न उठन थालेका छन् । प्रणाली व्यवस्थापन र प्रविधि सम्बद्ध समस्याहरु पनि बढोत्तरी हुदै आएका छन् । विश्व बैंकले उजागर गरेकोः—

- Proliferation of extra budgetary funds,
- Multilayering of subsovereign finance,
- Mushrooming of intra-fiscal transfer,
- Reduction of discretionary speading,
- Intensive use of public–private partnership,
- Mixing pension system with social policy,
- Proliferation of contingent liabilities,
- Fragmentation of debt Issue जस्ता सार्वजनिक वित्तीय व्यवस्थापनका यी क्रियाकलापहरु समेत हाम्रो सार्वजनिक खर्च व्यवस्थापनका चुनौतिका रुपमा देखिएका छन् ।

हाम्रो सार्वजनिक खर्च व्यवस्थापनका क्षेत्रमा उजागर भएका र हुदै आएका समस्या समाधानका लागि तत्कालिन, मध्यकालीन र दीर्घकालीन उपायहरु पहिचान गरी कार्यान्वयनमा जुटी हाल्नु पर्दछ।संस्थागत व्यवस्थाको सवलीकरण, आर्थिक अनुशासनको सुनिश्चितता, विनियोजन कुशलताको प्रत्याभूति, कार्य सञ्चालन प्रभावकारिता एवं दक्षता र आधुनिक प्रविधिको उपयोग गरी बजेट प्रणालीमा सुधारको एकीकृत प्रयासबाट मात्र यी समस्यासँग जुध्ने क्षमता विकास गर्न सम्भव छ । मुलुकले पछिल्ला दिनमा तर्जुमा गरेका ऐन, कानून, नीति, नियम निर्देशिकाको सफल कार्यान्वयन, संस्थागत ब्यबस्था, सहकार्य एवं समन्वय, वित्तीय अनुशासन जस्ता सवै विषय, क्षेत्र र पक्षको सुधारबाट मात्र सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ तुल्याई जवाफदेहिताको प्रत्याभूति गरेर वित्तीय उत्तरदायित्व सफलतापुर्वक निर्वाह गर्न सकिन्छ ।

सन्दर्भ सामाग्रीः—

१. नेपालको संविधान, नेपाल कानून किताब, बबरमहल,काठमाडौ

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६, नेपाल ल कमिशन

३.. PEFA Assessment Report 2008 and 2016, PEFA Secretariate Anamnagar, Kathmandu.

४. राजश्व पत्रिका,२०७६ आषाढ र २०७६ पौष महिना -- सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, ललितपुर

५. सार्वजनिक खर्च र राजश्व सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरु, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं

६. PEFA Journal Issue–5,6 PEFA secretariat,Anamnagar, Kathmandu.

७. Google Search.

नेपालमा प्रदेश सरकारको सञ्चित कोष व्यवस्थापन

१. विषय प्रवेश

नेपालमा भएको २०६२/६३ जनआन्दोलनको सफलताको संस्थागत गर्दै नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको छ । यस संविधानले मुलुकको शासकीय स्वरुपमा उल्लेख्य परिर्वतन गरेको छ । केन्द्रीकृत शासन व्यवस्था संघीय व्यवस्थामा रुपान्तरण हुँदा संघ, प्रदेश र स्थानीय तहका सरकारहरु निर्वाचन सम्पन्न गरी तीनका व्यवस्थापिका र कार्यपालिका लगायतका संस्थागत व्यवस्थाहरुले मुर्त रुप पाईसकेका छन् । राजनैतिक तथा प्रशासनिक रुपमा संघीयता कार्यान्वयनसँगै वित्तीय संघीयताका लागि भएका प्रयासहरु पनि सार्थक हुदै गएकाछन् । यसका लागि नेपालको शासकीय स्वरुपमा आएको परिवर्तनसँगै संघ, प्रदेश र स्थानीय गरी तीनैं तहका सरकारका छुट्टाछुट्टै सञ्चित कोषको स्थापना र व्यवस्थापन गर्नु एउटा जटिल तर अनिवार्य कार्यभार हो । यसका लागि कोष व्यवस्थापन गर्ने निकायहरु स्थापना र सञ्चालन, बैंङ्किङ्ग व्यवस्थापन तथा सबै सम्बन्धित विच समन्वय र सहकार्य समेत आवश्यक छ । सबै पक्षको सकरात्मक र सार्थक प्रयासले मात्र यस कार्यमा सफलता हासिल हुनसक्दछ ।

तीनै तहका सरकारका सञ्चित कोषको स्थापना र व्यवस्थापनका लागि परिवर्तित सन्दर्भ अनुकुल हुने गरी सरकारी कारोबारको बैंङ्किङ क्षेत्रमार्फत सम्पादन गर्नुपर्ने कार्य बैज्ञानिक र आधुनिक ढंगबाट व्यवस्थापन गर्ने उद्देश्यले महालेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकले सरकारी कारोबार निर्देशिका, २०७६ मिति २०७६ असोज १७ बाट लागु गरेको छ । नेपाल सरकार अर्थमन्त्रीस्तरबाट निर्णय भई महालेखा नियन्त्रक कार्यालयले तीनै तहका सरकारमा आवश्यक परिपत्र समेत गरी यस निर्देशिकाको कार्यान्वयनमा थप पहल गरेको छ ।

महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालयहरु, कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, सरकारी कारोबार गर्ने तीनै तहका सरकारी निकायहरु, सरकारी कारोबार गर्ने बैंकहरु, सरकारी कारोबारका पक्षहरु र सेवा दिने अन्य सबै बैंकहरुले यस निर्देशिकाको पालनाबाट तीनै तहका सरकारका सञ्चित कोषको व्यवस्थापन तथा सरकारी

* उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।

कारोबार सञ्चालनमा सहजता हुने विषयमा विश्वस्त हुन सकिन्छ । यस लेखमा विशेष गरेर प्रदेश सरकारको सञ्चित कोषको व्यवस्थापनका लागि सरकारी कारोबार निर्देशिका, २०७६ ले गरेका व्यवस्थाहरुका सम्बन्धमा चर्चा गरिएको छ । यसबाट प्रदेश सरकारको सञ्चित कोषको व्यवस्थापनमा सकरात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

सरकारी कारोबारमा प्रयोग हुने खाताहरु

सरकारी कारोबार निर्देशिका, २०७६ बैंकहरुमा खोलिने तीनै तहका सरकारका खाताहरुलाई मुलतः तीन प्रकारमा विभाजन गरिएको छ ।

- नेपाल सरकार "क" खाताहरु
- प्रदेश सरकार "ख" खाताहरु र
- स्थानीय तहका "ग" खाताहरु

२. प्रदेश सरकारका खाताहरु

ख-१ प्रदेश सञ्चित कोष खाता ख-१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति खाता ख-१.२ वित्तीय प्राप्ति / आम्दानी खाता ख-१.२.१ शेयर बिक्री प्राप्ति खाता ख-१.२.२ ऋण (साँवा) फिर्ता प्राप्ति खाता ख-१.२.३ आन्तरिक ऋण प्राप्ति खाता ख-१.२.४ वैदेशिक ऋण प्राप्ति खाता ख-१.३ निकासा खर्च खाता ख-१.४ सञ्चित कोष मिलान खाता
ख-२ प्रदेश खर्च तथा कोष खाता ख-२.१ बजेट खर्च खाता - विजोर वर्ष ख-२.२ बजेट खर्च खाता - जोर वर्ष ख-२.३ धरौटी खाता ख-२.४ विशेष खाता (ऋण) ख-२.५ विशेष खाता (अनुदान) ख-२.६ विविध खाता

ख-३ आकस्मिक कोष खाता ख-३.१ प्रदेश आकस्मिक कोष खाता	
ख-४ विभाज्य कोष खाता ख-४.१ प्रदेश विभाज्य कोष खाता ख-४.२ स्थानीय तह विभाज्य कोष खाता	
ख-५ हिसाब मिलान खाता ख-५.१ प्रदेश राजस्व हिसाब मिलान खाता ख-५.२ प्रदेश खर्च हिसाब मिलान खाता ख-५.३ प्रदेश धरौटी हिसाब मिलान खाता ख-५.४ प्रदेश विविध तथा अन्य कोष हिसाब मिलान खाता	

३. प्रदेश सरकार खाताहरुको सञ्चालन गर्ने बैंक

प्रदेश सरकारको सरकारी कारोबार सञ्चालनको लागि नेपाल राष्ट्र बैंकका तोकिएका कार्यालयहरु र नेपाल राष्ट्र बैंकबाट प्रदेश सरकारको सरकारी कारोबार गर्ने अनुमती प्राप्त बैंकहरुमा तोकिएको खाताहरु खोली कारोबार गर्न सकिने व्यवस्था भएकोमा महालेखा नियन्त्रक कार्यालयको सहमतीमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई प्रदेश सरकारको सरकारी कारोबारमा राजस्व, खर्च, धरौटी, कार्यसञ्चालन तथा विविध खाता लगायतका खाताहरु सञ्चालनका जिम्मेबारी प्रदान गरिएको छ । राजस्वको कारोबारका हकमा भने अन्य 'क' वर्गका बैंक समेतलाई तोकिएको छ । प्रत्येक प्रदेशको एक सञ्चित कोष रहने व्यवस्था भएकोमा यसको सञ्चालनका लागि नेपाल राष्ट्र बैंकको प्रदेश कार्यालयहरुलाई देहाय बमोजिमको प्रदेश सरकारको सञ्चित कोष तथा सञ्चित कोषमा प्रत्यक्ष असर पर्ने खाताहरु सञ्चालन गर्न तोकिएका छन् । बागमती प्रदेश र कर्णाली प्रदेशका खाताहरु नेपाल राष्ट्र बैंकको अन्य प्रदेशमा रहेका कार्यालयहरुबाट सञ्चालन भएकोले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले सूचना प्रेषित गरी कार्यालयहरु फेरबदल गर्न सक्नेछ ।

नेपाल राष्ट्र बैंकका कार्यालयहरु	प्रदेश
१. नेपाल राष्ट्र बैंक, बिराटनगर	प्रदेश नं १
२. नेपाल राष्ट्र बैंक, जनकपुर	प्रदेश नं २

३. नेपाल राष्ट्र बैंक, विरगञ्ज	बाग्मती प्रदेश
४. नेपाल राष्ट्र बैंक, पोखरा	गण्डकी प्रदेश
५. नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर	प्रदेश नं ५
६. नेपाल राष्ट्र बैंक, नेपालगञ्ज	कर्णाली प्रदेश
७. नेपाल राष्ट्र बैंक, धनगढी	सुदुरपश्चिम प्रदेश

४. प्रदेश सरकार खाताहरुको सञ्चालन विधि

प्रदेश सरकारका खाताहरु सञ्चालन कार्यविधि निम्नानुसारको हुने व्यवस्था गरिएको छ ।

ख -१ प्रदेश सञ्चित कोष

यस समुहका खाताहरुमा राजस्व, अनुदान तथा विविध प्राप्ति खाता (ख१-.१), वित्तीय प्राप्ति / आम्दानी खाता (ख१-.२), निकासा खर्च खाता (ख१-.३) र सञ्चित कोष मिलान खाता (ख१-.४) रहेका छन् । यस समुहका खाताहरु प्रदेश लेखा नियन्त्रक कार्यालयले मात्र सञ्चालन गर्नुपर्दछ । ख-१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति बाहेकका खाताहरु सम्बन्धित प्रदेश हेर्न तोकिएको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र रहने छन् । ख -१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति खाताहरु प्रदेश सरकारको राजस्व कारोबार गर्न अनुमति प्राप्त वाणिज्य बैंकहरुको प्रादेशिक कार्यालयमा समेत खोल्नु पर्दछ । यी खाताहरु आफैमा प्रदेशको सञ्चित कोष खाताहरु हुन ।

ख-१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति खाता

प्रदेशको सरकारी कारोबार गर्न स्वीकृति प्राप्त वाणिज्य बैंकहरुले संकलन गरेको राजस्व जम्मा गर्ने मात्र मिल्ने (Non-Operative) प्रकृतिको यो खाता प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा खोलिएका छन् । यो खाता प्रदेशको राजस्व कारोबार गर्न स्वीकृति प्राप्त वाणिज्य बैंकहरुको प्रादेशिक कार्यालयहरुमा समेत खोल्नु पर्दछ । दैनिक रुपमा जुनसुकै शाखाबाट सङ्कलन भएतापनि प्रदेश र नेपाल सरकारको राजस्व छुट्याई प्रदेश सरकारको सम्बन्धित बैंकको प्रदेशिक कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा खोलिएको यस खातामा जम्मा गर्नु पर्दछ । यस खातामा जम्मा भएको रकमको विवरण वाणिज्य बैंकहरुले SIS प्रणाली मार्फत सम्बन्धित प्रदेशको प्रदेश सञ्चितकोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयहरुमा पठाउनु पर्दछ । यस खाताबाट नगद झिक्ने कारोबार हुँदैन । यो

खातामा प्रदेशको आन्तरिक आम्दानी, अनुदान, विविध आम्दानी र धरौटी रकम सदरस्याहा हुँदा प्राप्त हुने आय जम्मा गर्नु पर्दछ । यस खाता अन्तर्गत रकम संकलन हुने राजस्व शीर्षकहरु यस प्रकार रहेका छन् ।

- कर राजस्व (११००० मूल शीर्षक अन्तरगतका राजस्व शिर्षकको रकम)
- अनुदान (१३००० मूल शीर्षक अन्तरगतका अनुदान शिर्षकको रकम),
- गैरकर राजस्व (१४००० मूल शीर्षक अन्तरगतका राजस्व शिर्षकको रकम) र
- अन्य विविध प्राप्ति (१५००० अन्तरगतका शिर्षकको रकम)

यस खातामा रकम जम्मा गर्दा कार्यालय कोड, राजस्व शीर्षक, आर्थिक बर्ष, रकम, प्रदेश तथा स्थानीय तहको नाम, मिति तथा बुझाउने व्यक्ति वा फर्मको विवरण (प्यान नं., भुक्तानीकर्ता संकेत नं. ठेगाना, नाम आदि) स्पष्ट बुझिने गरी उल्लेख भएको राजस्व दाखिला भौचर मार्फत मात्र गर्नु पर्दछ । यस्तो खातामा अनुमति प्राप्त कार्यालयको राजस्व जम्मा गर्नको लागि बैंकको जुनसुकै शाखाबाट राजस्व व्यवस्थापन सूचना प्रणालीमा समेत रकम प्रविष्टि गरी रकम जम्मा गर्न सकिन्छ । देहाय बमोजिमको राजस्व संकेत तथा राजस्व शीर्षकहरुमा प्राप्त हुने राजस्व रकम यस खातामा जम्मा गर्नुपर्दछ ।

राजस्व संकेत	राजस्व शीर्षक
११११४	कृषि आयमा कर
११३१५	घर जग्गा रजिस्ट्रेशन दस्तुर
११४११	बाँडफाँड भै प्राप्त हुने मूल्य अभिवृद्धी कर
११४२१	बाँडफाँड भै प्राप्त हुने अन्तःशुल्क
११४५६	बाँडफाडबाट प्राप्त हुने सवारी साधन कर
११४७१	बाँडफाडबाट प्राप्त हुने मनोरन्जन कर
११४७२	बाँडफाडबाट प्राप्त हुने विज्ञापन कर
११४७९	अन्य मनोरन्जन कर
१३३११	समानीकरण अनुदान चालु
१३३१२	सशर्त अनुदान चालु
१३३१३	सशर्त अनुदान पुँजीगत

राजस्व संकेत	राजस्व शीर्षक
१३३१४	बिषेश अनुदान चालु
१३३१५	बिषेश अनुदान पुँजीगत
१३३१६	समपूरक अनुदान चालु
१३३१७	समपूरक अनुदान पुँजीगत
१४१५३	बाँडफाँड भै प्राप्त वन रोयल्टी
१४१५४	बाँडफाँड भै प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी
१४१५५	बाँडफाँड भै प्राप्त जलश्रोत सम्बन्धी रोयल्टी
१४१५६	बाँडफाँड भै प्राप्त विद्युत सम्बन्धी रोयल्टी
१४१५७	बाँडफाँड भै प्राप्त दहत्तर वहत्तर बिक्रिबाट प्राप्त हुने आय
१४१५८	बाँडफाँड भै प्राप्त पर्वतारोहण वापतको रोयल्टी
१४१५९	अन्य श्रोतबाट प्राप्त रोयल्टी
१४१९१	पर्यटन शुल्क
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर
१४२५६	चालक अनुमतिपत्र सवारी दर्ता किताव सम्बन्धी दस्तुर
१४२६४	वन क्षेत्रको अन्य आय
१५१११	बेरुजु
१५११२	निकासा फिर्ता
१५११३	अनुदान फिर्ता

राजस्व शीर्षकहरुको वर्गीकरण र व्याख्या तथा अन्य व्यवस्था नेपाल सरकारले स्वीकृति गरी परिर्वतन गरेमा सोही बमोजिम हुनेछ । हाल प्रदेश सञ्चित कोष अन्तर्गको खातामा मौज्दात रहेको राजस्व आम्दानी वापतको रकम समेत ख -१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति खाता) मा ट्रान्सफर गर्नु पर्दछ ।

ख-१.२ वित्तीय प्राप्ति आम्दानी खाता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार मार्फत प्राप्त हुने प्रदेशले उठाएको आन्तरिक ऋणको रकम, वैदेशिक ऋणको रकम तथा प्रदेश सरकारले खरिद गरेको संस्थाको शेयर बिक्रीबाट प्राप्त रकम तथा प्रदेश

सरकारले प्रवाह गरेको ऋणको साँवा फिर्ता वापतको रकम समेत यो समुहको खातामा जम्मा गर्नु पर्दछ । प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा खोलिने यी खाताहरु निरन्तर रुपमा चालु रहनेछन् ।आर्थिक वर्षको अन्तमा यो खातामा मौज्दात रहेको रकम श्रावण १ गते प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुरोधमा ख -१.४ सञ्चित कोष मिलान खातामा ट्रान्सफर गरि हिसाब मिलान गर्नु पर्दछ । यी खाता अन्तरगत निम्नानुसारका सहायक खाताहरु रहने छन् ।

ख-१.२.१ शेयर बिक्री प्राप्ति खाता
ख-१.२.१ शेयर बिक्री प्राप्ति खाता
ख-१.२.२ ऋण साँवा फिर्ता प्राप्ति खाता
ख-१.२.३ आन्तरिक ऋण प्राप्ति खाता
ख-१.२.४ वैदेशिक ऋण प्राप्ति खाता

ख-१.२.१ शेयर बिक्री प्राप्ति खाता

यो खाता ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र खोलिन्छ । यस खातामा प्रदेश सरकारले विभिन्न निकाय, संस्थान तथा संगठनमा आफ्नो क्षेत्राधिकार भित्र रही गरी आएको शेयर लगानी वापतको रकम फिर्ता भुक्तानी प्राप्त हुँदा जम्मा गर्नु पर्दछ ।

ख-१.२.२ ऋण साँवा फिर्ता प्राप्ति खाता

यो खाता ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र खोलिन्छ । यस खातामा प्रदेश सरकारले विभिन्न निकाय, संस्थान, संगठन योजनाहरुमा आफ्नो क्षेत्राधिकार भित्र रही गरिएको ऋण लगानी वापतको रकम साँवा फिर्ता भुक्तानी प्राप्त हुँदा जम्मा गर्नु पर्दछ ।

ख-१.२.३ आन्तरिक ऋण प्राप्ति खाता

यो खाता ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र खोलिन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारको सहमतीमा प्रदेश

सरकारले आफ्नो क्षेत्राधिकार भित्र रही विभिन्न उपकरण मार्फत उठाएको ऋणको रकम यो खातामा जम्मा गर्नु पर्दछ ।

ख-१.२.४ वैदेशिक ऋण प्राप्ति खाता

यो खाता ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र खोलिन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारमार्फत प्राप्त हुने वैदेशिक ऋण वापतको रकम यो खातामा जम्मा गर्नु पर्दछ ।

ख-१.३ निकाशा खर्च खाता

यो खाता प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा मात्र खोलिन्छ । यस खातामा मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तरगत इकाईसँग खर्चको हिसाब भिडान गरी नेपाल राष्ट्र बैंकको सम्बन्धित कार्यालयले मात्र खर्च लेखाङ्कन गर्दछ ।

प्रदेश सरकार अन्तर्गतका कार्यालय वा विकास आयोजनहरु सञ्चालन गर्न आवश्यक पर्ने खर्चको व्यवस्था बजेटबाट गरिएको हुन्छ । बजेटमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था खर्चको लागि बजेटको छुट्टाछुट्टै व्यवस्था गरिएको हुन्छ । प्रदेश सरकार अन्तर्गत सरकारी कारोबार गर्ने बैंकहरुले सबै जिल्लाको भुक्तानी केन्द्रहरुले बजेट खर्च खाताबाट भुक्तानी गर्ने गरी जारी गरेका चेकहरुको दैनिक रुपमा बैंकले भुक्तानी दिएको रकमको ती सरकारी कारोबार गर्ने बैंकहरुलाई सोधभर्ना दिन प्रदेश लेखा नियन्त्रक कार्यालयहरु वा इकाई कार्यालयहरुले बैंकबाट भुक्तानी भएको भोलिपल्ट कार्यालय खुलेको दिन १२ बजेभित्र अनलाईनबाट बैंक स्टेटमेण्टसँग भिडाई महालेखा नियन्त्रक कार्यालयको FMIS/TSA मा अभिलेखाङ्कन र प्रणाली अपडेट गर्नु पर्दछ । प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक जिल्लाको बैंक आदेश नेपाल राष्ट्र बैंकलाई पठाउनु पर्दछ ।नेपाल राष्ट्र बैंकको सम्बन्धित कार्यालयले उल्लेखित खर्च व्यहोरिने श्रोतको आधारमा प्रदेश सरकारको निकासा खातामा खर्च लेखी सम्बन्धित बैंकलाई सोधभर्ना दिँदा खर्च गरिएको सम्बन्धित बैंकको ख - ५.२ प्रदेश खर्च हिसाब मिलान खातामा जम्मा गर्नु पर्दछ । साथै, सोको जानकारी सम्बन्धित बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तरगत इकाई कार्यालयलाई दिनु पर्दछ ।

ख-१.४ सञ्चित कोष मिलान खाता

यो खाता प्रदेश सञ्चित कोष सम्बन्धी आम्दानी खर्च रकमको अन्तिम समायोजन खाता हो । यो खातामा सञ्चित कोष अन्तर्गत ख-१.१ राजस्व, अनुदान तथा विविध प्राप्ति खाता र ख-१.२ वित्तीय प्राप्ति / आम्दानी खाताको सकारात्मक मौज्दात साथै ख-१.३ निकासा खर्च खाताको नकारात्मक मौज्दातका रुपमा रकम ट्रन्सफर गरी समायोजन तथा हिसाब मिलान गर्नु पर्दछ । यस खाताबाट रकम झिक्ने वा नगद जम्मा गर्ने कारोबार गरिदैन ।

ख-२ प्रदेश खर्च तथा कोष खाता

यी खाता प्रदेश सरकारको सरकारी कारोबार गर्न स्वीकृति प्राप्त वाणिज्य बैंकमा रहने गर्दछन् । यी खाताहरुको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गतका इकाई कार्यालय मार्फत हुने छ । यस समुहमा अन्तरगत निम्नानुसारका खाताहरु रहेका छन् ।

ख-२.१ बजेट खर्च खाता विजोर वर्ष
ख-२.२ बजेट खर्च खाता जोर वर्ष
ख-२.३ धरौटी खाता
ख-२.४ विशेष खाता (ऋण)
ख-२.५ विशेष खाता (अनुदान)
ख-२.६ विविध खाता
ख-२.७ कार्यसञ्चालन तथा अन्य कोष खाता खाता

ख-२.१ बजेट खर्च खाता विजोर वर्ष ख-२.२ बजेट खर्च खाता जोर वर्ष:-

यो खाता ख-२.१ बजेट खर्च खाता विजोर वर्ष ख-२.२ बजेट खर्च खाता जोर वर्ष गरी दुईवटा नाममा प्रदेशको विनियोजन तर्फको कारोबार गर्ने बैंकमा खोल्नु पर्दछ । उक्त खाताहरु मध्ये ख-२.१ बजेट खर्च खाता विजोर वर्ष विक्रम सम्बत अनुसार विजोर वर्षका लागि तथा ख-२.२ बजेट खर्च खाता जोर वर्ष विक्रम सम्बत अनुसार जोर वर्षका लागि प्रयोग गर्नु पर्नेछ । यी खाता प्रदेश र प्रदेश अन्तरगतका कार्यालयले प्राप्त अख्तियारी बमोजिमको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तरगत इकाई कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम भुक्तानी निकासा गर्ने प्रयोजनको लागि खोलिन्छन् । यी खाता शुन्य मौज्दातामा संचालित हुने छन् ।

अर्थात, सरकारी कारोबार गर्ने बैंकले प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तरगत ईकाइ कार्यालयले जारी गरेको चेकको भुक्तानी शुन्य मौज्दात खाताबाट गर्नुपर्ने छ । सामान्यतय यी खातामा रकम जम्मा गर्न मिल्दैन । तर कारणवश पेश्की खर्च प्रदान भएको रकम वा अन्य रकम फिर्ता हुन आएमा आर्थिक वर्ष नसकिदै त्यस्तो रकम उक्त खातामा जम्मा गर्न सकिन्छ । साथै, कुनै आर्थिक वर्षको आषाढ मसान्तपछि सो आर्थिक वर्ष मा चालु रहेको (विजोर वर्षको लागि ख -२.१ र जोर वर्षको लागि ख -२.२) मा कुनै पनि रकम जम्मा गर्न मिल्दैन । यो खाता रहेको बैंकले प्रदेश लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेकको भुक्तानी गरी हरेक दिन उक्त खातामा भएको खर्च जम्मा तथा भुक्तानीको विवरण प्रदेश सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयलाई आवश्यक प्रतिवेदन गर्नु पर्छ । उक्त खाता मध्ये ख -२.२ बजेट खर्च खाता जोर वर्ष विक्रम सम्बत अनुसार विजोर वर्षका लागि तथा ख -२.१ बजेट खर्च खाता जोर वर्ष विक्रम सम्बत अनुसार जोर वर्षका लागि प्रयोग गर्नु पर्नेछ । जोर विजोर वर्ष छुटयाउन आर्थिक वर्षको अन्त्यमा रहेको अकंलाई आधार दिनु पर्दछ । जस्तै: चालु वर्ष २०७६/७७ आर्थिक वर्षको अन्त्यमा रहेको अकं ७ विजोर रहेकाले विजोर वर्ष हो ।

यस्ता खाताहरुबाट जारी भएका चेकहरु अर्को आर्थिक वर्षको श्रावण महिनामा ३० दिनको म्याद भित्र साटिने प्रयोजनका लागि सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाईले असारमसान्तसम्म काटिएका भुक्तानी हुन बाँकी चेकको विवरण सम्बन्धित बैंकलाई श्रावण ३ गतेभित्र उपलब्ध गराउनु पर्दछ । यसरी प्राप्त हुन आएको विवरण बमोजिमका चेकहरुलाई मात्र उक्त आ.व.का लागि भुक्तानी दिन मिल्ने गरी सम्बन्धित बैंकको प्रणालीमा प्रविष्टि गर्नु पर्दछ । यस खाताबाट जारी भएका सबै चेकको साटिने मिति समाप्त भएपछि बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । यसरी कारोबार गर्दा अघिल्लो आर्थिक वर्षका लागि प्रयोग भएको खाताबाट नै कारोबार गर्नु पर्दछ भने चालु आर्थिक वर्षको कारोबारको लागि सो आर्थिक वर्ष विक्रम सम्बत अनुसार जोर वा विजोर वर्ष जे हो सोही बमोजिमको खाताबाट कारोबार गर्नु पर्दछ । हाल प्रदेश अन्तर्गत बजेट खर्च खातामा रहेको खर्च रकम ख-२.१ बजेट खर्च खाता विजोर वर्ष खातामा ट्रान्सफर गर्नु पर्दछ ।

ख-२.३ धरौटी खाता

प्रदेश अन्तर्गतका कार्यालयको कामको सिलसिलामा धरौटी, जमानत, अर्नेष्ट मनी र कानून बमोजिम धरौटीमा जम्मा गर्नुपर्ने अन्य रकमहरु जम्मा गर्न यो खाता खोल्नु पर्छ । यस खाताबाट धरौटी फिर्ता वा सदरस्याहा गर्दा राजस्व रकम ट्रान्सफर गर्ने बाहेक अन्य खाताहरुमा रकम ट्रान्सफर गर्न मिल्दैन । तर, भुलवश जम्मा भएको अवस्थामा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाई कार्यालयको पत्र सहित चेक भुक्तानीको लागि प्राप्त भएमा रकम ट्रान्सफर वा चेक मार्फत भुक्तानी गर्न सकिन्छ । धरौटी खातामा जम्मा गरिएको रकम फ्रिज नहुने भएकोले प्रत्येक आर्थिक वर्षको लागि छुट्टै खाता खोल्नु पर्दैन । हाल प्रदेश अन्तर्गत धरौटी खातामा रहेको रकम ख-२.३ धरौटी खातामा ट्रान्सफर गर्नु पर्दछ ।

ख-२.४ विशेष खाता (ऋण) र ख-२.५ विशेष खाता (अनुदान)

उपरोक्त खाताहरु वैदेशिक सहायता प्राप्ति प्रयोजनका लागि खोलिएका विशेष खाताहरु हुन् । यी खाताहरु अन्तर्गत ऋण एवं अनुदान सम्बन्धी विभिन्न कार्यक्रम तथा आयोजनागत रुपमा विदेशी वा स्वदेशी मुद्रा दुवैमा खोल्न सकिने छ । दातृ निकाय अनुसार यसलाई Imprest Account, Special Account वा Designated Account पनि भनिन्छ । यी खाताहरु फ्रिज नहुने भएकोले प्रत्येक आर्थिक वर्षको लागि छुट्टै खाता खोल्न आवश्यक छैन । सोही खाता निरन्तर रुपमा चालु रहन्छ । यी शीर्षक अन्तर्गतका खाताहरु खोल्न महालेखा नियन्त्रक कार्यालयको पुर्व स्वीकृति लिन आवश्यक पर्दछ। यी खाताहरुमा जम्मा भएको मौज्दातले खामेसम्मको रकम ट्रान्सफर खर्च गर्न सकिनेछ ।

ख-२.६ विविध खाता

प्रदेश अन्तर्गत कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयको नाममा यो खाता खोलिन्छ । यस खातामा रकम जम्मा गर्न तथा चेक जारी गरी खर्च लेख्न सकिन्छ । हाल प्रदेश अन्तर्गत विविध खातामा रहेको रकम ख -२.६ विविध खाता खातामा ट्रान्सफर गर्नु पर्दछ ।

ख-२.७ कार्य सञ्चालन तथा अन्य कोष खाता

प्रदेश अन्तर्गत कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालयका नाममा यो खाता खोलिन्छ । यस खातामा रकम जम्मा गर्न तथा चेक जारी गरी खर्च लेख्न सकिन्छ ।

ख-३ आकस्मिक कोष खाता

ख-३.१ प्रदेश आकस्मिक कोष खाता

प्रदेश सरकारको आकस्मिक कार्यको लागि खर्च गर्न कानून बमोजिम व्यवस्था गरेको कोषलाई आकस्मिक कोष खाता भनिन्छ । यस खातामा प्रदेश लेखा नियन्त्रक कार्यालयको आदेशानुसार रकम जम्मा / खर्च गर्नु पर्दछ । यो खाताको वार्षिक हिसाब बन्द गर्नु पर्दैन ।यो खाता नेपाल राष्ट्र बैंकमा मात्र खोलिन्छ ।

ख-४ विभाज्य कोष खाता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ बमोजिम प्रदेश सरकारले उठाउने र प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्नुपर्ने राजस्व जम्मा गर्न प्रदेश सञ्चित कोष रहेको नेपाल राष्ट्र बैंकको कार्यालयमा प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा विभाज्य कोष खाता खोल्नपर्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ बमोजिम प्रदेश सरकार अन्तर्गत राजस्व संकलन गर्ने बैंकबाट सङकलित ३३ शीर्षक अन्तर्गतको बाँडफाँड गर्नुपर्ने राजस्व (राजस्व शीर्षक ३३३४१ सवारी साधन कर) मा जम्मा भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको RMIS तथा बैंकको प्रतिवेदन बमोजिम राजस्व संकलन गरेको भोलिपल्ट यस खातामा जम्मा गर्नुपर्ने छ । यसरी प्रत्येक महिना संकलित राजस्व मध्ये ६० प्रतिशत सम्बन्धि प्रदेश सञ्चित कोषमा तथा ४० प्रतिशत स्थानीय तहमा संघीय गरी प्रदेश लेखा नियन्त्रक कार्यलयको आदेश बमोजिम ट्रान्सफर गर्नु पर्दछ । विभाज्य कोष खाता अन्तर्गत ख-४.१ प्रदेश विभाज्य कोष खाता र ख-४.२ स्थानीय तह विभाज्य कोष खाता रहनेछन् । यस खाता अन्तर्गत संकलन हुने ३३ शीर्षक अन्तर्गतका राजस्व शीर्षकहरु यस प्रकार रहेका छन् ।

ख-४.१ प्रदेश विभाज्य कोष खाता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ बमोजिम प्रदेश सरकार अन्तर्गत राजस्व संकलन गर्ने बैंकबाट ३३ शीर्षक अन्तर्गत संकलन भएको राजस्व रकम मध्ये प्रत्येक महिना बाँडफाँड गरि ६० प्रतिशतले हुन आउने रकम प्रदेश विभाज्य कोषमा जम्मा गरिने छ ।

ख-४.२ स्थानीय तह विभाज्य कोष खाता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ बमोजिम प्रदेश सरकार अन्तर्गत राजस्व संकलन गर्ने बैंकबाट ३३ शीर्षक अन्तर्गत संकलन भएको राजस्व रकम मध्ये प्रत्येक महिना संघीय गरि ४० प्रतिशतले हुन आउने रकम स्थानीय तह विभाज्य कोषमा जम्मा गरिने छ ।

ख-५ हिसाब मिलान खाता

प्रदेश सरकारी कारोबार गर्ने बैंकसँग दैनिक हिसाब मिलान गर्न सञ्चित कोष संचालन गर्ने नेपाल राष्ट्र बैंकको कार्यालयले यो खाताको व्यवस्था गर्नुपर्छ । दैनिक रुपमा सरकारी कारोबार गर्ने बैंकले राजस्व जम्मा र खर्च भुक्तानीको लागि बैंकगत रुपमा निम्नानुसार सम्बन्धित खातामा खर्च/जम्मा गरी खुद लेनदेनको हिसाब सम्बन्धित बैंक खातामा खर्च/जम्मा गर्नु पर्दछ । यी खाता निरन्तर चालु रहन्छन् ।

ख-५.१ प्रदेश राजस्व हिसाब मिलान खाता

ख-५.२ प्रदेश खर्च हिसाब मिलान खाता

ख-५.३ प्रदेश धरौटी हिसाब मिलान खाता

ख-५.४ प्रदेश विविध तथा अन्य कोष हिसाब मिलान खाता

यी खाताहरु प्रदेशको सरकारी कारोबार गर्ने बैंकहरुले समेत प्रादेशिक कार्यालयहरुमा Mirror Account को रुपमा खाता खाता खोली नेपाल राष्ट्र बैंक संग दैनिक रुपमा हिसाब मिलान गर्नु पर्दछ ।

५. खाता सञ्चालक तथा दस्तखत नमुना प्रमाणित गर्ने

प्रदेश लेखा नियन्त्रक कार्यालय तथा अन्तर्गत इकाईहरुको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले प्रमाणित गर्नुपर्ने छ । प्रदेश रहेका कार्यालयहरुको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुखले प्रमाणित गर्नुपर्ने छ । खाता सञ्चालक

परिवर्तन गर्नु परेमा माथि लेखिएका अधिकारीहरुबाट प्रमाणित गरिएको दस्तखत नमुना कार्ड पून: प्राप्त गर्नुपर्ने छ ।

६. चेक तथा विद्युतीय भुक्तानी प्रणाली सम्बन्धी अन्य व्यवस्था

खाता सञ्चालकहरुको अनुरोधमा प्रत्येक खाताको लागि बैंकले छुट्टाछुट्टै चेकबुक वितरण गर्नु पर्दछ। बैंकबाट वितरण गरिएको चेकबुकको नम्बर सम्बन्धित खातामा स्पष्ट बुझिने गरी चढाउनु पर्दछ। सरकारी कोषबाट भुक्तानीको लागि खिचिएको चेकको भुक्तानी अवधि सम्बन्धित कार्यालयले चेक जारी गरेको मितिले ३० दिनसम्म मात्र हुनेछ । उक्त म्याद नाघी आएको चेकको भुक्तानी दिन मिल्दैन । जस्तै: कुनै चेक आर्थिक वर्षको असार मसमन्तको दिन काटिएको चेक साउन २९ गतेसम्म मात्र भुक्तानी दिन सकिन्छ । सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत वा सोझौ बैंकखातामा जम्मा गरी भुक्तानी दिनुपर्नेछ । तर, विषेश परिस्थितिमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा चेक जारी गर्ने कार्यालय मार्फत विषेश कारण उल्लेख गरी पत्र मार्फत अनुरोध भै आएमा नगदै समेत भुक्तानी दिन सकिनेछ ।

७. नेपाल सरकार A/C Payee चेक मार्फत हुने भुक्तानी चेकको सट्टा सम्बन्धित व्यक्ति, फर्म वा संस्थाको बैंक खातामा सोझै रकम जम्मा हुने गरी Nepal Clearing House Limited (NCHL) ले सञ्चालनमा ल्याएको Inter Bank Payment System वा Government Integrated Data Center (GIDC) ले सञ्चालनमा ल्याएको National Payment Gateway वा नेपाल राष्ट्र बैंकले सञ्चालनमा ल्याएको Real Time Gross Settlement (RTGS) वा यस्तै किसिमका नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त अन्य भुक्तानी प्रणाली मार्फत भुक्तानी आदेश प्राप्त भएमा विद्युतीय माध्यमबाट भुक्तानी दिने कारोबार सीमासम्मको लागि बैंकले भुक्तानी दिनुपर्ने छ । कुनै करणवश: गलत व्यक्तिको खातामा रकम जम्मा हुन गएको अवस्थामा सो रकम फिर्ता गर्नको लागि सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाईबाट अनुरोध भई आएको खण्डमा भुक्तानी दिने बैंकले रकम जम्मा भएको बैंकलाई तत्काल सो रकम रोक्का राखी प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाईबाट अनुरोध बमोजिम फिर्ता गर्ने व्यवस्थाको लागि आवश्यक कारबाही अघि बढाउनुपर्ने छ। सम्बन्धित बैंकबाट रकम फिर्ता प्राप्त भए पछी भुक्तानी दिने बैंकले सम्बन्धित खातामा जम्मा गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाईलाई जानकारी गराउनु पर्दछ। सरकारी कारोबारको हिसाब किताब छिटो छरितो रुपमा अद्यावधिक राख्ने र प्रतिवेदन गर्ने व्यवस्थाका लागि Online Reporting गर्न

सरकारी कारोबार गर्ने बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गत इकाई, सरकारी कार्यालय तथा स्थानीय तहले निम्न बमोजिम व्यवस्था मिलाउनु पर्दछ ।

८. अघिल्लो आर्थिक वर्षको चेक भुक्तानी गर्ने

अघिल्लो आर्थिक वर्षको आषाढ मसान्तसम्ममा कोष तथा लेखा नियन्त्रक कार्यालयकले क-२.१ बजेट खर्च खाता - विजोर वर्ष वा क-२.२बजेट खर्च खाता - जोर वर्ष तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले ख-२.१बजेट खर्च खाता - विजोर वर्ष वा ख-२.२बजेट खर्च खाता - जोर वर्ष खाताबाट भुक्तानी हुने गरी काटिएका चेकहरु मध्ये भुक्तानी हुन बाँकी चेकहरुको भुक्तानी अघिल्लो आ.व.जोर वर्ष वा विजोर वर्ष मध्ये जुन हो सोहि खाताबाट भुक्तानी दिनु पर्नेछ । श्रावण ३ गतेपछि भुक्तानीको लागि पेश हुन आएका चेकहरुको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको फाराममा समावेश भएका चेकहरुको मात्र भुक्तानी दिन मिल्नेछ ।

९. खर्च खाताको बार्षिक हिसाब मिलान गर्ने

बजेट खर्च खाता श्रावण २९ गतेसम्म मात्र चालु रहनेछ । श्रावण ३० गतेको दिन अघिल्लो आ.व.मा सञ्चालनमा रहेका खर्च खातामा रहेको कुल खर्चलाई सरकारी कार्यलय अन्तर्गका खर्च खाताहरु बन्द गर्ने विधि बमोजिम सरकारी कारोबार गर्ने वाणिज्य बैंकका शाखाहरुले आफ्नो बैंकको केन्द्रीय कार्यालयमा ट्रान्सफर गर्ने र केन्द्रीय कार्यालयले आफ्नो शाखाहरुबाट वार्षिक हिसाब मिलान गरेको रकम केन्द्रीय कार्यालय स्थित सरकारी कार्यालयमा हिसाब मिलान खातामा ट्रान्सफर गरी बार्षिक हिसाब मिलान गर्नु पर्दछ । यसरी हिसाब मिलान गरी सकेपछि उक्त खाताहरुमा कुनै रकमको गलत कारोबार भएको पाईएमा वा खर्च रकम फरक देखिन आएमा त्यस्ता रकमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पुर्व स्वीकृति लिई मात्र हिसाब मिलान गर्नु पर्दछ । तर, श्रावण ३० गते खाता बन्दी गर्नु अगावै त्यस्तो गल्ती भएको रकम फेला परेमा आन्तरिक हिसाब मिलान गर्न सकिनेछ ।

१०. निष्कर्ष

संघीय व्यवस्था अनुसार तीनै तहका सरकारी कारोबार व्यवस्थित गर्ने कार्य विभिन्न पक्षहरु संलग्न भएर सामुहिक प्रयासबाट मात्र संभव हुन्छ । यसका लागि महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालयहरु, कोष तथा लेखा

नियन्त्रक कार्यालयहरु, सरकारी कारोबार गर्ने तीनै तहका सरकारका सबै निकायहरु, सरकारी कारोबार गर्ने सबै बैंकका सबै शाखाहरु, सरकारी कारोबारसँग सम्बन्धित पक्षहरु र सेवा दिने अन्य सबै बैंक र तीनका सबै शाखाहरुले यस निर्देशिकाको पालनाबाट तीनैं तहका सरकारका सञ्चित कोषको व्यवस्थापन तथा सरकारी कारोबार व्यवस्थित रुपमा सञ्चालन हुने विषयमा विश्वस्त हुन सकिन्छ ।

सन्दर्भ सामाग्री

नेपाल राष्ट्र बैंक, (२०७६) ***सरकारी कारोबार निर्देशिका, २०७६*** काठमाण्डौ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,(२०७५), ***राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग जानकारी पुस्तिकाः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,*** काठमाण्डौ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,(२०७५), ***राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग जानकारी पुस्तिकाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४,*** काठमाण्डौ ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मन्त्रालय, कानून किताव व्यवस्था समिति (२०६४) ***आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४,*** काठमाण्डौ ।

सातै प्रदेशका आर्थिक कार्यविधि नियमावलीहरु

MTEF in Provincial and Local Government

✍Harihar Poudyal*

Introduction :

Medium Term Expenditure Framework (MTEF) is a transparent planning and budgeting process for allocating public resources to their strategic priorities. MTEF ensures overall fiscal discipline from planning to final reporting. The process entails two main objectives: the first is setting fiscal targets and the second is allocating limit resources to strategic priorities .

MTEF is a tool for determining the available resources and allocating these resources in line with government priorities. MTEF consists of a top-down resource envelope, a bottom- up estimation of the current and medium-term costs of existing policy and, ultimately, the matching of these costs with available resources in the context of the annual budget process. The “top-down resource envelope” is fundamentally a macroeconomic model that indicates fiscal targets and estimates revenues and expenditures, To complement the macroeconomic model, the sectors engage in “bottom-up” reviews that begin by scrutinizing sector policies and activities with an eye toward optimizing intra-sectoral allocations. If successfully applied than MTEF can improve macroeconomic balance by developing a multi-year resource framework (expenditure & revenue), assistin improving resource allocation between & across sectors,improve predictability off unding for line ministries.

Nepal initiated several reforms in line with the liberalization through the implementation of the since Eighth Periodic Plan. These (Eighth to Fourteenth) plans mainly focused on macroeconomic reforms. Similarly, this Plan has adopted special policies and programs to provide relief to common people including the helpless and the poor, and to bring improvement in their socio-economic condition. Similarly, by giving continuity to reforms and incomplete projects initiated in these plans, policies and programs focusing on the needs and desires of the common people have been included. As MTEF is a strong tool for matching medium term plan priorities with the annual budget, it is important thatthe process be given due importance and regarded as a major step in formulating annual budget.

In Nepal, MTEF was begun in fiscal year 2002/03 focusing on major sectors which cover more than 70% of budget (education, health, agriculture, irrigation, electricity, roads and water supply). It aimed mainly to bridge the gap between periodic plan and annual programs, rationalize and prioritize programs and expenditures in line with the periodic Plan’s goals and objectives, adjust annual expenditure programs of the Plan to resource availability, maintain macro-economic stability, and to provide funding guarantee to development activities of first priority projects.

---

* ✍Under-Secretary, Ministry of Economic affairs and Planning, Province : 1

After constituted federalism in Nepal, the government is near to public. All of 761 governments (1 - federal, 7- provincial, 753 Local) are free to adopt MTEF. Except national pride projects, rest of game changing projects and programs run by provincial government. There is a few resources but high demand of expenditure due to govern by near (own elected government). Some of provincial government adopt their own periodic plan and MTEF guidelines and directives as well.

Why MTEF ?

MTEF is introduced because of the problems encountered in making a sound and effective budget. Medium term plans which set out national and sectoral objectives and policies are not always linked to the availability of resources through a macroeconomic framework. The budget preparation process does not link policies, the achievement of objectives and meeting of targets with the funds required. The recurrent and administrative expenditure budget is often prepared on an incremental basis (adding a percentage to last year's estimates) without reviewing whether the activities that are being funded are in line with policy and should be continued. Activities continue from year to year while resources may be declining, therefore some activities are underfunded. The classification of the budget does not always show activities. The investment budget is made up of a large number of projects, often lacking priorities and thinly distributing resources, making it more difficult to achieve targets and deliver value of money. The recurrent and investment budgets are prepared quite separately, with the result that new investments may be funded when there are insufficient recurrent costs to operate and maintain new infrastructure. So MTEF is necessary for provincial and local government as well. Some key objectives of MTEF are as:

- to improve macroeconomic balance (fiscal discipline),
- to better up inter and intra-sectoral resource allocation,
- to make budget making more realistic and dependable by changing from an annual incremental approach to estimating the actual cost of activities in delivering goods and services and integrating the preparation of recurrent and development budget,
- to ensure greater budgetary predictability for line ministries,
- to make more efficient use of public monies,
- to introduce a medium term perspective in policies, expenditures and resources,
- to ensure greater political accountability for public expenditure outcomes through more legitimate decision making process, and
- to make greater credibility of budgetary decision making.

To achieve these objectives, MTEF focuses more on a fundamental change to the budget preparation process involving: a more strategic approach to the allocation of resources linked to ministries, greater emphasis on the performance and achievement of objectives in sectors, improvements to the budget classification so that the types of activities being funded, using the activities to be implemented as the basis for estimating both the recurrent,capital and development budgets, building strong links between all stages in the public financial

management cycle: budget preparation, implementation, monitoring and evaluation.

Legal Provisions :

Federal financial procedure is mentioned in part 10 of the Constitution of Nepal 2072. According to article 119 of the Constitution of Nepal 2072 every year finance minister should be presented estimate of revenues and expenditures to parliaments. Same as provincial financial provision in part 16 and local financial procedures mentioned in part 19 of the Constitution. The newly adopted federal law "Financial Procedure and fiscal responsibility act 2076" is mentioned in clause 6 "MTEF should be prepared". Same as MTEF is declared in Provincials financial procedural laws. Some of Provincial Planning Commissions constructed planning and MTEF guidelines and directives, there may so many functional committees for preparing MTEF, monitoring tools and evaluation techniques as well.

How to Implement ?

MTEF is important to take account of both budget preparation and implementation. This places the budget preparation process within a wider public expenditure management cycle, which captures the policy, planning, budgeting, execution, accounting & monitoring and reporting & audit processes.

Budget Expenditure Flow



source: NPC

Example : (How to Purpose 3 yrs budget)

Rs. in 000

S.No.	Economic Code	Description	2077/78	2078/79	2079/80
1	31115	Furniture and Fixture	2000	00	200
2	22411	Service and Consultation	00	20	200
3	31112	Building Construction	2000	40000	00
4	31113	Structural Reform (Building)	00	00	200

Commonly all of administrative expenditure are purposed in incremental basis, in this example the budget is actual activities basis which is emphasized through MTEF. The MTEF shows the stopping activities and ongoing activities. It could not purposed for building construction budget every year, after completion building, than need for repair and maintenance budget.

Limitations :

However MTEF also has some limitations, that the technique requires a lot of time and resources to identify the actual problem, the decision units cannot be developed easily because objectives and outputs of public organizations are not easy to identify and measure clearly, the decision packages or programs cannot be arranged easily in order of priority; such actions are very subjective, politicians can decide to carry out certain activities though the activities can be very costly and uneconomical. MTEF is new in Province and Local government, they are practicing for simple priority budgeting. Provincial and Local governments are faced lack of technical and facilitating human resources for plan to result. Lack of proper laws and procedures, limit catchment power, imitation from federal government (but not best practices only), MTEF linkages with vertical governments may listed in policy level problems.

Conclusion :

Medium Term Expenditure Framework (MTEF) aims to bridge the gap between periodicplan and annual programs, rationalize and prioritize programs and expenditures in line with the periodic Plan’s goals and objectives, adjust annual expenditure programs of the Plan to resource availability, maintain macro-economic stability, and to provide funding guarantee to development activities of first priority projects. MTEF has i) helped to link governmental expenditures with the national goals and sectoral objectives, thereby improving its expenditure planning, ii) helped to attain the result-oriented planning process by the ministries, iii) enabled the Government to analyze and assess efficiency and effectiveness of its projects/programs, v) has provided valuable information for allocating expenditure and determining outputs of programs/projects, and vi) has encouraged the performance-based budget release procedure. Thus the MTEF has been helpful in meeting the fiscal challenge. Low levels of development activities have remained the basic challenges of public spending. Therefore, the level of Government expenditures is to be increased to contain the growth and services. So MTEF is essential for program implementation, institutionalization and capacity building, database management,

enhancement of implementation capacity. Lastly, In the context of Nepal, all budget priorities are in infrastructure (basically roads). But priorities of budgets of Provincial and Local governments should be changed to Public health prevention after worldwide Corona Virus (COVID-19) pandemic.

References :

- http://ppc.p1.gov.np/
- http://siteresources.worldbank.org/PSGLP/Resources
- https://elibrary.worldbank.org/doi/abs/
- https://www.npc.gov.np/en/category/medium_term_expenditure_framework
- https://www.odi.org/sites/odi.org.uk/files/odi-assets

नेपालमा संघ, प्रदेश र स्थानीय तहको कर तथा गैरकरका अधिकार क्षेत्र, वित्तीय हस्तान्तरण र राजस्व बाडफाड अवस्था, व्यवस्था र अन्तर-सम्बन्ध

✍गजेन्द्र प्रसाद यादव*

विषय प्रवेशः

नेपालको इतिहासमा विभिन्न परिवर्तन भएको देखिन्छ । जनताले आफ्नो अधिकार सुनिश्चित गर्न विभिन्न समयमा गरेका योगदान आफ्नो शासन कस्तो हुने भन्ने उद्देश्यले गरेको देखिन्छ ।भारतमा अंग्रेजको उपनिवेशको अन्त र नेपालमा राणा शासन विरुद्ध चलेको आन्दोलनको पृष्ठभूमिमा जनतालाई शासनमा सहभागी गराउने उद्देश्य सहित नेपाल सरकारको बैधानिक कानून २००४ जारी भयो जुन कार्यन्वयन नै नभई समाप्त हुन पुग्यो ।नेपालमा राणा शासनको बैधानिक अन्त्य पश्चात नेपालको अन्तरिम संविधान २००७ सालमा आयो जसले जनताको छोरा कार्यकारी हुने अवसर प्रदान गर्यो तर त्यो लामो समय टिक्न सकेन र राजा महेन्द्रको कु बाट नेपाल अधिराज्यको संविधान २०१५ जारी भयो जुन फेरी जनताको अधिकारको मामिलामा पछाडी फर्की सकेको थियो । यो संविधान पनि चार बर्ष टिक्न नसकी २०१९मा नेपालको संविधान २०१९ जारी भयो र यसले पनि जनताको बहुदलीय अधिकार सुनिश्चित गर्न नसके पछी जन-आन्दोलनको पृष्ठभूमि बाट नेपाल अधिराज्यको संविधान २०४७ आयो जसले परिष्कृत रूपमा प्रजातन्त्रलाई आत्मसात गर्यो । तत्कालिन समयको सर्वोत्कृष्ट संविधानको रूपमा परिचित उक्त संविधानको कार्यान्वयनको चरणमा वि.स.२०५२ साल देखि शसत्र द्वन्द्व शरु भयो जुन दश वर्ष सम्म रह्यो यसै बीच राजा ज्ञानेन्द्रको कदम प्रति असन्तुष्ट तत्कालिन सबै सात राजनीतिक दल र माओवादीले राजाका विरुद्ध जनआन्दोलन गरि पूनर्स्थापित व्यवस्थापिकालाई अन्तरिम व्यवस्थापिकामा परिणत गरी नेपालको अन्तरिम संविधान २०६३ जारी भयो जसले बहुदलीय लोकतान्त्रिक मूल्यमान्यता र राज्य पुनर्संरचनाको दिशाबोधलाई साथ् लियो र राजालाई विदाई गर्यो तत् पश्चात संविधान सभाको निर्वाचन सम्पन्न भयो तर सो सभाले नेपालको संविधान बनाउन नसकी दोस्रो संविधान सभाको निर्वाचन गर्यो जुन दोस्रो संविधानसभाले नेपालको संविधान बनाउने कार्य गर्यो र

* ✍उप सचिव (राजस्व), आर्थिक मामिला तथा योजना मन्त्रालय , प्रदेश नं १ विराटनगर ।

नेपालको वर्तमान संविधान बि.स. २०७२ साल असोज ३ गते देखि लागु भई मुलुकमा संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापना भयो । उक्त संविधानले शासकीय शक्तिलाई राज्यका विभिन्न तीन तहमा संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड गरी राजनीतिक, सामजिक, एवं वित्तीय स्वतन्त्रता उपयोग गर्ने आधार प्रदान गर्यो । यसै परिप्रेक्ष्यमा वित्तीय संघीयता कार्यान्वयन अन्तर्गत संघ, प्रदेश र स्थानीय तहका कर तथा गैरकरका संवैधानिक एवं कानूनी अधिकार क्षेत्र, अन्तर सरकार वित्त हस्तान्तरन र राजस्व बाँडफाँडको अन्तर सम्बन्ध समेत स्थापित हुन पुग्यो ।

पृष्ठभूमि :

वित्तीय संघीयता संविधान र कानून बमोजिम संघ प्रदेश र स्थानीय तहले कार्य जिम्मेवारी पुरा गर्न आवश्यक स्रोत परिचालन सहितको अधिकारको प्रयोगका लागि आवश्यक छ ।नेपालको संविधानको धारा ५७ बमोजिम राज्य शक्तिको प्रयोग र अनुसूची ५,६,७,८ र ९ बमोजिम एकल र साझा अधिकार प्रदान गरी तीन तहलाई कार्य जिम्मेवारी तोकेको छ ।तोकिए बमोजिमका जिम्मेवारी पुरा गर्न कराधिकार बाहेक प्रदेश र स्थानीय तहलाई संघीय संचित कोषबाट र स्थानीय तहलाई प्रदेश संचित कोषबाट राजस्व बाँडफाँड सहित वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानबाट वित्तीय हस्तान्तरण मार्फत स्रोत उपलब्ध गराउनु पर्ने व्यवस्था नेपालको संविधानको धारा ६०ले गरेको छ ।तीन तहका सरकारले घाटा बजेट प्रस्तुत गर्न पाउने भएकाले वित्त व्यवस्थापनका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था छ। पारदर्शी र न्यायपूर्ण वित्तीय हस्तान्तरण गर्दै वित्तीय संघीयतालाई संस्थागत गर्ने, सन्तुलित र समन्यायीक ढंगले प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास गर्दै विकास र समृद्धिको आधार सिर्जना गर्ने गरि अन्तर सरकारी वित्त हस्तान्तरण व्यवस्थापन गर्नु आवश्यक छ ।

संघ, प्रदेश र स्थानीय तहको कर तथा गैरकरका अधिकार क्षेत्रः

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासनको व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित रहेको छ।राजस्व अधिकारका कानूनी स्रोतहरूमा नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सन्चालन ऐन,२०७४, प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन,२०७५, प्रदेश वित्त व्यवस्थापन ऐनहरु, संघीय आर्थिक ऐन, प्रदेश आर्थिक ऐनहरु, सम्बन्धित स्थानीय तहको आर्थिक ऐनहरु, संघीय सरकारबाट प्राप्त परिपत्र,

निर्देशन, मार्गदर्शनहरु तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट प्राप्त परिपत्र, निर्देशन, मार्गदर्शनहरु रहेका छन । नेपालको संविधान को भाग १० धारा ११० संघीय आर्थिक कार्यप्रणाली र धारा १२५ अर्थ विधयेक सम्बन्धी व्यवस्था रहेको छ भने यसका मूलभूत सिद्धान्त धारा ११५ मा उल्लेख गरिएको छ जसमा कानून बमोजिम बाहेक कुनै कर नलगाईने र नउठाईने र कानून बमोजिम बाहेक सरकारबाट कुनै ऋण नलिईने र जमानत नदिइने व्यवस्था रहेको छ । उक्त संविधानले राजस्व सम्बन्धि आधार सन्दर्भमा धारा ६०(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको बिषयमा कर लगाउन र ती श्रोतहरुवाट राजस्व उठाउन सक्ने, धारा २३२ को उपधारा ८ः" नेपाल सरकारले आफैं वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून वमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ, धारा २३६ अन्तर प्रदेश व्यापार अन्तर्गत यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन तर साझा सूची भित्रको बिषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे वमोजिम हुनेछ भनि व्यवस्था रहेको छ ।

नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ अनुसार कर तथा गैर सम्बन्धी अधिकार			
संघीय सरकार	**प्रदेश सरकार**	**स्थानीय सरकार**	**तीनै तहको अधिकार**
क) कर १. भन्सार महशुल २. अन्तःशुल्क ३. मूल्य अभिवृद्धि कर ४. संस्थागत आयकर	क) कर १. घरजग्गा रजिष्ट्रेशन शुल्क २. सवारी साधन कर, ३. मनोरञ्जन कर, ४. विज्ञापन कर, ५. कृषि आयमा कर	क) कर १. सम्पत्ति कर, २. घर वहाल कर, ३. घर-जग्गा रजिष्ट्रेशन शुल्क, ४. सवारी साधन कर ५. भूमि कर (मालपोत),	१. सेवा शुल्क २. दस्तुर ३. दण्ड जरिवाना ४. प्राकृतिक स्रोत बाट प्राप्त रोयल्टी

५. व्यक्तिगत आय कर ६. पारिश्रमिक कर ख) गैर कर १. राहदानी शुल्क २. भिसा शुल्क ३. पर्यटन दस्तुर ४. सेवा शुल्क दस्तुर ५. जुवा/चिठ्ठा, क्यासिनो ६. दण्ड जरिवाना ग) संघीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।	ख) गैर कर १.सेवा शुल्क दस्तुर २. पर्यटन शुल्क ३. दण्ड जरिवाना ग) प्रदेशको अधिकारक्षेत्रको विषयमा प्रदेश कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।	६. मनोरञ्जन कर ७. विज्ञापन कर ८. व्यवसाय कर ख) गैर कर १. सेवा शुल्क दस्तुर, २. पर्यटन शुल्क ३. दण्ड जरिवाना ग) स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर कर ।	५. पर्यटन शुल्क

वित्तीय हस्तान्तरण : शासन व्यवस्थामा कुनै एक सरकारी तहबाट अर्को फरक वा उस्तै सरकारी तहमा सार्वजनिक वित्त वा आर्थिक स्रोत हस्तान्तरण गर्ने प्रबन्धलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण भनिन्छ। यो वित्तीय संघीयताको एक प्रमुख र महत्वपूर्ण पाटो हो। यो संघीय एकाइहरूलाई वित्तीय स्रोत वितरण गरी वित्तीय स्थायित्व दिलाउने र कार्य जिम्मेवारी पूरा गर्ने आधार खडा गर्ने कार्य पनि हो। संघ, प्रदेश र स्थानीय तहहरूले एकआपसमा वा एकअर्कामा अनुदान वा राजस्व संघीय वा दुवै तरिकाबाट वित्तीय स्रोत प्रवाह गर्नु नै अन्तरसरकारी वित्तीय हस्तान्तरण हो। यस्तो हस्तान्तरणलाई मुख्य दुई किसिममा वर्गीकरण गर्न सकिन्छ।

- लम्बीय वित्तीय हस्तान्तरण (Vertical Fiscal Transfer) :संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा वा प्रदेश सरकारबाट स्थानीय तहमा गरिने वित्त हस्तान्तरण लम्बीय वित्तीय हस्तान्तरण (Vertical Fiscal Transfer) हो
- क्षितिजीय वित्तीय हस्तान्तरण (Horizontal Fiscal Transfer) :समान हैसियतका संघीय एकाइबीचमा हुने वित्त हस्तान्तरण वा एक प्रदेशबाट अर्को प्रदेशमा र एक

स्थानीय तहबाट अर्को स्थानीय तहमा आर्थिक स्रोत उपलब्ध गराउने कार्य लाई क्षितिजीय वित्तीय हस्तान्तरण (Horizontal Fiscal Transfer) हो ।

अन्तरसरकारी वित्तीय हस्तान्तरणका मुख्य दुई विधि प्रचलनमा छन्, जसलाई तल प्रस्तुत गरिएको छः

- ❖ अनुदान : (Grant)अन्तरसरकारी वित्तीय अनुदान अन्तर्गत विभिन्न प्रकारका वित्तीय अनुदान एक तहबाट अर्को तहमा प्रदान गरिन्छ । अनुदान वितरणको आधार एवं सीमा स्वतन्त्र आयोग वा कानूनले तोकेबमोजिम हुनेछ । समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान यसका उदाहरण हुन् ।
- ❖ राजस्व बाँडफाँड :(sharign Revenue) राजस्व बाँडफाँड अन्तर्गत कुनै एक सक्षम र उपयुक्त संघीय तहले संकलन गरेको राजस्व अर्को संघीय तहलाई निश्चित नियम र ढाँचामा आधारित भई बाँड्ने पद्दति पर्दछ । जस्तो संघले आफूले उठाएको राजस्वमध्ये केही रकम प्रदेश र स्थानीय तहलाई प्रदान गर्नु राजस्व बाँडफाँडको उदाहरण हो।

संघीय नेपालमा अन्तर-सरकारी वित्त हस्तान्तरणका लागि गरिएका प्रयास

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दतिको व्यवस्था गरी राज्य शक्तिलाई संघ, प्रदेश र स्थानीय तहमा संघीय गरेको छ । संविधानको धारा ५९ ले तीनवटै तहलाई संविधानको अनुसूचीमा व्यवस्था गरिए बमोजिमको कार्यक्षेत्रमा रही आर्थिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरेकोछ । वित्तीय संघीयता कार्यान्वयन गर्न अन्तरसरकारी वित्तीय हस्तान्तरणका लागि भए गरिएका प्रयासलाई देहाय बमोजिम स्पष्ट पार्न सकिन्छ :

संवैधानिक र कानूनी व्यवस्था

संविधानको धारा ६० मा अन्तरसरकारी वित्तीय हस्तान्तरणका लागि अन्तरसरकारी वित्तीय अनुदान र राजस्व संघीय सम्बन्धी व्यवस्था छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले अन्तरसरकारी वित्त हस्तान्तरणका आधार एवं ध्यान दिनुपर्ने कुरा तय गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले आयोगले राजस्व संघीयको ढाँचा र आधार निर्धारण गर्दा र समानीकरण अनुदानको सिफारिस गर्दा लिनुपर्ने आधारको व्यवस्था गरेको छ । संवैधानिक र कानूनी व्यवस्थाको सारांशलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

अन्तरसरकारी वित्तीय अनुदान :

संघीय सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई देहाय बमोजिमका वित्तीय अनुदान प्रदान गर्न सक्नेछ :

१) समानीकरण अनुदान (Equalization Grant) : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा संघीय कानून बमोजिम संघीय सरकारले प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदान प्रदान गर्नेछ। प्रदेश सरकारले प्रदेशको क्षेत्रभित्रका स्थानीय तहलाई प्रदेश कानून बमोजिम संघबाट प्राप्त अनुदान र संकलित राजस्वबाट वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको सिफारिशका आधारहरु प्राकृतिक स्रोत तथा वित्त आयोग) बमोजिम(१६)२०७४,ऐन

- प्रदेश तथा स्थानीय तहमा शिक्षा स्वास्थ्य जस्ता मानव विकास सूचकांक,
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको आवश्यकता
- प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिकसामाजिक वा अन्य कुनै प्रकारको विभेदको , अवस्था
- प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,
- प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्याउनुपर्ने सेवा,
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता

आ.व. २०६६/७७मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिशका लागि प्रयोग भएका सूचकहरु

- प्रदेशको सेवा लागतको सूचकाङ्क
- स्थनीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता विचको अन्तर
- प्रदेश तथा स्थानीय तहको आर्थिक सामाजिक तथा अन्य असमनता ,सूचक
- मानव गरिवी सूचकाङ्क
- बहुआयामिक गरिवी सूचकाङ्क
- पूर्वाधार सूचकाङ्क

नेपाल सरकारबाट प्रदेशमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिसका आधारहरु(आ.व. २०७६/७७)

सूचक	भार (प्रतिशत)
लागत सूचकाङ्क	६०
बहुआयामिक गरिवी सूचकाङ्क	१५
सामाजिक आर्थिक असमानता सूचकाङ्क	१५
पूर्वाधार सूचकाङ्क	१०
जम्मा	१००

नेपाल सरकार र प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिसका आधारहरु (आ.व. २०७६/७७)

सूचक	भार (प्रतिशत)
खर्च आवश्यकता र राजस्व क्षमता बजेटको अन्तर	७०
मानव गरिवी सूचकाङ्क	१५
आर्थिक, सामाजिक तथा अन्य असमानता सूचकाङ्क	५
पूर्वाधार सूचकाङ्क	१०
जम्मा	**१००**

२) सशर्त अनुदान (Conditional Grant): संघीय सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहहरूलाई कुनै कार्य गर्ने शर्तमा सशर्त अनुदान उपलब्ध गराउने र सशर्त अनुदान सम्बन्धी कार्यविधि संघीय सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ ।

सशर्त अनुदान प्रदान गर्ने मार्गदर्शन (आ.व.२०७६/७७)

क) देशव्यापी रूपमा राष्ट्रिय नीतिहरुको कार्यान्वयन गर्ने

ख) राष्ट्रिय मानक स्थापित गर्ने

ग) प्रदेश वा स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्ने

३) विशेष अनुदान (Special Grant) : संघीय सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहहरूलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत पूर्वाधार विकासका लागि विशेष अनुदान दिन सक्ने छन् ।

४) समपूरक अनुदान (Mutual Grant / Challenge Fund) :तीन तहका सरकारमध्ये कुनै दुई वा तीनवटै तहले संयुक्त लगानीमा कुनै पूर्वाधार विकाससँग सम्बन्धी आयोजना सम्पन्न गर्ने प्रयोजनका लागि समपूरक अनुदान शीर्षकमा रकम विनियोजन गर्न सक्ने व्यवस्था छ।

संस्थागत व्यवस्था :

- **अन्तरसरकारी वित्त परिषद्** : संघीय अर्थ मन्त्रीको संयोजकत्वमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरु तथा सबै प्रदेशबाट स्थानीय तहको प्रतिनिधिहरु सदस्य भएको सो परिषदले अन्तर-सरकार वित्त व्यवस्थापनमा देखिएका समस्या सम्बन्धमा छलफल गर्न सक्ने गरी गठन गरिएको छ।
- **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग** :अन्तरसरकारी वित्तीय हस्तान्तरणको सिफारिस, ढाँचा र आधार तयार पार्नका लागि उक्त आयोग गठन भई यसले कार्य सम्पादन गरिरहेको छ।
- अर्थ मन्त्रालय अन्तर्गत वित्तीय संघीयता समन्वय महाशाखा संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून कार्यन्वयन , समन्वय र नियमन सम्बन्धी कार्य लगायत अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी काम गर्न गठन गरिएको छ।
- प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालय वित्त व्यवस्थापन महाशाखा र अन्तर्गत शाखाहरुको व्यवस्था गरिएको छ।

  स्थानीय तहहरु

राजस्व बाँडफाँड (Revenue sharing)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को व्यवस्था

- दफा-५ एकल कर प्रशासन सम्बन्धि व्यवस्था

  नेपाल सरकार, प्रदेश वा स्थानीय तह मध्ये कुनै दूइ तहले उठाउने देहायका कर तथा गैरकर देहाय बमोजिम एकल कर प्रशासन सम्बन्धि व्यवस्था बमोजिम उठाइने

छ । अर्थात् एउटा तहले शुल्क उठाउँदा अर्को तहले लगाएको कर र शुल्क समेत उठाउने

- ❖ सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने
  - o सवारी करको स्थानीय तहमा जाने (४०%) रकम प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा संघीय हुने
  - o सवारी साधन करबाट असुल भएको राजस्व मध्ये ४०% रकम बिभाज्य कोषमा जम्मा गरि संघीय गर्न NNRFC ले निर्धारण गरेको आधार) सडकको लम्बाई - ५०% (बढी सडक बढी प्रदुषण)

क) जनसंख्या - ४५% (प्रभावित जनताको अधिकार)

ख) हरियाली तथा वन क्षेत्र :- ५% (वन क्षेत्रको प्रवर्धन लाई प्रोत्साहन गर्ने)

ग) प्रदुषणको तथ्यांक नहुनाले कार्बन प्रशोचन गर्ने मापकको रुपमा लिएको

- ❖ घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने :
  - o उल्लिखित राजस्वहरु उठाउन प्रदेश र गाउँपालिका तथा नगरपालिकामा साधन स्रोत, प्रविधि, जनशक्ति, तथा कार्यालयको व्यवस्था नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिम दर अनुसारको कर तथा शुल्क उठाई सोहि ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित बिभाज्य तथा संचित कोषमा दाखिला गर्ने
  - o उल्लिखित व्यवस्था संघीय ऐनवाट अन्यथा व्यवस्था भएकोमा बाहेक सम्बत २०७७ असार मसान्त सम्म बहाल रहने(आर्थिक ऐन ०७५)
- ❖ मनोरंजन करको दर प्रदेशले लगाउने र पालिकाले उठाउने
- ❖ विज्ञापन करको दर पालिकाले लगाउने र उठाउने

स्थानीय सरकार संचालन ऐन २०७४

- ❖ दफा ६४ प्रदेश र स्थानीय तहका दोहोरो अधिकार क्षेत्र भित्रका करको दर निर्धारण र संकलन
- ❖ घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका र नगरपालिकाले गर्ने

- सवारी साधन करको दर प्रदेशले निर्धारण तथा संकलन गर्ने तर स्थानीय तहले टांगा, रिक्सा, इरिक्सा-, अटो रिक्साको करको दर तोक्ने तथा संकलन गरि आफ्नो कोषमा जम्मा गर्न सक्ने छ ।
- मनोरंजन करको दर प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका र नगरपालिकाले गर्ने
- विज्ञापन करको करको दर गाउँपालिका र नगरपालिकाले निर्धारण तथा संकलन गर्ने
- पदयात्रा र पर्यटन शुल्क प्रदेशले निर्धारण र संकलन गर्ने तथा बाँकि क्रियाकलापको शुल्क गाउँपालिका र नगरपालिकाले निर्धारण र संकलन गर्ने
- प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क प्रदेशले निर्धारण र गाउँपालिका र नगरपालिकाले संकलन गर्ने

राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था

संघीय सरकारले संकलन गरेको राजस्वमध्ये केही रकम प्रदेश र स्थानीय तहलाई राजस्व क्षमता र खर्चको आवश्यकता हेरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार र ढाँचामा संघीय गर्नुपर्नेछ ।प्रदेश सरकारले समेत स्थानीय तहलाई तोकिएको आधार र ढाँचामा संकलित र प्राप्त राजस्व बाँडी गर्नु पर्छ ।

क) नेपालको संविधानको धारा ६०(३)

उपधारा (२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्नु पर्ने व्यवस्था रहेको

उपधारा(३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा हुने व्यवस्था रहेको

उपधारा (७) संघ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँड गर्दा सतुलित र पारदर्शी रूपमा गर्नु पर्ने व्यवस्था

उपधारा (८) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउदा ध्यान दिनु पर्ने विषयहरु

- राष्ट्रिय नीति
- राष्ट्रिय आवश्यकता
- प्रदेश र स्थानीय तहको स्वायत्तता
- प्रदेश र स्थानीय तहले जनतालाई पुर्याउनु पर्ने सेवा
- प्रदेश र स्थानीय तहलाई प्रदान गरिएको आर्थिक अधिकार
- राजस्व उठाउन सक्ने क्षमता

- राजस्वको सम्भाव्यता र उपयोग
- विकास निर्माणमा गर्नु पर्ने सहयोग
- क्षेत्रीय असन्तुलन, गरिवी र असमानताको न्यूनीकरण
- बन्चितिकरणको अन्त्य
- आकस्मिक कार्य
- अस्थायी आवश्यकता पुरा गर्न सहयोग गर्नु पर्ने विषय

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था

दफा ६ : मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँड

(१) नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँड गर्न नेपाल सरकारले एक संघीय विभाज्यकोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ।

(२) संघीय बिभाज्य कोषमा जम्मा भएको रकम मध्ये ७०% नेपाल सरकारलाई १५% प्रदेशलाई र १५% स्थानीय तहलाई बाँडफाँड गरिनेछ।

१) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड आयोगको सिफारिशमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने छ ।

दफा १४ आन्तरिक ऋण :

- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिश गरेको सीमा भित्र रही आन्तरिक ऋण लिन सक्ने तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्ने
- नेपाल सरकार तथा प्रदेश सरकारले प्रचलित कानूनको अधीनम रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था
    - अन्तरिक ऋणको सिमा (आ.व. २०७६/ ७७)
    - प्रदेशको लागि
    - प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र प्रदेश तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १०५मा नबढ्ने गरी आन्तरिक ऋण उठाउने
    - स्थानीयको लागि

- o संघीय सरकार र प्रदेश संचित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँड र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० % मा नबढ्ने गरी आन्तरिक ऋण उठाउने
- o दफा १५ नेपाल सरकारले ऋण दिन सक्नेः

❖ नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्नेछ

ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४,

दफा १५ — आयोगले नेपाल सरकार , प्रदेश तथा स्थानीय तह विच राजस्व बाँडफाँडको सिफारिश गर्दा लीने आधारहरु

❖ जनसंख्या र जनसांख्यीक वितरण
❖ क्षेत्रफल
❖ मानव विकास सूचकाङ्क
❖ खर्चको आवश्यकता
❖ राजस्व संकलनमा गरेको प्रयास
❖ पूर्वाधार विकास
❖ विशेष अवस्था

प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँडका सूचकहरु

❖ मानव विकास सूचकाङ्क
❖ जनसंख्या र जनसांख्यीक वितरण
❖ क्षेत्रफल
❖ बस्तु तथा सेवाको तुलनात्मक मूल्य सूचकाङ्क
❖ सूचना तथा संचार प्रविधिमा पहुँच
❖ सामाजिक आर्थिक असमानता
❖ सडक

नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहका लागि राजस्व बाँडफाँड गर्न अबलम्बन गरिएका सूचकाङ्कहरु

आ.व. २०७६/७७ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिश गरेको ढाँचा

सूचक	भार (प्रतिशतमा)	
	प्रदेश	स्थानीय
जनसंख्या र जनसांख्यीक वितरण	७०	७०

क्षेत्रफल	१५	१५
मानव विकास सूचकाङ्क	५	५
न्यून विकास सूचकाङ्क	१०	१०
जम्मा	१००	१००

राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमको उपयोग

- प्रदेश तथा स्थानीय तहले राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम मुलत सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासको क्षेत्रमा उपयोग गर्नु पर्ने ।
- प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट नै व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक र संचालन खर्चका लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रूपमा राजस्व कम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गर्ने ।

प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँडको व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा व्यवस्था भए बमोजिम प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने राजस्व निम्न तालिकामा देखाइएको छ ।

राजस्व शीर्षक	संकलन गर्ने	संघीय	
		प्रदेश सरकार	स्थानीय
सवारी साधन कर	प्रदेश	६० %	४०%
घर जग्गा रजिष्ट्रेशन, रोका र सेवा शुल्क	स्थानीय	४०%	६० %
पर्यटन शुल्क	स्थानीय	४०%	६० %
मनोरंजन कर	स्थानीय	४०%	६० %
विज्ञापन कर	स्थानीय	४०%	६० %
प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क	स्थानीय	४०%	६० %

रोयल्टी बाँडफाँड(Royalty sharing)

दफा-७ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खाता रहने, त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गरी अनुसूची ४ बमोजिम बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

अनुसूची ४

क्र.सं.	रोयल्टीको शिर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश सरकार	सम्बन्धित स्थानीय तहहरु
१	पर्वतारोहण	५०%	२५%	२५%
२	विद्युत	५०%	२५%	२५%
३	वन	५०%	२५%	२५%
४	खानी तथा खनिज	५०%	२५%	२५%
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०%	२५%	२५%

द्रष्टब्यः

नेपाल सरकारले प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्राकृतिक स्रोतको उपयोगवाट प्रभावित प्रदेश र स्थानीय तह (सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समिति) त्यसरी प्रभावित भएको अनुपातमा समन्यायीक रुपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड तथा वितरण गर्ने छ ।

राजस्व बाँडफाँड, कर र गैर कर अधिकारमा तथा अन्तर-सरकारी वित्त व्यवस्थापनका समस्याहरु

- प्रदेश र स्थानीय तहको विश्वसनीय र तहगत रूपमा खण्डीकृत तथ्यांक नहुनु
- प्रदेश र स्थानीय तहमा वित्त व्यवस्थापन सम्बन्धी अनुभवको कमि
- प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पहिचान हुन नसक्नु
- प्रदेश र स्थानीय तहको राजस्व अधिकार भए तापनि तिनको वास्तविक राजस्व क्षमता पहिचान नहुनु
- तीन तहका सरकारले आन्तरिक ऋण परिचालनको लागि उपलब्ध बजार र समग्र वित्तीय स्थायित्वमा पर्ने प्रभाव आँकलन गर्न कठिन हुनु
- तीन तहका आर्थिक पक्षहरुको सम्बन्धमा आवश्यक नीति तथा कानूनको अभाव रहनु
- संघ, प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा दोहोरोपना कायमै रहनु
- वित्तीय हस्तान्तरणका विभिन्न स्वरूप र उपयोगबारे बुझाईमा एकरूपता नहुनु

राजस्व बाँडफाँड, कर र गैर कर अधिकारमा तथा अन्तर-सरकारी वित्त व्यवस्थापनका चुनौती

- संघ, प्रदेश र स्थानीय तहले संविधान प्रदत कार्य जिम्मेवारी पुरा गर्न आवश्यक स्रोत पहिचान गरि व्यवस्थापन गर्नु

- प्रदेश र स्थानीय तहको तथ्याँकलाई विश्वसनीय र भरपर्दो बनाउनु
- प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पूर्ति गर्नका लागि विभिन्न प्रकारका वित्तीय हस्तान्तरणको उपयोग तत् तत् प्रयोजनको लागि हुने सुनिश्चित गर्नु
- प्रदेश र स्थानीय तहमा खर्च र स्रोतको उपयोग सम्बन्धी क्षमता विकास गर्नु

राजस्व बाँडफाँड, कर र गैर कर अधिकारमा तथा अन्तर-सरकारी वित्त व्यवस्थापनका अवसरहरु

- तीन तहमा आर्थिक सामाजिक क्रियाकलाप विस्तार भई थप स्रोतका लागि आधार तयार हुनु ,
- तीन तहका सरकारले आ-आफ्नो राजस्व अधिकार प्राप्त गरेकाले राजस्व परिचालनमा बढोत्तरी हुने अवस्था रहनु
- स्थानीय तह सेवा प्रवाहमा अतिरिक्त स-साना पूर्वाधार निर्माण, उद्योग व्यवसाय विस्तार र कृषि उत्पादन वृद्धिमा समेत संलग्न हुने हुँदा स्थानीय अर्थतन्त्र विकासको सम्भावना हुनु
- आर्थिक विकासमा तीन तहका सरकारको अपनत्व कायम हुनु
- विगतमा केन्द्रबाट संचालन भईरहेका कार्यक्रम र आयोजना प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भई प्रदेश र स्थानीय तहमा रोजगारीको अवसर सिर्जना हुने अवस्था रहनु
- अनुदानहरु तोकिएको क्षेत्रमा प्राप्त हुने हुँदा उपयोग तोकिएको क्षेत्रमा हुने हुँदा अनावश्यक रुपमा स्रोत छरिने प्रवृतिमा कमि आउने
- उपलब्ध वित्तीय स्रोतको महत्त्व उपयोग गर्दै प्रदेश र स्थानीय तहहरुबीच विकासमा प्रतिष्पर्धा गर्ने वातावरण निर्माण हुनु

राजस्व बाँडफाँड, कर र गैर कर अधिकारमा तथा अन्तर-सरकारी वित्त व्यवस्थापनका रणनीति

- तीन तहका एकल तथा साझा कार्य जिम्मेवारीहरु सामन्जस्यपूर्ण ढङ्गबाट पुरा गर्न स्रोत व्यवस्थापन गर्ने
- अन्तरसरकारी वित्त हस्तान्तरणलाइ पारदर्शी र अनुमानयोग्य र न्यायोचित बनाउने
- संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने
- संघ,प्रदेश र स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्ने

राजस्व बाँडफाँड, कर र गैर कर अधिकारमा तथा अन्तर-सरकारी वित्त व्यवस्थापनका सुझावहरु

- तीन तहबाट कार्यान्वयन हुने कार्यक्रमहरु एक अर्कासँग नदोहोरिने र परिपुरक हुने गरि संचालन गर्नुपर्छ ।
- प्रदेश र स्थानीय तहबाट परिचालन हुने साझा अधिकारको क्षेत्रमा करको एकल कराधिकार र प्रशासन हुने व्यवस्था कायम गर्नु पर्छ।
- अन्तर प्रदेश परिषद, अन्तर सरकारी वित्त परिषद र प्रदेश समन्वय परिषद्को भूमिका बढाउदै अन्तर सरकारी समन्वय र नियन्त्रण प्रणालीलाई लाई अझ प्रभावकारी बनाउनु पर्छ ।
- वित्तीय संघीयता मजबुत बनाउन राजस्व र खर्च गर्ने अधिकार क्रमशः प्रदेश र स्थानीय तहमा लाग्दै जानु पर्छ।
- प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गर्नु पर्छ ।
- अन्तर सरकारी वित्त हस्तान्तरणलाई बस्तुगत र पारदर्शी बनाउनु पर्छ ।
- प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तारण कार्यसम्पादन र उपयोगको प्रभावकारिताको आधारमा हुने व्यवस्था मिलाउनु पर्छ ।
- नियमित अध्ययन अनुसन्धान गरि संघ, प्रदेश र स्थानीय तहबाट गरिने राजस्व असुलीमा गर्नु पर्ने सुधारका क्षेत्र पहिचान गर्नु पर्छ ।
- वित्त व्यवस्थापनमा संलग्न निकाय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीयतहहरुको संस्थागत क्षमता विकास गर्नु पर्छ ।
- समष्टिगत आर्थिक परिसूचक, ऋण लिने र उपयोग गर्ने क्षमताको आधारमा आन्तरिक ऋण परिचालनलाई बैज्ञानिक र वस्तुगत बनाउनु पर्छ ।
- वित्तीय सुशासनको जोखिम विश्लेषण विधि विकास र अवलम्बन गरी वित्तीय जोखिम न्यूनीकरण गर्नु पर्छ ।
- अन्तर-सरकारी वित्त हस्तान्तरणलाई समन्यायिक, पूर्वानुमानयोग्य र पारदर्शी बनाउन विधुतीय प्रणालीलाई कार्यान्वयनमा ल्याउनु पर्छ ।
- आवश्यकतानुसार कानूनको परिमार्जन तथा नयाँ कानूनको निर्माण गर्नुपर्छ ।
- व्यवहारगत कार्यप्रणाली र कार्य पद्धतिमा सुधार गर्दै जानुपर्छ ।
- कार्यन्वयनमा राजनीतिक हस्तक्षेप घटाउदै जानुपर्छ ।

- स्व-नियन्त्रण र स्वमूल्यांकन प्रणाली स्थापित गर्नुपर्छ ।
- नीति एवं कानून कार्यन्वयनमा प्रभावकारी उत्तरदायी संयन्त्र व्यवस्थापन गर्नुपर्छ ।
- अनुगमन मूल्यांकनमा सुधार तथा व्यवस्थापन सूचना प्रणालीको प्रयोग ।

निष्कर्ष:

नेपालको वर्तमान संविधानले राज्यलाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक मूलुकमा रूपान्तरण गरिसके पश्चात नेपालको कर प्रणालीमा संरचनात्मक परिवर्तन आएको छ। संविधानले अंगिकार गरेका उपरोक्त व्यवस्था कार्यन्वयनको लागि सो अन्तर्गत विभिन्न कानूनहरु बनिसकेका छन्। संविधानले मुलुकलाई संघीय शासन प्रणालीमा रूपान्तरण गरेको सन्दर्भमा तीन तहको सरकारले संविधान र यस अन्तर्गत बनेका कानूनको आधारमा आर्थिक अधिकारको उपभोग गर्ने आधार तयार भएको छ।विगतका करका दर, करको दायरा, करमा छूट सुबिधा तोक्ने, वार्षिक आय व्ययको अनुमान गर्ने, अनुदान दिने व्यवस्थामा परिवर्तन आई नेपाल सरकारको आलावा प्रदेश सरकार र स्थानीय तह समेतले ती कार्य गर्ने अवसर प्राप्त गरे अनुसार गर्दै आएको छ । विभिन्न कानूनी एवं संस्थागत व्यवस्था मार्फत त्यसको प्रयोग भएको अवस्थामा तीनै तहले प्राप्त गरेका कर तथा गैर कर अधिकार क्षेत्र, वित्तीय हस्तान्तरण र राजस्व संघीयका विषयलाई कानून बमोजिम इमान्दारीताका साथ कार्यन्वयन गर्दै जाने हो र सो बमोजिमको खर्च उपलब्धि प्राप्त गर्दै जाने हो भने मात्र संघीयताले सहि मानेमा जनता लाभान्वित हुने तथा यसको दिगोपनालाई कायम राख्न सक्ने विषयमा विश्वस्त हुन सकिन्छ।

सन्दर्भसूची :

- यादव, विकाउ, इन्द्रदेव र गजेन्द्र, सेवा समूह सम्बन्धी विषय शा. अ. निभा प्रकाशन ललितपुर
- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्तीय आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तहविचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने ऐन, २०७६
- १५औं आवधिक योजनाको आधारपत्र
- सान्दर्भिक लेखहरु
- www.lawcommission.gov.np

पौराणिक अर्थ-व्यवस्था

अर्थशास्त्र भनेको पैसाको व्यवहारको विद्या हो। अर्थशास्त्र त्यो शास्त्र हो जसले मानवको असिमित चाहनालाई पूरा गर्न आवश्यक अर्थ व्यवस्थापनको कार्यसँग सम्बन्धित अध्ययन गर्दछ । एउटा व्यक्तिको व्यक्तिगत जीवन संचालनदेखि घर, परिवार, समाज, राष्ट्र र सम्पुर्ण विश्व संचालनमा अर्थ अतिनै आवश्यक पर्दछ। अर्थको अभावमा कुनैपनि गतिविधि सम्भव छैन ।

पौराणिक कालमा आफ्नो राज्य आर्थिक रुपमा सम्पन्न भएपछि नजिकका अरु राज्यहरुसँग आयात / निर्यातको माध्यमद्वारा राज्यको ढुकुटी बढाउने चलन थियो। कुनै पनि राज्यको सम्पन्नता त्यो राज्यको ढुकुटीबाट मुल्याङ्कन हुन्थ्यो, ठीक अहिलेको विभिन्न देशको मुद्राको मूल्य तय भएको जस्तै। प्राचीन कालमा अहिलेको जस्तो अर्थ व्यवस्था थिएन, राज्यको आर्थिक नीति राजा र राजाको प्रमुख सल्लाहकारबीचको आपसी समझदारीको आधारमा तय हुन्थ्यो।राज्यको अर्थ व्यवस्था सम्भव भएसम्म आफनै ढुकुटीबाट संचालन गरिन्थ्यो । कोषमा रकम नभए राज्यका व्यापारी, किसानबाट कर असुली गरी राज्य संचालन गरिन्थ्यो।यसको अलावा मित्र राज्यहरुसँग सापटी लिएका उदाहरण समेत पाईन्छ। एउटा रोचक प्रसँग छ : राजा युधिष्ठिरले राजसूय यज्ञ संचालन गर्ने समयमा रकमको अभाव भै भाइ भीमलाई कुवेरसँग पैसा सापटी लिन पठाएछन्। भीम कुवेरको निवासमा पुग्दा कुवेर तोरी सुकाएको ठांउमा भुंईमा छरिएको तोरीलाई थुक लगाएर टिप्दै गरेको देखेर यस्ता लोभीले के पैसा देलान भनेर केहि पनि नभनिकन फर्किएछन्। दाजुले कुवेरले के भने त भनेर सोध्दा सवैकुरा बेलिबिस्तार लगाएछन्। युधिरिष्ठले फेरि एकपटक जाउ मैले पठाएको कुरा भन भनेपछि भीम फेरि गएर भनेपछि एकै वचनमा कुवेरले रकम दिएर पठाएछन् । यसवाट के वुझिन्छ भने आर्थिक सम्पन्नता हाँसिल गर्न आफुसँग भएको साधन र श्रोतलाई खेर जान नदिई त्यसको समय अनुसार उच्चतम प्रयोग गर्नुपर्दछ। यसैबाट “मौकामा हिरा फोर्नु बेमौकामा कौडी नछोडनु” भन्ने आख्यान चरितार्थ भएको हो।

---

* ✍लेखा अधिकृत, अधिकृत स्तर आठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं . १, विराटनगर ।

संसारको कालखण्डलाई हाम्रो हिन्दु धर्म शास्त्रानुसार चार युगमा बांडिएको छ जुन पश्चिमी चार युगसँग समन्वयमा छन्। ती हुन सत्य, त्रेता, द्वापर र कली। अर्थव्यवस्थाको इतिहास केलाउँदा मानिसको विकाससँगै अर्थव्यवस्थाको स्थान रहेको पाइन्छ। अझ हिन्दु धर्म अनुसार त भगवानहरुको पनि आफ्नै अर्थ व्यवस्था रहेको पाइन्छ। विष्णु पुराणमा कुवेरलाई अर्थ र अर्थशास्त्रको देवता बताइएको छ। मणि रत्न र धातुहरुलाई मुद्रा बताइएको छ। राजाहरुले आफुसँग पूँजी अभाव भएको खण्डमा ऋण तथा कर्जा लिने इतिहास पौराणीक कालमा भगवान विष्णुको पालामा भेटिन्छ। भारतको आन्ध्र प्रदेशको चोला राजवंशका राजा आकाशकी छोरी पद्मावती अर्थात भूदेवी (पृथ्वी) लाई वराह रुपमा प्रकट भएका भगवान विष्णुको अवतारले समुद्रबाट उद्धार गरेपछि उहाले वराह भगवानसँग विवाह गर्ने इच्छा राख्नु हुन्छ। पद्मावतीसँग विवाह गर्नका लागी भगवान विष्णुले श्रीनिवास वेङ्कटेशको स्वरुप लिनु भयो। यसरी उहाँहरु दुईजनाबीच प्रेम सम्बन्धमा परेर बिबाह गर्ने निर्णय भयो। पद्मावतीका पिताले भगवान श्रीनिवाससँग आफ्नो छोरीको विवाह गरीदिने शर्तमा अथाह धन दुलहीको मूल्य वापत माग राख्नुभयो। तसर्थ भगवान विष्णु अर्थका देवता कुवेरकोमा ऋण लिन पुग्नुभयो। कुवेरले ऋण नतिरीकन वैकुण्ठ फर्कन नपाउने शर्तमा (जसलाई अहिले धितो भनिन्छ) ऋण उपलब्ध गराए। किम्बदन्ति अनुसार कुवेरको ऋण तिर्न नसकेर, भगवान विष्णु शेषाचलम पर्वत, तिरुमालामा तिरुपति वेङ्कटेशका स्वरुपमा हालसम्म बिराजमान होइबक्सन्छ। उहाँलाई कुवेरको ऋण तिर्न सहयोग गर्नका लागि हजारौ भक्तजन तथा व्यापारीहरु वर्षैनी करोडौं रुपैया र सुन चाँदी चढाउने गर्दछन् जसको फलस्वरुप भगवानले उनीहरुको सम्पुर्ण मनोकामना पुरा गरिदिने मान्यता रहेको छ। तसर्थ तिरुपति बालाजीलाई कलियुगको प्रत्यक्ष देवता पनि भनिन्छ ।

पौराणिक युगमा महाभारतको समयमा पाण्डवहरुले वनवासमा समय विताउनु परेको अवस्थाको एउटा रोचक प्रसँग यहां उद्धृत गर्न उपयुक्त देखिन्छ। पांच पाण्डवहरु भिक्षाटन तथा अन्य मजदुरी कार्य गरी अन्न तथा मुद्रा आर्जन गर्न जाने गर्दथे। एकदिन साँझमा घर फर्किदा आमा कुन्तीलाई आमा हेर्नुस त आज हामीले के ल्याएकाछौं भनेर भनेछन्, आमाले पनि हेर्दै नहेरी पाँचैजना बाँडेर लेओ भनिछन्, उनीहरु पनि मात्रृभक्त तथा आज्ञाकारी भएकोले विवाद नगरी हुन्छ भनी आमाको वचनलाई स्वीकार गर्छन जसको कारण द्रौपदीले पाँच पाण्डवलाई पति स्विकार गरी पाँचैं जनाको पत्नि भएर जीवन व्यतीत गर्नु पर्यो। यसवाट के वुझिन्छ भने त्यस समयमा पनि प्राप्त साधन र श्रोतको समानुपातीक र समुचित वाँडफाँड हुनुपर्छ भन्ने भावना रहेछ ।तर साधन र श्रोत के थियो भन्ने सहि पहिचान नभएको कारणवाट

समस्या पर्दोरहेछ । श्रोतको पहिचानमा द्विविधा हुँदा उपयोगमा कठिनाई आउने तथ्य महाभारतकालीन कथाबाट हामीले शिक्षा लिन जरुरी छ। तसर्थ वित्तीय ब्यवस्थापनमा श्रोतको पहिचान, संकलन, परिचालन, ब्यवस्थापन विश्वसनीय सूचना एवं तथ्यांकका आधारमा हुनुपर्ने भएकाले आजकल वित्तीय परदर्शिताको माग बढेको पाईन्छ।

त्यस्तै अर्को प्रसंग महाभारतकालमा राजा युधिष्ठिरले राजसूय यज्ञको आयोजन गर्छन। सबै आफन्त तथा भाइ भारदारहरुलाई कार्य विभाजन हुन्छ, कार्य विभाजन गर्ने जिम्मेवारी भगवान श्रीकृष्णको जिम्मामा रहेकाले राज्यको ढुकुटी र भण्डारको जिम्मा कौरवतर्फका दुर्योधनलाई दिइन्छ । दुर्योधनसँग दुश्मनी भएकोले त्यसवाट हानी नोक्सानी पो हुन्छ की भनेर पाण्डवहरुले त्यसमा विवाद पनि गर्दछन तर श्रीकृष्णले सम्झाए पछि चुप लाग्छन । यसो गर्नुको पछि पनि एउटा रहस्य लुकेको छ, जुन श्रीकृष्णलाई बाहेक अरुलाई थाहा हुँदैन। दुर्योधनको हातबाट जति खर्च हुन्छ ढुकुटी वा भण्डारमा त्यतिनै बढने गुण वा विशेषता हुन्छ। यसको ज्ञान नभएको कारणले पाण्डवहरुलाई अफ्ठ्यारोमा पारेर बेइज्जत होस भनेर दुर्याधनले आवस्यकता भन्दा बढी धन तथा सामग्री निष्काशन गर्दथ्यो तर ढुकुटी तथा भणडारमा त्यतिनै वृद्धि हुन्थ्यो यस प्रकार श्रीकृष्णको दूरदर्शिता र कुशल व्यवस्थापकीय नीतिले गर्दा कुनै बाधा विरोध नभै यज्ञको समाप्ति हुन्छ । तसर्थ अर्थविद्हरुमा कुशल आर्थिक व्यवस्थापन गर्ने शीप भएमा एउटा देशको अर्थतन्त्र सुदृढ र सफल हुन्छ। श्रोतको उपयोग गर्दा भण्डार रित्तिने नभै दोब्बर हुने पौराणिक कथाले तत्कालिन अवस्थामा श्रीकृष्णको दैवि शक्ति प्राप्त भएको देखाउँछ। तर आज हामीले सीमित साधन र श्रोतलाई आवस्यकताको समूचित प्राथमिकीकरण गरी अल्पकालमा प्रतिफल आउने (कृषि, उद्योग, ब्यापार), मध्यकालमा प्रतिफल आउने पूर्वाधार (यातायात,संचार,विद्युत) विकास र दीर्घकालमा निरन्तर प्रतिफल आईरहने मानव संसाधन (शिक्षा,स्वास्थ्य) विकासमा लगानी गर्न सकियो भने श्रीकृष्णको दैवीशक्तिबाट प्राप्त भएको दुगुणा भन्दा अझै बढी गुणा प्रतिफल पाउन सकिन्छ । यसका लागि श्रोतको उपयोगमा आवश्यकताको प्राथमिकीकरण अनुकुल समुचित खर्च ब्यवस्थापन र पारदर्शी वित्तीय प्रणाली अवलम्बन गर्न सक्नु पर्दछ ।

मानव सभ्यताको विकाससँगै मानिसहरु एकीकृत भएर झुन्ड वा समूह वनाई वसोवास गर्न थालेपछि वस्तुसँग वस्तु साट्ने सट्टापट्टा तथा लेनदेनको व्यवस्था रहेको इतिहास पाइन्छ। मुद्राको आविष्कार भन्दा पहिले पनि लेनदेनको तथा व्यापारको लागि वस्तुसँग वस्तु साट्ने प्रथाको प्रमाण रहेको पाइन्छ। पौराणिक सभ्यतामा सिकार तथा संकलन पछि दामाशाहीको आधारमा भोजन बाड्ने चलन थियो। बिस्तारै कृषि तथा उद्योगको विकास पछि वस्तुको

सट्टामा वस्तुको लेनदेन हुन्थ्यो। यसलाई वस्तु विनिमय भनिन्छ जून अहिलेको मुद्रा विनिमय जस्तै प्रयोग हुन्थ्यो। विस्तारै मुद्राको आविष्कार सँगै वस्तुको सट्टामा मुद्राको चलनको विकास भएको हो। यो विकाससँगै हरेक वस्तु तथा सेवाको मूल्य मुद्राको मानका आधारमा रहन पुगेको हो।

मानव विकासलाई पनि हेर्ने हो भने मानवको विकाससँगै अर्थव्यवस्थाको पनि क्रमिक विकास भएको पाईन्छ। वस्तुसँग वस्तु साट्ने ईतिहास बोकेको अर्थव्यवस्था अहिले आएर विस्तारै डिजिटल मनि र आर्टिफिसियल इन्टेलिजेन्स तर्फ उन्मुख छ। पौराणिक अर्थव्यवस्थाको ठोस प्रमाण कौटिल्यको अर्थशास्त्रमा पाईन्छ। जसमा उनले अर्थव्यवस्था भनेको राज्यको शक्तिको आधार हो भनेका छन्। यहाँ उनले करदेखि लिएर सो लाई निर्धारण गर्ने विभिन्न सुत्रहरुको बारेमा उल्लेख गरेका छन्। ह्यूम, स्मिथ, रिकार्डो र मिलका आयात/निर्यातका नीति तथा करका सिद्धान्तहरु आजभन्दा २००० वर्ष अगाडि नै कौटिल्यले उल्लेख गरिसकेका थिए। अर्थशास्त्र पौराणीक हिंदी संस्कृत कुटनीति, अर्थनीति तथा सैनिक नीतिको उपचार मानिन्छ। कौटिल्य, जसलाई विष्णुगुप्त वा चाणक्यका नामले पनि चिनिन्छ, यस किताबका लेखक मानिन्छन। उनी तक्क्षशिलाका विद्वान तथा राजा चन्द्रगुप्त मौर्यका गुरु थिए। अर्थशास्त्रमा सरकारको प्रकृति, नीति, नागरिक तथा अपराधिक अदालतका व्यवस्था, नैतिकता, अर्थशास्त्र बजार तथा व्यापार कुटनीति लडाईका सिद्धान्तहरु, शान्तिको प्रकृति तथा राजाका कर्तव्य तथा दायित्वका बारेमा उल्लेख भएको पाइन्छ। वृहस्पति विद्यालय, उषानास विद्यालय, मनु विद्यालय तथा कौटिल्य विद्यालयलाई त्यतिबेलाको प्रख्यात विद्यालयका रुपमा वर्णन गरिएको छ। अर्थशास्त्रका अनुसार उषानास विद्यालयले अत्यावश्यक ज्ञानका रुपमा सरकारको ज्ञानलाई मानेको छ। किनभने अरु ज्ञानको यो ज्ञान बिना औचित्य छैन। वृहस्पति विद्यालयले सरकारको ज्ञान र अर्थशास्त्रको ज्ञानलाई मात्र ज्ञानको रुपमा मानेको छ तथा मनु विद्यालयले सरकार, अर्थशास्त्र र वेदको ज्ञानलाई प्रमुख तीनवटा ज्ञानको रुपमा मानेको छ। अर्थशास्त्रले मिश्रीत अर्थ व्यवस्थाको उल्लेख गरेको छ, जसमा सरकारी तथा निजी उद्धम कृषि औद्योगिक तथा व्यापारका क्षेत्रमा सँगसँगै प्रतिस्पर्धामा रहनु पर्ने बताएको छ। उद्योगहरु सबै सरकारी रहनुपर्ने र सञ्चालनका लागि निजी उद्यमीहरुलाई भाडामा दिनुपर्ने भनिएको छ। साथै कर पूर्णरुपले फस्टाएको आर्थिक कारोबारबाट मात्र उठाइनु पर्ने र नयाँ तथा विकास नभएका आर्थिक कारोबारहरुलाई छुट हुनुपर्ने उल्लेख गरिएको छ, साथै जग्गा कर, योजना कर, व्यापार कर, उद्योग कर जस्ता करहरुको व्यवस्थाको बारेमा विस्तृत वर्णन गरिएको छ।

राज्यको आर्थिक अवस्था सुदृढ गर्न साना तथा आर्थिक सम्पन्नता भएका राज्यहरुलाई मित्रताको लागी आह्वान गरी मैत्रीपूर्ण सम्बन्धबाट राज्यलाई आर्थिक सम्पन्नतामा लान प्रयास गरी सफल भए त्यसै अनुसार गरिन्थ्यो, अन्यथा सैनिक शक्तिसम्पन्न राज्यले आर्थिक रुपमा सम्पन्न तर सैनिक शक्तिकमजोर भएकाराज्यहरुसँग युद्ध गरी आफ्नो अधिनमा गर्दथे र राज्यको आर्थिक तथा सैनिक शक्तिको विस्तार गर्दथे ।यसरी अधिक सम्प्रभुता जमाउने चलन पौराणिक कालबाटै चलि आएको हो। यसको केहि उदाहरण अहिलेको समयमा पनि देख्न सकिन्छ। यो प्रक्रियालाई " गोल्ड रश" को संज्ञा पनि दिइएको छ।

मुद्रा तथा डिजिटल मनिको विकास, कर तथा करमा केहि फेरबदल, ग्लोबल इकोनोमिमा प्रविधिको प्रयोगहरु, अत्याधुनिक वस्तुहरुको उत्पादनका लागि अत्याधुनिक उद्योगहरुको विकास जस्ता नयाँ नयाँ आधुनिकिरणहरुले गर्दा आर्थिक व्यवस्थामा केहि परिवर्तन भए जस्तो देखिएता पनि आधारभुत सिद्धान्तहरुमा भने प्रचीनकालको अर्थ व्यवस्था र आधुनिक युगको अर्थ व्यवस्थामा खासै अन्तर भने देखिदैन। सही वस्तु वा सेवालाई सही उपभोक्तासम्म सही मूल्य र सही रुपमा प्रचार प्रसार गरेर पुर्याउने तथा त्यसबाट उत्पन्न भएको फाइदालाई उचित व्यवसाय अथवा उचित सेवामा निवेश गरेर त्यसबाट आफ्नो राज्यलाई आर्थिक रुपमा बलियो बनाउने प्रक्रिया परापूर्व कालबाट नै चल्दै आएको छ। क्रमिक विकाससँगै आर्थिक व्यवस्थामा विकास हुनु अपरिहार्य छ र यसको सकारात्मक प्रभावलाई आत्मसाथ गर्दै पौराणिक नीति नियमहरुलाई उल्लंघन नगरी अगाडि बढ्न सकेमा शान्तिपूर्वक विश्व अर्थ व्यवस्थालाई अझै उचाईमा पुर्याउने प्रयासमा सफल हुने कुरामा दुई मत हुने छैंन।

इतिहासलाई नियालेर हेर्दा राष्ट्र शक्ति र शासक केन्द्रित रह्यो। पृथ्वीनारायण शाहको पालामा पनि देशको आर्थिक विकाश र समृद्धीतिर ध्यान दिईएको पाइँदैन। त्यस समयमा राष्ट्रको सम्पुर्ण अर्थनीति राजामा नै केन्द्रित रहन्थ्यो। राजा पछिको आर्थिक सम्पन्न व्यक्तिमा काठमाण्डौ उपत्यकाका कमल वन र केही वैरागी जोगीहरु थिए त्यस पछि नेवार समुदायका व्यक्तिहरु पर्दथे। राजाले सैनिक शक्तिमा विस्तार र तिर्थाटन गर्दा समेत वैरागीहरुसँग ऋण लिएको प्रसंग इतिहासमा पाईन्छ।देशको व्यापार तिव्वत चीनसँगमात्र केन्द्रित थियो।नेपालमा योजनावद्ध विकास २०१३ साल पछि मात्र सुरुवात भयो।त्यसपछि चरणवद्ध रुपमा आर्थिक समुन्नति, समानुपातीक वितरण, प्रतिव्यक्ति आय, अन्तर्राष्ट्रिय व्यापार आदिमा फड्को मार्ने कार्यको थालनी भयो र मिश्रीत अर्थतन्त्र प्रणालीलाई अँगाल्दै नेपाल पनि आर्थिक विकाशको वाटोमा अघि बढिरहेको छ।

पौराणिक अर्थतन्त्रमा जनसंख्याको आकार सानो, मुद्राको प्रचलन कम, व्यापार व्यवसायको प्रकृति र परिमाण साँगुरो भएको अवस्थामा सार्वजनिक आय व्यय प्रति कम चासो हुने गरेकामा वर्तमान अवस्थामा जनसंख्याको आकार, आय व्ययको परिमाण, जनचेतनाको स्तर र जनताका आकांक्षा र आवस्यकताको बढोत्तरीले वित्तीय उत्तरदायित्व र जवाफदेहिताको माग वढाउदै लगेको हुँदा राज्य संचालकहरुले सार्वजनिक धनको संकलन, परिचालन, व्यवस्थापन र उपयोग गर्दा जनता प्रति उत्तरदायी हुन जरुरी भएको छ ।

सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणाली

१.विषय प्रवेश

विश्वका सरकारी निकाय, गैह्र सरकारी संस्थाहरु तथा निजी प्रतिष्ठानहरु आफ्नो आन्तरिक व्यवस्थापनलाई प्रभावकारी, मितव्ययी, जवाफदेही वनाई उपलव्ध श्रोत साधनको सही उपयोग गरी आफ्नो लक्ष्य हासिल कसरी गर्न सकिन्छ भनि प्रयासरत रहेको पाईन्छ।

Committee of Sponsoring Organization of the Trade Way Commission (COSO) 1992 का अनुसार निकायले लिएको उद्देश्य प्राप्तिको लागि यसको संचालन, प्रतिवेदन र परीपालना सम्बन्धी विषयहरुको तर्कसंगत प्रत्याभूतिका लागि निकायका संचालक, व्यवस्थापक तथा कर्मचारीले कार्यान्वयन गर्ने एक प्रक्रिया हो आन्तरिक नियन्त्रण प्रणाली। हरेक सार्वजनिक निकायले आफ्नो आन्तरिक नियन्त्रणको लागि कानून र संयन्त्र बनाउनु पर्ने हुन्छ। जसले संस्थाको वित्तीय प्रतिवेदनहरुलाई विश्वसनिय वनाउछ। संस्थाका कृयाकलापलाई प्रभावकारी तथा कानून सम्मत वनाउछ। संस्थाले उपलव्ध श्रोत साधनको सही उपयोग गरी आफ्नो लक्ष्य हासिल गर्न सक्छ भन्ने सुनिश्चितता प्रदान गर्दछ। आन्तरिक नियन्त्रण प्रणालीले संस्थाको संचालन, आम्दानी खर्च, संचार र कानून पालना लगायतका गतिविधिमा नियन्त्रकको रुपमा कार्य गरी जोखिमको न्यूनिकरण गर्दछ। समग्रमा आन्तरिक नियन्त्रण प्रणालीले संस्थामा सुशासन सुनिश्चित गर्न मद्दत गर्दछ।

आन्तरिक नियन्त्रण प्रणालीलाई निम्न चित्रवाट दर्शाउन सकिन्छ।



* ✍ लेखा अधिकृत, अधिकृत स्तर आठौं, प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

Setting the Standard

कार्यालय संचालनको प्रकृयामा सम्पादन गर्नु पर्ने काम, आईपर्ने समस्या, सामाधानको उपायको एक मापदण्ड निर्धारण गर्नु पर्दछ।

Measuring Performance

कार्यालय संचालनको प्रकृयामा सम्पादन गर्नु पर्ने काम, आईपर्ने समस्या, सामाधानको उपायको लागि निधारित मापदण्डको कार्यक्षमता नतिजाको जाँच गर्नु पर्दछ।

Finding the Deviation

स्थापित मापदण्ड र कार्यसम्पादन नतिजा विचको फरक जाँच गर्नु पर्दछ।

Redesigning the Standard

कार्यसम्पादन नतिजा राम्रो नआएमा मापदण्ड नै पून: निर्धारण गर्नु पर्दछ।

२.आन्तरिक नियन्त्रण प्रणाली भनेको के हो ?

आन्तरिक नियन्त्रण प्रणाली भन्नाले व्यवस्थापनले तयार गरी लागु गरेको यस्तो प्रक्रिया हो जसले सञ्चालनको प्रभावकारिता, वित्तीय प्रतिवेदनको विश्वसनीयता तथा ऐन, नियमको परिपालना भएको सम्बन्धमा व्यवस्थापनलाई व्यावहारिक आश्वासन दिन्छ।सार्वजनिक निकायको कार्यप्रणालीमा सुधार र वित्तीय सुशासन कायम गर्ने अस्त्र हो- आन्तरिक नियन्त्रण। यसको एउटै मन्त्र पारदर्शिता कायम गरी सुशासन अभिवृद्धि गर्नु नै हो।

उद्देश्य प्राप्तिका लागि रहन सक्ने जोखिमको पहिचान गरी जोखिम व्यवस्थापन हुने गरी नियन्त्रणको वातावरण तयार गर्दै निरोधात्मक वा उपचारात्मक उपाय अवलम्बन गर्न आन्तरिक नियन्त्रण प्रणाली उपयोग हुने गर्दछ।प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया प्रत्येक कार्यालय तथा कर्मचारीहरूले परिपालना गर्ने र सो को परिपालना भयो वा भएन भनी तालुक कार्यालय वा माथिल्लो पदाधिकारी वा अधिकार प्राप्त अधिकारीबाट निरन्तररुपमा गरिने निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन आन्तरिक नियन्त्रण हो।निकायको कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र विश्वसनीयता वृद्धि गरी अपेक्षित नतिजा हासिल गर्न आन्तरिक नियन्त्रण प्रणाली आवश्यक छ।

आन्तरिक नियन्त्रण प्रणाली निरन्तर चल्ने र स्वःचालित हुनु पर्दछ।संगठनको बाञ्छित लक्ष्य र उद्देश्य पुरा गर्न सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणालीको

अवलम्बन गरेका हुन्छन्। आन्तरिक नियन्त्रण भनेको व्यवस्थापनद्वारा संस्थाको उद्देश्य प्राप्तिका लागि अँगालिने सांगठनिक योजना र कार्यविधि हो । आन्तरिक सम्पत्तिको संरक्षणको उपाय अपनाउने, कर्मचारी एवम् स्रोतसाधनको अधिकतम परिचालन र निरीक्षण एवम् अनुगमन गर्ने, नियमित कार्यालय बैठक गरी गुनासाको संकलन र सम्बोधन एवम् समाधान गर्ने कार्यहरू आन्तरिक नियन्त्रणभित्र पर्छन् ।

आन्तरिक जाँच तथा नियन्त्रणलाई बढी प्रभावकारी बनाउन सकेमा कर्मचारीको कार्यदक्षतामा वृद्धि हुन्छ र व्यवसायको लागतमा कमि आउँछ। आन्तरिक जाँच र नियन्त्रणलाई प्रभावकारी बनाउनको लागी कर्मचारीबीच स्पष्ट कार्यविभाजन हुनुपर्छ। विशिष्टीकरण र विस्तृतीकरण पद्धतिको विकास गर्नुपर्छ। अधिकार तथा कर्तव्यको निर्धारणका साथै नियमित कार्यहरूको सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्छ। नियमित कार्य परिवर्तन, तालीमको व्यवस्था, लेखा नियन्त्रण पद्धतिको कार्यान्वयन तथा विकास र कर्मचारी उत्प्रेरणा जस्ता कार्य पनि अनिवार्य रूपमा गर्नुपर्छ।

- संगठनको वाञ्छित लक्ष्य र उद्देश्य हासिल गर्न कानूनद्वारा निर्धारित प्रकृया पालना भए नभएको भनी निरन्तर रुपमा गरिने सुपरीवेक्षण अनुगमन कार्य र प्रकृया हो।
- आन्तरिक नियन्त्रण प्रणाली एक Sub-System हो।
- आन्तरिक नियन्त्रण प्रणाली एउटा व्याक्तिले गरेको कार्य अर्को व्यक्तिवाट प्रमाणिकरण हुने प्रणाली हो।
- आन्तरिक नियन्त्रण प्रणाली कारोवार वा कृयाकलाप हुनासाथ चेक जाच हुने, निरन्तर हुने तथा स्वचालित हुने प्रणाली हो।
- संगठनको ऐन, नियम,नीति र कानूनको परिपालनाको सुनिश्चितता गराउने र गल्ती, छलकपट, त्रुटी हुन नदिने प्रणाली हो।
- यसको कार्यक्षेत्र विस्तृत हुन्छ।
- हिसावकिताव राख्ने र जाँच गर्ने दुवै कार्य हुने प्रणाली हो।
- यो साध्य हो साधन (माध्यम) होईन।

३. आन्तरिक नियन्त्रणको कानूनी व्यवस्था

यसै सन्दर्भमा नेपालमा सरकारी क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीको आवश्यकता महशुस गरी विभिन्न कानूनी व्यवस्थाहरु भएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ६ दफा ३१ मा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छ। जसमा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र

अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने र लेखा उत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए वा नभएको सम्वन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु वा गराउनु पर्ने कानूनी व्यवस्था गरेवाट नेपालको सावर्जनिक क्षेत्रमा यसको विशेष महत्व रहेको देखिन्छ। यस्तै आफ्नो कार्यालय वा निकाय र मातहत कार्यालयवाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनिकरण गर्ने, वित्तीय विवरणलाई विश्वसनिय वनाउने तथा लेखापरीक्षणवाट कायम भएका वेरुजु फस्यौंट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी वनाउन सम्वन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृतको संयोजकत्वमा एक समितको व्यवस्था उक्त ऐनको दफा ३२ मा गरेको हुदा सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली निमार्ण गरी कार्यान्वयनमा जानुको विकल्प देखिदैन।

प्रदेश नं.१ को प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २८(१,२,३) मा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छ।जसमा प्रदेश तहका सवै सरकारी निकायहरुले आफ्नो र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने, सो वमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके वमोजिम हुने तथा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट हुने व्यवस्थाका साथै दफा २९(१,२,३) मा आन्तरिक नियन्त्रण समिति, सम्पादन गर्नु पर्ने कार्यहरु र कार्यविधिको व्यवस्था गरेको छ।यसैगरी प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ९४(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, निकाय तथा अन्तर्गत निकायवाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्य दक्षता र प्रभावकारी ढँगवाट सम्पादन गर्न, वित्तीय प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून अनुसार तयार गरिएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु गराउनु लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था भएवाट प्रदेश अन्तर्गतका मन्त्रालय तथा निकायहरुले समेत आफ्नो कार्यालय तथा मातहत कार्यालयका लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अनिवार्यरुपमा लागू गर्नु पर्ने हुन्छ।

४. आन्तरिक नियन्त्रणको उद्देश्य

- सार्वजनिक निकायको कार्यसंचालन मितव्ययी, कार्यकुशल र प्रभावकारी वनाउने,
- जवाफदेहिता अभिवृद्धि गर्ने,

- ऐन कानूनको परिपालना गर्ने,
- साधन श्रोतको दुरुपयोग, क्षति र नोक्सानी हुनवाट रोक्ने
- वित्तीय प्रतिवेदनलाई विश्वासिलो र समसामयिक (आवधिक) वनाउने।
- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्य उद्देश्य।

५. आन्तरिक नियन्त्रण प्रणालीका औजारहरु

- अधिकार प्रत्यायोजन तथा जिम्मेवारी निर्धारण ।
- कार्यालयहरुले पालना गर्नु पर्ने आचार संहिता।
- वित्तीय सूचना र प्रतिवेदनको स्पष्टता।
- कार्य संचालन विधिको स्पष्टता।
- नीतिगत प्रकृयाको स्पष्टता।
- योजना तथा बजेट प्रणालीको कार्यान्वयन।
- सम्पतिको भौतिक सुरक्षा।
- कारोवारहरुको अध्यावधिक अभिलेखन ।
- प्रभावकारी अन्तरिक लेखापरीक्षण ।
- कमिकमजोरीहरुको सुधारात्मक ब्यवस्था।
- सम्पतिको भौतिक शुरक्षा।
- कारोवारहरुको अध्यावधिक अभिलेखन ।
- प्रभावकारी आन्तरिक लेखापरीक्षण ।
- कमिकमजोरीहरुको सुधारात्मक ब्यवस्था।

६. आन्तरिक नियन्त्रण प्रणाली किन ?

- प्रचलित नियम र कानूनहरूको पालना गराउन।
- कार्य सम्पादनमा मितव्यियता, कार्यदक्षता र प्रभावकारिता हासिल गर्न।
- सेवाग्राही प्रति उत्तरदायी भई जवाफदेहिता वहन गर्न।
- नैतिक, आर्थिक, कुशल र प्रभावकारी कार्यसञ्चालन प्रणाली स्थापना गर्नका लागि।
- सम्भावित जोखिम र त्रुटिहरू नियन्त्रण गर्न
- श्रोत तथा साधनहरूको हानि नोक्सानी, दुरुपयोग र क्षति हुनबाट जोगाउन।
- वित्तीय प्रतिवेदनको आश्वसतता र विश्वसनीयता बढाउन।
- लेखापरीक्षण प्रणालीलाई सरल र सहज बनाउन।

- सार्वजनिक कोषको सुरक्षा र संरक्षण गरी स्रोतको प्रभावकारी उपयोग कायम गर्न।
- सम्भावित जोखिम र त्रुटिहरू नियन्त्रण गर्न
- श्रोत तथा साधनहरूको हानि नोक्सानी, दुरुपयोग र क्षति हुनबाट जोगाउन।

७. आन्तरिक नियन्त्रण प्रणालीका अन्तरसम्बन्धित तत्वहरु

Committee of Sponsoring Organization of the Trade Way Commission (COSO) को अनुसार आन्तरिक नियन्त्रण प्रणालीमा ५ तत्वहरु हुन्छन । ती तत्वहरु निम्नानुसार रहेका छन।

- नियन्त्रित वातावरण
- जोखिमको लेखाजोखा
- नियन्त्रित कार्यविधि
- सूचना तथा सञ्चार
- अनुगमन

७.१ नियन्त्रणको वातावरण

यसले रणनिति र उद्देश्य कसरी स्थापित हुन्छन र नियन्त्रणका क्रियाकलापहरु कसरी तय गरिन्छ भन्ने विषयलाई प्रभाव पारेको हुन्छ। यसमा निम्न तत्व रहन्छन-

- Management Functions (व्यवस्थापन कार्यहरू)
- Behavior and Attitudes(व्यवहार र मनोवृत्ति)
- Action to prevent and detect fraud and Error (जालसाजी र त्रुटि पत्ता लगाउने र कार्य रोक्ने)
- Commitment to ethical values and competence (नैतिक मूल्य र योग्यता प्रति प्रतिबद्धता)
- व्यवस्थापन र कर्मचारीहरुमा पेशागत ईमान्दारिताको प्रत्याभूति
- सक्षमता प्रतिको प्रतिवद्धता
- प्रभावकारी संगठन संरचना
- मानव संसाधन नीति र यस प्रतिको प्रतिवद्धता
- उच्च तहको मूल्य मान्यता

७.२ जोखिम मूल्यांकन

१ . जोखिमको पहिचान गर्ने

- संगठनको उद्देश्य प्रासिका जोखिमको पहिचान
- जोखिमका कारक तत्व को पहिचान (वाह्य/आन्तरिक)

२ . जोखिमको मूल्याङ्कन गर्ने

- जोखिमको प्रवलताको अनुमान गर्ने
- जोखिम आई पर्ने सम्भावना

३ . जोखिमको सहनसिलताको तह विश्लेषण गर्ने

४ . जोखिम सामना गर्ने उपाय र रणनीति विकास गर्ने

- जोखिम सार्ने (विमा-जस्तै)
- उपचार गर्ने
- अन्त्य गर्ने
- सहन सकिने भए सो को रणनिति तयार गर्ने

जोखिम क्षेत्रको पहिचान

- Volume of Transaction
  कारोवारको मात्राको आधारमा जोखिम निर्धारणा हुन सक्छ।
  वढी कारोवार वढी जोखिम कम कारोवार कम जोखिम।
- Complexity of System (प्रणालीको जटिलता)
  कार्यालयमा संचालित प्रणालीले समेत जोखिमको क्षेत्र पहिचान गर्न सक्दछ।
- Sensitivity of system(प्रणालीको संवेदनशीलता)
  प्रणालीको संवेदनशीलताले समेत जोखिमको वातावरणमा प्रभाव पार्दछ।
- Control Environment(वातावरणमा नियन्त्रण)
  वातावरणमा नियन्त्रणले जोखिमको क्षेत्रमा प्रभाव पारेको हुन सक्छ।

७.३ नियन्त्रणका क्रियाकलाप

आन्तरिक नियन्त्रणका क्रियाकलापहरको माध्यमवाट जोखिम न्यूनिकरणका रणनीतिहरु तय गर्नु पर्दछ। नियन्त्रणका क्रियाकलापमा ऐन, नियम, निर्देशिका तर्जुमा र प्रभावकारी कार्यान्वयनमा जोडदिईन्छ।यसमा निम्न क्रियाकलापमा ध्यान दिनु पर्दछ।

- अख्तियारी र स्वीकृति प्रकृया

- जिम्मेवारी विभाजन अख्तियारी प्रदान गर्ने (जस्तो- प्रशोधन गर्ने, अभिलेखन, पुनरावलोकन)
- साधनश्रोतको नियन्त्रण र अभिलेख
- जाँच
- मिलान
- संचालनगत कार्यसम्पादनको पुनरावलोकन
- संचालन, प्रकृया र क्रियाकलाप
- सुपरीवेक्षण

७.४ सूचना तथा संचार

संगठनको संचालनलाई सही किसिमले निर्देशन वा नियन्त्रण गर्न प्रभावकारी सूचना प्रणाली र संचार व्यवस्था गर्नु पर्दछ। यसमा निम्न कुरा पर्दछन।

- तलबाट माथि
- माथिवाट तल
  - आन्तरिक नियन्त्रण प्रणालीको सीमा
  - Collusion)सहयोग(सहयोग, गुप्त सम्झौता, षडयन्त्रको प्रवृति
  - Human Error (मानवीय त्रुटि)
  - Management Override) व्यवस्थापन ओभरराइड) –
  - व्यवस्थापनको जवर्जस्ती उछिन्ने प्रवृति, अवहेलना गर्ने प्रवृति
  - *Missing segregation of duties* कर्तव्यहरूवाट अलग हुने प्रवृति

७.५ अनुगमन र मूल्यांकन

नतिजामुखी अनुगमन र मूल्यांकन

८. आन्तरिक नियन्त्रणका प्रकार

- Preventative Control (निरोधात्मक नियन्त्रण)
- Detective Controls(जासूस नियन्त्रणहरू)
- Corrective control(सुधारात्मक नियन्त्रण)

- **Preventative Controls**

जोखिम न्यूनीकरण र वित्तीय सुशासन कायम गर्नको लागि पूर्व तयारीको रूपमा अवलम्बन गरिने विधि हो। जसमा निम्न कुरा पर्दछन्।

- काम, कर्तव्य र अधिकारको संघीय गर्ने, कार्य योजना बनाइ लागु गर्ने
- स्रोतको अनुचित प्रयोग रोक्न अख्तियारको प्रत्यायोजन गर्ने
- लेखा अभिलेख र प्रतिवेदन प्रणाली पारदर्शी, वस्तुनिष्ठ गर्ने
- Password and information को संरक्षण गर्ने।
- जिम्मेवार पदाधिकारीबाट खरिद स्वीकृति पश्चात् मात्र खरिद प्रक्रिया अगि बढाउने, भौचर प्रमाणित गरेर राख्ने
- चेक जारी गर्दा दोहोरो (तयार गर्ने र स्वीकृत गर्ने)सिग्नेचरको व्यवस्था गर्ने।

- **Detective Controls**

जब Preventive Controls ले सम्भावित जोखिम, गल्ती र छलकपट रोक्न प्रभावकारिता कम हुन्छ तब यस विधिको प्रयोग गरी प्रयोगमा ल्याउनु पर्दछ।
जसमा निम्न पर्दछन्।

- बैङ्क रिकन्सिलेसन, लेजर र सब लेजर अनुसार आर्थिक विवरणको भिडान (बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात र कार्यालयको Cash Book दययप ले देखाएको मौज्दात) रसिद नियन्त्रण खाता र दैनिक राजस्व आम्दानी रेकर्ड रजिष्टर वा बैङ्क स्टेटमेन्टको भिडान
- जिन्सीको भौतिक परीक्षण र जिन्सी खाता अनुसारको स्थलगत परीक्षण

- **Corrective control**

Detective Controls ले गल्ती, छलकपट र अनियमितताको पहिचान भइसके पश्चात् भविष्यमा सुधारको लागी अवलम्बन गरिने विधि जसमा निम्न कुरा पर्दछन।

- तथ्याङक भण्डारणको लागी Backups को व्यवस्था गर्ने
- भौतिक सम्पत्तिको सुरक्षाको लागि बिमाको व्यवस्था
- भविष्यमा गल्ती र अनियमितता हुन नदिन तालीम र अभिमुखीकरण आयोजना गर्ने
- तथ्याङ्कको वैधानिकता पुष्टि गर्न data validity tests को व्यवस्था

९. निष्कर्ष

आन्तरिक नियन्त्रण प्रणालीले वित्तीय कारोबारलाई खुलस्त (Disclosers) बनाइ उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्वक उपयोगमा जोड दिन्छ। सार्वजनिक निकायको सेवा प्रवाह (लागत, लाभ, समय र गुणस्तर), वित्तीय कारोबार (आर्थिक विवरण) को विश्वसनीयता र यथार्थता र स्रोत साधनको महत्तम प्रयोगको अवस्था मूल्याङ्कन गर्न आन्तरिक नियन्त्रणलाई पनि आधार लिइन्छ। कानूनद्वारा निर्धारित प्रक्रिया पालना भए(नभएको भनी तालुक कार्यालयबाट निरन्तर रूपमा गरिने सुपरीवेक्षण अनुगमन नै आन्तरिक नियन्त्रण हो। आन्तरिक नियन्त्रण प्रणाली कुनै पनि सङ्गठनको कार्य सम्पादनलाई थप कुशल र प्रभावकारी बनाउन कार्यरत जनशक्तिको सहभागितामा तयार पारिएको पद्दति हो।

सार्वजनिक प्रशासनको आन्तरिक प्रणालीमा सुधार गरी व्यवस्थित तुल्याउन आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भुमिका रहन्छ। नेपालको संघीय तथा प्रदेश कानूनहरुले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था गरेकोछ। तसर्थ **सम्वन्धी**त मन्त्रालयरनिकायहरुले तत्काल तोकिएको ढाँचा तथा मापदण्डहरुका आधारमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी आफ्नो कार्यालय तथा मातहत कार्यालयहरुमा लागू गरी सावर्जनिक प्रशासनको कार्य सम्पादनलाई प्रभावकारी, मितव्ययी, कानूनसम्मत वनाउनु पर्दछ।

सन्दर्भ सामाग्री

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- प्रदेश नं.१ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन (महालेखा नियन्त्रक कार्यालय), २०७५
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७६ प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर
- समसामयिक लेखहरु (ईन्टरनेटवाट)

सार्वजनिक वित्त व्यवस्थापनका लागि संवैधानिक तथा कानूनी प्रावधान

विषय प्रवेशः-

सार्वजनिक वित्त व्यवस्थापन विकास प्रकृयाको एक अनिवार्य अंश हो जसले राज्य सञ्चालनका लागि योजनाको तयारी र सो को कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने राजस्वका श्रोतहरुको व्यवस्थापन गर्ने, व्यवस्थापन गरिएको श्रोतहरुको संघीय र सार्वजनिक सेवाहरुको कार्यकुशल र प्रभावकारी कार्यान्वयन गर्नु हो। राज्यले संकलित गरेको श्रोतहरुबाट कुशलतापूर्वक जनआकाँक्षा अनुरुपका क्षेत्रमा खर्च गर्ने, गर्न लगाउने त्यसको अभिलेखांकन राख्ने, राखिएका कागजातहरुको परीक्षण गरी प्रतिवेदन सम्वन्धित तत् तत् निकायमा पेश गर्नुका साथै राज्यले दिइएको सीमाभित्र बसी वित्तीय श्रोत र साधनको प्राप्ति परिचालन एवं संरक्षण गर्न कानूनी औजारबाट आर्थिक अनुशासन कायम राख्न लगाउनु सार्वजनिक वित्तीय व्यवस्थापन हो ।राज्यले वित्तीय व्यवस्थापन गर्दा देशको मूल कानूनले दिशा निर्देश गरे बमोजिम कानून बनाई लागू गर्ने गर्दछ । अन्ततः कानूनले निर्देशित गरेको गोरेटोबाट नै राज्यको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने गरिन्छ ।

सार्वजनिक वित्त व्यवस्थापन भित्र सार्वजनिक+वित्त+व्यवस्थापन शव्दको संयोजन भएको हुँदा सर्व प्रथमतः तीन वटै शव्दको शाब्दिक अर्थ बुझ्नु आवश्यक छ।सार्वजनिक शव्दले सबैको, सामुहिक, साझा वा निजी स्वामित्व रहितलाई बुझाउँछ, त्यस्तै वित्तले धनमाल, जायजेथा, सम्पत्ति, अर्थ एवं मौद्रिक श्रोत आदिलाई बुझाउँछ भने व्यवस्थापनले छिटो छरितो रुपमा उचित तरिकाले मितव्ययीरुपमा कौशलतापूर्वक भएका श्रोत साधनहरुको समुचित प्रयोगको पारदर्शिता र नतिजा प्राप्ति सहितको व्यवस्थालाई बुझाउँछ, जसलाई व्यवस्थापन भनिन्छ ।

सार्वजनिक वित्त व्यवस्थापन सम्वन्धमा Organisation for Economic Co-operation and Development(OECD) ले सन् २००३ मा दिइएको परिभाषामा "सार्वजनिक वित्तीय व्यवस्थापनले बजेट चक्रका सबै चरणहरु समावेश गर्दछ, जसमा बजेटको तयारी आन्तरिक नियन्त्रण र लेखापरीक्षण, खरिद, अनुगमन र प्रतिवेदनको व्यवस्था एवं अन्तिम ले.प. समावेश छन्" (Public financial management includes all phases of the budget cycle, including the

---

* लेखा अधिकृत, अधिकृतस्तर आठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, बिराटनगर ।

preparation of the budget, internal control and audit, procurement, monitoring and reporting arrangements and external audit.)

अतः सार्वजनिक वित्त व्यवस्थापनभित्र समग्र वित्तीय अनुशासन, प्राथमिकताका लागि श्रोत र साधनहरुको संघीय र सार्वजनिक सेवाहरुको कार्यकुशल र प्रभावकारी विनियोजन हासिल गर्नुका साथै राज्यद्वारा प्रयोग गरिएको कानून नियम प्रणाली र प्रकृयाहरुको समष्टिगत रुपलाई जनाउँछ ।

जनचाहना अनुरुप राजनैतिक परिवर्तन भई देश संघीयतामा गएको छ ।संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, विकास, सुशासन र सम्वृद्धिको आकांक्षा पुरा गर्न एवं संघीय राज्य प्रणालीको अनुभूति गराउन नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँड, धारा ५९ मा आर्थिक अधिकारको प्रयोग र धारा ६० मा राजस्व श्रोतको संघीय सम्बन्धी व्यवस्था गरिएको छ। साधन, श्रोत र अधिकारको संवैधानिक व्यवस्था अनुसार राज्यका तीनवटै तहमा बाँडफाँड गरिएको र सोही आधारमा संघीय राज्य प्रणाली सञ्चालन भइरहेकोछ ।वर्तमान समयमा नेपालको संविधानले वित्तीय व्यवस्थापनका कानूनी आधारहरुको निर्माण गर्न संविधानको भाग ५,१०,१६ , १९ र २२ मूख्य रुपमा रहेको छ ।

नेपालमा प्रजातन्त्रको उदय पश्चात सार्वजनिक वित्त व्यवस्थापनका लागि भएका संवैधानिक व्यवस्थाहरुः-

१) नेपालको अन्तरिम शासन विधान २००७

जहानियाँ राणा शासनको पतन पश्चात देशमा प्रजातन्त्रको बहाली भयो ।प्रजातन्त्रमा कानूनी राज हुने भएकोले कानूनी आधार बिना राजस्व संकलन तथा कर असुल गर्न नपाइने हुँदा कानूनी आधार तय गर्नु प्रजातान्त्रीक सरकारको प्रमुख कर्तव्य हो ।कानूनी आधारबाट असुल गरिएका कर र संकलन गरिएको राजस्वको हरहिसावको लेखाङ्कन राख्नु, श्रोतको व्यवस्थापन गर्नु र संकलित राजस्वबाट राज्यमा शान्ति, सु-व्यवस्था, सुशासन र विकासमा गरिएको खर्चको विवरण जन समक्ष प्रस्तुत गर्नुको साथ साथै आगामी आ.व.को लागि आम्दानी र खर्चको प्रक्षेपण गर्ने प्रणालीको विकास हुन गयो जुन नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको सन्दर्भमा कोशेढुंगा सावित भएको छ । नेपालको अन्तरिम संविधान २००७ ले वित्तीय व्यवस्थापनका लागि गरेका मुख्य व्यवस्था एवं तय गरेका कानूनी आधारहरु यस किसिमको भएको पाईन्छः-

संविधानको भाग-२ मा राज्य नितिका निर्देशक सिद्धान्तहरु अन्तर्गत धारा १७. कानूनको मूल सिद्धान्तः–(१) मा कुनै कर कानूनको अख्तियार बिना लगाइने वा असूल गरिनेछैन ।

संविधानको भाग-३, परिच्छेद १(**आर्थिक विषय कार्य प्रणाली**)

- धारा २८. मा वार्षिक आर्थिक विवरण :(बजेट)– सरकारबाट हरेक आर्थिक वर्षको लागि नेपाल सरकारको अनुमान गरिएको आम्दानी खर्चको एक विवरण तयार गराउनेछ । यो विवरणलाई 'वार्षिक आर्थिक विवरण' वा 'बजेट' भनिनेछ ।
- धारा २९. मा वार्षिक आर्थिक विवरण पास गर्नेः– वार्षिक आर्थिक विवरण वा बजेट सल्लाहकार सभाको समक्ष राखिनेछ र सभालाई सो आर्थिक विवरण वा बजेटमाथि छलफल गर्न अथवा मत दिने अधिकार रहनेछ ।
- परन्तु, श्री ५ महाराजधिराजको व्यक्तिगत कोष अथवा त्यससँग सम्बन्धित विषयहरु माथि सभाले छलफल गर्न सक्नेछैन ।

संविधानको भाग-३, परिच्छेद ५ मा नेपालका नियन्त्रक (कन्ट्रोलर) महालेखापरीक्षक (अडिटर जनरल) सम्बन्धी व्यवस्था गरिएको छ, जस अन्तरगत यस प्रकारको व्यवस्था रहेको पाइन्छः-

- धारा ६०. मा नियुक्तीः– (१) नेपालमा एक नियन्त्रक महालेखा परीक्षक रहनेछन्, जसलाई सरकारबाट भर्ना गर्नेछ ।
- धारा ६१. मा स्याहा स्रेस्ताको रुपः– नेपाल सरकारको स्याहा स्रेस्ता, हरहिसाब श्री ५ महाराजाधिराजको स्वीकृतिसहित नियन्त्रक महालेखा परिक्षकले तोकेको रुपमा राखिनेछ ।
- धारा ६२.मा रिपोर्टहरुः– नेपाल सरकारको स्याहा स्रेस्ता हरहिसाबसम्बन्धी नियन्त्रक महालेखा परीक्षकको रिपोर्ट श्री ५ महाराजधिराजका हजुरमा पेश गर्नुपर्छ ।

२) नेपाल अधिराज्यको संविधान २०१५:-

संविधानको भाग ५ संसदको परिच्छेद–६ मा आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएकोमा जस अन्तर्गतः-

- ऐन वा ऐनले दिएको अधिकार बमोजिम बाहेक कुनै कर लगाइने छैन ।
- यो संविधान अनुसार वा ऐनले दिएको अधिकार बाहेक संचित कोष वा अरू कुनै सरकारी कोष वा संसदद्वारा व्यवस्थित धनबाट कुनै किसिमको व्यय गरिने छैन ।

- ऐनले दिएको अधिकार बाहेक संचित कोष वा अरू कुनै सरकारी कोष वा संसदद्वारा व्यवस्थित धन धितो राखी कुनै कर्जा लिनु हुँदैन ।
- श्री ५ को निजी राजस्व र स्थानीय कर बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने अरू सबै प्रकारका राजस्व तथा करबाट हुने आम्दानी राजस्वको धितोमा लिइएको सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त हुने सबै धन संसदले अर्को कुनै व्यवस्था नगरेसम्म सञ्चित कोषमा आम्दानी बाँधिने व्यवस्था रहेको ।
- राजस्व र व्ययको अनुमान पेश गर्न श्री ५ बाट प्रत्येक आर्थिक वर्षमा प्रतिनिधि सभाको सम्मुख देहाय बमोजिमका कुरा खुलाई आर्थिक विवरण पेश गर्न लगाउने व्यवस्था रहेको:-

  (क) गत आर्थिक वर्षको उपलब्ध स्रोतबाट राजस्वको अनुमान,

  (ख) कर सम्बन्धी कानूनमा प्रस्तावित परिवर्तनको प्रभाव,

  (ग) संचित कोष प्रति व्ययभार भएको चाहिंदो रकमहरू,

  (घ) संसदको मतदानले व्यय हुने चाहिँदो रकमहरू,

  (ङ) ऋणको रूपमा व्यवस्था गरिएको रकमहरू ।
- धारा ४८ मा पेश्की अनुदानको व्यवस्था गरिएको
- राजस्व व्ययको अनुमान पेश नगरिएसम्म पेश्की अनुदान प्रतिनिधि सभामा प्रस्तुत गर्न नसकिने,
- आगामी आर्थिक वर्षको पहिलो चार महिनाको निमित्त अनुमान गरिएको व्ययभन्दा पेश्की अनुदानको रकम अधिक हुने छैन ।
- प्राकृतिक कारण वा बाह्य आक्रमणको धम्की वा आन्तरिक विघ्न वा अरू कुनै कारणले गर्दा राष्ट्रव्यापी वा स्थानीय संकटको अवस्था भएमा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा त्यस परिस्थितिमा व्ययको श्री ५ बाट वाञ्छनीय ठहराइबक्सेको विवरणमात्र भएको उधारो अनुदान विधेयक श्री ५ बाट प्रतिनिधि सभाको सम्मुख राख्न लगाउने व्यवस्था ।
- आकस्मिक कोष श्री ५ को सरकारको नियन्त्रणमा रहने र श्री ५ बाट स्वीकृति बक्सेबमोजिम सो कोषबाट आकस्मिक खर्चका लागि व्यय गरिनेछ र यथासक्य चाँडो यस्तो व्ययको रकम पूरक अनुदानको रूपमा सोधभर्नाका लागि संसदमा पेश गरिनेछ ।

- भाग ८ मा – हिसाव जाँचको परिच्छेद राखिएकोछ , जस अन्तर्गतः-
- महालेखा परीक्षकको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र पदावधिका सम्वन्धमा व्यवस्था गरिएको,
- मन्त्रिमण्डल, महासभाको सचिव, प्रतिनिधि सभाको सचिव, सर्वोच्च अदालत, लोक सेवा आयोग समेतको अफिस लगायत सरकारी सबै विभाग तथा अड्डा अदालतको स्याहास्रेस्ता हिसाव श्री ५ को स्वीकृतिबाट बनेको ढाँचा र तरिकामा महालेखा परीक्षकले निर्धारण गरे अनुसार राखिने र महालेखा परीक्षकबाट जाँचिने छ । महालेखा परीक्षक र निजका सहायकहरूलाई यस्तो हरहिसाव सम्बन्धी सबैकागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ ।
- आफूले गरेको कामको वार्षिक रिपोर्ट महालेखा परीक्षकले श्री ५ मा चढाउने र मौसूफबाट यस्ता रिपोर्टहरू संसदका समक्ष राख्न लगाइबक्सने व्यवस्था रहेको,

३) नेपालको संविधान २०१९:-

देशमा दलविहिन शासन प्रणालीको स्थापना भए पश्चात वि.सं.२०१९ पौष १ गते नेपालको संविधान जारी भयो । उक्त संविधानले वित्त व्यवस्थापनका लागि संवैधानिक तथा कानूनी आधारको जग निर्माणका लागि संविधानको भाग १० मा आर्थिक कार्य प्रणालीको परिच्छेद राखिएको थियो, जस अन्तर्गत देहायको व्यवस्था गरिएको थियो ।

- कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने,
- सञ्चित कोष,
- सञ्चित कोषबाट व्यय,
- सञ्चित कोषमाथि व्ययभार,
- राजस्व र व्ययको अनुमान,
- पूरक अनुमान,
- पेश्की खर्च,
- उधारो खर्च,
- आकस्मिक कोष,
- आर्थिक कार्यविधि सम्बन्धी ऐन,

त्यस्तै, भाग १२ मा महालेखा परीक्षकसम्बन्धी व्यवस्था भएको र सो अन्तर्गत धारा ७६. मा महालेखा परीक्षकको काम र अधिकार देहाय अनुसार हुने गरी उल्लेख भएको छः-

- सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, अख्तियार दुरुपयोग निवारण आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता तथा अन्य संवैधानिक अङ्गका कार्यालय र सबै सरकारी कार्यालय, अदालत एवं श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीका बमोजिम महालेखा परीक्षकबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी लेखा परीक्षण हुनेछ ।महालेखा परीक्षक र निजका सहायकहरुलाई त्यस्तो लेखासम्बन्धी सबै कागजपत्र जुनसुकै बखत हेर्नपाउने अधिकार हुने ।

- महालेखा परीक्षकले लेखा परीक्षण गर्ने लेखा, सम्बन्धित कानूनका अधीनमा रही तोकिएको ढाँचामा राखिनेछ । त्यसरी ढाँचा नतोकिएसम्म साविक बमोजिमको ढाँचा नै कायम रहने ।

- महालेखा परीक्षकले गर्ने लेखासंग सम्बन्धित अरु काम कानूनद्वारा निर्धारित भए बमोजिम हुने र त्यस्तोमा निजले सम्बन्धित कानूनद्वारा प्राप्त अधिकार प्रयोग गर्न सक्ने।

४) नेपाल अधिराज्यको संविधान २०४७

बहुदलीय शासन प्रणालीको पूनर्वहाली पश्चात जारि गरिएको नेपाल अधिराज्यको संविधान २०४७ को भाग १० मा आर्थिक कार्य प्रणाली रहेको र जसमा देहाय अनुसार व्यवस्था गरिएको थियोः-

धारा ७३. मा कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइनेः-
धारा ७४. मा सञ्चित कोषः
धारा ७५. मा सञ्चित कोष वा सरकारी कोषबाट व्ययः
धारा ७६. मा सञ्चित कोषमाथि व्ययभारः
धारा ७७. मा राजस्व र व्ययको अनुमानः
धारा ७८. मा विनियोजन ऐनः
धारा ७९. मा पूरक अनुमानः
धारा ८० मा पेश्की खर्चः
धारा ८१. मा उधारो खर्चः

धारा ८२. मा आकस्मिक कोषः
धारा ८३. मा आर्थिक कार्यविधिसम्बन्धी ऐनः

भाग १३ मा महालेखा परीक्षक सम्बन्धी व्यवस्था अन्तरगत धारा १०० मा महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार तोकिएको थियो जस अन्तरगतः-

(१) सर्वोच्च अदालत, संसद, राजपरिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग तथा अन्य संवैधानिक निकायको कार्यालय र शाही नेपाली सेना एवं नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालतको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखा परीक्षण हुनेछ ।

(२) पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गरिनेछ । त्यस्तो संगठित संस्थाको लेखा परीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान २०६३ ले वित्त व्यवस्थापनका लागि गरेको व्यवस्थाहरुः-
धारा ८९.मा कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइनेः
धारा ९०.मा सञ्चित कोषः
धारा ९१. मा सञ्चित कोष वा सरकारी कोषबाट व्ययः
धारा ९२. मा सञ्चित कोषमाथि व्ययभारः
धारा ९३. मा राजस्व र व्ययको अनुमानः
धारा ९४. मा विनियोजन ऐनः
धारा ९५. मा पूरक अनुमानः
धारा ९६. मा पेस्की खर्चः
धारा ९६क. मा राजस्व र व्यय सम्बन्धी विशेष व्यवस्थाः
धारा ९७. मा उधारो खर्चः
धारा ९८. मा आकस्मिक कोषः

धारा ९९. मा आर्थिक कार्यविधि सम्बन्धी ऐनः

धारा१२३.मा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारः

६) नेपालको संविधान (२०७२)

नेपालको संविधानको भाग–५ मा राज्यको संरचना र राज्यशक्तिको संघीय सम्बन्धी व्यवस्था गरिएको छ । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह हुने गरी तीन तहको हुने र राज्यशक्तिको संघीय धारा ५७, आर्थिक अधिकारको प्रयोग धारा ५९ र राजस्व श्रोतको संघीय धारा ६० बमोजिम हुने संवैधानिक व्यवस्था छ ।

संवैधानिक व्यवस्था अनुसार राज्यका तीन तहले प्रयोग गर्ने आर्थिक अधिकारको प्रयोग र राजस्व श्रोतको संघीय सम्वन्धमा देहाय अनुसार रहेकोछः

आर्थिक अधिकारको प्रयोग

(१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् ।

(२) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ ।

(३) संघ, प्रदेश र स्थानीय तहले आ–आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ ।

(४) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ ।

(५) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ ।

(६) वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ । त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ ।

(७) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

राजस्व स्रोतको बाँडफाँड

(१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् । तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(५) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् ।

(६) नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(७) संघ, प्रदेश र स्थानीय तह बीच राजस्वको संघीय गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ।

(८) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीयतहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ ।

राज्य तीन तहको संघीय संरचना प्रणालीमा गइ सकेपछि प्रत्येक तहको लागि आर्थिक कार्यप्रणालीको व्यवस्था संविधानले नै गरेको छ ।आर्थिक कार्यप्रणालीले

तीनै तहको वित्तीय व्यवस्थापनका लागि दिशा निर्देश गरेको छ । कर निर्धारणका आधार, संचित कोष, कोषबाट गरिने व्यय, कोषमाथिको व्ययभार, राजस्व र व्ययको अनुमान आदिको संवैधानिक व्यवस्थाले कानूनी आधार बनाइदिएको छ भने वित्तको सङ्कलन, सञ्चालन, परिचालन, अभिलेखाङ्कन र लेखापरीक्षणका लागि नेपालको संविधानको भाग १०, १६ , १९ र २२ मा व्यवस्था गरिएको छ ।

सार्वजनिक वित्त व्यवस्थापनका लागि ल्याइएका मूख्य कानूनहरुः-

१) सार्वजनिक खरिद ऐन २०६३

प्रजातान्त्रीक पद्धतिको विकास भए सँगै देशमा बजेटिङ्ग प्रणालीको शुरुवात भयो । बजेटिङ्ग प्रणालीले खरिद प्रणालीको विकास गर्न सहयोग पुर्याएको भए तापनि नेपालमा प्रथम पञ्चवर्षिय योजना २०१३ बाट सार्वजनिक खरिद प्रकृयाको क्षेत्र विस्तृत हुन गयो । समयानुसार यसको कार्य क्षेत्रले व्यापकता पाउनुको साथै राज्यले गरिने खरिद कार्यलाई सु-व्यवस्थित गर्ने प्रयोजनका लागि तत्कालिन श्री ५ को सरकारले आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ जारी गरि लागू गरेकोमा समय सान्दर्भिकता र परिस्थिति अनुसार नेपाल सरकारले मिति २०६३/०९/३० मा "सार्वजनिक खरिद ऐन २०६३" सार्वजनिक खरिद सम्वन्धमा व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रतिनिधि सभाले बनाएको उक्त ऐन हालसम्म कार्यान्वयनको स्थितिमा रहेकोछ ।

कानूनी आधारबाट राज्यले जनताबाट संकलन गरेको राजस्व तथा वैदेशीक श्रोतबाट प्राप्त हुने अनुदान वा ऋणको रकमबाट गरिने खरिद नै सार्वजनिक खरिद हो ।सार्वजनिक खरिदले राज्यबाट गरिने कूल खर्चको करिव २/३ भन्दा बढी भाग रहेको तथ्यांकलाई हेर्दा यसको महत्वलाई आँकलन गर्न सकिन्छ ।सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन खरिद प्रकृयालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन र ऐनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि सार्वजनिक खरिद नियमावली २०६४ ल्याइएकोछ ।

सार्वजनिक खरिद ऐनको आवश्यकता किन महशुस गरियो, त ?

- सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन,
- सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्द्धन गर्न,
- मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न,

- सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्न,
- सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न,

सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेका मुख्य व्यवस्थाहरुः-

- खरिद कार्यको जिम्मेवारी र खरिद विधि सम्बन्धी व्यवस्था,
- बोलपत्र सम्बन्धी व्यवस्था,
- परामर्श सेवा सम्बन्धी व्यवस्था,
- खरिद सम्बन्धी अन्य व्यवस्था,
- खरिद कारबाही वा निर्णयको पुनरावलोकन सम्बन्धी व्यवस्था,
- खरिद सम्झौता सम्बन्धी व्यवस्था,
- आचरण सम्बन्धी व्यवस्था,
- खरिद कार्यको अनुगमन सम्बन्धी व्यवस्था,

अतः सार्वजनिक खरिद कार्यको व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था गरी खरिद विधि र प्रकृयालाई सरलीकृत र एकरुपता कायम गर्ने औजारको रुपमा राज्यका तीनै तहमा कार्यान्वयनमा ल्याइएको छ ।तसर्थ वित्त व्यवस्थापनको कानूनी आधार मध्ये एक खरिद ऐन तथा नियमावली पनि हो ।

२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन- २०७६

एकात्मक शासन प्रणालीमा आधारित राज्य व्यवस्था सञ्चालन तथा व्यवस्थापनका लागि ल्याइएका विभिन्न कानूनहरु मध्ये आर्थिक कार्यविधि ऐन, २०५५ पनि एक हो । सञ्चित कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण, बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गराउने प्रयोजनका लागि ल्याइएको थियो ।

तर, आर्थिक कार्यविधि ऐन २०५५ लाई परिमार्जित, थप तथा विषयबस्तुमा संशोधन गरी सङ्घीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र सङ्घ, प्रदेश तथा स्थानीय तहको आर्थिक

कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ल्याइएकोछ ।

वित्तीय व्यवस्थापनका कानूनी आधारहरुलाई फराकिलो सुस्पष्ट जिम्मेवारी वोध गराउन आवश्यक पर्ने विषयवस्तुहरुलाई समयानुकूल बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा पारिभाषिक रुपमा केहि संशोधन तथा थप गरिएको छ भने वित्तको सञ्चालन तथा व्यवस्थापनका लागि देहायका आधारहरु तय गरेको पाइन्छः-

- सङ्घीय सञ्चित कोषको सञ्चालन र एकीकृत वित्तीय विवरण
- राजस्व र व्ययको अनुमान
- बजेट निकासा, खर्च र नियन्त्रण
- कारोबारको लेखा
- आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण
- बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा
- सरकारी बाँकी असुल उपर
- वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता
- विविध

यस ऐनले वित्तको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मध्यकालीन खर्च संरचना तयार, श्रोत अनुमान र खर्चको सीमा निर्धारण, बजेट सीमा र मार्गदर्शन, बजेट प्रस्ताव र छलफल, बजेट विनियोजन, बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता, सम्भावित दायित्व तथा प्रतिवद्धता व्यवस्थापन, राजस्व र व्ययको अनुमान, घाटा बजेट, समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण, आयोजना वर्गिकरण र आयोजना बैंक जस्ता विषयहरुलाई पनि थप गरिएको छ भने बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रतिफल सूचक सहित कार्य सम्पादन करार गर्नुपर्ने व्यवस्था गरिएको छ ।

३)अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको संघीय सम्बन्धी व्यवस्था गरिएको छ । राज्यको संरचना, राज्य शक्तिको संघीय, अवशिष्ट अधिकार, आर्थिक अधिकारको प्रयोग र राजस्व श्रोतको संघीय सम्बन्धी व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहको अधिकार र कार्यक्षेत्रको सीमा निर्धारण गर्नुको अतिरिक्त श्रोतहरुको संकलन तथा परिचालन एवं सो को व्यवस्थापनको लागि कानूनी आधार तय गर्ने मार्गदर्शन प्रदान गरेको छ ।

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड,अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्न अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याइएको छ ।

१) नेपाल सरकारले सङ्घीय कानून बमोजिम तपसिलमा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

सि.नं.	कर	सि.नं	गैर कर
१	भन्सार महसुल	१	राहदानी शुल्क
२	अन्तःशुल्क	२	भिसा शुल्क
३	मूल्य अभिवृद्धि कर	३	पर्यटन दस्तुर
४	संस्थागत आय कर	४	सेवा शुल्क दस्तुर
५	व्यक्तिगत आय कर	५	जुवा/चिठ्ठा, क्यासिनो
६	पारिश्रमिक कर	६	दण्ड जरिबाना

२) प्रदेश सरकारले प्रदेश कानून बमोजिम तपसिलमा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

सि.नं.	कर	सि.नं	गैर कर
१	घरजग्गा रजिष्ट्रेशन शुल्क	१	सेवा शुल्क दस्तुर
२	सवारी साधन कर	२	पर्यटन शुल्क
३	मनोरञ्जन कर,	३	दण्ड जरिबाना
४	विज्ञापन कर		
५	कृषि आयमा कर		

३) स्थानीय तहले स्थानीय कानून बमोजिम तपसिलमा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

सि.नं.	कर	सि.नं	गैर कर
१	सम्पत्ति कर	१	सेवा शुल्क दस्तुर
२	घर वहाल कर	२	पर्यटन शुल्क

३	घर–जग्गा रजिष्ट्रेसन शुल्क	३	दण्ड जरिबाना
४	सवारी साधन कर		
५	भूमि कर (मालपोत)		
६	मनोरञ्जन कर		
७	विज्ञापन कर		
८	व्यवसाय कर		

राजस्वको बाँडफाँड सम्बन्धी व्यवस्थाः-

- मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँड गर्दा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई उपलव्ध गराउने व्यवस्था रहेको ।
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने र कोषमा रहेको रोयल्टीको बाँडफाँड देहाय अनुसार हुने गरी कानूनी आधार तय गरिएको छः-

क्र.सं.	रोयल्टीको शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

अनुदान सम्बन्धी व्यवस्थाः-

नेपाल सरकारले संघीय राज्य प्रणालीको सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहलाई ४ किसिमका अनुदान दिने व्यवस्था गरेको छ, ती अनुदानहरु यस प्रकार रहेका छनः-

१. **वित्तीय समानीकरण अनुदानः-** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।

त्यस्तै, प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने ।

२. सशर्त **अनुदानः-** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ। सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने व्यवस्था छ ।

त्यस्तै, प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ।

३. **समपूरक अनुदानः-** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजना छनौटका आधार र कार्यविधि बनाई समपूरक अनुदान प्रदान गर्नेछ।

४. **विशेष अनुदानः-** नेपाल सरकारले तोकिएको लक्ष्य हासिलका लागि कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्नेछ ।

वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः-

वित्तीय व्यवस्थापनका लागि वित्तीय अनुशासन कायम हुनु जरुरी छ । अनुशासनले सुशासनको प्रवर्द्धन गर्दछ, त्यसैले संघ, प्रदेश र स्थानीय तहले देहाय अनुसारका वित्तीय अनुशासन पालन गर्नु पर्दछ जसले कानूनी आधार तय गर्न आधारशिला प्रदान गर्दछः-

- आर्थिक तथा वित्तीय नीतिको अनुशरण वित्त व्यवस्थापनका कानूनी आधार,
- अनुदान र आन्तरिक आय सञ्चित कोषमा दाखिला,
- बजेटको व्यवस्था खर्चको आधार,
- अनुदानको प्रयोग तोकिएको क्षेत्रमा त्यसको उपयोग,

- कानूनले बर्जित गरेको स्थानमा रकमान्तर गर्न नपाइने,
- स्पष्टता र प्रष्टताको लागि पारदर्शीता,
- आय व्ययको वर्गीकरण तथा लेखाङ्कन सुशासनमा सरलीकरण,
- आवधिक विवरण पेश समिक्षाको लागि बेस (उत्तम),

निष्कर्ष:

राज्यका संयन्त्रहरुको संचालन तथा व्यवस्थापनमा वित्तले अहम् भूमिका निर्वाह गर्दछ जस्तो की मानव शरीरमा रक्त सञ्चारको भूमिका हुन्छ। शरीरलाई चुस्त, दुरुस्त र जीवन्तता रक्त सञ्चारले प्रदान गर्दछ भने राज्यलाई जीवन्तता वित्तले प्रदान गर्दछ । वित्तका श्रोतहरु आन्तरिक तथा वाह्य भए पनि तिनीहरुको व्यवस्थापन संविधान मार्फत जारि गरिएका कानूनबाट संकलन, प्रयोग, असुली तथा राज्य सञ्चालनमा गरिने खर्चको लेखाङ्कन तथा परीक्षण सम्बन्धी कार्यहरु गरिन्छन्।

जनमतबाट प्राप्त जनादेश अनुसार जनप्रतिनिधिहरुले संविधानलाई मार्गदर्शनको रुपमा लिई राज्यको रक्त सञ्चार प्रणाली (वित्त व्यवस्थापन) लाई सहजरुपमा सञ्चालनमा ल्याउन समय सापेक्ष ऐन कानूनहरु ल्याउने गर्दछ । यस सन्दर्भमा हाम्रो देशमा पनि संविधानले निर्दिष्ट गरेको सीमाभित्र रहेर राज्यले विभिन्न ऐन कानूनहरु ल्याइएको पाइन्छ, जसमध्ये प्रमुख रुपमा सार्वजनिक खरिद ऐन- २०६३ तथा नियमावली-२०६४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ र आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ आदि रहेको छ । अन्य कतिपय ऐन नियमहरुले पनि वित्त व्यवस्थापनका लागि उत्तिकै कानूनी आधारहरु सिर्जना गरेको पाइन्छ जस्तो आयकर ऐन-२०५८ तथा नियमावली-२०५९, भन्सार ऐन तथा नियमावली-२०६४ र लेखापरीक्षण ऐन-२०७५ आदि।

सन्दर्भ सामाग्रीहरु:-

१. नेपालको संविधान
२. सार्वजनिक खरिद ऐन-२०६३ तथा नियमावली- २०६४
३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन -२०७६
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन- २०७४
५. नेपाल कानून आयोगको वेभ साइटमा राखिएका ऐन तथा नियमहरु

वित्त नीतिको नवीन अभ्यास : बजेटमा रुपान्तरण

१. पृष्ठभूमि

पूर्वी एशियाली वित्तीय संकट समाधानका लागि अन्तराष्ट्रिय मुद्राकोषले गरेको सहयोग र नीतिगत सुझाव पछि मात्र वित्तीय पारदर्शितालाइ परिभाषित गर्ने र सो सम्बन्धी सूचकहरु निर्माण गरिएको हो । त्यस पछि वित्तीय पारदर्शिताका विभिन्न सूचक र ढाँचाहरु तय भएका छन् । यस छोटो लेखमा सरकारी बजेटको प्रभाव, वित्तीय पारदर्शिताको आवश्यकता र यस सम्बन्धी ढाँचा साथै नवीन अभ्यासको पाटो र प्रदेश सरकार प्रदेश नं १ को आ. व. २०७६।७७ को नागरिक बजेटको सानो नमूना प्रस्तुत गरिएको छ ।

२. सरकारी बजेटको प्रभाव

सबै नागरिकले आफ्नो क्षमता, आवश्यकता र आकांक्षामा आधारित भै भविष्यका लागि योजना बनाएका हुन्छन् । सो योजनालाइ कार्यान्वयनका लागि व्यक्तिगत र परिवारको बजेटको अनुमान समेत गरेका हुन्छन । तर सार्वभौमसत्ताको वास्तविक अभ्यास गर्न आफैले चुनेको सरकार आफ्ना योजना तथा बजेट लिएर टुप्लुक्क आइपुग्छ र प्रत्येक नागरिकको बजेट र योजनालाइ प्रभाव पार्ने सामर्थ्य राख्दछ । फरक-फरक समुह र समुदायलाइ फरक फरक तरिकाले प्रभाव पार्ने भएकोले अर्थशास्त्रीहरु बजेटलाइ बृहत आर्थिक परिसूचकको विश्लेषण भन्दछन भने विधायकहरु सरकारलाइ नियन्त्रण गर्ने औजार मान्दछन । उद्योगी र व्यापारीहरु कर छुट र सहुलियतमा ध्यान दिन्छन भने पछि परेका र कमजोर वर्ग बजेटले बढाउने सामाजिक सुरक्षाको दायरामा अपेक्षा व्यक्त गर्दछन् । कर्मचारीहरु बजेटले थप गर्ने तलब र सुबिधाको आश गर्दछन भने निर्माण व्यवसायीहरु बजेटले प्रस्ताव गर्ने पुर्वाधार आयोजनामा आधारित भै आफ्ना तयारीलाइ समायोजन गर्दछन् । यसरी सरकारी बजेटले समाजका प्रत्येक तह तप्का र व्यक्तिलाइ प्रभाव पार्ने भएकोले नै सबैको चासो हुने गर्दछ ।

Lawrence W Reed ले सरकार र यसको स्रोतबारे महत्वपूर्ण भनाइ राखेका छन् : Government has nothing to give anybody except what it first takes from somebody, and a

---

* ✍लेखा अधिकृत, अधिकृत स्तर आठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगर

government that's big enough to give everything you want is big enough to take away everything you've got.

सरकारको आफ्नै केही स्रोत नहुने र राजस्व, ऋण (भविष्यको राजस्व) र अनुदान आयको रुपमा लिएर खर्चको आवश्यकता पुरा गरेको हुन्छ । त्यस्तै मालिक-अभिकर्ता सिद्धान्त अनुसार नागरिकहरु मालिकको रुपमा रहेका हुन्छन् । सरकारले आम नागरिकको अभिकर्ताको रुपमा उनीहरुको नै स्रोत परिचालन बजेट मार्फत गर्दछ । खर्च गर्ने तरिकामा उनै विद्वान Lawrence W Reed को अर्को भनाइ झनै महत्वपुर्ण छ : Nobody spends somebody else money as carefully as he spends his own. अथार्त कुनै पनि व्यक्तिले आफ्नो रकम भन्दा सावधानी र किफायतिपूर्वक अरुको रकम खर्च गर्दैन् । अर्थशास्त्रको नोबेल पुरस्कार बिजेता प्रसिद्ध अर्थशास्त्री मिल्टन फ्रिडम्यानका अनुसार रकम खर्च गर्ने केवल ४ तरिकाहरु मात्र छन् ।

१. आफ्नो रकम आफैले आफ्नो लागि खर्च गर्ने

२. आफ्नो रकम आफैले अर्को व्यक्तिको लागि खर्च गर्ने

३. अरुको रकम आफ्नो लागि खर्च गर्ने

४. अरुको रकम अरुको लागि नै खर्च गर्ने

पहिलो तरिकामा आर्जन गर्ने, खर्च गर्ने र लाभ वा उपयोगिता प्राप्त गर्ने पक्षको सम्बन्ध प्रष्ट र नजिकको छ तसर्थ उपयोगिता उच्चतम पार्ने विषयमा गल्ती कमजोरीको सम्भावना एकदमै कम हुन्छ । अर्थात 3E (Economy, Efficiency, Effectiveness) का सबै पक्ष हासिल भै Value for money प्राप्त हुने विषयमा करीब सुनिश्चित हुन सकिन्छ । दोस्रो तरिका, जस्तै उपहार दिदा प्राप्त गर्ने व्यक्तिलाइ वास्तवमै आवश्यक थियो वा थिएन भन्ने पक्ष खर्च गर्ने व्यक्तिले थाहा नपाउन सक्दछ त्यसकारण मितव्ययीता र कार्यदक्षता हासिल हुन सके पनि प्रभावकारिताको पक्ष गौण हुने सम्भावना रहन्छ । तेस्रो तरिका अनुसार खर्च गर्दा आफ्नै उपयोगिताका लागि खर्च गरिने भएको आवश्यक वस्तु वा सेवामा प्रयोग हुन सक्दछ तर मितव्ययीता (Economy) को पक्ष गौण हुन जान्छ । अरुको रकम अरुलाइ नै खर्च गर्दा मितव्ययीता, कार्यदक्षता र प्रभावकारिताका तीन वटै पक्ष गौण बन्न पुग्छन् किनकि आय आर्जन गर्ने, खर्च गर्ने र लाभ वा उपयोगिता प्राप्त गर्ने तीनै पक्षको सम्बन्ध अप्रत्यक्ष र टाढाको हुन्छ साथै फजुल खर्च (Wasteful expenditure) र गलत कार्यको सम्भावना बढी हुन्छ । सरकारले गर्ने खर्च चौथो तरिकाको खर्च हो । यसकारण स्रोतको सुनिश्चतिताको लागि पूर्व बजेट छलफल गर्ने, अर्थ समितिको व्यवस्था, खर्च सम्बन्धी कानूनी प्रबन्ध र आन्तरिक तथा अन्तिम लेखापरीक्षणको व्यवस्था समेत गरिएको छ । तर औपचारिक

प्रबन्धको व्यवस्था हुदाँ हुदै पनि जनसहभागिता र पारदर्शिताको पक्ष अत्यन्त महत्वपूर्ण हुन जान्छ ।

३. नेपालको सन्दर्भ र व्यवहार परिवर्तन

बेलायत, फ्रान्स जस्ता देशहरुको तुलनामा निकै ढिलो गरी बजेट परम्पराको शुरुवात गरेको भए पनि नेपाल करीब ७ दशकको अनुभवी भैसकेको छ । प्रजातान्त्रिक सरकार, पञ्चायती सरकार र बहुदल प्राप्ति पछि स्थानीय स्वायत्त शासनको अवधारणा अनुसारका इकाइहरुले समेत बजेट प्रणालीको अभ्यास गरेका थिए । दोस्रो जनआन्दोलनको सफलता सँगै गठन भएको संविधानसभाबाट संघीयता सहितको शासन प्रणालीको सुनिश्चित गरे पश्चात बजेट प्रणालीको अभ्यास अझ प्रखर रुपमा भएको छ । संवैधानिक प्रबन्धबाट अधिकार र कार्य जिम्मेवारी प्राप्त ७ वटा प्रदेश सरकारहरु र ७५३ स्थानीय सरकारहरुले वित्तीय संघीयताका चारवटै आधार स्तम्भहरु (कार्य जिम्मेवारी Expenditure Assignment, राजस्व अधिकार Revenue Authority, अन्तर सरकारी वित्त हस्तान्तरण Inter-governmental Fiscal Transfer र ऋण परिचालन Public Borrowing) अनुसार प्रभावकारी रुपमा बजेट व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ ।

वित्तीय संघीयता कार्यान्वयनको सिलसिलामा राजस्व संकलनको अधिकार, राजस्व बाडफाड ४ प्रकारका अनुदानले ठूलो स्रोत स्थानीय तह र प्रदेशमा पुगेको छ । जनताको नजिक रहेको सरकार भएका कारण बजेट प्रक्रियामा जनसहभागिता सहितको पृष्ठपोषण संयन्त्रले प्रभावकारी बजेट प्रणालीमा ठूलो भूमिका खेल्ने देखिन्छ । बजेटको पारदर्शिताले व्यवहारगत परिवर्तनलाइ प्रोत्साहन गर्दछ । त्यस्ता प्रवृत्तिहरु मुलतः जानकारी माग गर्ने प्रवृत्ति (Information-seeking behavior), उत्तरदायित्व खोज्ने प्रवृत्ति (Accountability-seeking behavior), विकास प्रतिफल खोज्ने प्रवृत्ति (Development outcome seeking behavior) हुन । नागरिक समाज, व्यक्ति, समुह र समुदायले सेवा प्रदायकको सेवाको परिमाण र गुणस्तर, खर्चको प्रवृति र प्राथमिकताको चयन र सरकारको क्रियाकलापमाथि सुदृढ ढंगले बारम्बार प्रश्न उठाउन थाले पछि उपरोक्त प्रवृत्तिहरु संस्थागत भै बजेट प्रक्रियाको अभिन्न अंग बन्दछन् । बारम्बारको प्रयोग र संस्थागत भएपछि नीतिगत तहमा नै परिवर्तन हुन पुग्छन् ।



४. पारदर्शिताका फाइदाहरु

बजेट पारदर्शिताका फाइदाहरु निकै छन् । ती फाइदाहरुलाइ मुख्यत: ४ प्रकारमा बाडन सकिन्छ ।

१. स्रोतको दुरुपयोगमा कमि (Reduction of abuse of resources)

२. राजस्वमा वृद्धी (Higher revenue)

३. साधन स्रोतको प्रभावकारी उपयोग (Efficient use of resources)

४. सरकार प्रतिको विश्वासमा अभिवृद्धि (More trust in government)

५. बजेट तथा वित्त व्यवस्थापनमा पारदर्शिता अभिवृद्धिका पहलहरु :

सन् १९९० को मध्य सम्ममा बजेट पारदर्शिता सम्बन्धी विषयलाइ औपचारिक रुपमा परिभाषित गर्ने प्रयास नै भएको थिएन ।सन् १९९८ मा पूर्वी एशियाका एशियन बाघ (ताइवान, हङकङ, सिङ्गापुर र दक्षिण कोरिया) हरुको अर्थतन्त्रमा आएको संकटलाइ समाधान गर्ने प्रयोजनका लागि अन्तराष्ट्रिय मुद्रा कोषले वित्तीय पारदर्शितामा असल अभ्यासको सूचकहरु तयार पारेको थियो । पछि सन् २००२ मा ओइसिडी (अमेरिका बेलायत फ्रान्स लगायत ३७ वटा विकसित मुलुकहरु) मुलुकहरुले केन्द्रीय बजेटमा पारदर्शिता अवम्बनमा असल अभ्यासको प्रयोगमा जोड दिएका थिए । सन् २००१ मा सात वटा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुले सार्वजनिक वित्त व्यवस्थापन संरचनाको मुल्यांकनको लागि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व कार्यक्रमको शुरुवात गरे । सन् २००६ मा अन्तराष्ट्रिय बजेट साझेदारी (International Budget Partnership-IBP) ले खुला बजेट सर्वेक्षण प्रारम्भ गरी नागरिक बजेटको प्रवद्धनमा जोड दियो ।

अन्तराष्ट्रियस्तरमा वित्त व्यवस्थापनका लागि अवलम्बन गरिएका केही उपायहरुको (Tools) सूची देहाय बमोजिम बनाउन सकिन्छ ।

A) The Public Expenditure and Financial Accountability (PEFA) framework
B) The IMF's Fiscal Transparency Code



C) Ten Principles of Budgetary Governance (OECD)

Manage budgets within clear, credible and predictable limits for fiscal policy.

Closely align budgets with the medium-term strategic priorities of government.

Design the capital budgeting framework in order to meet national development needs in a cost-effective and coherent manner.

Ensure that budget documents and data are open, transparent and accessible.

Provide for an inclusive, participative and realistic debate on budgetary choices.

Present a comprehensive, accurate and reliable account of the public finances.

Actively plan, manage and monitor budget execution.

Ensure that performance, evaluation and value for money are integral to the budget process.

Identify, assess and manage prudently longer-term sustainability and other fiscal risks.

Promote the integrity and quality of budgetary forecasts, fiscal plans and budgetary implementation through rigorous quality assurance including independent audit.

D) The Global Initiative for Fiscal Transparency (GIFT)

- Accessibility
- Openness
- Inclusiveness
- Respect for self expression
- Timeliness
- Depth
- Proportionality

➢ Sustainability
➢ Complementarily
➢ Reciprocity

E) The Open Budget Survey conducted by the International Budget Partnership IBP भन्ने अन्तराष्ट्रिय गैरनाफामुखी संस्थाले सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न पक्षमा नागरिकहरुको सहभागिताको आधार, बजेटको पारदर्शिता र निगरानी लाइ मध्यनजर गरेर शुन्य देखि १०० सम्मको स्केल तय गरेको छ । सो आधारमा ५ वटा समुह निर्माण गरिएका छन् ।

- Excessive Information (81-100)
- Substantial Information (61-80)
- Limited Information (41-60)
- Minimal Information (21-40)
- Scant or no information (0-20)

सन् २०१७ को तथ्यांकलाइ आधारमा मान्दा नेपालले बजेट पारदर्शितामा ५२, जनसहभागितामा केवल २४, बजेट निगरानीमा ४४ अंक प्राप्त गरेको छ। बजेट निगरानीमा पनि विधायिकी निगरानीमा केवल २४ अंक प्राप्त गरेको छ भने सर्वोच्च लेखा परीक्षण संस्थाबाट हुने निगरानीमा पर्याप्त अंक ७८ प्राप्त गरेको छ। यसरी हेर्दा नेपाल बजेट सम्बन्धी सीमित सूचना दिने मुलुक (Limited information 41-60) मा परेको छ ।

६. नागरिक बजेट

पारदर्शिता, जनसहभागिता, स्वामित्व, अपनत्व, विश्वास अभिवृद्धी गर्ने साधनको रुपमा आजकल नागरिक बजेटको प्रचलन लोकप्रिय हुँदै आएको छ । दक्षिण अफ्रिका, न्युजिल्याण्ड, इन्डोनेशिया, माली, डोमिनिकन रिपब्लिक, ब्राजिल, चिली, घाना, मेक्सिको, नर्वे, फिलिपिन्स आदिले यसको सफलतापुर्वक प्रयोग गरेका छन् ।नागरिक बजेट वास्तवमा सरकारले ल्याउने पूर्ण बजेटको सामान्यीकृत र सरलिकृत रुप हो । आम जनताले बुझ्न, मनन गर्न सक्ने रुपले प्रस्तुत गरिएको बजेटका प्रमुख विषयवस्तु समेटिएको दस्तावेज हो नागरिक बजेट । यसको स्वरुप र ढाँचामा एकरुपता हुँदैन। पोष्टर, पम्प्लेट, हास्यशैली (Comics), पत्रपत्रिका, ह्यान्डबुक आदि स्वरुपमा नागरिक बजेट प्रस्तुत गर्न सकिन्छ ।तर सामान्यतया नागरिक बजेटमा बजेटले लिएका आर्थिक मान्यताहरु र बृहत आर्थिक परिसूचकहरु (मुद्रास्फीति, आर्थिक वृद्धि, बजेट घाटा वा बचत) राजस्व संकलनको आधार र स्रोत, खर्चको स्वरुप र संरचना, महत्वपूर्ण नीतिगत प्रस्तावहरु र सम्पर्कको माध्यम समेटिएको हुनुपर्दछ । नागरिक बजेट मार्फत सरकारले नै आमनागरिक र नागरिक समाजलाइ बजेट

प्रक्रियामा समावेश गर्न प्रयोग गर्न सक्दछ । वास्तवमा प्राविधिक र वित्तीय भनाइ (Technical and Financial Jargon) बाट मुक्त गरी आम नागरिकले सजिलै आफुलाइ प्रभाव पार्ने विषयमा सरकारको कार्य र प्रस्तावलाइ बुझेर पृष्ठपोषण गर्न सकुन भन्ने उद्धेश्य राखिने भएकोले नागरिक बजेट सबै प्रमुख राष्ट्रभाषाहरुमा प्रकाशित गरी व्यापक रुपमा प्रचार प्रसार गर्नु आवश्यक हुन्छ । नेपालमा आ. व. २०७५।७६ को जलवायु बजेटको विषयमा नेपाल फ्रिडम फोरमले नागरिक जलवायू बजेट तर्जुमा गरेको छ।यस्तै प्रयासको माध्यमबाट सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र सहभागिता अभिवृद्धि गर्न सकिन्छ । प्रदेश सरकार प्रदेश नं १ को आ व २०७६।७७ को बजेटको नागरिक बजेटको नमूना स्वरुप देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।



सरकारको प्राथमिकता र मुख्य कार्यक्रमहरू

- कृषि पशु तथा सहकारी क्षेत्र
  ४ अर्ब
- वन तथा वातावरण क्षेत्र
  १ अर्ब २० करोड
- सिंचाइ तथा नदी नियन्त्रण
  ३ अर्ब २० करोड
- स्वास्थ्य क्षेत्र
  १ अर्ब ७ करोड
- सडक र पुल
  ८ अर्ब
- पर्यटन क्षेत्र
  १ अर्ब ६६ करोड
- उद्योग वाणिज्य र आपुर्ति क्षेत्र
  ४७ करोड
- शिक्षा क्षेत्र
  १ अर्ब २८ करोड
- खानेपानी तथा सरसफाई
  १ अर्ब २८ करोड
- खेलकुद
  ४७ करोड
- आवास भवन शहरी विकास
  ४७ करोड

प्रत्येक स्थानीय तहमा

- पर्यटकीय पुर्वाधार विकास कार्यक्रम
- एक खेल मैदान

प्रत्येक निर्वाचन क्षेत्रमा

- मुख्यमन्त्री ग्रामीण सडक कार्यक्रम
- बहुवर्षीय पुर्वाधार विकास योजना

प्रत्येक जिल्लामा एक खेल मैदान

प्रदेश स्तरीय खेल मैदान

अन्य महत्वपूर्ण कार्यक्रमहरु

डिजीटल प्रदेश

आयोजना बैंक



नगदे बाली प्रवर्द्धन

मुख्यमन्त्री युवा उधमशील कार्यक्रम

सार्वजनिक निजी साझेदारी

म अघि बढ्छु

आन्तरिक पर्यटन प्रवर्द्धन

रु २५०००
६ दिन बिदा

७. निष्कर्ष

जनजिब्रोमा प्रचलित भाषामा बजेट तथा वित्तीय विवरणहरु तयार गरी आम नागरिकको पहुँचको पुर्याउने र जनताका आवश्यकता र प्राथमिकता उनीहरुबाटै संकलन गर्ने तरिका र संयन्त्रले मात्र सार्थक जनसहभागिता हुन्छ । सार्थक सहभागिताले सार्वजनिक वित्तीय व्यवस्थापनमा नागरिकको प्रश्न उठाउने क्षमता वृद्धि भै लोकतन्त्रको प्रवर्द्धनमा भूमिका खेल्दछ । नागरिक बजेट जस्ता नवीन अभ्यासले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन भै राज्यप्रति नागरिकको विश्वासमा अभिवृद्धि हुने देखिन्छ ।

सन्दर्भ सामग्री :

- नागरिक जलवायू बजेट, नेपाल फ्रिडम फोरम, थापाथली, काठमाण्डौ ।
- Lawrence W. Reed, Seven Principles of Sound Public Policy, Mackinac Center for Public Policy.
- www.oecd.org
- https://siteresources.worldbank.org/
- www.imf.org
- www.internationalbudget.org

कर्मचारी समायोजनपछि प्रदेश नं. १ को प्रदेश निजामती सेवामा देखिएका समस्या तथा समाधानका उपायहरु

विषय प्रवेशः

राजा पृथ्वीनारायण शाहले नेपाल राज्यको भौगोलिक दायरा विस्तार गरेर भौगोलिक एकीकरण त गरे तर उहाँले धार्मिक, साँस्कृतिक, जातीय र प्रशासनिक एकीकरण भने गर्न नसकेको कुरा इतिहासबाट छर्लङ्ग छ । शाहले आफुलाई सहयोग गर्ने र विश्वास जित्ने "थर घर" का मानिसलाई मात्र निजामती सेवाको रुपमा हेरिएको पाइन्छ । कोतपर्वपछी जंगबहादुरले पन्जापत्रमार्फत अधिकार प्राप्त गरेपछि राजा औपचारिक रुपमा रहने काम मात्र भयो । त्यसपछि त झन् एकतन्त्रिय जाहाँनिया राणा शासनले सबै माथिल्लो पदमा राणाबाहेक अरु मानिसलाई राखिएन । १०४ वर्षको एकतन्त्रिय जाहाँनिया राणा शासनको अन्त्य भइ प्रजातन्त्रको स्थापना भएपछी निजामती क्षेत्रमा समेत केहि उल्लेख्य कार्यहरु हुन पुगे । जतिपनि निजामती सेवाको औपचारिक शुरुवात र जग बस्यो यही समयमा नै बसेको थियो तर यो पनि लामो समय टिकेन । तत्कालिन राजा महेन्द्रले वि.स. २०१७ मा पञ्चायत शासन व्यवस्थाको शुरुवात गरेसँगै निजामती सेवा पनि धुर्मुराउन पुग्यो । पूनः जनआन्दोलन भाग १ ले वि.स. २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछी निजामती सेवालाई पनि प्रजातान्त्रिक मूल्यमान्यता अनुरुप लाने र यसको व्यवहारलाई जनवोधी तथा पारदर्शी बनाउने तर्फ उन्मुख भएको पाइन्छ । यसबिचमा विभिन्न प्रशासनिक सुधारहरु भएको समेत पाइन्छ । निजामती सेवाको क्षेत्रमा सबैभन्दा ठूलो परिवर्तन भने जनआन्दोलन भाग २ पछि भएको देखिन्छ । यस आन्दोलनपछी बनेको अन्तरिम संविधान २०६३ मा समावेशीकरणलाई संविधानमा उल्लेख गरि निजामती सेवामा सकारात्मक विभेदको रुपमा आरक्षण प्रणालीलाई अवलम्बन गरियो, जसले गर्दा धेरै भन्दा धेरै महिला, आदिवासी / जनजाती, मधेशी, दलित लगायतका क्षेत्रका मानिसहरु समेत निजामती सेवामा प्रवेश गरेको पाइन्छ । संविधानसभा मार्फत संविधान जारी गर्ने जनताको लामो चाहना दोस्रो संविधानसभाबाट वि.सं. २०७२ साल असोज ३ गते जारी भएको संविधानबाट पुरा भयो । यस संविधानले निजामती सेवालाई संघ, प्रदेश र स्थानीय तह गरि तीन तहमा विभाजन गरेको

---

* ✍ लेखा अधिकृत , अधिकृत स्तर सातौं तह, मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं. १, विराटनगर ।

छ । शासकीय स्वरुप आफैंमा नराम्रो कुरा होइन, केवल यसको कार्यान्वयन गर्ने पक्षको भूमिका सबैभन्दा ठूलो कुरा हो किनकी एकात्मक शासन व्यवस्था भएका देशहरु पनि विकसित र समृद्ध भएका छन् । यहाँ त संघीय शासन व्यवस्था नै सबैथोक हो जस्तो हाउगुजीको रुपमा देखा परेको छ ताकी देश संघीयतामा गएपछि सबै समस्या समाधान होला जस्तो देखिएको थियो । तर, अब संघीयताको कार्यान्वयन एक प्रमुख समस्याको रुपमा देखा परेको छ । राजनीतिक रुपमा मात्र संघीयताको कार्यान्वयन भएर मात्र हुदैंन यहाँ त प्रशासनिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक लगायत क्षेत्रमा संघीयताको सफल कार्यान्वयन हुनु पर्दछ । संघीयताको कार्यान्वयन गर्ने क्रममा प्रशासनिक क्षेत्रलाई संघीयता अनुरुप लैजानका लागि निजामती सेवालाई समेत कर्मचारी समायोजन अध्यादेश २०७५ र पछी ऐन २०७५ ल्याई संघीयता अनुरुप कर्मचारी समायोजन गरियो । कर्मचारीलाई समायोजन गर्नु भन्दा अगाडी संघीय निजामती सेवा ऐन, प्रदेश तथा स्थानीय निजामती ऐन आउनुपर्छ, कर्मचारी सेवाशर्त र वृत्तिविकाससम्बन्धि कानून बन्नुपर्छ अनिमात्र समायोजन गर्नुपर्छ भन्ने आवाज नआएको होइन तर सरकारले जवरजस्ती कर्मचारी सामायोजन ऐन ल्याई ट्रेड युनियनलाई राजनितिक अस्त्र देखाइ समायोजन कार्य भयो । जसबापत केहि उच्च पदस्थले काम गरेवापत पुरस्कृत समेत भएको सुन्नमा पाइन्छ तर हाल यो समायोजनले प्रायः कर्मचारी सन्तुष्ट हुन सकेका छैनन् भने कर्मचारी बीच आपसी अन्तरविवादको समेत अवस्था सिर्जना भएको छ । अतः कर्मचारी समायोजन भइसकेपछि जसोतसो कर्मचारी प्रदेश त आए, समायोजन भएको एक वर्ष पुरा भइसकेपनि प्रदेशका दरबन्दीमा पुर्ण रुपमा पदपूर्ति हुन सकेका छैनन् भने हालसम्म संघीय निजामती सेवा ऐन बन्ने कुरा निश्चित भएको छैन । संघीय निजामती सेवा ऐन नबनेपछि प्रदेश र स्थानीय तहको त बन्ने कुरा नै भएन । त्यो भन्दा नि प्रदेशमा समायोजन भइ आएका कर्मचारीको वृत्ति विकास के हुने? त्यसैगरि उनीहरुको सेवा सुबिधामा समेत अन्योलता तलबी प्रतिवेदन पारित नहुनेले पनि स्पष्ट पार्दछ । अझ प्रदेशमा कर्मचारी माथिबाट कामकाज गर्न आउने, अन्तरप्रदेश सरुवा हुने र पछी समेत समायोजन भइ आउने जस्ता कार्यले कर्मचारीमा थप नैराश्यता थपेको देखिन्छ । अर्को तर्फ एक सेवा शर्तमा भर्ना गरि नियुक्त गरिएको कर्मचारीलाई उसको इच्छा बिना सेवा शर्त नै परिवर्तन गर्न पाइन्छ? भन्ने सवाल पनि टड्कारो रुपमा उठेको पाइन्छ । यी विषयलाई गम्भिर रुपमा उठान गर्नुपर्ने मुख्य भूमिकामा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्रि र सचिवज्यू नै जसरी हुन्छ समायोजन गर्ने उद्देश्य मात्र लिनुले पनि हालको यो अवस्था आएको हो । हालैमात्र नयां मन्त्रीज्यूले पदभार ग्रहण गर्ने

क्रममा कर्मचारी समायोजनका समस्याहरुलाई समाधान गर्छु भनेतापनि हालसम्म केहि नहुनुले पनि कर्मचारीलाई थप प्रताडित बनाएको छ । यस कर्मचारी समायोजन प्रकृयालाई प्रभाव पार्ने विषयवस्तुका रुपमा नेपालको संविधान, निजामती सेवा ऐन र कर्मचारी समायोजन ऐन प्रमुख हुन् ।

१. संबैधानिक व्यवस्था- नेपालको संविधानः

नेपालको संविधानको धारा २८५ को उपधारा (१) मा "नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐन बमोजिम हुनेछ ।" त्यस्तै उपधारा (३) मा "प्रदेश मन्त्रिपरिषद, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् ।" भनी व्यवस्था गरिएको छ । अतः प्रशासन सञ्चालन गर्न प्रदेश मन्त्रिपरिषद्ले आवश्यक प्रदेश निजामती सेवा गठन र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । यहाँ अस्पष्ट रुपमा कानून बमोजिम भनिएकोले संघीय कानूनले प्रदेश तथा स्थानीय सेवाको गठन र सञ्चालन सम्बन्धमा आवश्यक कानून बनाउने हो कि प्रदेशले नै कानून बनाउने हो प्रष्ट भएको देखिदैंन ।

त्यस्तै, संविधानको धारा ३०२ को उपधारा (१)मा "प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ।" त्यस्तै, उपधारा (२) मा "उपधारा (१) बमोजिमको व्यवस्था गर्दा यो संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ ।"भनी व्यवस्था गरिएको छ । संविधानको संक्रमणकालीन व्यवस्थामा राखिएकोले पनि यो एकपटक गरिने कार्य हो, तत्कालको लागि संघीय निजामती सेवामा रहेका कर्मचारीलाई प्रदेश र स्थानीय सेवमा समायोजन गर्न सकिनेछ । त्यस्तै, संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरितापनि प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम तय हुनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ । अतः संघीय सरकारले प्रदेश लोक सेवा आयोगले आफ्नो कार्य प्रारम्भ गर्नका लागि कानून बनाई आवश्यक आधार र मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ ।

२. निजामती सेवा ऐन २०४९

निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको निजामती सेवा ऐन २०४९ को दफा ५६ मा निजामती कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभूति गरिएको छ । देहायका निजामती कर्मचारीबाहेक अन्य कुनै पनि निजामती कर्मचारीलाई सफाइको सबूत दिने मनासिब माफिकको मौका नदीई निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैनः–

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) म्यादी पदमा बहाल रहेको,

(ग) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको ।

(घ) भ्रष्टाचार आरोपमा अदालतबाट कसुरदार ठहरिएको ।

संघीय निजामती सेवाबाट प्रदेश र स्थानीय सेवामा समायोजन गर्नु भनेको सेवाबाट हटाइएको वा बर्खास्त गरिएको नभई कानूनत तह मिलान गरि समायोजन गरिएको मात्र हो । त्यस्तै,यसै ऐनको दफा ५८ मा सेवा शर्तको सुरक्षा अन्तर्गत कुनै पनि निजामती कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुबिधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै निजामती कर्मचारीको उपर्युक्त सेवाका शर्तहरूमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्थाबमोजिम गर्न मन्जूर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन भनी स्पष्ट व्यवस्था गरिएकोले पनि कर्मचारीको लिखित स्वीकृति बिना अर्को सेवा शर्तमा समायोजन गर्नु कानूनतः गल्ती देखिन्छ । बरु आवश्यक कानूनको निर्माण गरि स्वःस्फुर्त रुपमा समायोजन कार्य गरिनुपर्दथ्यो ।

३. कर्मचारी समायोजन ऐन २०७५

ऐनको दफा ८ को उपदफा (२) मा यस ऐन बमोजिम सरकारी सेवाका कर्मचारीलाई प्रदेश वा स्थानीय तहको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पद भन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना,नागरिकताको प्रमाणपत्रमा

उल्लिखित ठेगाना र उमेरको जेष्ठताको आधारमा समायोजन गरिनेछ भनी व्यवस्था गरिएको छ । यहाँ सबैभन्दा ज्येष्ठ कर्मचारीलाई प्राथमिकताको रुपमा राखिएको छ तैपनि ज्येष्ठ कर्मचारीले प्रदेश र स्थानीय सेवामा समायोजन हुन नचाहनु सेवा शर्त सम्बन्धि स्पष्ट कानून नहुनु नै हो । त्यस्तै, दफा ७ बमोजिम कर्मचारी श्रेणीबाट तहमा समायोजन गर्ने आधार र समायोजन हुँदा कायम हुने ग्रेडको व्यवस्थाले पनि थप अन्यौलता थपेको छ, जसले गर्दा हालसम्म तलबी प्रतिवेदन समेत पारित हुन नसकेको सन्दर्भ हाम्रो सामु छ । त्यस्तै, ऐनको दफा ११ मा प्रदेशको प्रमुख सचिव तथा प्रदेश मन्त्रालयको सचिवको पद संघीय निजामती सेवाको पद मानिने र प्रदेश कानून बमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वतः प्रदेश निजामती सेवाको पद मानिने व्यवस्था भएपनि प्रदेश निजामती सेवा ऐन तत्काल बन्ने अवस्था नरहेकोले अन्योलको विषय बनेको छ । यसैगरि ऐनकोदफा १५ मा कर्मचारीको सेवाको शर्त र सुरक्षा सम्बन्धी मापदण्ड अन्तर्गत प्रदेश र स्थानीय तहको सेवाको गठनसम्बन्धी कानून बनाउँदा समायोजन हुँदाका बखत पाएको सुबिधा र शर्तमा कमि नहुने गरि व्यवस्था गर्ने भनी तोकिएको छ भने संघीय निजामती सेवाको पदमा अन्तरसेवा प्रतिस्पर्धामार्फत बढुवाको अवसर प्राप्त गर्ने उल्लेख गरिएको छ । त्यस्तै, नेपाल सरकारलाई प्राप्त बैदेशिक छात्रवृत्ति अन्तर्गतका अध्ययन, तालिम, सेमिनार, गोष्ठी जस्ता अवसर आवश्यकता र औचित्यको आधारमा प्रदेश र स्थानीय तहका कर्मचारीलाई समेत उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

प्रदेश निजामती सेवामा देखिएका वर्तमान समस्याहरुः

सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनाइएको यो ऐन संविधानको मर्म अनुसार अपुरो देखिन्छ किनकी संविधानले कर्मचारी समायोजन गर्ने मात्र भन्दैन कर्मचारी समायोजन हुनुपूर्व आवश्यक देखिने संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन बनीसक्नु पर्दथ्यो । अझ प्रदेश र स्थानीय सेवाका कर्मचारीको भर्ना कार्य गर्नका लागि संघीय कानूनले आधार र मापदण्ड निर्धारण गरि प्रदेश लोक सेवा आयोगले आफ्नो कार्य थालनी गरिसक्नुपर्नेथ्यो । तर, ती सबै कार्य थाती राखेर केवल संघीय निजामती सेवामा रहेका कर्मचारीलाई समायोजन गर्नको लागि मात्र यो ऐन ल्याइएको देखिन्छ र अहिलेसम्म पनि ती कानूनहरु बन्न सकेका छैनन् । कर्मचारी समायोजन कार्य उपलब्धिमूलक हुन सकेन भन्ने आवाज पनि नआएको होइन । कति कर्मचारीले मन्त्रालयमा समायोजनका बिरोधमा नाराबाजी पनि गरे, केहि कर्मचारी बाहेक जो समायोजनको पत्र बोकेर प्रदेश र स्थानीय तहमा

हाजिर हुन गए ती पनि आफ्नो जागिरको बचावटको लागि नै गएको देखिन्छ । समायोजन सम्पन्न भएको पनि एक वर्ष बितिसकेको छ, मन्त्रालयले समायोजन कार्य समापन भएको भनी कर्मचारी समायोजन शाखा नै बन्द गरिसकेको अवस्थामा पनि यदाकदा कर्मचारीको समायोजन भइरहेको कुरा सुन्नमा आएको पाइन्छ । त्यस्तै, प्रदेश लोक सेवा आयोग प्राय सबै प्रदेशमा संरचनात्मक रुपमा खडा भएपनि त्यसले कानूनको अभावमा तत्काल आफ्नो कार्य प्रारम्भ गर्न सकिरहेको छैन । अझ हास्यासपद कुरो त संघले कानूनी आधार र मापदण्ड तयार नगरिदिइ प्रदेश तथा स्थानीय सेवाका कर्मचारी भर्नाका लागि प्रदेश लोक सेवा आयोगलाई मार्ग प्रशस्त नगर्ने बरु संघबाट कामकाजको नाममा संघीय कर्मचारी पठाइरहने गरिरहेको छ । अतः यहाँ देखिएका समस्याहरु निम्नानुसार रहेका छन् ।

१. निजामती सेवा ऐन निर्माणमा ढिलाइ हुँदा वृत्ति विकासमा अन्यौलता हुनुः

जे जति सेवा शर्त र सुबिधाको विषय छ सबै कुराहरु निजामती सेवा ऐनमा समेटिनु पर्दछ, जसको लागि तत्काल यी ऐनहरु निर्माण हुनुपर्दछ । कर्मचारी समायोजन ऐन त केवल तत्कालको समस्या फुकाउने एउटा आधार मात्र हो । अहिले पनि संघीय निजामती सेवा विधेयक संसदका विभिन्न विषयगत समितिमा नै छलफल भइरहेको छ । त्यहाँ हुने छलफलमा उठेका कुराको समाचारले झन् निजामती सेवाका कर्मचारीमा थप सेवा शर्त सम्बन्धि शंका उत्पन्न गर्ने गरेको छ । यता प्रदेश सरकार कहिले संघीय निजामती सेवा ऐन बन्ला र प्रदेश निजामती सेवा ऐन तयार गर्ने भन्ने पर्खाइमा देखिन्छ भने उता स्थानीय तह समेत संघीय र प्रदेश निजामती सेवा ऐनको पर्खाइमा रहेका छन् । निश्चय नै कुनै पनि कर्मचारी सेवामा प्रवेश गरेपछी उसले आफ्नो वृत्ती विकास चाहान्छ तर हाल निजामती सेवा ऐन नै नआएको अवस्थामा उसको वृत्ती विकास के कसरी हुने अन्यौलता रहेको देखिन्छ ।

२. प्रदेश लोक सेवा आयोग कामविहीन अवस्थामा रहनुः

नेपालको संविधानको धारा २४४ अनुसार प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन भैसकेको अवस्था छ तर संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने भनिएतापनि उक्त कानून बनाइ नदीएकोले आयोगले आफ्नो कार्य प्रारम्भ गर्न सकेको छैन । उता संविधानको अनुसूची-६ प्रदेशको एकल अधिकार सूचीको क्र.सं. ५ मा प्रदेश निजामती सेवा र अन्य सरकारी सेवालाई उल्लेख गरिए तापनि उक्त अधिकारको प्रयोग आवश्यक कानूनको अभावमा प्रयोग गर्न सक्ने अवस्था रहेको देखिन्न ।त्यस्तै, आयोगले आफ्नो कार्य अगाडी बढाउनका लागि प्रदेशको नयां संगठन तथा व्यवस्थापन सर्भेक्षण हुनुपर्दछ भने प्रदेश

निजामती सेवा ऐन र स्थानीय सेवा ऐन आउनु पर्ने हुन्छ तर यो कहिले आउने भन्ने टुङ्गो लाग्न सकेको छैन । अतः हाल प्रदेशमा प्रदेश लोक सेवा आयोगको संरचना स्थापना भई सो आयोगबाट कार्यालय व्यवस्थापन र दैनिक प्रशासनिक काम बाहेक अरु केहि हुन सकेको छैन ।

३. समायोजन कार्य र सरुवा व्यवस्थापनमा मनोमानीः

समायोजन कार्य सम्पन्न भैसकेको जानकारी दिने निकायले नै समायोजन सम्पन्न भैसकेको लामो समयसम्म पनि प्रदेश निजामती सेवाका पदमा पुनः समायोजन कार्य गरि नै रहे । शुरुमा जो समायोजन भै आए र त्यसरी आइसकेपछी समायोजन कार्य तत्काल बन्द गर्नु पर्नेमा मन्त्रालयको तजबिजीमा बारम्बार यस्ता समायोजन भइरह्यो । अझ समायोजन ऐनको दफा १४ को उपदफा (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई प्रदेश कानूनमा तोकिएको अवधि पुरा भएपछि सम्बन्धित प्रदेश वा अन्तर्गतका कार्यालयमा सरुवा गर्न सकिनेछ भनी स्पष्ट व्यवस्था गरिए तापनि एक प्रदेशबाट अर्को प्रदेशमा समेत सरुवा सहमतिको नामले सरुवा गरिएको देखिन्छ । जसले गर्दा झन् कर्मचारीमा पश्चातापको पीडा थपि दिएको छ किनकी यो व्यवस्था ऐनमा नै भइदिएको भए कर्मचारीले सोही अनुसार समायोजन रोज्ने गर्दथे ।

४. नयां संगठन तथा व्यवस्थापन सर्भेक्षण नहुनुः

कर्मचारी समायोजन ऐन २०७५ को दफा ३ बमोजिम हाल प्रदेश मन्त्रालय लगायत कार्यालयमा रहेको संगठन संरचना तथा कर्मचारी दरबन्दी केवल समायोजन प्रयोजनका लागि मात्र हो अतः सोही दफाको उपदफा (१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्र सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ भनिए पनि प्रदेशले संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत वास्तविक संगठन संरचना तथा कर्मचारी दरबन्दी स्विकृत गर्न सकेको छैन । जस्तोः लेखाको कर्मचारीको पद कार्यालयको प्रकृति, बजेटको आकार, संगठन संरचना आदीले के हुने भन्ने निक्यौंल गर्दछ तर यहां त्यस्तो हुन सकेको छैन । कामै नहुने कार्यालयमा दुई जना लेखाका कर्मचारी रहने दरबन्दी छ भने काम धेरै हुने कार्यालयमा एक

जना मात्र रहने दरबन्दी छ । हाल संगठन तथा व्यवस्थापन सर्भेक्षणको प्रारम्भिक कार्यको थालनी भए पनि अन्तिम रुप दिन सकिएको छैन ।

५. दरबन्दी अनुसार पदपूर्ती नहुनुः

प्रदेशले नयां संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि वास्तविक संगठन संरचना र कर्मचारी दरबन्दी एकिन नगरेसम्म कर्मचारी खटनपटनमा समस्या देखिन्छ । कतिपय कार्यालयको दरबन्दीमा चौथौं/पाचौं आदि जस्ता राखिएका छन्, जसले कुन दरबन्दी मान्ने भन्ने समस्या रहेको देखिन्छ । अहिले पनि प्रदेशमा नवौं र दशौं तहका कर्मचारीको अभाव रहेको देखिन्छ, हाल कतिपय ठाउंमा संघबाट कामकाजमा खटाइएको अवस्था छ । हिमाली तथा पहाडी जिल्लाहरुमा लेखाका कर्मचारीको अभाव देखिन्छ ।त्यस्तैगरि, नेपालको संविधानको अनुसूची-६ प्रदेशको अधिकार सूची प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनलाई राखिएको छ र त्यसै अनुसार प्रदेशले डिभिजनल वन अधिकृतलाई सरुवा व्यवस्थापन कार्य समेत गरेको थियो तर हालै मात्र जारि भएको वन ऐन २०७६ को दफा २ (ज) मा "डिभिजनल वन अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ र सोही ऐनको दफा ६७ को उपदफा (१) मा यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछ भनी कानूनी व्यवस्था गरिनु र सो ऐनविरुद्ध प्रदेशबाट मुद्दा लगाइनुले प्रदेश र संघबीचको अन्तरद्वन्द रहेको स्पष्ट हुन्छ ।

६. एघारौं तहको प्रदेश लेखा नियन्त्रक र सबै जिल्लामा प्रदेश लेखा इकाई नहुनुः

लेखा समूहको सरुवा तथा बढुवा व्यवस्थापन लगायतका अन्य कार्यहरु सम्पादन गर्नका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख एघारौं तहको बनाउनु पर्ने देखिन्छ । हाल प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अधिकृत छैटौं तहसम्मको लेखा कर्मचारीको सरुवा कार्य गर्ने अधिकार दिइएको छ र त्यो भन्दा माथिको सरुवाको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय जानुपर्ने अवस्था रहेकोले पनि प्रदेश लेखा नियन्त्रक एघारौं तहको हुनु पर्ने देखिन्छ । संघमा रहेको महालेखा नियन्त्रकको कार्यालय जस्तै यसको पनि कार्यहरु रहेतापनि हाल भुक्तानी केन्द्रको रुपमा समेत कार्य गरिरहेको छ । त्यस्तै, प्रत्येक जिल्लामा प्रदेश लेखा इकाईको स्थापना गरिनु पर्ने देखिन्छ । प्रदेशबाट संचालन हुने कार्यक्रम र प्रदेश अन्तर्गत रहेका कार्यालयहरुको भुक्तानी कार्यका लागि पनि प्रत्येक जिल्लामा इकाई हुन

आवश्यक देखिन्छ, आजसम्म को.ले.नि.का. ले सहयोग गरिरहेका छन् अझैपनि कहिलेसम्म ती कार्यालयको भरोसामा पर्ने भन्ने प्रश्न उठ्न सक्दछ । अझ अपनत्वको भावना समेत रहन जान्छ । उदाहरणः कतिपय को.ले.नि.का. को कार्यालय प्रमुखले प्रदेशको पनि भुक्तानी आदेश आएको छ यसो फुर्सदमा मिलाएर गर्दिनु है भन्नुभएको थियो भन्ने सुनिएको थियो । यसले त्यहाँको कर्मचारीलाई कस्तो मनोभावनाको सृजना गर्ला त ? हाल प्रदेश नं. १ का पाँच जिल्लामा प्रदेश लेखा इकाई खोलिएको छ, जुन कार्य सकरात्मक देखिन्छ । अब चाडैं अन्य जिल्लामा समेत इकाई कार्यालय खोल्नुपर्ने हुन्छ ।

७. तहअनुसार कर्मचारीको ग्रेड मिलानमा समस्या रहनुः

कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा (४) मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा तह मिलान तथा ग्रेड (तलब वृद्धि) कायम हुने गरी समायोजन गरिने उल्लेख गरिएको छ । जसअनुसार अधिकृतस्तर सातौंले समायोजनपछि खाईपाई आएकोमा दुई ग्रेड थप पाउने र अधिकृतस्तर आठौंले भने केहि पनि नपाउने अवस्था रहेको छ, यदि यस्तो हुने हो भने आठौंको भन्दा सातौंको तलब तथा ग्रेड बढी हुने देखिन्छ । फेरि, कसैले यसलाई बढुवाको रुपमा समेत लिने गरेको पाइन्छ । ऐनले स्पष्ट रुपमा तह मिलान भनिसकेकोले पनि ग्रेड मिलान गर्ने कार्य बढुवामा गरेजस्तो गर्न उपयुक्त हुंदैन । यस विषयमा मैले यसभन्दा अगाडि एउटा लेखमा स्पष्ट पार्न कोशिस गरेको थिए जुन अहिले पनि https://www.prasashan.com/2019/09/30/136394/ मा हेर्न सकिन्छ ।

८. सूचना प्रविधिको सहज हस्तान्तरण नहुनुः

हाल प्रदेशमा प्रयोगमा ल्याइएको विभिन्न सफ्टवेयरहरु संघको नियन्त्रणमा नै रहेका छन् । प्रदेशको एकल खाता कोष संचालन गर्ने TSA System समेत संघको निगरानी रहेको छ । यतिसम्म कि प्रदेश लेखा नियन्त्रक कार्यालयले संचालन गर्ने TSA सफ्टवेयरमा को.ले.नि.का. मोरङ भनेर नै आउने गरेको छ । यस सफ्टवेयरमा देखिने साना तिना समस्याको लागि समेत संघको मुख ताक्नु पर्ने अवस्था रहेको छ । संघले हाल संचालनमा ल्याई रहेको लेखा प्रणालीसम्बन्धी CGAS, FMIS, E-payment लगायतका सफ्टवेयर कहिलेबाट प्रदेशमा संचालन हुने भन्ने कुराको जवाफ हामीसामु छैन ।

९. प्रदेश निजामती किताबखानाको स्थापना नहुनुः

कर्मचारी समायोजन ऐन २०७५ को दफा २२ उपदफा (२) राष्ट्रिय किताबखानाले यस ऐन बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीको दरबन्दी र सङ्घमा कायम भएको दरबन्दीको छुट्टाछुट्टै अभिलेख राखी अद्यावधिक समेत गर्नेछ र उपदफा (४) मा यस ऐन बमोजिम समायोजनको कार्य समाप्त भएको भनी मन्त्रालयले लेखी पठाए पछि प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको राष्ट्रिय किताबखानामा रहेको अभिलेख सो किताबखानाले आवश्यकता अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउनेछ भनी उल्लेख गरिएकोले पनि प्रदेशमा कर्मचारीको अभिलेख राख्ने प्रयोजनका लागि छुट्टै प्रदेश निजामती किताबखानाको स्थापना गर्नुपर्ने देखिन्छ । हाल प्रदेशमा रहेका कर्मचारीको व्यक्तिगत अभिलेख किताब समेत निजामती किताबखानामा नै रहेकोले सरुवा व्यवस्थापनमा समेत अप्ठेरो अवस्था सिर्जना भएको छ । यहां कार्यरत कर्मचारी अवकास हुने अवस्थामा समेत निजामती किताबखानालाई नै गुहार्नु पर्ने अवस्था विद्यमान रहेको छ । प्रदेश निजामती सेवाको दरबन्दी संख्या कति रहेको छ र कति दरबन्दीमा कर्मचारी कार्यरत छन् र कति दरबन्दी संख्या खालि रहेको छ भन्ने कुराको एकिन गर्नका लागि भएपनि प्रदेश निजामती कितावखानाको आवश्यकता अपरिहार्य रहेको छ ।

१०. तहगत प्रणाली र कर्मचारी नेतृत्वविहीन अवस्थामा रहनुः

हाल संघको कर्मचारी संगठन संरचना र कर्मचारी दरबन्दी श्रेणीगत रुपमा रहेको छ भने प्रदेश तथा स्थानीयको तहगत रहेको छ । अझ स्थानीय सेवामा त साविकको लेखा अधिकृत (रा.प.तृतीय श्रेणी) लाई अधिकृत, अधिकृतस्तर सातौं भनेर स्थानीय सेवामा समायोजन गरिएको छ भने त्यही लेखा अधिकृतलाई प्रदेशमा चाहिँ लेखा अधिकृत, अधिकृतस्तर सातौं भनेर समायोजन गरिएको छ । अतः एक पदलाई नै अनेक पदनाम दिइनुले पनि अन्योलता सिर्जना गरेको देखिन्छ । बरु यसको सट्टा सबै कर्मचारीलाई श्रेणीगत रुपमा नै राखि प्रदेश तथा स्थानीय सेवामा जानेलाई थप प्रोत्साहन उपलब्ध गराएको भए अहिलेको वर्तमान तलबमा ग्रेड मिलान र श्रेणी तथा तहबीचको अन्योलता समेत नरहने देखिन्छ । त्यस्तै, कर्मचारी सामायोजन ऐन २०७५ को दफा ११ मा कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि प्रदेश सरकारको प्रमुख सचिव र प्रदेश सरकारका मन्त्रालयको सचिवको पद सङ्घीय निजामती सेवाको पद मानिने र प्रदेश कानून बमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वतः प्रदेश निजामती सेवाको पद मानिनेछ भनिएतापनि हालसम्म प्रदेश निजामती सेवाको प्रदेश सचिव बन्ने कुनै कानून निर्माण हुन सकेको छैन । ऐनले यसरी

कामकाजमा खटाइएका कर्मचारी पूर्ण रुपमा प्रदेश सरकार प्रति उत्तरदायी हुनु पर्नेछ भनिएता पनि प्रमुख सचिव र मन्त्रालयको सचिव पद संघको हुने भएकोले कतिपय प्रदेश निजामती सेवाका कर्मचारीको दुःखेसो सहज रुपमा सुन्न नचाहेको र समग्र प्रदेश निजामती सेवाको नेतृत्व नगरिकन संघप्रति उत्तरदायी तथा जवाफदेही हुने गरेको गुनासो सुन्नमा पाइन्छ । अतः प्रदेश मन्त्रालयको सचिव पद प्रदेश निजामती सेवाको हुने र प्रमुख सचिव पदमा समेत प्रदेश मन्त्रालयका सचिव बढुवा भइ जान सक्ने प्रावधान कानूनमा राखिनु पर्दछ अनि मात्र हामीले चाहेको जस्तो प्रशासनिक संघीयता प्राप्त गर्न सक्दछौं ।

११. कर्मचारीको मनोवलमा कमि देखिनुः

हाल प्रदेश निजामती सेवामा समायोजन मार्फत आएका कर्मचारी मुलतः दुई किसिमका रहेको पाइन्छ । एक आफ्नो सेवा अवधि सकिने अवस्था रहेकोले घर पायक आउन चाहेका र दोस्रो भर्खर मात्र सेवा प्रवेश भइ इच्छा विपरीत जवरजस्ती समायोजन भइ आएका कर्मचारी रहेका छन् । नोकरी अवधिको उत्तरार्धमा रहेका कर्मचारी र इच्छा विपरीत जवरजस्ती समायोजन भइ आएका तथा निजामती सेवाको कार्यानुभव समेत नभएका कर्मचारीको मनोबल पक्कै पनि कमि रहेको छ भनेर आंकलन गर्न सकिन्छ । एकातिर संघीयताको कार्यान्वयनसँगै प्रदेशको कार्य समेत नयां रहेको र अर्को तर्फ दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नहुदाँ कर्मचारीमाथि थप कार्यवोझ रहन गएकोले पनि कर्मचारीको मनोबलमा कमि रहेको देखिन्छ भने अर्कोतिर जसोतसो समायोजन भइ आइसकेपछि पनि बारम्बार हुने कर्मचारी सरुवा तथा कामकाजमा संघबाट पठाइने जस्ता विषयले समेत कर्मचारीमा मनोवल घटाएको छ । कहिले संघीय तथा प्रदेश निजामती सेवा ऐन बन्ला र वृत्ती विकास लगायतका समस्या समाधान हुन्छ भन्ने ठूलो आशा समेत निराशातर्फ जादैं छ । त्यस्तै, समग्र प्रदेश निजामती सेवाको नेतृत्वदायी भूमिकामा संघका कर्मचारी रहनुले पनि कतिपय समस्या समाधानमा आनाकानी स्थिति उत्पन्न भएको हो कि भन्ने आवाज सुन्न थालिएको देखिन्छ । अतः यी विभिन्न कारणले गर्दा प्रदेशमा रहेका कर्मचारीको मनोवलमा कमि रहेको हो कि भन्ने कुराको संकेत गरेको छ ।

कर्मचारी जहाँ रहेर भएपनि आखिर जनताको सेवा गर्ने नै हो । राजनीतिक रुपमा हुने नीति तथा कार्यक्रमलाई कार्यान्वयन गराउने प्रमुख जिम्मेवारी निजामती कर्मचारीमा रहने गर्दछ । दक्ष निजामाती कर्मचारीले मात्र सही रुपमा नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सक्दछन् भने त्यसका लागि कर्मचारीमा उच्च मनोवलका साथ काम गर्ने इच्छाशक्ति हुनुपर्दछ । संघीयता कार्यान्वयनका लागि नेपालको संविधान जारी भइ हालसम्मको

अवस्थामा आइपुग्दा धेरै कुराहरु सिकाइको रुपमा रहेको छ । प्रदेश निजामती सेवामा समेत धेरै समस्या रहेका छन्,माथि मैले प्रस्तुत गरेका समस्याहरु केही उदाहरणीय समस्या मात्र हुन् । अतः यी समस्याको समाधान गरि असल निजामती सेवाको निर्माण गर्नु तपाई हामी सबैको प्रमुख जिम्मेवारी रहन जान्छ ।

समाधानका उपायहरुः

माथिका समस्या हेर्दा प्रदेश निजामती सेवामा समस्या मात्रै छ जस्तो आभाष हुन जान्छ तर, प्रदेश सरकारबाट केहि राम्रा पहलकदमी समेत भएको देखिन्छ । पाँच जिल्लामा भएपनि प्रदेश लेखा इकाईको स्थापना हुनु, कामको चाप हुने कार्यालयमा प्रोत्साहन भत्ताको व्यवस्था गर्नु,ग्रामिण विकास प्रशिक्षण केन्द्रमार्फत कर्मचारीको सेवाकालिन तालिम संचालन गर्नु, संगठन तथा व्यवस्थापन सर्भेक्षणको प्रारम्भ गर्नु, क्षमता विकाससम्बन्धी कार्यक्रमहरु संचालन गर्नु आदी रहेका छन् । प्रदेश निजामती सेवा नयां संरचना भएकाले पनि धेरै कार्यहरु हुन् बांकी नै छन् त्यसैले त यहां धेरै समस्या देखिन्छन् । प्रदेश निजामती सेवाका समस्या समाधान गर्ने उपायहरु धेरै हुन सक्दछन्, ती उपायहरुमध्ये केहि उपायहरु देहायबमोजिम हुन सक्छन्-

- ❖ चाडोभन्दा चाडो संघीय तथा प्रदेश निजामती सेवा ऐनको निर्माण गरिनुपर्दछ भने सोही ऐनमा निजामती कर्मचारीका वर्तमान सबै समस्यालाई समाधान गर्नु पर्ने देखिन्छ ।
- ❖ संविधानको चाहाना अनुसार कानून निर्माण गरि प्रदेश लोक सेवा आयोगलाई आफ्नो कार्य गर्ने वातावरणको सिर्जना गराउनु पर्दछ ।
- ❖ सदाका लागि कर्मचारी समायोजन कार्यलाई बन्द गरिनु पर्दछ । साथै, कामकाजमा कर्मचारी खटाउनुभन्दा प्रदेशमा नै रहेको कर्मचारीलाई माथिल्लो पदमा रहि कार्य गर्ने जिम्मेवारी दिइनुपर्दछ ।
- ❖ अन्तर प्रदेश हुने सरुवालाई कानून नबनेसम्म सरुवा सहमतिको नामले हुने सरुवा तत्काल रोकिनुपर्दछ ।
- ❖ संगठन तथा व्यवस्थापन सर्भेक्षण मार्फत प्रदेश निजामती सेवाको नयां संगठन संरचना तथा कर्मचारी दरबन्दी पुनरावलोकन गरि स्विकृत गर्नुपर्दछ ।
- ❖ लेखा समूहलाई परिचालित गर्न तथा पूर्ण रुपमा कोष संचालकको भूमिका निर्वाह गर्नका लागि प्रदेश लेखा नियन्त्रकको पद एघारौं तहको हुनुपर्दछ भने प्रत्येक जिल्लामा प्रदेश लेखा इकाइको स्थापना गरिनु पर्दछ ।
- ❖ हाल प्रदेश समायोजन बढुवा नभई श्रेणीबाट तहमा मिलान मात्र गरिएकोले साविकको ग्रेड समेत प्राप्त गर्ने गरि निर्णय गरिनुपर्दछ ।

- ❖ संघमा हाल सञ्चालनमा रहेका TSA, CGAS, FMIS, E-payment लगायतका सूचना प्रणालीसम्बन्धी सफ्टवेयर सुबिधाजनक रुपमा अधिकारसहित प्रदेशमा प्रयोग गर्नका लागि दिइनुपर्दछ ।
- ❖ कर्मचारीको अभिलेख व्यवस्थापनका लागि प्रदेश निजामती किताबखानाको तत्काल स्थापना गरि कर्मचारीको अभिलेख व्यवस्थापन कार्य गरिनुपर्दछ ।
- ❖ साविक संघबाट प्रदेशमा समायोजन भएका कर्मचारीलाई संघको वृत्ती विकासमा शर्तरहित समावेश हुन सकिने गरि संघीय निजामती सेवा ऐनको निर्माण हुनुपर्दछ ।
- ❖ प्रदेश मन्त्रालयको सचिव पद प्रदेश निजामती सेवाको हुने गरि दरबन्दी कायम गरिनुपर्दछ भने प्रमुख सचिव पदमा समेत प्रदेश सचिव बढुवा हुन सक्ने गरि कानूनको निर्माण गरिनु पर्दछ ।
- ❖ कर्मचारीको मनोवल बढाउनका लागि उनीहरुको वृत्ती विकासको सुनिश्चितता गराउन र प्रोत्साहन भत्ताको व्यवस्था हुने गरि कानून निर्माण गरिनु पर्दछ ।

उपसंहारः

धेरै लामो समयपछि जनता आफैंले आफ्नो संविधान बनाउने सपना वि.सं. २०७२ सालको नेपालको संविधान जारी भएपछि साकार भयो । हाल संविधान त संघ, प्रदेश र स्थानीय तह गरि तीन तह रहेका छन् भने प्रशासनमा पनि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा रहने व्यवस्था गरिएको छ । हाल संविधानको कार्यान्वयनका लागि कर्मचारी समायोजन ऐनमार्फत संघका कर्मचारीलाई समेत प्रदेश र स्थानीय सेवामा समायोजन कार्य सम्पन्न गरिसकिएको छ र समायोजन कार्य भएको पनि एक वर्ष पूरा भइसकेको छ । हाल प्रदेशको संरचना नयां र सिकाइको क्रममा रहेकोले पनि प्रदेश निजामती सेवामा धेरै समस्या रहेका देखिन्छन् । मुख्यतः निजामती सेवा ऐन नबन्नु, प्रदेश लोक सेवा आयोगलाई आफ्नो कार्य शुरु गर्न कानूनको अभाव रहनु, संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य नहुनु तथा कर्मचारीको उच्च मनोवल कायम गर्न नसक्नु आदीजस्ता समस्या हुन् भने यी समस्याको समाधानका लागि तत्काल निजामती सेवा ऐन बनाउनुका साथै अन्य माथिका उपायहरु अवलम्बन गरि समृद्ध प्रदेश निर्माणमा प्रदेश निजामती सेवालाई पनि अधिकतम परिचालन गर्न सकिने देखिन्छ ।

सन्दर्भ सामग्री :

- नेपालको संविधान
- निजामती सेवा ऐन २०४९
- कर्मचारी समायोजन ऐन २०७५

नेपालमा कम्प्युटरमा आधारित सरकारी लेखाप्रणाली (CGAS) कार्यान्वयनको अवस्था र अबको वाटो

विषय प्रवेशः

आर्थिक कारोवार भएको व्यहोरा देखिने गरी कानून वमोजिम राखिने अभिलेख, खाता, किताव आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजातहरुलाई लेखा भनिन्छ । प्रचलित कानून वमोजिम सरकारी निकायमा भएका आर्थिक कारोवारको पहिचान, अभिलेख, सारांश खिच्ने, संचार गर्ने, विश्लेषण गरी प्रतिवेदन तयार गर्ने र आवश्यक पृष्ठपोषण प्राप्त गर्ने समग्र प्रणालीलाई सरकारी लेखा प्रणाली भनिन्छ ।

विश्वमा परापूर्वकालदेखि नै आर्थिक गतिविधिहरुको लेखाङकन गर्ने कार्य विविध तरिकावाट भएको पाईन्छ । लेखाप्रणालीको आधुनिक विकासको श्रेय सर्वप्रथम सन् १४९४ मा फ्रान्सका विद्धान् ल्यूका पेसियोलिले आफ्नो पुस्तक Summa De Arithmetica मा दोहोरो लेखा श्रेस्ता प्रणालीको वारेमा उल्लेख गरेको पाईन्छ । यस पुस्तकको Accounting of Venice खण्डमा लेखा राख्ने पद्धति उल्लेख गरिएको पाईन्छ । सन् १५५३ मा Huge Old Castle ले सो पुस्तकलाई अंग्रेजीमा रुपान्तरण गरेपछि यसको प्रयोग विश्वभरी वढेर गयो ।

नेपालमा पनि लेखा प्रणालीको विकास विविध कालखण्ड, समय र परिस्थितिनुसार परिवर्तन हुदै आएको पाईन्छ । नेपालमा वि.स. १९२५ मा कितावखानाको स्थापनासँगै सरकारी कार्यालयहरुको लागि तलव वितरण गरि लेखा राख्न शुरु गरेको पाईन्छ । तर सर्वप्रथम वि.स. १९३६ मा खरिदार गुणवन्तले स्याहा श्रेस्ता प्रणालीको शुरुवात गरेको थिए । जुन लेखाप्रणाली वि.स. २०१६ साल सम्म प्रयोगमा रह्यो । यस लेखाप्रणालीमा फाराममलाई १६ वटा तोडमा तोडिएकोले १६ तोडे स्याहा पनि भनिन्थ्यो । स्याहा, आवार्जे र ढपोट गरी ३ प्रकारमा विभाजित थियो । स्याहाको विकल्पको रुपमा वि.स. १९६८ मा ५१ वटा फारामहरुको फाराम श्रेस्ता प्रणालीको लागू भए पनि यो त्यति प्रचलनमा आएन । त्यसैगरि वि. स. २०१७ वैशाख १ गते पछि भुक्तानी श्रेस्ता प्रणाली लागु भएको थियो जुन दोहोरो लेखा प्रणालीमा आधारित थियो ।

---

* ✍ लेखा नियन्त्रक, प्रदेश लेखा ईकाइ कार्यालय, ओखलढुङ्गा ।

मिति २०१७ माघ २० गते ९ सदस्यीय समिति गठन गरि उक्त समितिले नयाँ श्रेस्ता प्रणालीको सिफारिस वमोजिम वि. स २०१९ वैशाख १ देखि नेपालमा चरणवद्ध रुपमा नयाँ श्रेस्ता प्रणाली लागू गरियो र २०२४/२०२५ सम्म देशको सवै जिल्लाका सरकारी कार्यालयमा लागू गरियो । यसलाई मुख्य गरि ६ प्रकारमा विभाजन गरिएको छ। जिन्सी स्रेस्ता प्रणाली, राजश्व लेखा प्रणाली, सार्वजनिक निर्माण **सम्वन्धी** लेखा, आयोजना लेखा, धरौटी लेखा र अन्य खाता हुन् ।

विश्वको अन्य देशको लेखाप्रणालीमा आएको नयाँ ट्रेण्ड अनुसार नेपालले पनि क्रमशः सरकारी लेखाप्रणालीमा परिमार्जन गर्दै आएको छ । हाल नेपाल सरकारले Treasury Single Account (TSA), Public Expenditure & Financial Accountability (PEFA), Revenue Management Information System (RMIS), Financial Management Information System (FMIS), Nepal Public Sector Accounting Standard (NEPSAS) र मुख्यगरी कम्प्यूटरमा आधारित सरकारी लेखाप्रणाली ९ (Computerized Government Accounting System) जस्ता डिजिटल प्रविधि वा लेखा सफ्टवेयरहरुको प्रयोग गरिरहेको छ ।

नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय तथा आयोजनाहरुले गर्ने कार्यसंचालन स्तरको विनियोजन (चालु/पूँजिगत तथा अर्थ) बजेट समेतको विनियोजन बजेट, रकमान्तर, निकासा र खर्चको श्रेस्ता अध्यावधिक गरि प्रतिवेदन दिने जस्ता कार्य गर्ने सफ्टवेयर लाई CGAS भनिन्छ । उक्त सफ्टवेयर मुलतः कार्य संचालन स्तरको काम गर्ने मन्त्रालय/ विभाग/कार्यालय तथा आयोजनाहरुले प्रयोग गर्ने भएता पनि यसको Read Only Access भने **सम्वन्धी**त विभाग/मन्त्रालय/कोष तथा लेखा नियन्त्रक कार्यालय तथा अन्य सरोकारवाला निकायमा पहुँच दिन सकिने गरी विकास गरिएको छ । जस अनुसार आवश्यक प्रतिवेदनहरु हेर्ने तथा आवश्यकता अनुसारका Data Export गर्न सक्नेछन् । महालेखा नियन्त्रक कार्यालय System Administrator को रुपमा रहि कार्य गर्नेछ । CGAS समग्र सरकारी आर्थिक कारोवारलाई वित्तिय अनुशासनमा राख्दछ भने वित्तिय व्यवस्थापनको कार्यसम्पादन र सुधार गर्न सहयोग पुर्याउँदछ। विशेषगरी यो सफ्टवेयर सार्वजनिक वित्त प्रशासनमा सुशासन तथा पारर्दशिता कायम गर्ने एउटा औजार हो ।

CGAS को Functional Aspect (कार्यात्मक पक्षहरु) छोटो चर्चाः

CGAS संचालका लागि निम्नानुसारको पूर्वाधार आवश्यकता पर्दछः

- कम्तिमा i3 processer र 2 GB RAM भएको कम्प्युटर।
- Computer मा Windows XP वा सो भन्दा माथिको भर्सन।

- Computer मा Java6 Install भएको हुनु पर्ने।
- 256 Kbps Internet Connectivity हुनु पर्ने।
- Nepali Unicode install भएको हुनु पर्ने।

नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय तथा आयोजनाहरुले गर्ने कायसंचालन स्तरको विनियोजन (चालु/ पूजिगत तथा अर्थ) बजेट समेतको विनियोजन बजेट, रकमान्तर, निकासा र खर्चको श्रेस्ता अध्यावधिक गरि प्रतिवेदन समेत गर्ने पद्धति अन्रतगत चरणबद्ध रुपमा गर्न सकिने देखियो । यो System वाट लेखाङ्कन प्रणाली अपनाउदा निम्न चरणहरु हुनु पर्ने कुरा CGAS प्रयोग पुस्तिकामा उल्लेख गरेको छनः

- ब्राउज गर्नको लागि Explorer/Google Chrome को Address Bar मा http://cgas.fcgo.gov.np टाईप गरी सफ्टवेयर Login गर्ने।
- कार्यक्रमहरु Activity Option वाट **Entry** गर्ने।
- शुरु विनियोजन बजेट, थप, घट, तथा रोक्का बजेट रकम अख्तियारी अप्सन वाट प्रविष्टि गर्ने । सँगसगै कार्यक्रमहरु पनि Add गर्ने।
- रकमान्तर बजेटहरु रकमान्तर Option वाट Entry गर्ने।
- गोश्वारा भौचर अप्सन वाट गोश्वरा भौचरहरु उठाउने र आवश्यकता अनुसार गोश्वारा भौचरमा भुक्तानी आदेश वनाउन चाहिने विवरणहरु पेश्कीको विवरण तथा कार्यक्रमहरु पनि Add गर्ने।
- निकासा गोश्वारा भौचर अप्सनवाट निकासा भौचरहरु तयार गर्ने।
- गोश्वारा भौचर स्वीकृत अप्सनवाट स्वीकृत हुन वाँकी गोश्वरा भौचरहरु स्वीकृत गराउने।
- भूक्तानी आदेश अप्सनवाट भूक्तानी आदेश वनाउने।
- भूक्तानी आदेश क्यान्सल गर्नु पर्ने अवस्था आएमा Cancel Option बाट Cancel गर्ने।
- भूक्तानी आदेश अनुसार को.ले.नि.का. बाट प्राप्त चेकहरुलाई चेक प्राप्त Option बाट Entry गर्ने।
- आवश्यकता अनुसारका प्रतिवदेनहरु हेर्ने, प्रिन्ट निकाल्ने तथा Excel मा Download गर्ने

माथि उल्लेखित वुदाँहरुवाट कुनै पनि कार्यालय संचालनस्तरका कार्यालयहरुले CGAS को सफ्टवेयर चलाउन चाहेमा, संचालन गर्न चाहने कार्यालयको आवश्यकता न्यूनतम भौतिक पूर्वाधारहरु भएमा र त्यसको अख्तियारी दिने निकायवाट स्वीकृत दिई User Name तथा

Password उपलव्ध गराएमा कार्यालयले चलाउन सक्ने देखियो । कार्य संचालनस्तरको लेखाङ्कन प्रणालीमा CGAS प्रयोग गर्दा Login गर्नुपर्ने जसका लागि Internet Explorer वा Google Chrome वा www.cgas.fcgo.gov.np Type गर्ने । जसमा User Name, Password तथा Paying Office भएको Box आउछ । त्यसको User Name तथा Password मा को.ले.नि.का.को हकमा म.ले.नि.का.वाट उपलव्ध गराईएको र अन्य कार्यालयहको हकमा को.ले.नि.का.वाट उपलव्ध गराईएको User Name र Password प्रयोग गर्नु पर्ने तथा Paying Office आफै मा आइरहने र Ok वटनमा Click गरेपछि नयाँ Screen देखापर्दो रहेछ जसमा तीन वटा Field हरु भएको पाईयो।

- अभिलेख प्रविष्टि
- प्रतिवेदन
- System Administration

माथि देखिएको फिल्डहरुमा शुन्यमा System Administration वाट म.ले.नि.का./को.ले.नि.का. वाट प्राप्त Password Change गर्ने काम गर्नु पर्नेछ । यसका साथै कार्यालयको अख्तियारी अनुसार गोश्वरा भौचर इन्ट्री गर्दा आवश्यक कार्यक्रम जुन म.ले.नि.कावाट पहिला नै राखेको भन्दा वाहेक र Account Head Activity वाट थप गर्न सकिनेछ । तसर्थ System Administration वाट आफ्नो Password Change गर्ने, आवश्यक कार्यक्रम तथा Account Head गर्न सकिनेछ।

नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय तथा आयोजनाहरुले गर्ने कार्य संचालन स्तरको विनियोजन (चालु/पूजिगत तथा अर्थ) बजेट समेतको विनियोजनमा गरिने सम्पूर्ण कामको लागि आवश्यक जानकारीहरु Entry गर्ने काम यस अभिलेख प्रविष्टि अन्तर्गत गर्न सकिनेछ ।

CGAS कार्यान्वयनको वर्तमान अवस्थाः

यस CGAS Piloting को रुपमा आ. व. २०७०/०७१ देखि पोखराको १६ कार्यालयहरुवाट शुरु भएको यो प्रणाली आ. व. ०७१/०७२ मा कास्की र मोरङ्ग जिल्लाका केही कार्यालयहरु तथा ७५ वटै जिल्लाका को.ले.नि.का. हरुलाई यो प्रणाली वा लेखा **सम्वन्धी** कार्य गर्न निर्देशन गरि छोटो अवधिको तालिम समेत दिईएको थियो । हाल यो CGAS Software ७७ वटै जिल्लाका को.ले.नि.का. सहित १३५ मन्त्रालय, विभाग कार्यालयहरुमा लागु भएको छ । लेखाङ्कन गर्ने आधुनिक प्रणालीको रुपमा यो प्रणालीको

विकास भएको हो यो पद्धति हाल पूर्ण रुपमा Computer को Web Based मा आधारित हुदै आएको छ ।

प्रयोगकर्ताहरुः

यस प्रणालीमा मन्त्रालय/विभाग/कार्यालय तथा आयोजनाहरु कोष तथा लेखा नियन्त्रक कार्यालयहरु र महालेखा नियन्त्रक कार्यालयलाई फरक फरक किसिमको User प्रदान गरी Computerized Government Accounting System (CGAS) को संचालन र प्रयोग गरिन्छ ।

CGAS कार्यान्वयनमा देखिएको समस्याहरूः

यस Computerized Government Accounting System (CGAS) प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निम्न समस्याहरू देखिएका पाइयोः

- यसलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको कमी रहनु।
- नेपालको भौगोलिक क्षेत्र धेरै विकट र जटिल हुनु।
- CGAS को आवश्यक पर्ने इन्टरनेट स्पीड नहुनु।
- आवश्यकता अनुसार मेशिनरी औजारहरूको कमी हुनु।
- कम्प्यूटर संचालनको लागि Energy सहित Back Up को व्यवस्था नहुनु।
- यस **सम्वन्धी** जान्ने दक्ष जनशक्ति/कर्मचारीको अभाव रहनु।
- कतिपय कार्यालयमा इन्टरनेट तथा फोन संचालन गर्ने बजेटको अभाव हुनु।
- राखिएको हिसाव/श्रेस्ता चुहावट तथा नष्ट हुने संभावना रहनु आदि।

अवको वाटोः

विश्व परिवर्तनशिल रहेको छ । लेखा प्रणाली पनि विभिन्न समय र परिस्थिति अनुसार परिवर्तन हुँदै आई हाल कम्प्यूटरमा आधारित लेखाप्रणाणीको विकास भएको छ । संसारमा लेखाप्रणालीमा आएको नयाँ ट्रेण्ड अनुसार नेपालले पनि क्रमश सरकारी Computerized Government Accounting System (CGAS) जस्ता डिजिटल प्रविधि वा लेखा सफ्टवेयरको प्रयोग गरिरहेको छ ।

CGAS वास्तवमा हाल नेपालमा प्रचलित एकल खाता कोष प्रणाली भन्दा परिष्कृत तथा वृहत रहेको छ । जसले नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय तथा आयोजनाहरुले गर्ने कार्य संचालनस्तरको विनियोजन (चालु/पूजिगत तथा अर्थ) बजेट

समेतको विनियोजन बजेट, रकमान्तर, निकासा र खर्चको श्रेस्ता अध्यावधिक गरि प्रतिवेदन दिने काम CGAS ले गर्दछ । महालेखा नियन्त्रक कार्यालय System Administrator को रुपमा रहि यस लेखाप्रणाली संचालन गर्न महत्वपूर्ण भूमिका रहको त भने को.ल.नि.का. हरुको पनि त्यत्ति कै महत्वपूर्ण भूमिका रहेको देखियो । CGAS समग्र रुपमा प्रभावकारी रुपमा कार्यान्वयन गरिने हो भने सरकारी आर्थिक कारोवारलाई वित्तिय अनुशासनमा राख्ने र पारदर्शी हुने देखियो ।

नेपाल सरकारको वित्तीय प्रतिवेदनलाई छिटो छरितो, पारर्दशी र एकरुपता वनाउन साथै आर्थिक प्रशासनको क्षेत्रमा चाहिने आर्थिक अनुशासन, सुशासन, जवाफदेही, उत्तरदायि र खर्चलाई मितव्ययी वनाई हाल भएको सरकारी लेखाप्रणालीको कमी कमजोरीहरुलाई हटाई नेपालको लेखाप्रणालीलाई विश्वस्तरिय वनाउनको लागि नेपाल सरकारले Computerized Government Accounting System को लागु भएको छ ।

Computerized Government Accounting System विश्वव्यापी रुपमा स्वीकार गरिएको लेखाप्रणाली रहेको छ । नेपालमा सफलतापूर्वक कार्यान्वयनमा आएको एकल खाता कोष प्रणाली सँग मिल्दोजुल्दो रहेको तर वृहत साथै एकल खाता कोष प्रणालीलाई सहयोग पुर्याउने खालको पद्धति रहेको छ ।

Computerized Government Accounting System प्रभावकारी रुपमा लागु गर्नको लागि हाल नेपाल सरकारले धेरै समस्याहरुको समाना गर्नुपरेको छ । यो पूर्णरुपमा कम्प्यूटरमा आधारित भएकोले आधुनिक किसिमको कम्प्यूटर, उच्च गतिको इन्टरनेट, दक्ष जनशक्ति, ठुलो बजेटको व्यवस्था साथै कर्मचारीको परम्परागत मानसिकतालाई परिवर्तन गरी कार्यक्षमताको वृद्धि गर्न सके नेपाल सरकारले लक्षित गरेको उदेश्य सहज रुपमा पुरा गर्न सक्ने देखिएको छ ।

तर यस कम्प्यूटरमा आधारित लेखा प्रणाली (CGAS) प्रभावकारी कार्यान्वयनमा केही समस्याहरु देखापरेको छन् जुन समस्याहरुको समाधानको लागि निम्न वमोजिमको कार्यहरु गर्नुपर्ने देखिएको छः

- सवै सरकारी कार्यालयमा लागु गर्नुपर्ने।
- उच्च गतिको ईन्टरनेट प्रणालीको व्यवस्था गर्नुपर्ने।
- सर्भरको क्षमताको वृद्धि गर्नुपर्ने।
- कर्मचारीलाई तालिम दिनुपर्ने।
- कम्प्यूटर संचालन गर्न आवश्यक Energy र Back Up को व्यवस्था गर्नुपर्ने।

- कार्यालयले Posting गरेको सम्पूर्ण Data लाई TSA सँग Link गर्नुपर्ने।
- आवश्यकता अनुसार कम्प्यूटरको व्यस्था गरिदिनु पर्ने।
- कार्यसंचालन स्तरमा पठाउने अख्तियारी पटक पटक संशोधन हुने किसिमले पठाउनु नहुने।

समग्रमा Computerized Government Accounting System को कार्यान्वयन ७७ जिल्लामा शुरु भईसकेको हुनाले यस्तो कार्य हुनु स्वागतयोग्य रहेको छ । नेपालको ७ वटा प्रदेशमा स्थापना भएको प्रदेश लेखा नियन्त्रक कार्यालय र त्यस अन्तर्गतको प्रदेश लेखा ईकाइ कार्यालय लगायत सवै क्षेत्रवाट यसको प्रभावकारी कार्यान्वयन गर्ने हो भने नेपालको सार्वजनिक प्रशासन क्षेत्रको सुधारको लागि Computerized Government Accounting System महत्वपूर्ण औजार तथा सरकारी आर्थिक कारोवारको दर्पण (Mirror) हुने देखिएको छ ।

सन्दर्भ सामग्रीः

- महालेखा नियन्त्रक कार्यालयका तालिम सामग्रीहरु, म.ले.नि.का. अनामनगर
- TSA Hand Book
- RMIS Hand Book
- CGAS Hand Book
- Google Search

सार्वजनिक बित्त व्यवस्थापनमा नागरिक विस्वास अभिबृद्धिका उपायहरु

१.सार्वजनिक वित्त व्यवस्थापन परिचय

सार्वजनिक वित्त व्यवस्थापनले सार्वजनिक सम्पतिको समुचित प्रयोगद्वारा सार्वजनिक क्षेत्रको समग्र सफलतालाई निर्देशित गर्छ । वित्तीय व्यवस्थापन चुस्त हुँदा जनतामाझ सार्वजनिक सम्पतिको सही सदुपयोग भएको सुनिश्चितता प्रदान मात्र गर्दैन यसले त सम्पुर्ण नागरिकलाई उच्चतम फाईदा समेत प्रदान गर्दछ । वित्त क्षेत्रमा संलग्न सम्पुर्ण नेतृत्व तथा विज्ञहरुलाई सही सूचना प्रवाह गरी सार्वजनिक श्रोतको सदुपयोगको लागि उपयुक्त नीति निर्माण गर्न सहयोग गर्छ । यसको माध्यमबाट समग्र राज्यको वित्तीय स्वास्थ्य मजबुत रहनुको साथै जनतालाई गुणस्तरीय सेवा प्रबाह गर्नसहज हुन्छ ।World Bank ले सार्वजनिक वित्त ब्यवस्थापनलाई परिभाषित गर्दै भनेको छ, “Public Financial Management (PFM) is the system by which financial resources are planned, directed and controlled to enable and influence the efficient and effective achievement of public service outcomes.”बिश्व बैंकले थप जोड दिदैं कुनैपनि देशले सार्वजनिक वित्त व्यवस्थापनमा रकम प्राप्ति, ब्यवस्थित उपयोग र सुद्ध अभिलेखांकनका लागि बजेट निर्माण, लेखापालन, आन्तरिक नियन्त्रण, नगद प्रवाह, प्रतिवेदन र लेखापरीक्षण गर्ने बताउछ ।

सार्वजनिक बित्त व्यवस्थापनको परिभाषा दिन प्रतिदिन फराकिलो हुँदै गइरहेको छ । यसले सार्वजनिक खर्चमात्र नभएर सरकारको समग्र आर्थिक प्रणालीलाई असर पार्ने राजस्व, पुँजी र सार्वजनिक ऋण ब्यवस्थापनलाई समेत समेट्छ ।यो एउटा विशुद्ध प्रणाली वा उपप्रणालीहरुको संगालो मात्र नभएर विभिन्न सरोकारवालाहरु बीचको अन्तरसम्बन्धित जटिल प्राविधिक सम्बन्ध बन्दै गएको छ । सार्वजनिक वित्त व्यवस्थापनमा विभिन्न तत्वहरुले भुमिका खेलेका छन् जस्तै : बजेटको पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रतिवेदनको शुद्धता, नियन्त्रण प्रणाली र परीक्षण । यस्ता तत्वहरुको समुचित प्रयोगबाट सार्वजनिक वित्त ब्यवस्थापनमा नागरिकहरुको विश्वास आर्जन गर्ने प्रयास गरिन्छ ।

सार्वजनिक वित्त व्यवस्थापनले वित्तीय अनुशासन, रणनीतिगत प्रभावकारिता, कार्यान्वयन प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्वको उद्देश्य लिएको हुन्छ । सार्वजनिक वित्त

* ✍ लेखा नियन्त्रक, प्रदेश लेखा ईकाइ कार्यालय, झापा ।

व्यवस्थापनको प्रमुख उद्देश्य भनेको नै सरकारी बजेटको अनुशासित प्रयोग हो । बजेटको प्रभावकारी कार्यान्वयन हुने ढंगले राजस्व संकलन र खर्च गरेमा वित्तीय अनुशासन निर्माण गर्न सहज हुन्छ । दोश्रो, सार्वजनिक सम्पतिको न्यायपूर्ण वितरण गर्नु यसको उद्देश्य रहेको हुन्छ । सार्वजनिक श्रोतको वितरण गर्दा राज्यको निर्देशक सिद्धान्त र नीतिहरु बमोजिम हुनुपर्ने हुन्छ । तेश्रो, सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्न सहयोग गर्नु यसको उद्देश्य रहन्छ । चौथो, वित्तीय व्यवस्थापन पारदर्शी, खुला, सबैलाई समेट्ने, उत्तरदायी र जनताप्रती जवाफदेही हुन पर्छ । सार्वजनिक वित्तीय व्यवस्थापनका यस्ता उद्देश्य पुरा गर्न सरकारले वित्तीय व्यवस्थापन सुधारका विभिन्न कार्यहरु गर्दछ । जसले गर्दा सार्वजनिक वित्त व्यवस्थापनमा सुधार हुँदै जान्छ र नागरिक विश्वास बढ्दै जान्छ ।

२. सार्वजनक वित्त व्यवस्थापनमा नेपालको अबस्थाको संक्षिप्त चित्रण

सार्वजनिक वित्त व्यवस्थापनको माध्यमद्वारा सरकारका कृयाकलापलाई पारदर्शी र व्यवस्थित बनाउदै जनमानसमा सरकारको वैधता स्थापना गर्न नेपालमा विभिन्न प्रयासहरु गरिएका पाईन्छन् । यसका लागि विभिन्न नीतिगत र संरचनागत ब्यवस्थाहरु पनि गरिएका छन् । नेपाल सरकारले चालेका केही महत्वपुर्ण कदमहरु र त्यसबाट सार्वजनिक वित्त व्यवस्थापनको अवस्था यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

२.१. पेफा (PEFA) को प्रयोग

पेफा एउटा यस्तो औजार हो जसले महत्वपुर्ण सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धि संस्थागत प्रणाली र प्रकृयाहरुलाई बिभिन्न सूचकहरुको आधारमा मापन तथा अनुगमन गर्ने साधन प्रयोग गरेर सरकारलाई सार्वजनिक वित्तीय व्यवस्थापनमा दिगो सुधार हाँसिल गर्न मद्दत गर्दछ । पेफाका सात स्तम्भहरुले सार्वजनिक वित्तीय व्यवस्थापनका सात बृहत क्षेत्रहरुमा केन्द्रित रही ३१ विशेष परिसूचकहरुलाई परिभाषित गर्दछ । पेफाले पहिचान गरेका सात स्तम्भहरु यहाँ प्रस्तुत गरिएका छन् ।

- बजेटको विश्सनीयता
- सार्वजनिक वित्तको पारदर्शिता
- सम्पती र दायित्व व्यवस्थापन
- नीतिमा आधारित वित्तीय रणनीति र बजेटिङ
- बजेट कार्यानवयनको पुर्वानुमान तथा नियन्त्रण
- लेखापालन र प्रतिवेदन

- बाह्य निगरानी

पेफाले सरकारलाई बजेटको कार्यान्वयन अवस्था र वित्त व्यवस्थापनको अन्य पक्षहरुको कार्यान्वयनको अवस्थाको मापनयोग्य प्रतिवेदन प्रदान गर्दछ । यसका फलस्वरुप सरकारले आफ्ना कार्यक्रमको निष्पक्ष मुल्यांङ्कन गर्दै जनताको माझमा अझ प्रसिद्ध बन्नसक्ने योजनाहरु बनाउन सफल हुन्छ ।

२.२ वित्त व्यवस्थापनका कर्ता, संरचनाहरु र यिनको प्रयोग

सार्वजनिक वित्तीय व्यवस्थापनकालागि विभिन्न कर्ताहरु संलग्न रहेका छन् । नेपालको हकमा लेखापालक, लेखापरीक्षक, कानून ब्यवसायी, ब्यवस्थापक, खरिद विज्ञ, राजस्व विज्ञ जस्ता ब्यवसायिक कर्ताहरु संलग्न रहेका छन् । ती कर्ताहरुमा सार्वजनिक वित्तीय व्यवस्थापनको चरणहरुमा समन्वयात्मक ढंगले आफ्नो आफ्नो भूमिका निर्बाह गरी व्यवस्थापनलाई परिणाममुखी बनाउने जिम्मेवारी रहेको छ । तर यी कर्ताहरुका व्यक्तिगत बुझाई र चाहानाहरु फरक छन् । यस्ता फरक चाहानाहरुलाई साझा हितमा प्रयोग गर्नसक्नु चुनौतिपुर्ण देखिएको छ । त्यसैले सार्वजनिक वित्त व्यवस्थापनमा कार्यदक्षता, प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्व अपेक्षित कम देखिन्छ ।यी कर्ताहरुको सुझबुझपुर्ण कृयाकलापले गर्दा सार्वजनिक वित्त व्यवस्थापनको जटिल साङ्लो व्यवस्थित ढंगले चलायमान हुने हो ।

केन्द्र, प्रदेश र स्थानीय तहमा रहेको तीन तहको सरकारले सार्वजनिक वित्त ब्यवस्थापनमा कार्यकारी भुमिका निर्वाह गरेको छ ।सार्वजनिक वित्त ब्यवस्थापनमा नागरिक समाजलाई केहि भूमिका प्रदान गरिएको छ । नागरिक समाजले वित्त व्यवस्थापनका कृयाकलापलाई पारदर्शी र उत्तरदायी बनाउन खवरदारी प्रदान गर्छन् । वित्त व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्वको बहस चुनौतिपुर्ण हुँदै गएको छ ।लोकतान्त्रिक मुलुकमा सार्वजनिक वित्त व्यवस्थापनमा राजनैतिक दलहरुको पनि महत्वपुर्ण भुमिका रहने गर्छ । तर केही विद्वानहरुका अनुसार बजेट निर्माण र कार्यान्वयन चरणमा राजनीति हावी ज्यादा भएमा वित्त व्यवस्थापनमा संलग्नकर्ता र संरचनाहरुसँग बजेट निर्माण र कार्यान्वयनको उचित तालमेल हुन नसकी बजेट चक्रमा जटिलता उत्पन्न पनि हुनसक्छ । यसले सार्वजनिक वित्त व्यवस्थापनमा सदाचारिताको खाडल पार्न सक्ने देखिन्छ । नेपालमा यदाकदा यस्ता समस्याहरु पनि पाईएका छन् । बजेटका अपेक्षाहरु पुरा नहुदा सार्वजनिक वित्त व्यवस्थापनमा नागरिकको विश्वास धुमिलिएको देखिन्छ ।

सार्वजनिक प्रशासनका स्थायी संरचनालाई नजर अन्दाज गरिंदा बजेटको अपेक्षा र कार्यान्वयनबीच ठूलो अन्तर देखापरिरहेको छ । यसो हुनुका पछाडी निम्न प्रमुख कारणहरु छन्,

- स्थायी संरचनाहरु निस्क्रिय बन्नु
- सूचनाको संप्रेषण प्रभावकारी नहुनु
- जनचेतनामा कमि
- दाताहरुले कम विश्वास गर्नु

सार्वजनिक वित्त व्यवस्थापनका लागि चाहिने संरचनाहरु र त्यस्ता संरचनालाई चलायमान गराउने कर्ताहरुको व्यवस्था संतोषजनक नै मान्नुपर्छ ।

२.३ सार्वजनिक वित्त व्यवस्थापनका उपप्रणालीहरुमा सुधार

सार्वजनिक वित्त प्रणालीमा विभिन्न उपप्रणालीहरु संलग्न छन् जस्तै: राजस्व र भन्सार, बजेट, खर्च, अन्तरसरकार वित्त, संसदिय निगरानी, आन्तरिक तथा बाह्य नियन्त्रण प्रणाली आदी ।यसभित्रका केही उप प्रणालीलाई मात्र सुधार गरेर सार्वजनक वित्त व्यवस्थापन मा सुधारको अपेक्षा गरिएको जस्तो भान हुन्छ । त्यसैले सार्वजनिक वित्त व्यवस्थापन सुधारलाई दिगो पार्न र यसमा जनविश्वास अभिबृद्धि गर्न ध्यान दिनुपर्ने निम्न पक्षहरुमा कम जोड दिईएको पाईन्छ ।

- वित्तीय प्रतिवेदन प्रणालीमा Cash to Accrual मा परिवर्तन
- बजेट निर्माण प्रकृयामा जनसहभागिता
- बजारमा आधारित लागत र मूल्य निर्धारण
- कार्यसम्पादन मापन प्रणाली
- कार्यमुलक लेखा प्रणालीको स्थापना

सार्वजनिक वित्त व्यवस्थापनको समग्र प्रणाली संचालन गर्न बनाईएका उप प्रणालीहरु सबै आफ्नो आफ्नो स्वतन्त्र कक्षमा घुम्दै गरेका ग्रहहरु जस्ता देखिएका छन् । जसले गर्दा तिनीहरुले नागरिकलाई दिनुपर्ने सुबिधामा कतै केही नपुगेजस्तो भान हुन्छ ।

२.४ सार्वजनिक वित्त व्यवस्थापनका समस्याहरु

सार्वजनिक वित्त व्यवस्थापनमा जनविश्वास कायम हुनेगरी काम गर्न नसक्नुका पछाडी विभिन्न समस्याहरु रहेका छन् । सरकारी बजेट सहयोगमा निर्भर रहनुले गर्दा वित्त व्यवस्थापनमा जनतालाई साथ नलिदा पनि सरकारलाई खासै असर नहुने सोच हावी,

लाभबृद्धिको चासो नै नहुनु, कार्यक्षमताबृद्धि गर्न ईन्सेन्टिभको व्यवस्थामा कमि, लगानी योजनाको अभाव, कर्मचारीमा व्यवसायिकताको कमि, नीतिगत अस्थिरता, वित्तीय जोखिम कम गर्न न्यून चासो, राजनीतिकर्मीमा वित्तीय ज्ञानको कमि, सार्वजनिक पदाधिकारी र कर्मचारीमा जति गल्ती गरेपनि जागिर नजाने विश्वास, न्यून तलव कर्मचारीलाई कार्यविवरण उपलब्ध नगराइनु, मिलेमतो र कार्टेलिङ, प्रतिस्पर्धाको कमिजस्ता विषयले सार्वजनिक वित्त व्यवस्थापनमा अराजकता प्रवेश गर्दा जनताको विश्वास धुमिल हुन गएको छ ।

सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न अधिकारीहरुमा कुनै किसिमको समस्या भएन भनेमात्र जनतालाई विश्वासमा लिएर वित्त व्यवस्थापन गर्न सहज हुन्छ । अन्यथा व्यवस्थापकहरु आफ्नै समस्यामा अल्झिरहेका हुन्छन् । यस विषयलाई नेपालमा कम महत्व दिएको पाईन्छ । नेपालमा व्यवस्थापनको कृयाकलापलाई विभिन्न तत्वहरुले असर गरिरहेको छ । सार्वजनिक वित्त व्यवस्थापनमा आवस्यक मानव श्रोतको उपलब्धता, उपलब्ध श्रोतको क्षमता, कानूनी प्रावधानको पूर्णता र सरलता, साधनहरुको उपलब्धता, सुबिधा र आर्थिक श्रोतको पर्याप्तता नहुनु प्रमुख समस्या रहेको छ । दोश्रो, राज्यको राजनैतिक परिबर्तन र जनचाहाना अनुसार आफैंमा परिवर्तन हुनसक्ने क्षमता व्यवस्थापनको नेतृत्व र कर्मचारीमा नहुनु । संस्थागत कार्यशैली र संस्कृति तेश्रो र महत्वपुर्ण आवस्यकता हो । यसका लागि नियमित तालिम र प्रशिक्षणको ब्यवस्था गर्न विज्ञहरुको उपलब्धता हुन जरुरी छ ।

२.५ वित्त व्यवस्थापनका चुनौतिहरु

साधन श्रोतको अभाव, कमजोर शासन प्रणाली, परिवर्तन आत्मासाथ गर्न नसक्ने संरचनाहरु र कर्मचारीलाई साथ दिने संरचनाको अभाव सुधार गर्न सकिने चुनौतीहरु भएपनि सार्वजनिक वित्त व्यवस्थापनमा नियन्त्रण गर्न नसकिने विभिन्न चुनैतिहरु समेत रहेका छन् । जस्तै : सरुवा रोग, आतंकवाद, उत्पादन र वितरणमा परनिर्भरता, बजारीकरण, जलवायु परिवर्तन, शासनप्रणालीमा परिवर्तन, सामाजिक संजालको ब्यापकता, जनताको बढ्दो अपेक्षा इत्यादि ।यस्ता चुनौतीहरुलाई सामना गर्नसक्ने व्यवस्थापकीय क्षमता बिकास गर्न नसक्दा हाम्रो ब्यवस्थापन प्रति जनताको विश्वास कम भएको छ ।

३.सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक विश्वास बढाउने उपाय

अल्पविकसित र संक्रमणकालिन राजनीति भएका देशहरुले विश्व अर्थव्यवस्थासँग प्रतिस्पर्धा गर्न सार्वजनिक वित्त व्यवस्थापनमा व्यापक सुधार गर्न जरुरी छ । त्यस्ता

सुधारहरुको स्थायित्वको लागि नागरिक विश्वास पनि संगसँगै लिनुपर्ने हुन्छ । यसका लागि नेपालले ध्यान दिनुपर्ने केही महत्वपुर्ण पक्षहरु छन् ।

३.१ शुन्य भ्रष्टचारको अवस्था श्रृजना

सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक विश्वस अभिबृद्धि गर्ने सबैभन्दा उच्चतम उपाय भनेकै भ्रष्टाचार शुन्य व्यवस्थापनको निर्माण हो । सार्वजनिक वित्त व्यवस्थापन र सदाचारबीच प्रत्यक्ष सम्बन्ध त छैन तर पनि सार्वजनिक वित्त ब्यवस्थापनको माध्यमबाट शासन व्यवस्थामा सुदृढीकरणको आशा राखिएको हुन्छ जसको अन्तरनिहित अर्थ शासन व्यवस्थामा सदाचारिताको स्थापना पनि हो जसका लागि सार्वजनिक वित्त व्यवस्थापनले बिभिन्न अपेक्षा राखेको हुन्छ ।

- सार्वजनिक श्रोतको वितरणमा पारदर्शिता र राजश्व संकलनमा संलग्न अधिकारीहरुको कृयाकलापमा nonselective criteria मा जोड
- सम्बन्धित अधिकारीको प्रभाव नहुनेगरी अनुमानयोग्य वस्तुनिष्ट विनियोजन र राजस्व संकलनको व्यवस्था
- स्वतन्त्र निकायबाट अर्थपूर्ण लेखापरीक्षणमा जोड

हाम्रो जस्तो मुलुकमा सार्वजनिक वित्त व्यवस्थापनले भ्रष्टचार निवारणमा सहयोग गर्दै सरकारका निर्दिष्ट उद्देश्य पुरा गर्न सहयोग गर्नका लागि राजनैतिक दृढ ईच्छाशक्ति र मन्त्रिपरिषदको सहयोगका साथै सर्वपक्षिय सुधारका कार्यक्रम र दातृ निकायहरुबीच समन्वयको जरुरी छ ।शासकिय सुधारका कार्यक्रमहरुमा आम जनता, नागरिक समाज, व्यवसायी र संचारमाध्यमको अपनत्व बढाई सार्वजनिक वित्तको प्रमुख अंग रहेको बजेट चक्रमा भ्रष्टचार कम गर्न बजेटको सम्पुर्ण चक्र खुला र पारदर्शी बनाई नागरिक समाजलाई प्रत्येक चरणमा सहभागिताको लागि उत्प्रेरित गरिनुपर्छ ।सहभागितामुलक बजेट निर्माण प्रकृयाले नै भ्रष्टचारलाई न्यून पार्दै बजेट निर्माणमा संलग्न अधिकारीहरुलाई स्वेच्छाचारी बन्नबाट जोगाउँछ । यसबाट आम जनतालाई बजेट प्रतिको अपनत्व वृद्धि भई समग्र सार्वजनिक वित्त व्यवस्थापनमा विश्वास अभिबृद्धि गर्छ ।

३.२ जनसहभागिता अभिबृद्धि

आर्थिक कृयाकलापको पारदर्शिता, मजबुत बजेट निर्माण र कार्यानवयन प्रणाली, बजेटको सिद्दान्त र कार्यान्वयन विच तादम्यता, सार्वजनिक लेखा परीक्षण, कर्मचारीतन्त्रमा सुधारका माध्यमबाट सार्वजनिक वित्त व्यवस्थापनमा धेरै राष्ट्रहरुले सफलता हात पारिरहेका छन् ।

सफल सार्वजनिक वित्त व्यवस्थापनको लागि बजेट संतुलनमा बृहत अर्थशास्त्रिय नियन्त्रण, लगानीको क्षेत्रको प्राथमिकिकरण, नीतिगत स्थिरता र स्पष्टता, आर्थिक पारदर्शिता र निर्णय प्रकृयामा जनताको ब्यापक र अर्थपूर्ण सहभागिता आवश्यक पर्छ । निश्कर्षमा अहिलेको समयमा सार्वजनिक वित्त व्यवस्थापनमा जनताको अर्थपूर्ण सहभागिता र पृष्ठपोषणको ठूलो महत्व हुन्छ । यस प्रकारको जनसहभागिताका लागि सूचनामा जनताको पहुँच पारदर्शिता जनचेतना अभिबृद्धि र गुणस्तरीय कृयाकलापको माध्यमद्वारा मात्र सम्भव हुन्छ ।

३.३ सूक्ष्म परिवर्तनको निरन्तरता

परिवर्तन जटिल हुन्छ र यसमा सँधै अवरोध आउने गर्छ । तसर्थ स-साना अर्थपूर्ण परिवर्तनहरुद्वारा थाहै नपाई ठूलो परिवर्तन ल्याउन सकिन्छ । परिवर्तन त्यतिवेला सम्भव र सहज हुन्छ जतिवेला अभिन्न सहयात्रीको मन र मुटु जित्न सकिन्छ । सार्वजनिक वित्तका अभिन्न अंग जनता हुन तसर्थ जनतालाई सदैव विश्वासमा लिइरहनुपर्छ ।

३.४ व्यवस्थापकको सोचमा परिवर्तन

नेपालमा दिगो वित्तीय व्यवस्थापनका लागि व्यवसायिकताको खडेरी पुर्न जरुरी छ । थोरै श्रोत र साधनको प्रयोग गर्दै अधिकतम प्रतिफल प्राप्त गर्ने चुनैती सामना गर्न रणनैतिक हिसाबले काम गर्नुपर्छ । त्यसका लागि परिस्थितिजन्य कार्य क्षमता विकास गर्दै जनचाहानाहरुलाई राज्यको नीतिसँग तादाम्य गर्न सक्नुपर्छ । सरकारको सोच र जनताको सोचलाई सार्वजनिक वित्त व्यवस्थापनले एकैचौतारीमा ल्याउन सक्नुपर्छ । यसो भएमा वित्तीय कृयाकलापमा जनताको साथ र सहयोग प्राप्त हुँदैजान्छ ।

३.५ सरकारको अंगहरुबीच सहसम्बन्ध स्थापना

सरकारको अंगहरुबीच सहसम्बन्ध स्थापना गरी कार्यसम्पादनमा समन्वय गर्न सकियो भने विकासका कामहरुमा दोहोरोपन कम हुन्छ । एउटाले बनाउदै जाने अर्कोले भत्काउदै जाने प्रवृतिको अन्त्य भई सार्वजनिक सम्पतिको उपयोगमा किफायती हुँदा जनविश्वास बढाउन सहयोग हुन्छ । अन्तर निकाय सूचना प्रबाहको माध्यमबाट समन्वय कायम गर्न सकिन्छ ।

३.६ व्यवस्थापनका सदस्यहरुमा विविधता

सार्वजनिक वित्त व्यवस्थापनको समूह भित्रका सदस्यहरुबीच विविधता हुन जरुरी छ । यस्तो समुहमा उर्जावान नयाँ युवासदस्यहरुको उपस्थिती गराई नवप्रवर्तनहरुलाई प्रोत्साहित गर्न सकिन्छ ।त्यस्ता सदस्यहरु मध्ये कोही भित्रि काम र कोही बाहिरी काम गर्ने

हुनुपर्छ । बाहिरी काम गर्ने सदस्यहरुले अन्तर निकाय समन्वय कायम गर्नुका अतिरिक्त वित्तीय क्रियाकलापबाट पर्न जाने सामाजिक सांस्कृतिक असरहरुको अध्ययन गर्दै त्यस्ता असरहरुलाई कम गरी समाजमा आर्थिक कृयाकलापहरुको अपनत्व स्थापना गर्ने काम गर्न सक्छन् ।

३.७ प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन

विनियोजन राजस्व र जिन्सि ब्यवस्थापनमा सफ्टवेयरको प्रयोग गरी सार्वजनिक वित्त व्यवस्थापनमा त्रुटी हुनवाट बचाउदै Real Time Information प्राप्त गर्न सहज बनाउदै लगिएको छ। सम्पूर्ण तहको सरकारमा यो व्यवस्था पूर्ण रुपमा लागु गर्दै सार्वजनिक वित्त व्यवस्थापनको सबै क्षेत्रमा लागु गर्न सके जनतामाझ विश्वसनियता बृद्धि गर्न सहज हुन्छ ।

३.८ लेखापरीक्षणमा जनसहभागिता

सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणको नागरिकद्वारा अनुगमन गर्न सकिने व्यवस्था गरिनु सार्थक हुन्छ । नागरिकद्वारा अन्तिम लेखा परीक्षण प्रतिवेदन कार्यान्वयनको अनुगमन गर्न पाउने विषेश प्रकृया सहितको व्यवस्था गर्न सकिन्छ । लेखापरीक्षणमा रिस्क का क्षेत्रहरु सहजै पहिचान होस भनी सार्वजनिक खरिदको पारदर्शिताका लागि खरिदको प्रत्यक चरणको नागरिक माझ सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन सकिन्छ ।

३.९ सार्वजनिक लेखापरीक्षण

सार्वजनिक वित्त व्यवस्थापनमा जनविश्वास कायम गर्न नागरिकहरुलाई वित्तीय कृयाकलाप शुद्ध छन् भनेर विश्वास दिलाउन जरुरी छ । जसको लागि सामाजिक लेखापरीक्षण महत्वपूर्ण हुन्छ ।आयोजना सम्बद्ध नागरिकलाई सूचनाको संकलन, विष्लेशण र वितरणको सम्पूर्ण अधिकार दिई आयोजना स्थलमा सार्वजनिक सुनुवाई गर्दै सार्वजनिक सुनुवाईमा उठेका विषयको कार्यान्वयनको अवस्था नागरिकलाई जनकारी दिन पूनः सार्वजनिक सुनुवाई गरी नागरिक विश्वास जित्न सकिन्छ ।

४. निश्कर्ष

सार्वजनिक वित्त व्यस्थापनमा नागरिकको सहभागिता बृद्धि हुने प्रकारका आधुनिक उपायहरु अवलम्बन गर्दै जानुपर्छ । सार्वजनिक वित्त सम्बन्धित निकायहरुको समग्र कार्यसम्पादनको वार्षिक रुपमा वस्तुगत कार्यसम्पादन गर्ने सूचकहरु निर्माण गरी उक्त सूचकको पालनाको अवस्था नागरिकमाझ सार्वजनिक गरिनुपर्छ । सार्वजनिक वित्त

व्यवस्थापनलाई सम्भव भएसम्म आधुनिक प्रबिधिमैत्री बनाउदै पेपरलेस बनाईनुपर्छ । सार्वजनिक वित्त व्यवस्थापनमा नवप्रवर्तनहरुको प्रवेश बढाउनुपर्छ । नयाँ प्रविधि र ज्ञानहरुलाई महत्व दिदै यस्ता नव प्रवर्तन र ज्ञानहरुलाई वित्त व्यवस्थापनमा प्रयोग गर्न आवश्यक पर्ने जति समय र श्रोतको लगानी गरी आधुनिक प्रबिधि प्रयोगसँगै पुराना ज्ञान र सीप निखार्दै हालसम्मका उपलब्धिको संरक्षणको साथै थप सफलतामा ईटा थप्दै जानुपर्छ । अर्थिक अनुशासन स्थापना गरी वित्तीय व्यवस्थापनमा जनसहभागिता बढाउदै गएमा अबश्य जनविश्वास प्राप्त गर्न र गरिरहन सकिन्छ ।

सन्दर्भसामाग्री

- नेपालको संविधान
- राजस्व पत्रिका २०७६ असार, सार्वजनिक वित्त ब्यवस्थापन तालिम केन्द्र, हरिहरभवन
- Curristine T, Lonti Z, Joumard I (2007) *Improving public sector efficiency: challenges and opportunities*. *OECD Journal on Budgeting* 7(1). ISSN: 1608-7143, OECD.
- Matthias Morgner 2013 Public financial management reforms in developing and postconflict countries, U4
- PEFA (2016) *Framework for Assessing Public Financial Management*. Washington DC 20433,
- Transparency International. Anti-Corruption Handbook. Updated 23 December 2004.
- Retrieved 8 February 2005.
- Vivek Ramkumar and Warren Krafchik, The Role of Civil Society Organizations in Auditing and Public Finance Management, https://www.internationalbudget.org/

प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) सञ्चालनको विद्यमान अवस्था

✍विदुर पौडेल*

प्रदेश सञ्चित कोषको सञ्चालन र व्यवस्थापनमा सहजताको लागि प्रदेश सरकार अन्तर्गत बजेट तर्जुमा, कार्यान्वयन एवम् बजेट अभिलेखलाई विद्युतीय सूचना प्रविधिको प्रयोग मार्फत व्यवस्थित गर्ने उदेश्यले आर्थिक वर्ष २०७६/७७ का लागि बजेट तर्जुमा गर्ने शिलशिलामा २०७६ बैशाखदेखि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System) प्रयोगको थालनी भएको हो । नेपाल सरकारको विगत देखिनै प्रयोगमा आइरहेको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को ढाँचामा सातवटा प्रदेशको छुट्टा छुट्टै प्रणाली तयार गरी संघ अर्थ मन्त्रालयबाट प्राविधिक समन्वय र व्यवस्थापन हुने गरी सञ्चालन भई रहेको छ । भुक्तानी गर्नका लागि प्रयोग गरिने प्रदेश एकल खाताकोष प्रणाली (PTSA) र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बीच सम्बन्ध गराउनका लागि संघमा प्रयोग भइरहेको बजेट व्यवस्थापन सूचना प्रणाली (BMIS) बाट हुने रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन समेत PLMBIS बाट नै हुने गरी व्यवस्था मिलाईएको छ । यसैबाट PTSA मा भएको खर्चको प्रतिवेदन समेत PLMBIS मा हेर्न सकिने व्यवस्था मिलाईएको छ ।

आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन मार्गदर्शन अनुसार PLMBIS बाट स्वीकृत बजेट तथा कार्यक्रमलाई नै खर्च गर्ने अख्तियारी मानी कार्यान्वयन गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ । बजेट वक्तव्यको अनुसूचीहरु यसैबाट तयार गरी बजेट तथा कार्यक्रमको सारांश प्रतिवेदन प्राप्त गर्न सकिन्छ ।यसमा आयतर्फ राजस्वको अनुमान संशोधित खर्चको अनुमान र गत आ.व.को विनियोजन आगामी २ आर्थिक वर्षको खर्चको अनुमानित प्रक्षेपित समेत प्रविष्टि गरी मध्यमकालीन खर्च संरचना (MTEF) तयार गर्नका लागि समेत तथ्याङ्क प्राप्त गर्न सकिने तथा खरिद योजना तथा गुरु योजना समेत तयार गर्न सकिने व्यवस्था राखिएको छ । हाल यसबाट क्रियाकलापगत बजेटको स्रोत (प्रदेश सरकार अनुदान तथा अन्य) सहितको प्रतिवेदन प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको छ ।

* ✍शाखा अधिकृत (अधिकृतस्तर सातौं),आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं १ विराटनगर

नेपाल सरकार अर्थ मन्त्रालय (USAID समेत) को समन्वयमा प्राविधिक सहयोग र तालिम सहितको व्यवस्था गरी प्रणालीको प्रयोगबाट बजेट तर्जुमा र कार्यान्वयनमा सहजता ल्याउने प्रयास भईरहेको छ । अर्थ मन्त्रालयले प्रत्येक प्रदेशका लागि प्राविधिक सहित २ जना कर्मचारीलाई PLMBIS सम्पर्क व्यक्ति तोकि प्रणालीको प्रयोगमा प्राविधिक समन्वय र सहजीकरण गर्ने प्रयास भई रहेको छ । PLMBIS प्रयोगका क्रममा देखापरेका प्राविधिक समस्या, प्रणालीमा सुधार गर्नुपर्ने कुराहरु, तालिम तथा प्रणालीको प्रयोगमा पहुँच अभिवृद्धि र क्षमता विस्तारका लागि अर्थ मन्त्रालयसँग पत्राचार गरिएको छ । PLMBIS को प्रयोगमा देखा परेका प्राविधिक समस्या र त्रुटि सच्याउनका एवम् यसलाई अझ परिस्कृत र सहज बनाउन सम्बन्धित प्राविधिक टोलीसँग सम्पर्क र समन्वय भईरहेको छ ।

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) प्रयोगमा देखा परेका प्रमुख समस्याहरु निम्नानुसार रहेका छन्

- बैदेशिक स्रोत भएका संघबाट सशर्त अनुदानमा प्राप्त बजेट तथा कार्यक्रमको बैदेशिक स्रोतका दातृ निकायको नाम र स्रोतको प्रकार देखिने गरी राख्न नसकिएको । PTSA मा वैदेशिक स्रोत भएका रकमको स्रोत संघ शसर्त अनुदान मात्र देखिएकोले भुक्तानीमा समस्या भएको ।
- बजेट रोक्का राख्ने र फुकुवा गर्ने व्यवस्था नभएको । जसले गर्दा वैदेशिक स्रोत रोक्का भएका र रोक्का राख्नु पर्ने बजेट रोक्ने व्यवस्था प्रणालीमा नभएकोले बजेट कार्यान्वयनमा समस्या भएको ।
- PLMBIS मा व्यवस्था गरिएका सबै प्रतिवेदनहरु नखुल्ने । समग्र बजेटको चौमासिक विनियोजनको सारांश आउने प्रतिवेदन नभएकोले चौमासिक लक्ष्य र प्रगति मूल्याङ्कन गर्न समस्या भएको छ ।
- PTSA मा भएको खर्चको प्रतिवेदन PLMBIS बाट हेर्न सकिने व्यवस्था मिलाईएको भएतापनि मासिक रुपमा प्रतिवेदन हेर्दा हालसम्मको खर्च आउने, अद्यावधिक नहुने, PTSAको खर्चको विवरणसँग नमिल्दो देखिएको ।
- रकमान्तर पत्रको ढाँचा नमिलेको । वार्षिक विकास कार्यक्रम फारम तथा अन्य प्रतिवेदन डाउनलोड गर्दा Excel मा राम्रोसँग नआउने भएकोले अभिलेख राख्न र आवश्यक विवरण तयार गर्न असहजता भएको ।
- संघबाट अनुदानमा बजेट तथा कार्यक्रम थप/घट हुँदा PLMBIS मा रकम थप गर्न सकिने तर थप/घट भएको रकम PTSA मा नदेखिएको ।

- आगामी आ.व.को बजेट तथा कार्यक्रमका लागि बजेट सीमा (सिलिङ) निर्धारण गरी विषयगत मन्त्रालयहरुलाई दिँदा कुन स्रोतबाट सिलिङ दिइएको हो सो उल्लेख गर्ने गरी सिलिङ दिने व्यवस्था नभएको ।
- चालु आ व को लागि खर्च भई सकेको रकमलाई स्रोतान्तर गरी खर्च समर्थन हुने गरी श्रोतान्तर गर्न मिल्ने व्यवस्था नभएकोले स्रोतान्तर गरी हिसाब समायोजन गर्न नसकिएको ।
- PLMBIS र PTSA बीच लिंक गर्ने क्रममा PTSA मा अख्तियारी देखिएको कतिपय रकम PLMBIS मा रकमान्तर नहुने र कुनै बजेट उपशीर्षकको रकम अर्कै कार्यालयमा रहने लगायतका प्राविधिक देखा परेका छन् ।
- स्थानीय तहलाई वित्त हस्तान्तरण गर्ने क्रममा PLMBIS मा देखिने सब बजेट उपशीर्षक र PTSA मा देखिने कार्यालयकोड फरक समेत हुनसक्ने भएकोले कार्यक्रम संशोधन र रकमान्तर गर्दा अन्यौलता भएको ।

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा देखिएका प्राविधिक समस्या समाधान गर्न तथा यसलाई अझ व्यवस्थित बनाउन देहायअनुसार गर्न मनासिब देखिन्छः

- नेपाल सरकारबाट शसर्त अनुदानमा हस्तान्तरण भएको बजेट तथा कार्यक्रम बाँडफाँड गरी प्रणालीमा क्रियाकलाप प्रविष्टि गर्दा स्रोतमा वैदेशिक दातृ निकायको स्रोत संकेत नदेखिएको र (PLMBIS) मा तथा एकल खाताकोष प्रणाली PTSA मा समेत वैदेशिक स्रोतको रकम नदेखिई एकमुष्ट संघ सशर्त अनुदान मात्र देखिएकोले वैदेशिक स्रोतको रकम रोक्का हुँदा पनि निकासा र भुक्तानी हुने सम्भावना रहेकोले प्रणालीमा आवश्यक व्यवस्था हुनुपर्ने ।
- देश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा तथा एकल खाताकोष प्रणाली TSA मा समेत बजेट रोक्काम राख्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्था नभएकोले प्रणालीमा नै रोक्का र फुकुवा गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने।
- प्रदेशको एकमुष्ट बजेट लक्ष्य देखिने चौमासिक विनियोजनको प्रतिवेदन नभएकोले चौमासिक प्रगति समीक्षाका लागि तथ्याङ्क उपलब्ध हुन नसकेकोले PLMBIS को Report मा चौमासिक प्रतिवेदन समावेश गर्नुपर्ने ।
- आगामी आ व को बजेट तथा कार्यक्रमका लागि बजेट सीमा निर्धारण गरी विषयगत मन्त्रालयहरुलाई दिँदा कुन स्रोतबाट सिलिङ दिइएको हो सो उल्लेख गर्ने गरी PLMBIS मा व्यवस्था गर्नुपर्ने र विषयगत मन्त्रालय र कार्यालयले बजेट तथा कार्यक्रम

प्रस्ताव गर्दा पनि आफूले पाएको श्रोतगत सीमा रकम देखिने हुनुपर्ने र परिवर्तन गर्न नसकिने हुनुपर्ने ।

- चालु आ व को लागि खर्च भई सकेको रकमलाई स्रोतान्तर गरी खर्च समर्थन हुने गरी श्रोतान्तर गर्न मिल्ने व्यवस्था गर्न सकेमा स्रोतगत बजेट तथा खर्चको यथार्थ विवरण प्रणालीबाट प्राप्त गर्न सकिने ।
- PLMBIS एवम् TSA को खर्चको प्रतिवेदन फरक आएको हुँदा त्यसको समेत समाधानको व्यवस्था हुनुपर्ने ।मासिक तथा चौमासिक रुपमा समेत अद्यावधिक तथ्याङ्क प्राप्त गर्न सकिने व्यवस्था मिलाउनुपर्ने ।
- संघ अनुदान स्रोतको रकम थपघट हुँदा एकल खाताकोष प्रणाली TSA मा अख्तियारी थप्ने वा घटाउने व्यवस्था नभएकोले लेखा राख्न समस्या भएको । थपिएको वा कम भएको रकमको हिसाब समायोजन गर्न प्रणालीबाट मिल्ने गरी आवश्यक व्यवस्था हुनुपर्ने ।
- बजेट सूचना प्रणाली PLMBIS मा रकमान्तर तथा कार्यक्रम संशोधन गरिएको कतिपय बजेट एकल खाताकोष प्रणाली TSA मा नदेखिने समस्या आइरहने हुँदा दीर्घकालीन समस्या समाधानको लागि आवश्यक व्यवस्था गर्न पहल गर्नुपर्ने ।
- अघिल्लो आ व को बजेट आगामी वर्षको बजेट तर्जुमा गर्दा चालु आ व को बजेट तथा कार्यक्रमको Data Copy गरी त्यसमै थपघट गरेर बजेट तर्जुमारप्रस्ताव गर्न सकिने प्रणालीको व्यवस्था मिलाउन सकेमा बजेट तर्जुमा गर्न सहज हुने र समयको बचत हुने । आगामी वर्षको बजेट तर्जुमा गर्दा गत आ व र चालु आ व को क्रियाकलापगत बजेट विनियोजनको तथ्याङ्क समेत आवश्यक पर्ने भएकोले Data Copy हुने व्यवस्था मिलाउन उपयुक्त हुने ।
- प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई PLMBIS को डाटावेसमा तथा र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई एकल खाताकोष प्रणाली TSA को डाटावेसमा User Access हुने गरी प्रणालीमा व्यवस्था गर्न आवश्यक भएको । साथै उक्त प्रणालीहरुमा आउने साना तिना प्राविधिक त्रुटिहरु सच्याउन, प्रणालीको तथ्याङ्कमा सच्याउनु पर्ने विवरण तथा प्रतिवेदन मिलाउन सक्ने क्षमता अभिवृद्धि गरी प्राविधिक समस्या समयमै समाधान गर्नका लागि यस प्रदेशमा कार्यरत कम्प्युटर इन्जिनियरर अधिकृत र अपरेटरलाई PLMBIS सफ्टवेयरको डाटावेस सम्बन्धी तालिमको आयोजना गर्न आवश्यक देखिएको ।

- PLMBIS/TSA प्रणालीको तथ्याङ्कमा पहुँच प्रदान गरी प्रदेशको तथ्याङ्क प्रदेशबाटै व्यवस्थापन गर्न सकिने व्यवस्था मिलाउनु पर्ने ।प्रणाली प्रयोग हुने सबै निकायहरुमा Intranet को प्रयोग गरी सुरक्षा र गोपनियता लागि आवश्यक व्यवस्था हुनु पर्ने ।
- तथ्याङ्कको गोपनियता र सुरक्षाको लागि प्रदेशमा समेत वैकल्पिक व्यवस्था गर्नुपर्ने । डाटा सेन्टरको स्थापना गरी PLMBIS/TSA/RMISको तथ्याङ्कको ब्याकअप राख्नु आवश्यकता देखिएको ।
- विभिन्न सञ्चित कोष तथा विभाज्य कोषहरु सञ्चालन एवम् व्यवस्थापनका लागि विद्यमान विभिन्न राजस्व), बजेट, भुक्तानी तथा लेखा राख्ने सम्बन्धी प्रयोग भईरहेका ( )सूचना प्रविधि प्रणालीहरु LMBIS/PLMBIS, TSA, RMIS, SuTRA,CGASआदिलाई साझा (सूचना प्रणालीमा आवद्ध गर्नुपर्ने ।
- स्थानीय तहले प्रयोग गर्ने SuTRA र LMBIS/PLMBIS बीच लिंक जोड्न उपयुक्त हुने । प्रतिवेदन प्राप्त गर्न, आवश्यक विवरण प्रविष्टि गर्न मिल्ने व्यवस्था हुनुपर्ने ।
- PLMBIS तथा TSAमा क्रियाकलापगत खर्चको विवरण (आयोजना तथा कार्यक्रमगत) प्राप्त गर्न सकिने व्यवस्था राख्न उपयुक्त हुने ।
- PLMBIS मा तयार गरिने खरिद योजना तथा गुरुयोजना यथार्थपरक हुनुपर्ने । यसको प्रयोग गर्न आवश्यक तालिमको जरुरी भएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP बाट तयार हुने खरिद योजना तथा गुरु योजनासँग तादम्यता हुने गरी प्रणालीहरुमा व्यवस्था गर्न उपयुक्त हुने ।
- बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, जशक्तिको उपलब्धता, समयावधि र विभिन्न सूचक सहितको कार्यतालिका बनाउन सकिने गरी PLMBIS मा समावेश गर्न उपयुक्त हुने ।
- PLMBIS मा आयोजना/कार्यक्रमको आवश्यकता तथा औचित्य पुष्ट्याई राख्न मिल्ने एवम् प्राथमिकताक्रम निर्धारण साथै विभिन्न सूचकहरु तय गर्न सकिने व्यवस्था मिलाउन उपयुक्त हुने ।
- राष्ट्रिय योजना आयोगले तोकेको अनुगमन तथा मूल्याङ्कन फारमबाट तयार गर्नुपर्ने प्रतिवेदन एवम् लक्ष्य र प्रगतिको विश्लेषण सहितको प्रतिवेदन प्राप्त गर्न सकिने व्यवस्था PLMBIS मा समावेश गर्न उपयुक्त हुने ।

वित्तीय संघीयता कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकार अन्तरगत दिनानु दिन कार्य थपिँदै गएको, योजना देखि खर्च व्यवस्थापनसम्मका पक्षहरुलाई व्यवस्थापन गर्न साथै

प्रदेशका विभिन्न किसिमका तथ्याङ्क समेत प्रदेश सरकारले व्यवस्थापन गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षहरुका बजेट तथा कार्यक्रम तर्जुमा गर्न, प्रदेश सञ्चित कोष व्यवस्थापन गर्न, प्रत्यक्ष समयमा लेखाङ्कन र प्रतिवेदन प्राप्त गर्न, PLMBIS तथा TSA प्रणालीहरुमा आईपर्ने समस्या समाधान गर्न, प्राविधिक त्रुटिहरु सच्याउन समेत प्रदेशमा कार्यरत कर्मचारीहरुलाई तालिम र क्षमता अभिवृद्धिको आवश्यकता महसुस गरिएको छ ।बजेट तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक विषयसँग मेल खानेगरी प्रणालीमा व्यवस्था र प्रयोग गर्न, विभिन्न सूचकहरुको प्रयोग, प्रणालीबाट MTEFको तर्जुमा र प्रयोग, खरिद योजना/गुरुयोजना तयार गर्ने, रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन, वित्त हस्तान्तरण लगायतको विषयमा PLMBIS सञ्चालन सम्बन्धी प्रक्षिक्षक प्रशिक्षण तालिम (TOT)को आयोजना गर्न र संघबाट स्रोत व्यक्ति माग गरी सफ्टवेयर तथा डाटावेस सम्बन्धी प्राविधिक विषयको तालिम तथा तथ्याङ्कमा पहुँच हुने व्यवस्था मिलाई प्रदेशको बजेट व्यवस्थापनमा सुधार र सहजीकरण गर्न आवश्यक भएको छ । सूचना प्रविधिको प्रयोगबाट प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनलाई अझ परिस्कृत बनाउन, PLMBIS सञ्चालन र व्यवस्थापनमा सुधारका लागि नेपाल सरकार अर्थ मन्त्रालय तथा सहयोगी दातृ निकाय र प्रदेश सरकारका सबै निकायहरुको सहयोग, समन्वय र सहकार्य निरन्तरता रहने अपेक्षा सहित सम्बद्ध सबैलाई धन्यवाद दिन चाहन्छु ।

सन्दर्भ सामाग्री

- Handouts of LMBIS, PLMBIS, TSA, RMIS, SUTRA
- प्रदेश आवधिक योजना
- बजेट वक्तव्य
- अर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, 2076

नेपालमा सार्वजनिक खरिदः कानून र अभ्यास

१) पृष्ठभूमिः

राज्यले जनकल्याण अभिबृद्धिको लागि जनताले तिरेको रकमबाट संकलित राजश्व रकमको अत्यूत्तम उपयोग गर्न जनताले बनाएको कानूनद्वारा निर्धारित प्रकृयाको अवलम्बन गरी राज्यले आवश्यक पर्ने मालसामान, वस्तु सेवा र निर्माणको प्राप्ति गर्ने कार्यलाई सार्वजनिक खरिद भनिन्छ । नेपालमा सार्वजनिक खरिदको इतिहास धेरै पुरानो छैन । बि.सं. २००७ साल पूर्व राज्यको सम्पूर्ण खर्च हुकुमी प्रथामा आधारित भएको हुँदा खरिद प्रकृया पनि हुकुम कै आधारमा चलेको थियो । देशमा प्रजातन्त्रको उदय भए पश्चात जनताले तिरेको करको रकमको हिसावको बिवरण पनि जनतामै हिसाव बुझाउनु पर्ने मान्यता स्थापित भएको पाईन्छ । सोही मान्यताका आधारमा बि.सं. २००८ सालमा एकाउन्टेन्ट जनरलको कार्यालय स्थापना गरी सरकारी आय व्यय प्रणाली लाई संस्थागत रुपमा शुरुवात गरियो ।

बि.सं. २०१३/२०१४ साल देखि बजेटलाई साधारण र बिकास बजेटमा बिभाजन गरी बजेट आउन थालेदेखि बिकास खर्च अन्तर्गत ठूला खरिदको अभ्यास शुरु भएको पाइन्छ । बि.सं. २०१६ सालमा सरकारी रुपैया खर्च सम्बन्धी कार्यबिधि नियम, २०१६ जारी भए पश्चात नेपालमा सार्वजनिक खरिद प्रकृयाले कानूनी आधार लिएको पाइन्छ । बि.सं. २०२६ सालदेखि नेपालमा बिकास बजेटलाई कार्यक्रम संग आबद्ध गर्न शुरु गरियो । नेपालमा बैदेशिक सहायता भित्रिने क्रमसँगै खरिद सम्बन्धी निर्देशिकाहरु पनि जारी भएको पाइन्छ ।

पछिल्लो समयमा देशमा आएको राजनैतिक परिवर्तन सँगै सरकार प्रति जनताको अपेक्षामा भएको बृद्धि, बढ्दो अन्तराष्ट्रिय आर्थिक सहायता, बढ्दो जनचेतना, सरकारी खर्चको आकारमा भएको बृद्धि लगायतका कारणहरुले सरकारका आर्थिक गतिबिधिहरु पारदर्शी, जनउत्तरदायी, प्रभावकारी, मितब्ययी, परिणाममुखि बनाउनु पर्ने आवश्यकता भएकोले नेपालको सार्बजनिक खर्च ब्यवस्थापनको अध्ययन गरी उपयुक्त सुझावहरु सरकार सामु प्रस्तुत गर्ने उद्धेश्यले सरकार र बिश्व बैकका अधिकारीहरुको पहलमा अध्ययन तयारी मिशन बि.सं. २०५६ (१९९९) सालमा गठन भई अध्ययन शुरु गरेको थियो । यस अध्ययन टोलिले

---

* लेखा अधिकृत, अधिकृतस्तर छैठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, बिराटनगर

२०५९ सालमा आफ्ना सुझावहरु सहितको प्रतिबेदन सरकारलाई पेश गरेको थियो । यसै प्रतिबेदनको आधारमा बिद्यामान आर्थिक प्रशासन सम्बन्धी नियमावलीहरुमा संशोधन हुदै २०६३ सालबाट छुट्टै सार्बजनिक खरिद ऐन, २०६३ को ब्यवस्था गरियो । यो ऐन सार्वजनिक निकाय, विश्वविद्यालय, संघ संस्थान, लगायका क्षेत्रहरुमा समेतको लागि छाता ऐनको रुपमा लागु रहेको पाइन्छ ।

२) कानूनी ब्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावना अनुसार सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाई, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने र सार्वजनिक निकायले खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उद्धेश्य लिएको पाइन्छ । यस ऐनले मूलतः सार्वजनिक खरिद व्यवस्थापनको लागि कानूनी आधार स्पष्ट गरी खरिद कार्यलाई व्यवस्थित गर्ने र खरिद प्रक्रियालाई बढी से बढी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी बनाउने लक्ष्य लिएको पाइन्छ । ऐन अन्तर्गत सार्वजनिक खरिद नियमावली, २०६४ समेत तर्जुमा गरिएको छ ।

सार्वजनिक खरिद ऐनको २०६४ दफा ७ मा भएको ब्यवस्था अनुसार बार्षिक दश करोड भन्दा बढी रकमको खरिद गर्नु पर्दाः खरिदको प्रकार, परिमाण, अनुमानित लागत, खरिद बिधि, खरिदका प्याकेज, खरिद पूर्वको योग्यता र सो का आधारहरु, खरिदको समय तालिका, जस्ता कुराहरु खुलाई खरिद गुरु योजना (Master Plan) बनाउनु पर्ने ब्यवस्था रहेको छ ।

सोही ऐनको दफा ८ मा वार्षिक दश लाख भन्दा बढी लागत अनुमान भएको सार्बजनिक खरिद गर्नु पर्दा आगामी आ.व.को बजेट तर्जुमा गर्दाकै अवधिमा वार्षिक खरिद योजना बनाउनु पर्ने र दफा ७ अनुसार खरिद गुरुयोजाना बनाउनु पर्ने भएमा सो लाई समेत आधार मानि बार्षिक खरिद योजना बनाउनु पर्ने ब्यवस्था रहेको छ । यसरी तयार पारिने बार्षिक खरिद योजनामा पनि खरिदको प्रकार, खरिदका सम्भावित प्याकेज, समय तालिका, खरिद बिधि लगायतका कुराहरु उल्लेख गर्नु पर्ने ब्यवस्था रहेको छ ।

यसरी खरिद कार्यलाई कार्यक्रम, बजेटसँगै अनुकुल गरी पारदर्शि, मितब्ययी, प्रतिश्पर्धी , भेदभावरहित र आवधिक संतुलन समेत मिलाई खरिद गर्नको लागि आ. व. को शुरुमै कुन

खरिद कति बजेटमा कून बिधिबाट कहिले खरिद हुने भन्ने निश्चित गर्नुपर्ने कानूनी ब्यवस्था रहेको छ ।

२.१) खरिद विधिका आधारहरुः– खरिदलाई प्रतिश्पर्धी, पारदर्शी, भेदभाव रहित (अवसरमा समानता), सरल बनाउनको लागि खरिदको मूल्य, बस्तु, सेवा वा कामको अवस्था (किसिम) लाई खरिद बिधिका आधार मान्न सकिन्छ ।

सार्बजनिक खरिद ऐन तथा नियमावलीमा भएको ब्यवस्था अनुसार सार्बजनिक खरिद बिधि (Method) छनौट गर्नु पर्ने ब्यवस्था रहेको पाइन्छ । दफा ८ (१)

२.२) सार्वजनिक खरिद ऐन मा रहेका खरिद बिधिहरुः

क) खुला बोलपत्र (Open Bid) आब्हान गरी,
- अन्तराष्ट्रिय स्तरमा
- राष्ट्रिय स्तरमा

ख) शिलबन्दी दरभाउपत्र आब्हान गरी,

ग) सोझै खरिद गरी,

घ) उपभोक्ता समुह वा लाभग्राही समुदायलाई सहभागि गराई ,

ङ.) अमानतबाट,

च) एकमुष्ठ दर बिधि ,

छ) क्याटलग सपिङ्ग,

ज) सिमित बोलपत्र दाताले भाग लिने (Limited Tendering),

झ) नयाँ लिने पुरानो दिने (Buy back Method)

क) खुला बोलपत्र

क.१) अन्तराष्ट्रियस्तरको बोलपत्र (ऐनको दफा १५)

कस्तो अवस्थामा यो बिधिः आफ्नो Requirement मा बस्तु, सेवा वा निर्माण प्राप्त गर्न स्वदेशी बजारमा एक भन्दा बढी आपुर्तिकर्ता नभइ प्रतिश्पर्धी मूल्यमा प्राप्त नहुने भएमा ,राष्ट्रिय स्तरको बोलपत्रबाट Bid नपरेमा, Doner हरुबाट शर्त राखेमा, जटिल प्रकृतिको बस्तु, सेवा वा निर्माण कार्य गर्नु परेमा यो बिधिबाट खरिद गरिन्छ । यो बिधिबाट खरिद गर्दाः ICB मा सूचना English Language मा हुनु पर्ने, Bidding Document

English Language मा हुनु पर्ने, Notice web site मा राखिनु पर्ने (सूचनाको अवधि कम्तीमा ४५ दिनको हनु पर्ने, नियम १४(४) , तोकिएको अवधिमा कुनै Bid नपरी समय थप गर्नु परेमा ICB को हकमा २१ दिन समय दिइ पुन बोलपत्र आब्हान गर्नु पर्ने, Bidding Document दुइ वा सो भन्दा बढी सार्बजनिक निकायबाट पाउन सकिने र दर्ता गराउदा एउटै सार्बजनिक निकायमा पेश गर्ने ब्यवस्था मिलाउनु पर्ने, बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजातमा द्विविधा गरेमा समय अगाबै सो को जानकारी Bidder लाई दिनु पर्ने, उपरोक्त संशोधन बाट थप समय आवश्यक पर्ने भएमा समय थप गर्नु पर्ने, डोमेष्टिक प्रिफेन्सः कबोल अंकको ५ प्रतिशत सम्म बढी कबोल गर्ने भएपनि स्वदेशी बोलपत्र दातालाई प्राथमिकता दिनु पर्ने (नियम ३१ च) ब्यवस्था रहेको छ ।

क.२) राष्ट्रियस्तरमा बोलपत्र

२० लाख भन्दा बढीको लागत अनुमान भएका निर्माण कार्य, मालसामान खरिद र सेवा खरिदको कामका लागि यो बिधि अपानाइन्छ ।

यसमा पूर्व योग्यताको निर्धारण गरी जटिल र उच्च मूल्य भएका कामको लागि बोलपत्र दाताको प्राबिधिक, आर्थिक र ब्यवस्थापकिय दक्षता मापनका आधारहरु तयार पारी खुला रुपमा सूचना प्रकाशन गरी अंकभार पद्धति मार्फत छनौट गरी छानिएका बोलपत्र दाताहरुलाई मात्र प्रतिश्पर्धा गराई ठेक्का सम्झौता गरिने, पूर्व योग्यताको निर्धारण नगरी, सामान्य प्रकृतीका काम कामहरुको लागि एकै पटक आर्थिक (Financial), प्राबिधिक र मूल्य (Price) मुल्याँकन गरी ठेक्का सम्झौता गरिने, सामान्य प्रकृतिका कामको हकमा २ करोड देखि १ अर्बसम्मको लागत अनुमान भएका निर्माण कार्य स्वदेशी बोलपत्र दाताहरु बिचमा मात्र प्रतिश्पर्धा गराई खरिद गर्नु पर्ने । (नियम ३१ ड.), २ करोड सम्म लागत अनुमान भएको निर्माण, कार्यको लागत सूचनामा खुलाउनु पर्ने, Last Submission Date भन्दा २४ घण्टा अगाडी सम्म Bid शंसोधन वा फिर्ता गर्न पाइने, Pre Bid Meeting ICB मा Last Submission Date को १५ दिन र NCB को हकमा १० दिन पहिला गर्नु पर्ने, Bid Validity Period : १० करोडसम्म लागत अनुमान भएको खरिदमा ९० दिन र सो भन्दा माथिको १२० दिन हुने ब्यवस्था रहेको छ ।

ख) शिलबन्दी दरभाउपत्र आह्वान गरीः रु. २० लाखसम्मका लागत अनुमान भएका, जहाँ सुकै सुलभ मूल्यमा उपलब्ध हुने मालसामान, निर्माण र सेवाको लागि छोटो समयको सूचना बाट खरिद गरिने बिधि हो । यसमाः ५० लाख मूल्य सम्मका लागत अनुमान

भएका Hospital Equipment, र औषधिजन्य मालसामानहरु खरिद गर्नु पर्दा पनि यो बिधि अपनाउन सकिन्छ, खरिद ऐनको ४० र नियमको ८४ , राष्ट्रिय वा स्थानीय पत्रिकामा कम्तिमा १५ दिनको सूचना दिइन्छ , सूचनामा खुलाउनु पर्ने कुराहरु (नियम ८४ (३), एकपटक पेश भएको दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाइदैन, तीन भन्दा कम दरभाउपत्र पेश भएमा पून सूचना प्रकाशन गर्नु पर्ने (नियम ८४(३) क), दुइ पटक सम्म सूचना प्रकाशित गर्दा पनि ३ वटा दरभाउपत्र पेश नभएमा पेश हुन आएका दरभाउपत्र मध्येबाट स्वीकृत गर्दा बाधा नपर्ने (नियम ८४ (३) ख) Bid Validity Period ४५ दिनको, २–३ प्रतिशतको Bid Security , ७५ दिनको म्याद भएको Bid Security, हुनुपर्ने, दरभाउपत्र खोलेको १५ दिन भित्र स्वीकृत गरिसक्नु पर्ने र त्यसको ७ दिन भित्र Bidder लाइ जानकारी दिई सक्नु पर्ने र त्यको ७ दिन भित्र Performance Bond दाखिला गरी कार्य संझौता गरि सक्नु पर्ने, दरभाउपत्र जमानत जफत हुन अवस्थाः नियम ८४(१३) जस्ता प्रवधान रहेका छन् ।

ग) सोझै खरिद गरीः ५ लाख भन्दा कम लागत अनुमान भएका निर्माण, मालसामान र परामर्श खरिद गर्दा (एक आ.व. मा एक फर्म, ब्यक्ति, कम्पनिसंग एक पटक वा पटक पटक गरी) यो बिधि अपनाईन्छ । यस बिधिमाः २० लाख सम्मको औषधि जन्य मालसामान वा नेपालमा उत्पादित १५ लाखसम्मको मालसामान (नेपाल गुणस्तर चिन्ह प्राप्त भएको र राष्ट्रियस्तरको पत्रपत्रिकामा बिक्रि मूल्य खुलाएको छ भने सो मूल्यमा) सोझै खरिद गर्न सकिने, औषधीजन्य सामान, जसको उत्पादन एकमात्र भएको र त्यो बिश्व स्वास्थ्य संगठनबाट पूर्व मान्यता प्राप्त भएको हकमा जतसुिकै मूल्यको पनि सोभै वार्ताबाट खरिद गर्न सकिने, नेपाल सरकारको निमन्त्रणमा आएका बिदेशी अतिबिशिष्ट अतिथिलाई सत्कारार्थ होटलवास सुबिधाको हकमा ५० लाख सम्म सोझै वार्ता वाट खरिद गर्न सकिने, बिदेशस्थित नेपाली नियोग, दुतावासहरुको मर्मतको लागि २५ लाख अमेरिकी डलर सम्मको सोझै वार्ता वाट खरिद गर्न सकिने, नेपालमा त्यस्तो बस्तु उत्पादन गर्ने एकमात्र उत्पादक भएको, आफ्नो मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा खुलाएको, र त्यसको उपयुक्त बिकल्प नभएको अवस्थामा उत्पादक संग सोझै खरिद गर्न सकिने, १ लाखसम्म लागत अनुमान भएका मालसामान र निर्माण को कामको एउटै फर्मबाट सोझै खरिद गर्न सकिने, १ लाखदेखि ५ लाखसम्मको हकमा कम्तीमा ३ वटा सूचिकृत फर्महरुसंग लिखित रुपमा दर रेट वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने (नियम ८५ (४), एक सार्बजनिक निकायले अर्को सार्बजनिक निकायबाट उत्पादित वा बितरित मालसामान

अधिकार प्राप्त अधिकारीबाट निर्धारित मूल्यमा सोझै खरिद गर्न सकिने, सोझै खरिद गर्नु अघि यकिन गर्नुपर्ने कुराहरु (नियम ८६) प्रावधान रहेका छन् ।

घ) उपभोक्ता समुह वा लाभग्राही समुदायलाइ सहभागि गराई

लाभग्राही समुदायबाट काम गराउदा मितब्ययी, गुणस्तरिय, दिगोपना र रोजगारीको सिर्जना गराउने भएमा (दफा ४४) एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसंग सम्बन्धित सेवा सोही स्थानमा बसोबास गर्ने र सो सेवाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायबाट गराउन सकिन्छ । (नियम ९७) । यसमाः मु.अ.कर, ओभरहेड कस्ट, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रु. १ करोड हुने, कामको किसिम, लागत, लाभग्राहीको अंश खुलाइ सार्बजनिक निकायले प्रस्ताव माग गरेपछि लाभग्राही समुदायले प्रस्ताव पेश गर्नु पर्छ, उपभोक्ता समुहसंग सम्झौता गर्दाः लागत, बेहोर्ने श्रोत, सम्पन्न गर्नु पर्ने समयावधी, पेश्कीको ब्यवस्था (बैंक ग्यारेन्टी नचाहीने), कामको बिल रकम भुक्तानीका शर्त, आदी उल्लेख हुनु पर्ने, कामको सुपरिवेक्षण, डिजाइन, प्राबिधिक सल्लाह दिने , नाप जाँच गर्ने, गुणस्तर नियन्त्रण गर्ने काम सार्बजनिक निकायको हुने, निर्माण कार्यको संचालन र मर्मत उपभोक्ता समितिबाट हुने, सार्बजनिक निकायले मु.अ.कर, ओभरहेड कस्ट, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र उपभोक्ता समितिको नाममा रकम निकासा दिनु पर्ने, हरेक किस्ताको रकम भुक्तानी माग गर्दा आफुले सम्पन्न गरेको काम र सोको लागत उपभोक्ता समितिबाट पारित गरेर बैठकको माइन्यूट सहित माग गर्नु पर्ने, उपभोक्ता समितिले आफ्नो हिसाब किताव सार्वजनिक गर्नु पर्ने, तोकिएको अवधिमा लेखापरीक्षण गराउनु पर्ने, उपभोक्ता समितिबाट गरिने काममा सार्बजनिक निकायको अनुमती र शुरु इष्टिमेटमा उल्लेख गरेको र सम्वन्धित प्राबिधिकको सिफरिस बाहेक लोडर, एक्साभेटर, रोलर , डोजर, ग्रेडर बिटुमिन डिस्ट्रब्यूटर, बिटुमिन ब्वाइलर जस्ता मेशिनको प्रयोग गर्न नपाइने (नियम ९७(९), उपभोक्ता समितिले आफुले सार्बजनिक निकाय संग सम्झौता गरि जिम्मा लिएको काममा कूनै सब कन्ट्याक्ट वा निर्माण ब्यवसायी लाई दिन नपाइने, काम सम्पन्न भए पश्चात सोको रेखदेख, संचालन र मर्मत समेतको जिम्मेवारी सहित उपभोक्ता समितिलाई आयोजाना हस्तान्तरण गर्नु पर्ने प्रावधानहरु रहेका छन् ।

ड.) अमानतबाट (नियम ९८)

अमानत भन्नाले सार्बजनिक निकायले आफैले गर्नु पर्ने निर्माण कार्य सम्झनु पर्छ । यस बिधिमाः अमानत बाट काम गराउनु पर्दा सार्बजनिक निकायले एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिएर मात्र गराउनु पर्दछ, निर्माण कार्यमा प्रयोग हुने मालसामानहरु सार्बजनिक खरिद ऐन , नियमावली अनुसार नै खरिद गरी ज्यालामा काम लगाउनु पर्छ ,अमानतबाट निर्माण कार्य गराउदा एकलाख रुपैयामा नबढाइ खण्ड खण्ड गरी वार्ताबाट वा निर्माण सामग्र उपलब्ध गराई ज्याला दिई गर्न सकिन्छ, गैर सरकारी संस्थाबाट काम गराउनेः (नियम ९९) कामको किसिम, आवश्यकता, समयावधी, गुणस्तर, कार्य संचालन बिधि र लागतको अनुमान तयार गरी दश लाख रुपैयासम्मको काम प्रचलित कानुन बमोजिम दर्ता भई मौजुदा सूचिमा सुचिकृत संस्थाहरुबाट राष्टिय वा स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गरी प्राप्त प्रस्तावको मूल्याँकन, छनौट गरी सम्झौता गरी काम गराउन सकिने प्रावधानहरु रहेका छन् ।

च) एकमुष्ठ दर विधि (नियम ३१ (क)

दुइ करोडसम्म लागत अनुमान भएका निर्माण कार्यको हकमा लागत अनुमान खुलाइ सूचना प्रकाशन गरी एमुष्ठ रकम मा प्रतिश्पर्धा गराइ खरिद गरिने र बहुबर्षिय ठेक्कामा यो बिधि प्रयोग गर्न नपाइने, Price Adjustment दिन Unit price चाहिने र एकमुष्ठ दरमा Unit Rate नहुने भएकोले) प्रवधान रहेको पाइन्छ ।

छ) क्याटलग सपिङ्ग

यो उत्पादकले सार्वजनिक गरेको क्याटलग वा ब्रोसर को आधारमा खरिद गरिने, बिधि हो । हेवी इक्वीपमेन्ट, सवारी साधन, मेडिकल उपकरणहरु, यन्त्रीक मालसामानहरु आदीको खरिदमा यो बिधि प्रयोग हुने, उत्पादक वा उत्पादकको आधिकारीक बिक्रेता संग उत्पादकले सार्वजनिक गरेको मूल्यमा ७ देखि १५ दिनको सूचना दिई प्रतिश्पर्धा गराइने, त्यस्ता सप्लायर्सको स्पेशिफिकेशन र गुणस्तर आफ्नो Requirement अनुसार पाइएमा मूल्यमा छुट तथा सुबिधा माग गर्नु पर्ने, बहुवर्षिय खरिदमा यो बिधि प्रयोग गर्न नपाइने जस्ता प्रावधान रहेका छन् ।

ज) सिमित बोलपत्र दाताले भाग लिने (Limited Tendering)

सिमित मात्रामा मात्र उपलब्ध हुने मालसामान वा उपकरण वा सेवा खरिद गर्दा खुला रुपमा बोलपत्र आब्हान गर्नु निरर्थक हुन्छ भन्ने लागेमा यो बिधि अपानाइन्छ । यसमाः राष्ट्रिय पत्रिकामा १५ दिनको सूचना दिई बोलपत्र वा प्रस्ताव माग गरिन्छ, बहुवर्षिय खरिदमा यो बिधि प्रयोग गर्न नपाइने र यस्तो खरिदमा एक तह माथिको अधिकारीबाट स्वीकृति लिनु पर्ने प्रवधान रहेको छ ।

झ) नयाँ लिने पुरानो दिने (Buy back Method)

खरिद गरिएका सवारी साधन, मेशिनरी औजार, यन्त्रहरु, मा वारेण्टी पिरियडको समाप्ती, इफिसेन्सीमा कमि, तोकिएको नतिजा दिन नसक्ने, जीर्ण भइ संचालन खर्च तुलनात्मक रुपमा खर्चिलो हुने र राखि राख्न वा प्रयोगमा ल्याइराख्न आर्थिक तथा वातावरणिय र जनश्वास्थ्यका दृष्टिकोणले अनुपयुक्त भएमा त्यस्तो मालसामान उत्पादक वा आपुर्तिकर्तासंग सट्टापट्टा गरी नयाँ लिने यो बिधि अपनाउन सकिने ब्यवस्था खरिद ऐनले गरेको छ। आपुर्तिकर्तासंग पुरानो मालसामानको मूल्याँकन प्रस्तावलाई नयाँ मालसामानको मूल्य लिई फरक हुन आउने रकममा मूल्य सम्झौता गरी खरिद गरिने यो बिधि अपनाउन सकिने ब्यवस्था रहेको, यस्तो मालसामान मान्यता प्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनु पर्ने, यसरी मालसामान खरिद गर्दा आफ्नो पुरानो मालसामान र नयाँ माल सामानको मूल्य तुलनात्मक सूचि तयार पारी बिभागिय प्रमुखको स्वीकृति लिएर मात्र खरिद गर्न सकिने, बहुवर्षिय खरिदमा यो बिधि प्रयोग गर्न नपाइने ब्यवस्था रहेको छ ।

३) खरिद सम्बन्धी अभ्यासमा देखिएका समसयाहरुः

नेपालमा बजेट प्रणालीको बिकास क्रमसँगै सरकारी खरिद प्रणाली ब्यवस्थापनका सम्बन्धमा सुधारको थालनी भएको र बिभिन्न कालक्रममा हुने राजनैतिक परिवर्तनले गर्दा शासकिय ब्यवस्थामा हुने परिवर्तन सँगै सार्बजनिक खर्च प्रणालीमा पनि क्रमिक परिवर्तन हुदा सार्बजनिक खरिद बिधिमा पनि परिवर्तन र सुधार हुदै आजको अवस्थासम्म आएको पाइन्छ । नेपालमा सार्बजनिक खरिदमा देखिएका मुख्य समस्याहरु निम्नानुसार रहेका छन्

क) खरिदमा बिषेशज्ञताको कमीः कतिपय सार्वजनिक निकायहरुमा खरिदलाइ स्टोर र लेखा शाखाकै कामको सहायक कामको रुपमा लिने गरेको पाइन्छ जसको कारण

यो काममा अनभिज्ञताको कारण काम जटिल र बोझिलो भइ निर्णय पन्छाउने चलनले समयमा खरिद नहुने, परिमाणको सही अनुमान लगाउन नसकिने जस्ता समस्या रहेको छ ।

ख) **सबै किसिममा खरिदमा एउटै गोश्वारा बिधिः** जलबिद्युत पावर हाउस र बाटो बनाउने एउटै बिधि, एक्सरे मेशिन, मलखाद, फर्निचर किन्ने एउटै बिधि भएकोले खरिदमा समस्या रहेको छ ।

ग) **खरिद गुरुयोजना, खरिद योजना, वार्षिक कार्यक्रमबीच तालमेल नहुनेः** बजेटमा अनिश्चितता, आ.व.को अन्त्यमा बजेट थप हुने परिपाटी जस्ता कारणले खरिद गुरुयोजना , खरिद योजना, वार्षिक कार्यक्रमबीच तालमेल नभएको अवस्था छ ।

घ) **खरिद महाशाखा वा इकाइ प्रभावकारी नहुनुः** धेरैजसो निकायहरुमा कानूनको प्रावधान पुरा गरिदिनको लागि मात्र त्यस्ता संयन्त्रहरु बनाएको देखिन्छ जसको कारण जिम्मेवारी जवाफदेहिता र Institutional Memory नभएको अवस्था रहेको छ ।

ङ.) **सूचनाको समयावधि अबैज्ञानिकः** कामको आधारमा सूचनाको समयावधि नतोकिनाले ठेक्का अवधिको अन्त्य तिर मात्र सबैको चासो देखिन्छ ।

च) आचरण सम्बन्धी ब्यवस्थाको पालना नहुनु ।

छ) मिलेमतो भएको अनुमान लगाउने कार्य जटिलः ठेक्कामा मिलेमतो भएको पुष्टि भएका रद्ध गर्न सक्ने कानूनी प्रावधान कार्यान्वयन हुन जटिल छ ।

ज) निर्माण ब्यवसायीहरुको ब्यवसायिक दक्षतामा अपेक्षित सुधार नहुनु ।

ञ) सूचना प्रबिधिको पहुंचमा कमि र सो सम्बन्धी दक्ष जनशक्तिको कमिले गर्दा कतिपय स्थानमा इ बिडिङ प्रकृयाबाट काम गर्न नसकिने अवस्था रहेको ।

ट) दण्ड र पुरस्कारको ब्यवस्थामा समस्याः कतिपय खरिदमा काम गर्दा जोखिम हुने र जोखिम लिन नसक्नेलाई कुनै कारवाही नहुने र जोखिम लिएर काम गर्दा बिधि र प्रकृयागत त्रुटि र अक्षमताले असल मनले गरिएका काम वापत पनि दण्डीत हुनु पर्ने अवस्थाले गर्दा सरकारी खरिद प्रभावकारी हुन सकेको छैन ।

ठ) निर्णयमा ढिलाईः जिम्मेवारी पन्छाउने प्रवृति र पेशागत दक्षताको कमिले गर्दा पनि खरिद प्रकृयामा ढिलाइ हुने समस्याको रुपमा रहेको पाइन्छ ।

ङ) परामर्श सेवा खरिद अष्पष्ट र गोलमटोलः परामर्श सेवाको खरिदमा लागत अनुमान, प्रबिधिको प्रयोग, परामर्शदाताको जवाफदेहिता, बैक जमानत, परामर्शदाता छनौटमा मनोमालिन्य जस्ता प्रबृत्ति रहेको पाइन्छ ।

४) समस्याको समाधान तथा सुझावः

नेपालको सार्बजनिक खरिदमा देखिएका कानूनी तथा ब्यवहारिक समस्याहरुको समाधानका लागि सुझावहरुः

- ✓ उपरोक्त समस्याहरुलाई समाधानका लागि खरिद सम्बन्धी बिशेषज्ञता भएका जनशक्तिको ब्यवस्था गरिनु पर्दछ ।
- ✓ सार्वजनिक निकायहरुमा हुने खरिद इकाइ र शाखा हरुलाई Institutional Memory मा आधारित तुल्याउनु पर्दछ ।
- ✓ सबै खालका मालसामान खरिद तथा निर्माण कार्यको लागि एउटै खरिद बिधि हुनु बैज्ञानिक नदेखिएको हुँदा खरिदको किसिम, उपयोग र प्रयोगावधिको आधारमा अलग अलग बिधि बाट खरिद गर्नु पर्ने कानूनि ब्यवस्थाको खाँचो रहेको पाइन्छ ।
- ✓ सूचना र प्रबिधिको बिकास बढिरहेको बर्तमान अवस्थामा सबै खालका खरिदमा सूचनाको अवधि एउटै हुनाले खरिद कार्यमा ठिलासुस्ती बढ्दै गएको र अन्तिममा ४/५ दिनमा मात्र सरोकारवालाहरुको सक्रियता बढ्ने गरेको पाइएकाले यसमा आवश्यक परिमार्जन हुनु पर्ने देखिन्छ ।
- ✓ सामान्यतया सबैभन्दा न्यूनतम कबोलवाला Bidder छनौट हुने ब्यवस्थाले काममा गुणस्तर नहुने समस्या रहेकोले यस्ता बिषयमा सुधारको खाँचो रहेको छ ।
- ✓ परामर्श सेवा खरिद पनि समस्याको रुपमा रहेको छ । कामको लागत अनुमानलाइ बैज्ञानिक र बस्तुगत बनाउनु पर्ने, परामर्शदाताको छनौट पारदर्शि र निष्पक्ष बनाउनु पर्ने, कतिपय साना तथा मझौला कामहरुमा परामर्शदाताले प्रतिबेदन बुझाइ सकेर रकम भुक्तानी पाइसकेपछि आफ्नो जिम्मेवारी सकिने गरेको अवस्था छ । परामर्शदाताहरुले कार्य संझौता गर्नु पूर्व पूरै काम सम्पन्न नहुन्जेलसम्मको अवधिको कार्यसम्पादन जमानत राख्ने ब्यवस्था गरी निर्माण सम्बन्धी काममा संभाब्यता अध्ययन गर्ने परामर्शदातालाई काम सम्पन्न नभएसम्म जिम्मेवार र जवाफदेही बनाउन आवश्यक देखिन्छ ।

निष्कर्षः

नेपालमा प्रजातन्त्रको उदयसँगै बजेट पद्धतिको शुरुवात भएको र सोही अवधिबाट सरकारी खरिद ब्यवस्थापनको अभ्यास शुरु भएको पाइन्छ । देशमा आएको राजनैतिक परिवर्तन सँगै सरकार प्रति जनताको अपेक्षामा भएको बृद्धि, बढ्दो अन्तराष्ट्रिय आर्थिक सहायता, बढ्दो जनचेतना, सरकारी खर्चको आकारमा भएको बृद्धिसँगै सरकारका आर्थिक गतिबिधिहरु पारदर्शी, जनउत्तरदायी, प्रभावकारी, मितब्ययी, परिणाममुखि बनाउनु पर्ने आवश्यकता अनुरुप सरकारी खरिद सम्बन्धी कानुनको तर्जुमा तथा परिमार्जन हुदै आएको पाइन्छ । सार्वजनिक खरिद ऐन, २०६३, सार्बजनिक खरिद नियमावली, २०६४ जारी भए पश्चात सो ऐन तथा नियमावलीहरुमा हुने समसामयिक संशोधन सहित हाल कार्यान्वयनमा रहेको छ । सो ऐन तथा नियमावलीमा खरिद हुने सबै प्रकारका मालसामान, सेवा खरिद र निर्माण लाई एउटै प्रावधान रहेको पाइन्छ । खरिद गरिने बस्तुको किसिम, उपयोगिता, प्रयोगावधि, निर्माण गरिने संरचनाको किसिम कामको जटिलता अनुसार फरक फरक खरिद बिधिको ब्यवस्था हुन उपयुक्त देखिन्छ । सार्वजनिक खरिद एउटा जटिल बिषय भएको हुँदा यस सम्बन्धी कामको लागि जनशक्तिको बिशिष्टीकरण गर्दा खरिद कार्यमा दक्षता आई नतिजामुलक, मितब्ययी, प्रभावकारी र तोकिएको समयमा प्राप्तिको ब्यवस्था हुने देखिन्छ ।

सन्दर्भ सूची

- रमेश कुमार शर्मा, तिम्सिना र प्रेम प्रसाद ढुंगाना नेपालमा सार्बजनिक खरिद ब्यवस्थापन, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३,
- सार्वजनिक खरिद नियमावली, २०६४

आन्तरिक लेखापरीक्षणको प्रयोग र प्रभाव



✍राजन प्रसाद गुरागाई* ✍ अर्जुन कुमार दुलाल

१.पृष्ठभूमि

लेखापरीक्षण एक बिशेष जाँच, मुल्याङकन र परीक्षण हो। सामान्यतया लेखापरीक्षण भन्नाले संस्थाको वित्तीय कारोवारको तेश्रो पक्षबाट गराइने विशेष परीक्षणलाई जनाउने गर्दछ । लेखापरीक्षणको उद्देश्य भनेको संस्थाको वित्तीय कारोवार जाँच गरी सो वित्तीय विवरणले संस्थाको वित्तीय अवस्था तथा कार्यसम्पादनको यथार्थ चित्रण गर्दछ वा गर्दैन भन्ने बारेमा लेखापरीक्षण प्रतिवेदन मार्फत आफ्नो राय प्रकट गर्नु हो ।लेखापरीक्षण भन्नाले सामान्यत प्रचलनमा वित्तीय लेखापरीक्षणलाई वुझाउँदछ ।

१.१. वित्तीय लेखापरीक्षण

वित्तीय लेखापरीक्षण भनेको कुनै पनि कानूनी रूपले स्थापना भएको नाफा कमाउने वा नकमाउने ठूला वा साना संस्थाको वित्तीय सूचनाहरूको विश्लेषण गरी परीक्षण कार्यको प्रमाणहरू संकलन गर्ने र मूल्यांकन गरी लेखापरीक्षकले आफ्नो राय दिने प्रक्रिया हो । प्रमुख वित्तीय लेखापरीक्षणका प्रकारहरुः-

१.१.१.पुर्व लेखापरीक्षण (Pre-audit)

यसलाई लेखापरीक्षणको निरोधात्मकमापक (Preventive Measure) को रुपमा प्रयोग गरिन्छ । लेखापरीक्षणको पहिलो प्रक्रियाको रुपमा पूर्व लेखापरीक्षणलाइ लिईन्छ ।यसमा व्यक्ति वा कम्पनीलाई भुक्तानी गर्नुभन्दा पहिले पेश भएका सम्पुर्ण कागजात भौचर तथा आर्थिक कागजात चेक, जाँच गरी सहि भएमा मात्र भुक्तानी गरिन्छ ।सम्वन्धित कार्यालयको आर्थिक प्रशासन शाखाबाट पूर्व लेखापरीक्षण हुने गरेको पाईन्छ ।

१.१.२.आन्तरिक लेखापरीक्षण

आन्तरिक लेखापरीक्षण व्यवस्थापनलाई संस्थाको प्रभावकारी रुपमा उद्देश्य प्राप्तिको तथा जोखिम व्यवस्थापन गर्नका लागि सहयोग गर्ने कार्य जुन संस्थाको कमर्चारीहरु वा बाहिरी

---

* ✍लेखा अधिकृत, अधिकृतस्तर छैठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, बिराटनगर

अनुभवी व्यक्तिबाट (Outsourcing) गराईने परीक्षण कार्यलाईबुझाउँदछ । आन्तरिक लेखापरीक्षणले विशेष गरी जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनमा केन्द्रित भइ कार्यगर्ने गर्दछ ।यसलाई लेखापरीक्षणको उपचारात्मक मापक (Curative Measure) को रुपमा प्रयोग गरिन्छ ।

१.१.३.कर लेखापरीक्षण

करदाताहरूले स्वयम कर निर्धारण प्रणाली अनुसार निर्धारण गरेको करयोग्य आय तथा कर दायित्वको रकम आयकर ऐन,२०५८ तथा आयकर नियमावली, २०५९ अनुसार भए नभएको जाँच गर्ने लेखापरीक्षणलाई कर लेखापरीक्षण भनिन्छ । यो लेखापरीक्षण स्वतन्त्र व्यक्तिबाट गराईन्छ भने उक्त स्वतन्त्र व्यक्तिले निर्धारित करयोग आय तथा करको रकम ऐन तथा नियमावली अनुसार भए/नभएको जाँच गरि आफ्नो राय दिनु पर्दछ ।

१.१.४.अन्तिम लेखापरीक्षण

अन्तिम लेखापरीक्षणलाई “Balance sheet audit” or “Periodical audit” पनि भनिन्छ ।सामान्यतया अन्तिम लेखापरीक्षण आर्थिक वर्षको अन्तमा Accounts Closed भैसकेपछी गरिन्छ।नेपालमा महालेखा परीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गरिन्छ । यसलाई लेखापरीक्षणको Post-martum Measure को रुपमा प्रयोग गरिन्छ । आन्तरिक लेखापरीक्षणको विवेचनालाई प्राथमिकता दिईएकोले यसलाई तल विस्तृत रुपमा व्याख्या गरिएको छ ।

२.आन्तरिक लेखापरीक्षण

कुनै पनि संगठनको उदेश्य र त्यसको काम, कर्तव्य र अधिकार समुचित रुपमा प्रयोग भएको छ वा छैन भनी संगठन भित्रकै निकायद्वारा विस्तृत रुपमा जाँच गर्ने र सुझाव दिने कार्य नै आन्तरिक लेखापरीक्षण हो । यसमा कुनै पनि कार्यालय वा संगठनको उद्धेश्य अनुरुपका निर्धारित कार्य सम्पादनसँग सम्वन्धित कानून, व्यावस्थापकिय अभ्यास, लेखा तथा अन्य कारोवार र सो सँग सम्वन्धित कागजात एवं प्रक्रियाको जाँच परीक्षण विश्लेक्षणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याङ्कन गरि प्रतिवेदन गर्ने कार्य गरिन्छ । आन्तरिक लेखापरीक्षणले संगठनमा रहेका कमिकमजोरीहरुलाई औल्याउदै ती गल्ति कमि कमजोरिहरुलाई कम गरी व्यावस्थापकिय कार्यदक्षतालाई अभिवृद्धि गर्ने कार्य गर्दछ ।यो आन्तरिक नियन्त्रण प्रणालीको जाँच गर्ने कसि पनि हो । यसले मौजुदा कानून र बजेट तथा

कार्यक्रमको अधिनमा रहि लेखा राखे/नराखेको, आन्तरिक नियन्त्रण प्रणालिले सहि रुपमा कार्य गरे/नगरेको र गणितिय शुद्धताको जाँच गरी त्रुटि भएमा व्यवस्थापनलाई समयमै सुधार गर्न सहयोग पुर्याउँदछ । आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने कानूनी आधार रहेको छ । हाल नेपालमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा स्थानीय आर्थिक कार्यविधि ऐन बमोजिम आन्तरिक लेखा परीक्षण महालेखा नियन्त्रक कार्यालय अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा स्थानीय निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने कानूनी व्यवस्था रहेको छ ।

२.१.जोखिममा आधारित आन्तरिक लेखापरीक्षण

जोखिममा आधारित आन्तरिक लेखापरीक्षण (Risk Based Internal Audit) ले निकायबाट तय गरिएको जोखिम बहन गर्न सक्ने तह (Appetite Level) भित्र आन्तरिक नियन्त्रण प्रणालीले निकायको जोखिमहरु व्यवस्थापन गरिरहेको बारे उच्च व्यवस्थापनलाई राय दिने कार्य गर्दछ । अर्को भाषामा सम्भावित जोखिमलाई केन्द्रित गरि निकायको महत्वपूर्ण कारोवार वा प्रक्रियाको हुने लेखापरीक्षणलाई जोखिम आधारित आन्तरिक लेखापरीक्षण भनिन्छ । जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमा जोखिम पहिचान, विश्लेषण, व्यवस्थापन सबै कार्यको मुख्य जिम्मेवारी व्यवस्थापन पक्षको हन्छ भने लेखापरीक्षणले सो कार्यमा सहयोगीको भूमिका निर्वाह गर्ने गर्दछ र लेखापरीक्षण कार्यबाट उच्च व्यवस्थापनलाई जोखिमहरु सहि तरिकाले व्यवस्थापन भई रहे/नरहेको बारे राय मार्फत जानकारी हुने गर्दछ । पारम्परिक आन्तरिक लेखापरीक्षण भन्दा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण दुई कारणले उच्चस्तरीय भएको मान्यता रहेको पाइन्छ । पहिलो परीक्षण लेखाका कागजात तथा रेकर्ड भन्दा पनि जोखिम तथा वित्तीय अनियमितताको कारणहरुमा केन्द्रित हुन्छ र दोश्रो जोखिममा आधारित आन्तरिक लेखापरीक्षणले वित्तीय विवरण तथा सूचनाहरुको गुणस्तर जाँच गर्ने भन्दा पनि वित्तीय प्रस्तुतीकरण प्रक्रिया तथा निकायको संचालन प्रक्रियामा मूल्य (Value) थप गर्ने तर्फ केन्द्रित रहन्छ ।

२.२.जोखिम आधारित आन्तरिक लेखापरीक्षणका तहहरु

जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमा निम्न ४ तह अन्तरगत रहि कार्यान्वयन गर्न सकिन्छ ।

- **जोखिमको पहिचान (Risk Identification):** सर्वप्रथम निकायको उद्देश्य प्राप्तीको लागी गरिने सम्पूर्ण कार्यहरुमा रहेका सम्भाव्य जोखिमहरुलाई पहिचान गर्नु आवश्यक हुन्छ । जोखिम पहिचानको कार्य व्यवस्थापनबाट अथवा स्वतन्त्र परामर्शदाताहरुबाट गराउन सकिन्छ । यस तहमा निकायमा गरिने सम्पूर्ण कार्यहरुमा भएको सारभूत कमि कमजोरी तथा विभिन्न जोखिमहरुको पहिचान गरिन्छ । यसको लागि विभिन्न तरिकाबाट जोखिमको पहिचान गर्न सकिन्छ, जसमध्ये कागजातहरुको पुनरावलोकन, Brain storming, Delphi technique, SWOT analysis, व्यवस्थापनसंग अन्तरवार्ता आदि बढी प्रचलनमा रहेका तरिकाहरु हुन् ।
- **जोखिमको विश्लेषण (Risk Analysis):** सम्भाव्य जोखिमहरुको पहिचान भए पछि, सो जोखिमहरु निकायबाट तय गरिएको बहन गर्न सकिने तह (Appetite Level) भित्र छ/छैन तथा सो बाट हुन सक्ने वित्तीय तथा गैर वित्तीय प्रभावहरुको विश्लेषण गरिन्छ । निकायमा भएको सबै जोखिमहरुको प्रभाव एउटै हुन्छ वा सबै जोखिमहरुमा व्यवस्थापन पक्षको ध्यानाकर्षण हुनु पर्छ भन्ने होईन । जोखिमको प्रकृती, त्यसले पार्ने प्रभाव तथा जोखिम हुन सक्ने सम्भाव्यता लाई मध्यनजर गर्नु आवश्यक हुन्छ । जस्तैः काठमाडौंमा भुईचालो आयो भने कम्पनीको सबै संरचना ध्वस्त हुन्छ भन्ने जोखिम छ तर जोखिमको सम्भाव्यता अति न्यून छ भने व्यवस्थापनले त्यस्तो जोखिमलाई सामान्य सम्भाव्यताको अनुगमन गरे मात्र हुन्छ तर सम्भाव्यता प्रचुर छ भने जोखिम व्यवस्थापनको प्रक्रिया अगाडि बढाई हाल्नु आवश्यक हुन्छ ।
- **जोखिमको व्यवस्थापन (Risk Management)**
- **जोखिमको अनुगमन तथा नियन्त्रण (Risk Monitoring and Control)**

३.आन्तरिक लेखा परीक्षणको उदेश्य

आन्तरिक लेखा परीक्षणका प्रमुख उदेश्यहरु देहायवमोजिम हुन्छन ।

- सरकारी निकाय तथा संस्थाहरुवाट निर्दिष्ट उदेश्य हासिल गर्न गरिएको लगानी बारे जानकारी प्राप्त गर्नु ।
- सरकारी निकायवाट निर्दिष्ट उदेश्य हासिल गर्न गरिएको लगानीमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको परीक्षण गरी व्यवस्थापनलाई सुझाव प्रदान गर्नु ।

- सरकारी निकायवाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग पुर्याउनु ।
- व्यवस्थापनलाई आवश्यक पर्ने वित्तीय प्रतिवेदनहरु समयमै सहि र भरपर्दो रुपमा उपलव्ध गराई वित्तीय अनुशासन कायम गर्न सहयोग पुर्याउने ।
- संस्थाको कार्य योजना पालना भए/नभएको जाँच गर्ने ।
- संस्थाको नीति तथा कार्यविधिहरुमा सहयोग गर्ने ।
- संस्थाको कार्य प्रक्रियाहरुलाई सुधार गर्ने ।
- संस्थाको आन्तरिक नियन्त्रणलाई सुधार गरी मजबुत बनाउने ।
- आन्तरिक लेखापरीक्षण सम्वन्धी सुधारको विषयमा व्यवस्थापनलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण गर्ने ।
- कारोवारको गणीतिय शुद्धता परीक्षण गर्ने ।
- महालेखापरीक्षकबाट हुने अन्तिम लेखा परीक्षणलाई सहयोग पुर्याउने ।

४.आन्तरिक लेखापरीक्षण सम्वन्धी कानूनी व्यवस्था

४.१.आर्थिक कार्यविधि तथा वित्तीय व्यवस्थापन ऐन २०७६ मा भएका व्यवस्थाहरु

- महालेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने ।
- त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सुझाव सहितको प्रतिवेदन एक महिनाभित्र सम्वन्धित कार्यालय तथा अख्तियारी प्रदान गर्ने तालुक कार्यालयलाई पेश गर्नुपर्ने ।
- महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्रीसमक्ष पेश गर्नुपर्ने ।
- महालेखा परीक्षक कार्यालयले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनलाई समेत आधार लिनुपर्ने ।
- केन्द्रियस्तरका निकायले आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनको लगत अलग अलग राख्नुपर्ने ।
- बेरुजु असुल गरी फस्यौंट वा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुने ।

- महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र,निष्पक्ष र प्रभावकारी बनाउन लेखा समुहको कर्मचारीलाई आन्तरिक लेखापरीक्षणका लागी न्युनतम अवधि तोकी खटाउने व्यवस्था गर्नुपर्ने । तर एउटै कर्मचारीलाई लेखापालन गर्न र आन्तरिक लेखापरीक्षणको कार्यमा खटाउन नपाइने ।
- कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने ।
- प्रदेश तथा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने ।
- आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औल्याईएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु सम्वन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने ।
- प्रदेश तथा स्थानीय तहले आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औल्याईएको विषय अनुसार सुधार भए/नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने ।
- प्रदेश तथा स्थानीय तहले आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन उपर भएको काम कारवाहिको प्रतिवेदन प्रदेशको हकमा सम्वन्धित मन्त्रि तथा स्थानीय तहको हकमा प्रमुख समक्ष पेश गर्नु पर्ने ।

४.२. प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा नियामावली २०७५ मा भएका व्यवस्थाहरु

- प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयवाट प्रदेश सरकार अन्तर्गतका सवै कार्यालयहरुको आर्थिक कारोवारको नियमितता, मितव्ययितता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने।
- कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजश्व, धरौटी, कार्य संचालन कोष, अन्य सार्वजनिक कोष तथा विनियोजन तर्फको आय-व्यायको आन्तरीक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयवाट गराउनु पर्ने ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन संचालनका लागी न्यूनतम अवधि तोकी अलग-अलग कर्मचारी खटाउने व्यवस्था गर्नुपर्ने ।

❖ आन्तरिक लेखापरिक्षकले आ.ले.प. को क्रममा अनुचित कार्य गरेमा वा वदनियतपुर्वक कार्य सम्पादन गरेको प्रमाणीत भएमा बाहेक निज उपर कुनै कानूनी कारवाही नहुने ।

❖ प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकिकृत बार्षिक प्रतिवेदन तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रि समक्ष पेश गर्नुपर्ने र सार्वजनिक समेत गर्नुपर्ने ।

४.३.नयाँ म.ले.प. फाराममा भएका व्यवस्थाहरु

आन्तरिक लेखापरीक्षणलाई र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभाकारी वनाउन देहायका म.ले.प फारामहरुको व्यवस्था गरी लागू गरिएको छः-

❖ कार्यालयगत विनियोजन, राजस्व र धरौटीको बेरुजु विवरण व्यवस्थित गर्न, अभिलेख राख्न र कार्यन्वयन गर्ने उद्देश्यले आन्तरिक/अन्तिम लेखापरीक्षणबाट कायम बेरुजुको लगत खाता म.ले.प.फा.नं. ८०१ को व्यवस्था गरिएको जुन प्रत्येक कार्यालयले राख्नु पर्ने ।

❖ बेरुजुको कार्यालयगत विवरणको प्रतिवेदन गर्न, कार्यालयगत बेरुजुको उचित व्यवस्थापन गर्न र अभिलेख राख्न बेरुजुको कार्यालयगत प्रतिवेदन म.ले.प. फा.नं. ८०२ को व्यवस्था गरिएको छ ।

❖ म.ले.प.फारामको प्रयोगको अवस्था चित्रण गर्न, म.ले.प फाराम प्रयोग गरी स्रेस्ता कायम भए/नभएको एकै स्थानमा हेर्न र जोखिम पहिचान गर्न आन्तरिक लेखापरीक्षण जाँचसूची (Checklist) म.ले.प. फा.नं.८०५ को व्यवस्था गरिएको छ ।आन्तरिक लेखापरीक्षण गर्दा लेखा जाँचलाई व्यवस्थित गर्नका लागी आन्तरिक लेखापरीक्षकले यसको प्रयोग गर्नुपर्दछ ।

५.समस्या तथा चुनौतिहरु

❖ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि लागु नभएको ।

❖ सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद कार्य भएको नदेखिएको

- तोकिएको सीमाभन्दा बढी रकमको साझै खरिद ।
- एउटै प्रकृतिको कामको टुक्रा टुक्रा गरी खरिद ।
- भेरिएशन आदेश स्वीकृति नगराई भुक्तानी ।
- कर बिजक विना पनि भुक्तानी ।

- म्याद भित्र कार्य सम्पन्न नगरेकोमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिएको ।
- Provisional Sum बाट खर्च लेख्दा आवश्यक विल कागजात पेश नगरेको ।
- Provisional Sum मा मूल्य समायोजन दिएको ।

❖ कानून पालनाको कमजोर अवस्था

- तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको ।
- स्वीकृत कार्यक्रममा नभएको क्रियाकलापमा खर्च गरेको ।
- खर्च शिर्षक/स्रोत फरक पारी भुक्तानी गरेको ।

❖ कर्मचारी र व्यवस्थापनमा रहेका समस्याहरु

- प्रयाप्त मात्रामा दक्ष, कार्यकुशल, योग्य, सक्षम कर्मचारीको अभाव हुनु र भएका कर्मचारी पनी उत्प्रेरित नहुनु ।
- लेखा राख्रे र आ.ले.प. गर्ने कर्मचारी लेखा समुहभित्रबाटै खटाईने हुनु आन्तरिक लेखापरीक्षणको काम निष्पक्ष हुन नसक्नु ।
- समयमै आन्तरिक लेखापरीक्षण गर्न नसक्नु ।
- आन्तरिक लेखापरीक्षणको काम रित पुर्याउने दृष्टिकोणबाट गरिदै आएकोले प्रभावकारी नहुनु ।
- आन्तरिक लेखापरीक्षण मार्गदर्शन र मापदण्डको प्रभावकारी रुपमा लागु गर्न नसक्नु ।

❖ आर्थिक वर्षको अन्त्यमा खर्च नभएको फिर्ता गर्नुपर्ने अन्तर सरकारी अख्तियारी तथा अनुदान फिर्ता नभएको ।

❖ भुक्तानीमा नियमानुसार कर कट्टा नगरेको/कर कट्टी रकम समेत बैंक दाखिला नगरेको ।

❖ संकलित राजस्व बैक दाखिला नगरेको ।

❖ राजस्व तर्फको कर निर्धारण फाईल लेखा परीक्षणमा पेश नहुने।

६.सुझावहरु

❖ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि लागु गर्ने ।

❖ प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय र सम्बद्ध तालुक निकाय –(मन्त्रालय, आयोग, सचिवालय) बीच सूचना सञ्जाल मार्फत आवद्धता कायम गर्नुपर्दछ ।

- TSA, CGAS , RMIS, LMBIS, SUTRA, PLMBIS, ETDS जस्ता आधुनिक SOFTWARE प्रयोग बढ्दै गएकोले जनशक्तिको सवलीकरण र आन्तरिक लेखापरीक्षणको संगठन पूनर्संरचना गर्नुपर्ने ।
- जनशक्ति विकासमा दीर्घकालीन योजना सहित खर्च होईन लगानी गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण कार्यलाई सवलीकरण गर्न यथेष्ठ श्रोतसाधनको व्यवस्था गरिनु पर्दछ।
- आन्तरिक लेखापरीक्षक र लेखापालन गर्ने जनशक्ति बीच पारस्पारिक सरुवा हुने प्रावधानको दोहोरो भूमिका विस्थापित गरी समूह विभाजन गरिनु पर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई एकीकृत गरी कार्यकारी प्रमुख समक्ष पेश गर्ने र अन्तिम लेखापरीक्षण अगावै लेखा उत्तरदायी अधिकृतले सम्बद्ध जिम्मेवार पदाधिकारीहरुसँग आवश्यक छलफल गरी फरफारक गर्ने पद्धति विकास गरिनु पर्दछ।
- सूचना प्रविधि र प्रणालीमा आधारित आन्तरिक लेखापरीक्षणको पद्धति अवलम्बन गरिनु पर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन SOFTWARE विकास गरी प्रतिवेदनमा एकरुपता कायम गर्ने ।
- मौज्दात कानूनको कडाईका साथ पालना गर्ने ।

७.आन्तरिक लेखापरीक्षण प्रतिवेदन

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा विशेष गरी पाँच सि (अङ्ग्रेजी: C) को आधारमा प्रतिवेदन तयार गरि पेश गरिन्छ ।
    - Condition: समस्या वा अवस्था के हो?
    - Criteria: हुनु पर्ने के हो?
    - Cause: समस्या वा हालको अवस्थाको कारणहरु के हो?
    - Consequences: समस्याको प्रभावहरु के छन्?
    - Corrective Action: सुधार गर्न के गर्नु पर्दछ?

८.निष्कर्ष

आन्तरिक लेखापरीक्षणले व्यवस्थापनको कार्यलाई सहयोग पुर्याउछ । यसको माध्यमद्वारा आर्थिक गतिविधिमा भएका र हुन सक्ने गल्ति, कमि कमजोरिलाई समयमा नै पहिचान गरि सुधार गर्न मद्दत गर्दछ । पर्याप्त मात्रामा स्रोत साधन र जनशक्तिको व्यावस्था गरी संगठनलाई चुस्त, स्फूर्त र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको अहम् भुमिका रहेको हुन्छ । आन्तरिक लेखापरीक्षणको प्रभावकारी प्रयोगद्वारा आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्न जाने र बेरुजुको परिमाणमा समेतमा न्यूनता आउन जान्छ । यसको अतिरिक्त सार्वजनिक निकायमा पारदर्शिता कायम भई सुशासन कायम गर्नमा सहयोग पुर्याउने भएकोले यसको प्रभावकारी उपयोग गर्नु आवश्यक छ ।

९.सन्दर्भ सामग्रीहरु

- आर्थिक कार्यविधि तथा वित्तीय व्यवस्थापन ऐन २०७६
- प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा नियामावली २०७५
- महालेखा परिक्षकको कार्यालय नयाँ म.ले.प. फारामहरुको प्रयोग २०७६
- आन्तरिक लेखापरीक्षण निर्देशिका २०६८
- Risk Based Internal Auditing David Griffiths ।
- www.iia.org Institute of Internal Auditors ।
- ne.wikipedia.org/wiki

प्रदेश सरकार, प्रदेश नं. १ को आम्दानी खर्चको तुलनात्मक अध्ययन

१. पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भए सँगै शासकीय अधिकार विभाजन गरी बनेका ७ प्रदेशहरू मध्ये साविकको पूर्वाञ्चल विकास क्षेत्रको १४ वटा जिल्लालाई समेटेर बनेको प्रदेश नं. १ मा १३७ स्थानीय तहहरु रहेका छन । आर्थिक रुपमा उद्योग, पर्यटन, ऊर्जा, कृषि, स्वास्थ्य, शिक्षा, भौतिक संरचना जस्ता सबै पक्ष र कोणबाट हेर्दा यो प्रदेश धेरै सम्भावना रहेको नेपालकै सक्षम प्रदेशका रुपमा स्थापित हुने देखिन्छ । प्रदेश भित्र यस्ता प्रचुर संभावना रहेतापनि विभिन्न संघीय कानूनी व्यवस्था अनुसार प्रदेश भित्रको सम्पूर्ण आर्थिक क्रियाकलाप जस्तै कर, भन्सार, रोयल्टी संकलन, अन्तशुल्क, मूल्य अभिवृधि कर लगायतका बिषयमा प्रदेश सरकार एक्लैले सो को परिचालन व्यवस्थापन गर्ने कानूनी रुपमा नमिल्ने हुँदा प्रदेश सरकारको आन्तरिक आयको पाटो भने कमजोर रहने गरेकोछ । फलस्वरुप प्रदेश सरकार आर्थिक रुपमा स्वायत्त हुन नसकि संघीय सरकारको समानीकरण, सशर्त, बिशेष, र समपूरक जस्ता अनुदानहरु र रावश्व संघीय बाट प्राप्तहुने रकममा नै भरपर्नु परेको अवस्था रहको छ । यसैको फलस्वरुप आ.ब. २०७४/०७५ मा प्रदेश सरकार स्थापना हुँदा संघीय सरकारबाट प्राप्त रु एक अरब दुई करोड पाँच लाख बजेट बाट प्रदेश सरकार संचालन भएको देखिन्छ ।

आर्थिक बर्ष २०७४/०७५ मा प्रदेश सरकार स्थापना हुँदा प्रदेश नं. १ मा नौ वटा केन्द्रीय निकायहरु (मन्त्रायलहरु) मात्र संचालनमा रहेको र उक्त मन्त्रालयहरुको संचालन खर्च संघीय सरकारबाट प्राप्त समानीकरण अनुदानबाट भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको आ.ब. २०७४/०७५ को बार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त प्रतिवेदन अनुसार प्रदेश सरकारको आन्तरिक आय संकलन सून्य रहेको देखिन्छ भने सबै

* ✍लेखा अधिकृत, अधिकृतस्तर छैठौं तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, बिराटनगर

मन्त्रालयहरुको कुल खर्च रु एकसठ्ठी करोड पचपन्न लाख सात हजार छ सय वीस मात्र रहेकोमा बजेट विनियोजन तर्फ चालु खर्च रु ५४,२९,९३,६६०.० र पूँजिगत खर्च रु ४७,७५,०६,३४०.० विनियोजन भएकोमा चालु तर्फ ७८.०२ प्रतिशत र पूँजिगत तर्फ ४०.१८ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

प्रदेश सरकारको आ.ब.२०७४/७५ को मन्त्रालयगत खर्च निम्नानुसार रहेको छ

रु हजारमा

क्र.सं.	मन्त्रालयको नाम	चालु खर्च	पुँजीगत खर्च	जम्मा खर्च
१	प्रदेश व्यवस्थापिका सचिवालय	५८,८८३।८३	३१,०२६।२०	८९,९१०।०३
२	आर्थिक मामिला तथा योजना मन्त्रालय	१९७,३२६।१८	२५०।००	१९७,५७६।१८
३	मुख्य न्यायाधिवक्ता कार्यालय	१,३२७।४७	१,४००।००	२,७२७।४७
४	भौतिक पूर्वाधार विकास मन्त्रालय	१३,८७५।१४	९६,००६।५५	१०९,८८१।६९
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०,४७७।७४	११,३६८।४५	४१,८४६।१९
६	सामाजिक विकास मन्त्रालय	७०,७३२।१७	१८,०६१।११	८८,७९३।२८
७	आन्तरिक मामिला तथा कानून मन्त्रालय	२५,९६४।४८	१४,७७७।७८	४०,७४२।२६
८	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२,११६।४१	८,८०६।६१	२०,९२३।०२
९	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्राल	१२,९५३।३०	१०,१५४।२०	२३,१०७।५०
	जम्मा	४२३,६५६।७२	१९१,८५०।९०	६१५,५०७।६२

२. आर्थिक बर्ष २०७५/०७६ को बजेटको संरचना

आर्थिक बर्ष २०७५/७६ मा भने संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भएर आएका विभिन्न कार्यालयहरु स्थानापना भए सँगै सरकारको आर्थिक क्रियाकलापमा बृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं १ सरकारले संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा आफैले संकलन गर्ने आन्तरिक आय समेतको अनुमान गरि प्रदेश व्यवस्थापिका संसद समक्ष पेश गरेको वार्षिक विनियोजित बजेट रु ३५,९३,६०,१४,०००.०० रहेकोमा आर्थिक बर्षको अन्त्यसम्ममा कुल खर्च रु २१,२०,२९,२९,७१३.७२ मात्र भएको देखिन्छ उक्त खर्च रकम कुल बजेटको तुलनामा ५९ प्रतिशत मात्र हुन जान्छ ।

प्रदेश सरकारको आम्दानी खर्च र वचत सम्बन्धि विवरण तालिका

आय तर्फ

क्र.सं.	विवरण	रकम

१	सशर्त अनुदान	१०,५४७,३५६,०००।००
२	विशेष अनुदान	६५७,१०६,०००।००
३	समानीकरण अनुदान	६,६१०,३००,०००।००
३	समपूरक अनुदान	६८०,०००,०००।००
५	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त शुल्क	६,८६७,६८२,४७९।१८
६	आन्तरिक आय संकलन	२,५०२,८४४,०८३।३८
	कुल जम्मा आय	**२७,८६५,२८८,५६२।५६**

व्यय तर्फ

क्र.सं.	विवरण	रकम
१	मन्त्रालयगत चालु खर्च	६,११०,३५१,६५३।९०
२	स्थानीय तहहरुलाई हस्तान्तरण गरिएको अनुदान चालु	३,६५३,०८५,७०९।५०
३	मन्त्रालयगत पुँजिगत खर्च	११४३८५४६५८१।३२
४	सोझै भुक्तानी बाट खर्च पूजीगत बाट घटाउदा	(१६२६५२६३।६४
	खुद जम्मा खर्च	**२१,१८५,७१८,६८१।०८**

बचत

क्र.सं.	विवरण	रकम
१	आ.ब. २०७५/७६ मा प्रदेश रकारको खुद बचत रकम	६,६७९,५६९,८८१।४८
२	गत बर्षको नगद मौज्दात जिम्मेवारी सरेको	३६८,७७९,२१८।५७
३	दुबै आ.ब.को बचत	७,०४८,३४९,१००।०५
४	सशर्त अनुदानको बजेट खर्च नभई बाँकी रहेको रकम संघ लाई फिर्ता गरेको रकम रु	४,६२०,८४४,००९।२८
५	आ.ब. २०७५/०७६ मा प्रदेश सरकारको खुद बचत	२,४२७,५०५,०९०।७७

यसरी प्रदेश सरकारको आ.ब.२०७५/७६ को बजेटलाई तुलनात्क रुपमा अध्ययन गर्दा बजेट तर्जुमा र खर्च प्रकृयाको तालमेल नमिलेको जस्तो देखिन आउछ । लगभग ३५ अरबको बजेट विनियोजन गरेकोमा लगभग २१ अरबको हाराहारिमा खर्च हुनुले प्रदेश

सरकारको विकासको गति सुस्त नै हो कि भन्ने भान हुन जान्छ । तर तालिकालाई विश्लेषण गर्दा चालु खर्चको तुलनामा पूँजिगत खर्च रकम बढी हुनुले गर्दा संघीय सरकार भन्दा प्रदेश सरकार विकास निर्माण प्रकृयामा गत आ.ब. मा कमजोर नै छ भन्ने अवस्था रहदैन ।

३. आर्थिक बर्ष २०७६/०७७ को बजेटको संरचना

चालु आ.ब. २०७६/७७ को बजेट गत आ.ब.को भन्दा केहि विकासमुखि रहेको देखिएको छ । चालु आ.व. मा प्रदेश सरकारले प्रदेश व्यवस्थापिकामा २०७६ असार १ गते पेश गरेको कुल बयालिस अरब बीस करोड चार लाख दश हजार मध्ये चालु खर्च १८,६२,६४,७६,०००.० र पूँजिगत खर्च २३,५७,३९,३४,०००.० विनियोजन गरेकोमा समानीकरण, सशर्त, समपूरक र बिषेश अनुदानका रुपमा लगभग छ अरब वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहहरुलाई हस्तान्तरण गर्नेगरी चालु खर्च शिर्षकमानै बजेट विनियोजन गर्नुले पनि प्रदेश सरकारको चालु खर्च बजेट लगभग १३ अरब हाराहारीमा विनियोजन भई पूँजिगत खर्चमा बढि रकम विनियोजन गरी प्रदेश सरकार प्रदेशको विकास निर्माण कार्यमा बढि केन्द्रित रहेको बुझ्न सकिन्छ ।

प्रदेश सरकारको चालु आ.ब. मा बजेट बिनियोजन गर्दा अनुमान गरिएका आम्दानीका श्रोतहरुमा संघीय सरकार बाट विभिन्न अनुदान स्वरुप रु २१,२०,७४,००,०००.० र संघीय भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्तशुल्क बाट रु १०,२७,९७,००,०००.० गरी जम्मा रु ३१,४८,७१,००,०००.० तथा रोयल्टी संघीय बाट प्राप्त रु २४,७०,९७,०००.०, आन्तरिक आय संकलनबाट रु ३,८४,९९,१०,०००.० र आ.ब. २०७५/०७६ मा खर्च हुन नसकी बचत हुन आउने रकम रु ६,६१,६३,०३,०००.० गरि जम्मा ४२,२०,०४,१,००००.० बजेट प्रस्ताव गरेको देखिन्छ ।यसरी बार्षिक अनुमान गरिएको बजेट लाई ११ वटा केन्द्रीय निकाय (मन्त्रायलहरु) अन्तरगत मातहतका कार्यालयहरु र आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्रदेश नं. १ का १३७ स्थानीय तहहरुमा प्रदेश सरकारको तर्फबाट वित्तीय हस्तान्तरण हुनेगरी बजेट विनियोजन गरेको देखिन्छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

आ.ब. २०७६/७७ मा प्रदेश सरकारले प्रस्ताव गरेको बजेट तालिका

क्र.सं.	विवरण	रकम
1	संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान	८,१६३,३००,000।0
2	संघीय सरकारबाट प्राप्त सशर्त अनुदान	७,०४४,१००,000।0

	संघीय सरकारबाट प्राप्त विशेष अनुदान	२,०००,०००,०००।०
4	संघीय सरकारबाट प्राप्त समपूरक अनुदान	४,०००,०००,०००।०
5	संघीयभई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त शुल्क	१०,२७९,७००,०००।००
6	रोयल्टी संघीय बाट प्राप्त आय	२४७,०९७,०००।००
7	आन्तरिक आय संकलन	३,८४९,९१०,०००।००
8	गत बर्षको नगद मौज्दात बाँकी	६,६१६,३०३,०००।०
	कुल अनुमानित जम्मा आय	४२२००४१००००।००

मन्त्रालयगत चालु तथा पूँजीगत बजेट विनियोजन आ.व. २०७६/०७७

क्र. सं.	मन्त्रालय	चालु बजेट	पूँजिगत खर्च बजेट	जम्मा बजेट	प्रतिशत
१	प्रदेश व्यवस्थापिका सचिवालय	३००,६७९,०००।००	३५,४१७,०००।००	३३६,०९६,०००।००	०।८०
२	लोकसेवा आयोग	१७,४९७,०००।००	७,५००,०००।००	२४,९९७,०००।००	०।०६
३	प्रदेश योजना आयोग	५४,०३६,०००।००	१८,६८२,०००।००	७२,७१८,०००।००	०।१७
४	मुख्य न्यायाधिवक्ता कार्यालय	२३,११७,०००।००	५,०००,०००।००	२८,११७,०००।००	०।०७
५	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९०,८४३,०००।००	८९,८३०,०००।००	२८०,६७३,०००।००	०।६७
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	७,७३७,६६५,०००।००	३३६,६५०,०००।००	८,०७४,३१५,०००।००	१९।१३
७	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३३८,३०८,०००।००	१,१४४,५६०,०००।००	१,४८२,८६८,०००।००	३।५१
८	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१,६५९,९१५,०००।००	२,१७२,८२३,०००।००	३,८३२,७३८,०००।००	९।०८
९	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३,८५९,१४६,०००।००	१८१,८८६,०००।००	४,०४१,०३२,०००।००	९।५८
१०	भौतिक पूर्वाधार विकास मन्त्रालय	९९९,९८७,०००।००	१८,८५९,९९४,०००।००	१९,८५९,९८१,०००।००	४७।०६
११	सामाजिक विकास मन्त्रालय	३,४४५,२८३,०००।००	७२१,५९२,०००।००	४,१६६,८७५,०००।००	९।८७
	जम्मा	१८,६२६,४७६,०००।०	२३,५७३,९३४,०००।०	४२,२००,४१०,०००।०	१००
नोट	प्रदेश सरकारको वित्तीय व्यवस्था तथा स्थानीय तहहरुलाइ वित्त हस्तान्तरण गरिने रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा देखाइएको छ ।				

४. चालु आ.ब. २०७६/७७ को दोस्रो चौमासिक सम्मको आम्दानी खर्चको तुलना

विगत आर्थिक बर्षहरुमा जस्तो चालू आ.व. मा प्रदेश सरकार प्रदेश नं. १ को कार्यालय स्थापना, बजेट निर्माण प्रकृया र अनुदान प्राप्तिमा ढिलाई जस्ता प्राविधिक कारण नरहे पनि दोस्रो चौमासिकसम्मको आम्दानी र खर्चको प्रकृयालाई हेर्दा सरकारको आठ महिनामा पूँजीगत खर्च अत्यन्तै कम लगभग ३२ प्रतिशत मात्र खर्च भएको देखिन्छ भने आम्दानीको पाटो समेत सन्तोष जनक मान्न सकिने अवस्था छैन ।बाँकी चार महिनामा सरकारको पूँजीगत खर्च तर्फ विकास निर्माण लक्ष पूरा नहुने सम्भावना देखएको छ भने राजश्व लक्ष्य समेत पूरा नहुने देखिन्छ । दोस्रो चौमसिक सम्म सरकारको जम्मा राजश्व तथा आम्दानी रु १६,०४,४५,०२,८९१।७९ रहेकोमा बाँकी चार महिनामा बयालिस अरब पुग्ने सम्भावना समेत देख्न सकिदैन । प्रदेश सरकारको चालु आ.ब. २०७६/७७ को दोस्रो चौमासिक सम्मको आम्दानी र खर्च लाई निम्नानुसार उल्लेख गरिएको छ।

दोस्रो चौमासिक सम्म मन्त्रालयगत चालु तथा पूँजीगत बजेट खर्च

चालु कार्यक्रम तर्फको खर्च

क्र. सं.	मन्त्रालय	चालु बजेट	चालु खर्च	खर्च प्रतिशत
१	प्रदेश व्यवस्थापिका सचिवालय	३००,६७९,०००।००	१३०,५३९,१६०।३९	४३।४१
२	लोकसेवा आयोग	१७,४९७,०००।००		०।००
३	प्रदेश योजना आयोग	५४,०३६,०००।००	१२,६७७,७९७।००	२३।४६
४	मुख्य न्यायाधिवक्ता कार्यालय	२३,११७,०००।००	८,४१९,३८७।००	३६।४२
५	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९०,८४३,०००।००	५०,९२०,७४५।५५	२६।६८
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	७,७३७,६६५,०००।००	१,७२०,७३१,४२९।३६	२२।२४
७	आन्तरिक मामिला तथा कानून मन्त्रालय	३३८,३०८,०००।००	६९,२२२,८५२।००	२०।४६
८	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलय	१,६५९,९१५,०००।००	५७३,९८४,७६५।५५	३४।५८
९	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३,८५९,१४६,०००।००	३५८,११६,८७२।२६	९।२८
१०	भौतिक पूर्वाधार विकास मन्त्रालय	९९९,९८७,०००।००	३१४,२९८,६३९।६८	३१।४३
११	सामाजिक विकास मन्त्रालय	३,४४५,२८३,०००।००	१,०८८,१५९,६४४।२६	३१।५८
जम्मा		१८,६२६,४७६,०००।०	४,३२७,०७१,२९३।०५	२३।२३

पूँजिगत कार्यक्रम तर्फको खर्च

क्र.सं.	मन्त्रालय	पूँजिगत बजेट	पूँजिगत खर्च	खर्च प्रतिशत
१	प्रदेश व्यवस्थापिका सचिवालय	३५,४१७,०००।००	८,२५०,६९०।००	२३।३०
२	लोकसेवा आयोग	७,५००,०००।००		०।००
३	प्रदेश योजना आयोग	१८,६८२,०००।००	१,३२३,७८१।००	७।०९
४	मुख्य न्यायाधिवक्ता कार्यालय	५,०००,०००।००	४,१६१,४००।००	८३।२३
५	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८९,८३०,०००।००	६,१२०,०५८।७२	६।८१
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	३३६,६५०,०००।००	१४,३६३,११७।८१	४।२७
७	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१,१४४,५६०,०००।००	१६७,८२८,५७८।७२	१४।६६
८	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२,१७२,८२३,०००।००	१३६,७३७,७९४।४२	६।२९
९	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१८१,८८६,०००।००	८८,८०८,११५।०८	४८।८३
१०	भौतिक पूर्वाधार विकास मन्त्रालय	१८,८५९,९९४,०००।००	६,९५८,४२२,८२५।६०	३६।९०
११	सामाजिक विकास मन्त्रालय	७२१,५९२,०००।००	७२,९१६,६७०।६६	१०।१०
जम्मा		२३,५७३,९३४,०००।००	७,४५८,९३३,०३२।०१	३१।६४
	कुल जम्मा	४२,२००,४१०,०००।०	११७८६००४३२५।०६	२७।९३

दोस्रो चौमासिक २०७६ फाल्गुण मसान्त सम्म प्रदेश सरकारको आयको बिश्लेषण
आय तर्फ

क्र.सं.	आम्दानीको श्रोत	प्राप्त रकम
१	संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान	४,०८१,६५०,०००।००
२	संघीय सरकारबाट प्राप्त सशर्त अनुदान	४,३१२,७७४,०००।००
३	संघीय सरकारबाट प्राप्त विशेष अनुदान	३४०,६२५,०००।००
४	संघीय सरकारबाट प्राप्त समपूरक अनुदान	४७१,१२५,०००।००
५	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त शुल्क	४,५५२,९०७,४९७।८४
६	रोयल्टी संघीय बाट प्राप्त आय	
७	आन्तरिक आय संकलन	२,२८५,४२१,३९३।९५
८	गत बर्षको नगद मौज्दात जिम्मेवारी सरेको	२,४२७,५०५,०९०।७७
९	संघीय सरकार बाट रोयल्टी तथा मुअकर बापत गत आ.व. को प्राप्त हुन बाकी रकम चालु आ. व. मा प्राप्त भएको रु	७०६,२८३,३२२।७८
	जम्मा आम्दानी	१९,१७८,२९१,३०५।३४

यसरी दोस्रो चौमासिक सम्मको आम्दानी र खर्चको अवस्थालाई तुलना गर्दा फाल्गुण मसान्त सम्ममा प्रदेश सरकारको संचित कोषको अवस्था सकारात्मक नै देखिन्छ । आम्दानी बाट खर्च कटाउदा रु ७,३९,२२,८६,९८०.२८ प्रदेश संचित कोषमा मौज्दात रहेको देखिन्छ । रोयल्टी बाँडफाँड बाट प्राप्त आय सून्य रहेको तथा आन्तरिक आय संकलन समेत कमजोर तथा संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडको रकम समेत कम आउने देखिन्छ । यस बाट प्रदेश सरकार आर्थिक रुपमा कमजोर देखिन सक्छ ।

५. निष्कर्ष

प्रदेश सरकारको समग्र वित्तीय स्वरुपलाई हेर्दा नेपालमा वित्तीय संघीयता कार्यान्वयनका रुपमा प्रदेश सरकार आफैमा कमजोर देखिएको छ । प्रदेशको आफ्नै आन्तरिक श्रोत कमजोर हुनु , प्रदेश सरकारको बजेट मुलत संघीय सरकारबाट प्राप्त हुने अनुदानमा आधारित हुनु, मुख्य राजश्वका श्रोतहरु जस्तै कर, भन्सार, रोयल्टी जस्ता पक्षमा आफ्नो अधिकार नहुनु जस्ता कारणले प्रदेश सरकार आर्थिक रुपमा पूर्ण रुपमा स्वायत्त नहुने देखिन्छ । जसको फलस्वरुप नेपालको संबिधानको भावना र मर्म अनुसार नेपालमा वित्तीय संघीयता कार्यान्वयनमा प्रदेश सरकारहरु कमजोर देखिन्छन ।प्रदेश सरकारले वित्तीय पक्षबाट आफ्नो नीति तथा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न नसक्ने अवस्था हुन जान्छ ।तसर्थ बिद्यमान कानूनी प्रबन्धमा सुधार गरी आयको दृष्टीले प्रदेशको क्षमता वृद्धि गर्न सके मात्र संविधानले दिएको कार्य जिम्मेवारी पुरा गर्न सक्ने अवस्था रहन्छ ।

सन्दर्भ सामग्रीहरु

- प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा बजेट पुस्तिका
- प्रदेश लेखा नियन्त्रक कार्यालयका मासिक चौमासिक तथा बार्षिक प्रतिवेदनहरु
- महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित प्रतिवेदनहरु ।

Use of ICT in Public Financial Management

✍ **Suman Guragai** ✍ **Hemanta Kumar Shrivastav***

Background

Public Financial Management (PFM) refers to the set of laws, rules, systems and process used by governments to mobilize revenue, allocate public funds, undertake public spending account for funds and audit results. It is one of the government's most important responsibilities. Many governments therefore, have reform programs in place to improve PFM. An important element of these programs is the development of computer based Information Communication & Technology (ICT) systems to simplify and speed up the business processes associated with PFM. This leads to the development of e-governance and e-accounting.

Introduction

Electronic governance or e-governance is the application of ICT for delivering government services, exchange of information, communication transactions, integration of various stand-alone systems between government to citizen (G2C), government-to-business (G2B), government-to-government (G2G), government-to-employees (G2E) as well as back-office processes and interactions within the entire government framework. Through e-governance, government services are made available to citizens in a convenient, efficient, and transparent manner. The three main target groups that can be distinguished in governance concepts are government, citizens, and businesses/interest groups.

E-accounting or online accounting is the application of online and Internet technologies to the business accounting function . E-accounting is "electronic enablement" of lawful accounting and traceable accounting processes which were traditionally manual and paper based. E-accounting involves performing regular accounting functions, accounting research and the accounting training and education through various computer based internet based accounting tools, various internet resources, international web-based materials, institute and company databases which are internet based, web links, internet based accounting software and electronic financial.

In general, PFM includes all phases of the budget cycle, including the preparation of the budget, internal control and audit, procurement, monitoring and reporting arrangements, and external audit. The broad objectives of PFM are to achieve overall fiscal discipline, allocation of resources to priority needs, and efficient and effective allocation of public services. Every public entity needs financial means in order to provide

* ✍ Computer Officer, Officer Level 6th, Hemanta Kumar Shrivastav and Sub Accountant, Assistant Level 4th Suman Guragai Works in Province Financial Comptroller Office, Province no 1, Biratnagar.

its services and to ensuring performance according to its role and mandate in the institutional landscape of a state - ideally for the welfare of the people. In this regard, PFM encompasses:

- Collection of revenues,
- Allocation of funds through the budgetary process, and
- Utilization of public revenues,
- Internal and external auditing and scrutiny of public spending and performance of state institutions.

Beginning of ICT in PFM

The Financial Comptroller General Office (FCGO) has launched the Financial Management Information System (FMIS) initially in 2005 mainly as a reporting platform to produce periodic consolidated financial statements by aggregating the District Treasury Comptroller Offices' (DTCOs) budget release and expenditure data. DTCOs have been utilizing Treasury Single Account (TSA) system for this purpose as a Transaction Processing System. For revenue collection and recording functions, Revenue Management Information System (RMIS) has been operated. Moreover, the government has been using FMIS as a means of Management.

The input for consolidation is done through internet to the central servers of the FCGO. Since then, the system capabilities have been enhanced through gradual software advancement, and by developing system management, help desk, and maintenance capabilities to ensure effective technical support for TSA operations and RMIS. The FMIS has been substantially expanded during 2009-2015 after complete implementation of TSA across the entire country. PFM Systems deployment has become even more challenging in implementing Fiscal Federalism in all three levels of Governments. At present there is PFM system need for federal government, 7 provincial governments and 753 local governments along with whole-of-nation consolidation.

The PFM reforms of Nepal can benefit from Technology intervention, especial ICT. ICT can be harnessed for transformation of the PFM capabilities of Nepal enabling better information, systems and policies contributing to reduce fiduciary risks, and improve fiscal discipline, transparency and accountability. However, the challenges of the existing ICT based PFM Systems are functional completeness, performance, compatibility, reliability, and redundancy. Also, the systems developed in silos have made data exchange and services integration difficult and challenging in absence of coherent guidelines, principles or metrics that provides a platform for service integration.

Basis for IFMIS development

Integrated Financial Management System (IFMIS) is an aggregation of various ICT modules into a large data repository that facilitates information processing in an effective and efficient manner. In the early phases, various information systems were developed to capture day to day PFM operations. Such systems were initiated from Ministry of Finance (MoF), FCGO, Inland Revenue Department (IRD) and other agencies as in-house application for their own use and simplification of works. Such in-house

applications/systems were improved in line with the requirement of PFM reform. The different system currently in operations in federal, state and local governments for the Budget Formulation & Control, Budget Execution, Accounting & Reporting and Others.

Through the Nepal's "Public Financial Management Reform Strategy/Program (PFMRP) Phase II" the Government of Nepal has initiated to integrate all these systems for effective and efficient PFM performance. A brief description of such ICT based PFM systems are presented below:

Systems Developed and Operated by MoF

a. Budget Management Information System (BMIS)

BMIS is a system designed for the preparation and execution of the annual budget of Government of Nepal (GoN). It is developed and operated by Program and Budget Implementation Division of MOF. BMIS produces required budgetary documents such as Red Book and Source Book. It acquires data from LMBIS and is linked with FMIS and TSA of FCGO.

b. Line Ministry Budget Information System (LMBIS)

The LMBIS is the system used for preparing program and budget from all the budget executing ministries. The system is designed to support programming at the activity level with proper budgeting relating to Medium Term Expenditure Framework (MTEF). Users from ministries have to enter their proposed program and budget for every upcoming fiscal year. LMBIS facilitates to transfer budgetary data to the BMIS. Budget from fiscal year 2072/73 was prepared through this system.

c. Aid Management Information System (AMIS)

AMIS is a system designed to support the Government for tracking and managing aid flow and incorporating such aid with national budgeting. This system is administered by International Economic Cooperation Coordination Division (IECCD) of MoF. AMIS consists of key information on aid commitments, disbursements & other activities and a mechanism for regular update of such activities including off budgeted aid.

Systems Developed and Operated by FCGO

a. Financial Management Information System (FMIS)

The FMIS is a centralized financial reporting system developed by FCGO to consolidate and share government's financial information relating to budget execution and other financial transactions. FMIS is used for compiling entire data related to budget releases, virements, expenditure, balance of annual budget, details of revenue collection and for compiling transaction of retention money. It provides consolidated information based on charts of accounts, Government Finance Statistics (GFS) coding, functional and economic classification of each paying offices, districts, provinces and ministries and of country as a whole. It is

a useful tool by which FCGO exercises control over the DTCOs, Province Financial Comptroller Offices (PFCOs) and ensures that the data are accurate and complete. It is the main source for preparing consolidated statement of budget execution, revenue collection and retention money which is presented to the Office of the Auditor General (OAG) for auditing purpose. Access of FMIS has been provided to staffs of FCGO, PFCOs, DTCOs and planning division chiefs and account chiefs of the ministries and other central entities. On the basis of comparative reports of FMIS, these officials make necessary correction of their transactions and prepare consolidated financial statements and use for evaluation of financial progress of the entities.

b. Treasury Single Account (TSA)

TSA is a web-based Online Transaction Processing (OLTP) system designed for disbursement/release of budget through a treasury single account upon the request of Paying Offices to the concerned payee. It also records the receipt and payments of retention and other operational funds created out of the treasury. TSA also includes the revenue recording system in line with the revenue heads when it is received through the bank. This system is compatible with BMIS of MoF and provides detail transaction level financial information to FMIS of FCGO. It also incorporates other sub systems such as Commitment Recording Cash Planning, Internal Audit Reporting and Irregularities. The main benefit of this system is producing real time expenditure data and revenue receipt for all central budget operations on real time basis. It has helped to reduce the number of bank accounts. This reduction has not only made easier for the bank reconciliation process but also made monitoring of financial performance and for new policy decision by FCGO, MoF, National Planning Commission (NPC) and other Government of Nepal's agencies easier. A module of Electronic Fund Transfer to make expenditure payments directly to the payee's bank account has just been developed and lived on a pilot basis.

c. Revenue Management Information System (RMIS)

RMIS is a system designed for managing revenue receipt by the concerned entities of the government in a single platform. It is a web based OLTP system for revenue collection and administration. The system is developed and hosted by FCGO centrally. The receiving bank designated for revenue collection inputs the basic information and other requirements through RMIS, in order to reflect the collection details to the concerned service provider offices, Inland Revenue Offices, DTCOs, FCGO, central office of the authorized bank and Nepal Rastra Bank (NRB). The concerned offices provide their service with the online information received through RMIS and once the revenue is realized through the system it cannot be altered or removed. There are certain provisions and processes regarding error rectification. This system is also associated with TSA and FMIS by which reporting and monitoring have become more convenient

now. This is more effective and successful system for managing revenue information smoothly by all concerned stakeholders. There is a separate module of RMIS for foreign missions abroad that records revenue income in the time of service delivery and provides live data for necessary supervision and reporting via Ministry of Foreign Affairs. From fiscal year 2075/76 State Treasury Single Account (STSA) system is in operation for province level.

d. Computerized Government Accounting System (CGAS)

In order to maintain uniformity in accounting of transactions throughout the government organizations, FCGO has initiated execution of a single web based CGAS since 2013. Currently CGAS captures accounting transactions of expenditures, revenues, retention money, and operational funds paying office, budget heads, economic codes and revenue heads wise. At present CGAS is used in Federal Offices only. It must be used in provincial offices for better PFM result.

e. Public Assets Information System (PAIS)

Public Assets Information System is another system developed by FCGO for recording the public assets of government offices. PAIS is analogous to inventory management system as it is developed to manage inventory of public assets and make it transparent to the concerned stakeholders. This system currently includes only buildings and vehicles recording provisions. The PAIS is operated by DTCOs in the field level, and DTCOs are completely based on the information provided by the paying offices located at the districts.

f. Debt Management Information System

A debt management information system has been architected for accounting and reporting of external and internal debt of the Government of Nepal. This system is assessed with the feature of maintaining the accounts of all repayments, debt servicing, outstanding balance of debt and amortization schedule for individual debt. MoF is in the final stage to establish a separate "Public Debt Management Office (PDMO)" to look and manage all the public debt and government investment management and has almost developed a system called Debt operation and Management System (DOMS) for this purpose.

g. Pension Management System (PMS)

PMS has been developed by Pension Management Office and used for overall management of pension for retired employees of the GoN. PMS manages the records of all retired employees (Civil, Police, Army and Teacher) and is designed for payment of their monthly pension. This system is accessed for all designated commercial banks to make payments. PMS helps in timely settlement of pension with the central bank of Nepal, i.e. NRB and parental office, i.e.,

Pension Management Office. This system is also in use in the DTCOs' for the decentralized pensioner service.

Systems Developed and Operated from other agencies

a. Transaction based Accounting and Budget Control System (TABUCS)

Developed and operated by Ministry of Health and Population (MoHP), TABUCS is a system used for programming, accounting and monitoring. TABUCS harmonizes all the programs and accounting information including physical and financial progress which enforces budgetary control procedures in simple solutions. The key components of TABUCS includes program, activity, output based budgeting, expenditure and payments processing, payroll management and audit irregularities processing. Scope of TABUCS is broad and includes all incomes accruing from all sources at spending units. This system is developed with the support of Nepal Health Sector Support Program (NHSSP) by Ministry of Health & Population.

b. Financial Management Information System (FMIS) - Computerized Accounting System of Department of Road

Department of Road has developed and operated a computerized accounting system for accounting of all the financial transactions and producing necessary reports for auditing, decision making and for access to information purposes. This system captures budgeting, budgetary expenditures, audit irregularities, and reporting on OAG formats and other required formats.

c. Accounting System of Ministry of Federal Affairs and General Administration (MoFAGA)

- The ministry has developed a comprehensive Municipal Administrative and Revenue Management System (MARMS) with the support of Asian Development Bank (ADB) for complete e-governance in municipalities. It has the planning, budgeting, accounting and reporting system including other administrative service management. This system was started to implement from Kathmandu Metropolitan City as pilot but could not be rolled out.
- Some municipalities are using separate systems for their accounting and revenue management purpose in accrual basis. These systems are fragmented and developed by different vendors in various name and with various features. Some municipalities are using other systems of their own need by using local developer as required.

d. Sub-National Treasury Regulatory Application (SuTRA)

The SuTRA is planning, budgeting and accounting software and web based system developed for local governments. From fiscal year 2076/77, it is mandatory for all local levels to prepare budget from this software. The reporting function is well developed in SuTRA.

Scope of the Services

The Government of Nepal is cognizant that the proposed assignment requires highly proficient expertise both in business process and technical aspects. It would have far-reaching impacts on the PFM reform of the country. There may be numerous approaches that can undertake to carry out this assignment. The full scope of this assignment and the potential challenges that may arise during the course of the IFMIS implementation are difficult to forecast at this point. Given the nature of this assignment, Government is looking for consulting service from a team of competent professionals or experts from reputed Consulting Firm. The consultants have to work closely with MoF, FCGO, PFCO, PEFA Secretariat and other concerned offices and officials to undertake a thorough study of the PFM business processes, ICT based PFM systems and ICT infrastructure, and to develop an action plan with the roadmap for the design and implementation of new IFMIS and support mid-term activities. The new Constitution of Nepal and other relevant regulations should be taken in to consideration for transformation of all the PFM system and process in new structure of government.

Problems related to different software

- FMIS is not in full function. Many reports cannot be seen by using FMIS.
- The expenditure report of FMIS and TSA/STSA vary sometimes.
- The link between LMBIS/PLMBIS and TSA/STSA is unreliable.
- The Application Programming Interface (API) is not built up between STSA and SuTRA.
- TSA/STSA operates in a specified version of JAVA only. So it is difficult to use in all computers. For better functioning TSA/STSA should be web based.
- The ministries and departments have no authority to observe the revenue status in RMIS collected in various subordinate offices.
- The complete or real TSA is not used till date. The day close facility is not available for deposit and miscellaneous government accounts in TSA system. This creates a big problem in reconciliation in NRB.

Summary and Conclusion

E-governance and e-accounting has become a popular focus of government efforts in many countries around the world. It is now the backbone of Public Financial Management (PFM). More and more governments around the world have implemented and introduced e-government systems such as e-accounting as a means of reducing costs, improving services, saving time and increasing effectiveness and efficiency in the public sector. E-government, Internet and ICT has made an essential change in the whole society structure, values, culture and the ways of conducting business by utilizing the potential of ICT as a tool in the daily work. This plays a vital role in PFM.

ICT based PFM systems are important for democratic governance, effective use of resources available and poverty reduction strategy. It can also help to prevent corruption and enhance the public service delivery. By resolving the above stated problems, PFM will be more effective and leads the nation in good governance.

Bibliography

- https://elibrary.worldbank.org/doi/abs/10.1596/0-8213-2380-6
- https://gsdrc.org/professional-dev/public-financial-management
- https://en.m.wikipedia.org/wiki/E-governance
- http://www.svtuition.org/2008/12/e-accounting.html?m=1
- Various bulletins and journals published by PEFA Secretariat
- User manuals of TSA and RMIS published by FCGO

हाम्रो सम्पति व्यवस्थापन, समस्या र समाधान

✍अनिलकुमार राजवंशी*

१. पृष्ठभूमि

कुनैपनि परिवार, संस्था, संगठन ,व्यवसाय, मुलुक सञ्चालन गर्न विभिन्न प्रकारका श्रोतसाधनहरुको आवश्यक्ता पर्दछ । ती साधन श्रोत मध्ये शुरुमा आवश्यक पर्ने धनलाई पूँजी भनिन्छ, जून पूँजीवाट आवश्यक्तानुसारका उपकरणहरुमा रुपान्तरण गरिन्छ । रुपान्तरित पूँजीमा धन तथा जायजेथा मूख्य उपकरण हो ।सार्वजनिक खर्च मध्ये झण्डै ६० देखि ७० प्रतिशत बजेटको अंश सार्वजनिक खरीदमा हुने गर्दछ । यसरी सार्वजनिक सम्पति (धन) खर्च गरेर गरिएको खरीदबाट प्राप्त मालसामानहरुको सुव्यवस्थित परिचालन रकम कलमको खर्च व्यवस्थापन भन्दा जटील हुने गरेको छ ।यसका लागि उपयुक्त मौज्दात नियन्त्रण (Actual Balance Control--ABC) प्रणाली आवश्यक औजार हो । यसलाई सुव्यवस्थित, मितब्ययी र प्रभावकारी तुल्याउन जिन्सी प्रणाली कार्यान्वयनमा ल्याईएको छ । यसले जिन्सी सामानको व्यवस्थापनलाई कानूनी, कार्यविधिगत र कार्यमूलक तुल्याएको छ ।यस लेखमा उठाउन खोजिएको सार्वजनिक सम्पति (धन) को जिन्सी व्यवस्थापनको सन्दर्भ हो ।

जिन्सी सामानहरूको आम्दानी तथा प्राप्ति खर्च एवम् उपयोग र बाँकी, सोको अभिलेख, संरक्षण, नियन्त्रण, निरीक्षण, सो सम्बन्धी प्रमाण कागजातहरू र जिन्सीसम्बन्धी अभिलेखहरूको विश्लेषण, मूल्याङ्कन तथा प्रतिवेदन समेतलाई जिन्सी स्रेस्ता प्रणाली भनिन्छ ।

क. जिन्सी सामानहरूमा कार्यालयमा दैनिक रूपमा प्रयोग हुने मसलन्ददेखि लिएर बिक्री वितरणका सामान, औद्योगिक सामान तथा पूँजीगत सामानहरू समेत पर्दछन् ।

ख. जिन्सी सामानहरू आवश्यक पर्नासाथ वा माग हुनासाथ बजारबाट ल्याउन गाह्रो पर्ने हुँदा कार्यालयको सञ्चालन तथा बिक्री वितरणका लागि आवश्यक पर्ने सामग्रीहरू खरिद गरेर गोदाममा राखिन्छ ।

---

* ✍सहायक पांचौ लेखा, प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर

ग. जिन्सी मालसामानहरूको हिनामिना तथा हानीनोक्सानी हुन नदिने, जिन्सी व्यवस्थापनलाई सरल, सक्षम, मितव्ययी र प्रभावकारी बनाउने कार्यमा जिन्सी स्रेस्ताले ठूलो सहयोग पुऱ्याउँदछ ।

घ. अर्को शब्दमा भन्नुपर्दा जिन्सी स्रेस्ता एउटा ऐना हो जसले मालसामान तथा सम्पत्तिहरूको वास्तविक चित्र उतार्दछ ।

ङ. नेपालमा सरकारी कार्यालयहरूमा सुव्यवस्थित जिन्सी स्रेस्ता प्रणाली वि.सं. २०२० माघ १ गतेदेखि लागू भएको हो ।जिन्सी स्रेस्ता प्रणाली अन्तर्गत १२ ओटा विभिन्न फारमहरूको प्रयोग गर्ने गरी लागु गरिएको थियो । हाल २०७६।२।१५ मा महालेखा परिक्षकवाट स्वीकृत भए अनुसार ४०० को संकेतमा म.ले.प.फा.नं.हरु थप गरिएको छ जसमा बिन कार्ड, जिन्सी निसर्ग/मिन्हा फाराम, जिन्सी सहायक खाता, घर जग्गाको लगत किताव, र स्थिर सम्पतिको मुल्यांकन फारामहरु समेतको व्यवस्था गरिएको छ ।

२. जिन्सीमा प्रयोग हुने म.ले.प.फारामहरु

क. माग फारम -म.ले.प.फा.नं. ४०१

ख. खरिद आदेश - म.ले.प.फा.नं. ४०२

ग. दाखिला प्रतिबेदन रिपोर्ट -म.ले.प.फा.नं. ४०३

घ. खर्च/निकासा फाराम -म.ले.प.फा.नं. ४०४

ङ. जिन्सी स्टेर फिर्ता सामान-म.ले.प.फा.नं. ४०५

च. हस्तान्तरण फारम -म.ले.प.फा.नं. ४०६

छ. खर्च भएर जाने जिन्सी खाता -म.ले.प.फा.नं. ४०७

ज. खर्च भएर नजाने जिन्सी खाता -म.ले.प.फा.नं. ४०८

झ. बिन कार्ड - म.ले.प.फा.नं. ४०९

ञ. जिन्सी निसर्ग/मिन्हा फाराम- म.ले.प.फा.नं. ४१०

ट. जिन्सी निरीक्षण फारम -म.ले.प.फा.नं. ४११

ठ. जिन्सी सहायक खाता म.ले.प.फा.नं. ४१२

ड. जिन्सी मौज्दातको वार्षिक विवरण -म.ले.प.फा.नं. ४१३

ढ. मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम-म.ले.प.फा.नं. ४१४

ण. मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता -म.ले.प.फा.नं. ४१५

त. भांडामा दिएको/लिएको सम्पति अभिलेख खाता-म.ले.प.फा.नं. ४१६

थ. घर जग्गाको लगत किताव म.ले.प.फा.नं. ४१७

द. स्थिर सम्पतिको मुल्यांकन फाराम म.ले.प.फा.नं. ४१८

३. जिन्सी स्रेस्ताको महत्व

क. मालसामानहरूको सुरक्षा तथा हिफाजत हुने,

ख. मालसामानहरूको अनावश्यक प्रयोग र हिनामिना हुनबाट बचाउने,

ग. आवश्यक परेको बेलामा जिन्सी सामान सजिलैसँग उपलब्ध गराउन सकिने,

घ. मालसामानको मौज्दात र खर्चको अवस्था थाहा पाउन सकिने,

ङ. जिन्सी स्रेस्ताबाट सरकारी कामकारबाहीप्रति सम्बन्धित पक्षको विश्वास बढ्ने ।

४. जिन्सी स्रेस्ताको उद्देश्य

क. कार्यालयको काम नरोकिने गरी आवश्यक सामान उपयुक्त समयमा प्राप्त गर्न सकिने व्यवस्था मिलाउने,

ख. सरकारी जिन्सी सामानहरूको सदुपयोग हुने व्यवस्था मिलाउनका लागि सम्बन्धित पक्षलाई आवश्यक यथार्थ विवरण उपलब्ध गराउने,

ग. सरकारी सामानहरूको फजुल खर्च हुन नपाउने गरी नियन्त्रणको व्यवस्था मिलाउने,

घ. स्थायी र अस्थायी सामानहरूको अभिलेख राख्ने,

ङ. जिन्सी सामानसम्बन्धी आवश्यक प्रतिवेदनहरूको निमित्त चाहिने तथ्याङ्क उपलब्ध गराउने आदि ।

५. जिन्सी सामानको वर्गीकरण

क. खर्च भएर जाने सामानः कार्यालयको दैनिक काममा प्रयोग हुने मालसामानहरू जस्तैः डटपेन, कापी, कलम आदि । साधारणतयाः एक वर्षभित्रमा खपत (प्रयोग) भइसक्ने अथवा कम टिकाउका सामानहरू यसअन्तर्गत पर्दछन् । म.ले.प.फा.नं. ४०७ मा खर्च भएर जाने जिन्सीको खाता राखिएको हुन्छ ।

ख. खर्च भएर नजाने जिन्सी सामानः सामान्यतः एक वर्षभन्दा बढी खप्ने सामान, यन्त्र र औजारहरू फर्निचर, सवारी साधनहरू, जग्गा जमिन घर जस्ता स्थायी प्रकृतिका सामानहरू यसमा पर्दछन् । खर्च भएर नजाने जिन्सी सामानको अभिलेख म.ले.प.फा.नं. ४०८ को जिन्सी खातामा राखिएको हुन्छ । यो स्रेस्तामा १० वर्षका लागि एउटै स्रेस्ता वा रजिष्टर प्रयोग गरिन्छ ।

ग. एकिकृत आर्थिक संकेत २०७६ दोश्रो संशोधनले सम्पति तथा दायित्वको लेखाङ्कनको आधारमा तयार पारेको छ । संकेत नं. ६१०००००० देखि ६३२८२११ सम्मको संकेतहरु व्यवस्था गरिएका छन् ।यी संकेतहरु ३ वटै तहका सरकारले प्रयोग गर्ने गरी कानूनी रुपमा सुनिश्चित प्रदान गरिएको छ । यसले सरकार करको रकम(**Tax money)** वैदेशिक सहायता, अनुदान वैदेशिक तथा आन्तरिक परिचालन गरेर लगानी गरेको सम्पतिको यथार्थ विवरण लेखाङ्कन र अभिलेख र प्रतिवेदन गर्न सहज वनाएको छ ।यसले सरकारको क्रियाकलापले अर्थतन्त्रमा पारेको प्रभाव अनुसारको प्रतिवेदन भई प्रभावकारी सार्वजनिक वितीय व्यवस्थापनलाई सुदृढ तुल्याउदछ ।

६. जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने कुराहरू

क. मालसामानको संरक्षण र सम्भार राम्रोसँग भए नभएको,
ख. मर्मत सम्भार गर्नुपर्ने मालसामानहरू,
ग. लिलाम बिक्री गर्नुपर्ने सामानहरू,
घ. मिन्हा गर्नुपर्ने सामानहरू,
ङ. मालसामानको हानी नोक्सानीको स्थिति तथा हानी नोक्सानी भएमा कसको लापरबाहीबाट भएको हो सोको विवरण,
च. मालसामानको उपयोगको स्थिति,
छ. जिन्सी किताबमा आम्दानी नबाँधिएका मालसामानहरूको विवरण र अवस्था,
ज. एकै किसिमको मालसामानको गत वर्षको उपयोग र चालु आर्थिक वर्षको खरिद परिणमको तुलनात्मक विवरण,
झ. महालेखा नियन्त्रक कार्यालयले तोकिदिएका अन्य कुराहरू ।

७. जिन्सी स्रेस्तासम्बन्धी कार्यविधि

कुनै पनि सरकारी कार्यालयमा जिन्सी स्रेस्ता तयार गर्नुपर्दछ । यसरी जिन्सी स्रेस्ता तयार गर्दा विभिन्न प्रक्रिया अपनाइन्छ । यसै प्रक्रियालाई जिन्सी स्रेस्तासम्बन्धी कार्यविधि भनिन्छ । यसरी अपनाइने विभिन्न प्रक्रिया अथवा कार्यविधि निम्नानुसार छन्-

क. खरिद गर्ने वा आम्दानी राख्ने सम्बन्धी कार्यविधि
ख. अभिलेखसम्बन्धी कार्यविधि
ग. निकासा वा खर्चसम्बन्धी कार्यविधि
घ. भण्डारणसम्बन्धी कार्यविधि

ङ. निरीक्षणसम्बन्धी कार्यविधि

च. नियन्त्रणसम्बन्धी कार्यविधि

छ. वार्षिक विवरण तयारी सम्बन्धी कार्यविधि

८. खरिद गर्ने वा आम्दानी राख्ने सम्बन्धी कार्यविधिः- कार्यालयका लागि आवश्यक जिन्सी सामानहरूको निर्धारण, खरिद गरिएका सामानको दाखिला, आपूर्तिकर्तालाई गरिने भुक्तानीसम्म अपनाइने सम्पूर्ण प्रक्रिया यसमा पर्दछन् । यो कार्यविधि नै खरिद गर्ने वा आम्दानी राख्नेसम्बन्धी कार्यविधि हो । यसमा निम्न प्रक्रिया पर्दछन्-

- माग फारम भरी सामान माग गर्ने । (४०१ .नं.फा.प.ले.म)
- खरिद आदेश अनुसार खरिद गर्ने स्वीकृति लिने । ४०२ .नं.फा.प.ले.म)
- दाखिला प्रतिवेदन रिपोर्ट तयार गर्ने तथा खरिद गर्ने स्वीकृति (४०३ .नं.फा.प.ले.म) लिने।
- मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता तयार गर्ने तथा (४१५ .नं.फा.प.ले.म) खरिद सामानको अभिलेख गर्ने ।

९. अभिलेखसम्बन्धी कार्यविधिः- कार्यालयमा खरिद गर्ने वा आम्दानी राख्नेसम्बन्धी कार्यविधि पूरा गरी खरिद गरिएका वा प्राप्त हुन आएका जिन्सी सामानहरूको अभिलेख राख्ने प्रक्रिया यसअन्तर्गत पर्दछ । खर्च भएर जाने सामानलाई म.ले.प.फा.नं. ४०७ मा स्रेस्ता राखिन्छ । स्थायी जिन्सी सामानको अभिलेख म.ले.प.फा.नं. ४०८ मा स्रेस्ता राखिन्छ । खप्ने (स्थायी) नखप्ने जिन्सी सामानहरूको अभिलेख राख्न छुट्टाछुट्टै खाता राखिन्छ ।

१०. निकासा वा खर्चसम्बन्धी कार्यविधिः- कार्यालयमा खरिद गर्ने वा आम्दानी राख्ने सम्बन्धी कार्यविधि पूरा गरी खरिद गरिएका वा प्राप्त हुन आएका जिन्सी सामानहरूको अभिलेख राख्ने क्रममा भण्डारमा दाखिला गरिन्छन् । यसरी दाखिला भई आम्दानी बाँधिएका जिन्सी सामग्रीहरूको जुनसुकै कारणबाट खर्च भए पनि खर्च जनाइनु पर्छ । यसरी खर्च जनाउने वा लगत कट्टा गर्ने प्रक्रिया नै निकासा वा खर्चसम्बन्धी कार्यविधि हो । यो कार्यविधि अन्तर्गत मुख्यतः निम्नलिखित काम पर्दछन् ।

क. कसैलाई सामान दिएमा लगत कट्टा गर्ने,

ख. सामान टुटफुट भएमा मिन्हा गर्ने,

ग. सामान हस्तान्तरण गर्ने ।

११. खर्चसम्बन्धी कार्यविधिमा प्रयोग हुने म.ले.प.फा.नं. हरू

क. खर्च निकासा फाराम (म.ले.प.फा.नं. ४०४),

ख. जिन्सी निसर्ग/मिन्हा फाराम (म.ले.प.फा.नं. ४१०)

ग. हस्तान्तरण फारम (म.ले.प.फा.नं. ४०६)

१२. भण्डारण सम्बन्धी कार्यविधिः- कार्यालयमा खरिद गर्ने वा आम्दानी राख्नेसम्बन्धी कार्यविधि पूरा गरी खरिद गरिएका वा प्राप्त हुन आएका जिन्सी सामानहरूको अभिलेख राख्ने कार्यपछि भण्डारमा दाखिला गरिन्छन् । यसरी भण्डारमा दाखिला गरिएका वा भण्डारमा राखिसकिएका सामानहरूलाई प्रकृति हेरेर हिफाजत वा सुरक्षित गरी राख्न उपयुक्त ठाउँमा राख्नुपर्छ । यसरी हिफाजत एवं व्यवस्थित वा सुरक्षित गरी राख्ने कार्यविधि भण्डारसम्बन्धी कार्यविधि हो ।

१३. निरीक्षणसम्बन्धी कार्यविधिः- भण्डारमा दाखिला गरिएका वा भण्डारमा राखिसकिएका सामानहरूलाई प्रकृति हेरेर हिफाजत वा सुरक्षित गरी राख्न उपयुक्त ठाउँमा राखिएको छ/छैन **?** हिफाजत एवं व्यवस्थित गरी राख्ने भण्डारसम्बन्धी कार्यविधि राम्रो छ/छैन **?** मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता - म.ले.प.फा.नं. ४१५ नया मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता - म.ले.प.फा.नं. ४१५ (नया)अभिलेख उपयुक्त छ छैन **?** भण्डारमा दाखिला गरिएका सामानहरूको भण्डारण एवं अभिलेख उपयुक्त नभए सुधार गर्न के गर्नुपर्ने हो । सोका लागि सुझाव समेत दिने गरी जाँच्ने प्रक्रिया नै निरीक्षणसम्बन्धी कार्यविधि हो

१४. जिन्सी सामानका भौतिक परीक्षण

कार्यालयमा रहेका जिन्सी सामानको अवस्थाको बारेमा जाँच पड्ताल गर्ने कार्यलाई जिन्सी सामानको भौतिक परीक्षण भनिन्छ । भौतिक परीक्षण गरिसकेपछि जिन्सी सामानको रेकर्ड जिन्सी निरीक्षण फारममा समावेश गर्नु पर्दछ ।

१५. नियन्त्रणसम्बन्धी कार्यविधिः- भण्डारमा दाखिल गरिएका सामानहरूको भण्डारण एवं अभिलेख उपयुक्त भएनभएको जाँची भण्डारण गरिएका सामानहरूको दुरूपयोग तथा हानीनोक्सानी रोक्न अपनाइने सतर्कता, निर्देशन र नियन्त्रण गर्ने प्रक्रिया यस कार्यविधिमा पर्दछन् ।

१६. वार्षिक विवरण तयारीसम्बन्धी कार्यविधिः- एक आर्थिक वर्षमा प्रयोग भएका सामानहरू र खर्च नभई रहेका सामानहरूको विवरण आर्थिक वर्षको अन्त्यमा तयार गरिन्छ ।यसरी विवरण तयार गर्ने प्रक्रिया एवं कार्यविधि यसअन्तर्गत पर्दछन् ।

१७. जिन्सी व्यवस्थापनका समस्याहरु

नेपालमा जिन्सी व्यवस्थापनमा देखिएका मुख्य समस्याहरु निम्नानुसार रहेका छन ।

- **क.** आम्दानीमा समस्या :- अधिकांस खरिदमा वजारवाट सामान सँगै विल प्राप्त नहुने भएकोले स्टोरमा दाखिला गर्नमा समस्या रहेको छ।
- **ख.** लेखाङ्कनमा समस्या :-जिन्सी सामानहरुमा मूल्य नखुल्ने, हस्तान्तरण भएका मालसामानमा मूल्य उल्लेख नहुने भएकोले कतिपय मालसामानहरुमा मौद्रिक मापनमा कठीनाई रहेको छ । जसले गर्दा लिलामी प्रकृयामा समस्या रहेको पाईन्छ ।
- **ग.** निरीक्षण अनुगमनको कमिः- कार्यालय प्रमुखले वर्षमा २ पटक जिन्सी निरीक्षण गर्नुपर्ने कानूनी व्वस्था रहेपनि धेरै जसो कार्यालयमा निरीक्षण अनुगमन हुने गरेको पाईदैन ।
- **घ.** जिन्सी मौज्दातको मौद्रीक मूल्य निकाल्न कठिनाईः- जिन्सी सामानहरुको पनि वर्गीकृत रुपमा रकम खुल्ने गरी आय व्यायको विवरण वनाउने व्वस्था नहुदा कुल जिन्सी मालसामान कति मूल्य को छ भन्ने थाहा पाउन नसक्ने ।
- **ङ.** सम्पती दायित्व लेखाङकन नवीन्तम् समस्याः- कर्मचारीलाई तालिम प्रशिक्षण दिने कार्य भएको छैन।

१८. वर्तमान जिन्सी स्रेस्ता प्रणालीका सुधारका उपायहरु

- **क.** टिकाउ सामानहरूको केन्द्रीय अभिलेख देखिने स्रेस्ता प्रणालीको व्वस्था हुन जरुरी छ ।
- **ख.** बाँकी रहेका जिन्सी सामानहरू पुनः आम्दानी बाध्ने व्वस्था हुन जरुरी छ ।
- **ग.** जिन्सी स्रेस्ताअनुसार खप्ने र नखप्ने सामानको अलग स्रेस्ता राख्ने व्यवस्था अपुर्ण रहेकोले यसलाई पुर्ण वनाउन जरुरी छ ।
- **घ.** जिन्सी मालसामानहरुको वर्गीकरण गरिएको भए तापनि कतिपय सामानहरूको वर्गीकरण व्यवहारिक रूपमा कठिनाई देखिएको छ ।

ङ. खप्ने र नखप्ने कतिपय सामानहरूको वर्गीकरण व्यवहारिक व्वस्था हुन जरुरी छ ।

च. नेपाल सरकारको स्रेस्ता प्रणालीमा प्रचलित जिन्सी स्रेस्तामा मूल्य ह्रासकट्टी गर्ने व्यवस्था हुन जरुरी छ ।

छ. प्रचलित जिन्सी स्रेस्तामा प्रयोग भइरहेका सामानहरूको वास्तविक मूल्य थाहा पाउन सकिने व्यवस्था हुन जरुरी छ ।

ज. सम्पती दायित्व लेखाङ्कन नवीनतम् समस्यामा आगामी दिनमा सम्वन्धित निकायको ध्यान दिन जरुरी छ ।

१९. निष्कर्ष

हाम्रो मुलुकको सार्वजनिक निकायहरुमा हुने जिन्सीको व्यवस्थापनलाई विगत पाँच दशकदेखि विभिन्न कानूनी, कार्यविधिगत व्यवस्था र छुट्टै लेखाप्रणालीबाट व्यवस्थित गर्न खोजिएको भएतापनि समयसमयमा हुने गरेका कानूनी र श्रेस्तागत संशोधन, मनोवृतिगत दुष्प्रवृति एवं संशोधन अनुकुल कार्यक्षमताको अभावले जिन्सी व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । वर्तमान संवैधानिक र कानूनी व्यवस्थानुसार थालनी भएका आर्थिक कारोवार सम्बद्ध ऐन कानून, फारम, श्रेस्ता र जनशक्ति विकासमा हुन थालेको प्रयासले यसमा सुधारको अपेक्षा गर्न सकिन्छ ।

सन्दर्भ सामाग्री

१. महालेखा नियन्त्रक कार्यालयवाट स्वीकृत नया म.ले.प.फारामहरु

२. सार्वजनिक खरिद ऐन २०६३

३. सार्वजनिक खरिद नियमावली २०६४ संशोधन

४. आर्थिक कार्यविधि ऐन २०७४,आर्थिक कार्यविधि नियमावली २०७५ प्रदेश नं. १

५. विभिन्न ईन्टरनेटमा प्रकाशित लेख सामाग्रीहरु

स्वच्छ, सुखी र समुन्नत प्रदेश

नागरिक बजेटको प्रयोग; जनसाधनको प्रभावकारी उपयोग,
करदाताप्रति सम्मान; वित्त व्यवस्थापनमा अनुशासन कठोर

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व इकाई
प्रदेश नं. १ विराटनगर